CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातनका केही कोपिला

जय श्री केदारनाथ

जय श्री पशुपतिनाथ

जय श्री बद्रीनाथ



जय श्री हरिहरनाथ

डा. भरतप्रसाद भट्टराई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Some Buds of Sanatana

(Third-Flower)

Author/Editor

Reader Dr. Bharat Prasad Bhattarai
Nepal Sanskrit University
Pindeshwar Vidyapeeth
Dharan-14, Dist. Sunsari
Nepal

Publisher

Mrs. Sharada Bhattarai
PanchaKanya Path, Dharan-14
Dist. Sunsari, Nepal.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ॐ श्रीमन्महागणाधिपतये नमः ॥



लम्बोदरं परमसुन्दरमेकदन्तं पीताम्बरं त्रिनयनं परमं पवित्रम् ।
उद्यद्दिवाकरनिभोज्ज्वलकान्तिकान्तं विघ्नेश्वरं सकलविघ्नहरं नमामि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
क्र. का. ३०

सनातनका केही कोपिला

(तृतीय-पुष्प)

लेखक/सम्पादक
सहप्रा.डा. भरतप्रसाद भट्टराई
नेपाल संस्कृत विश्वविद्यालय
पिण्डेश्वर विद्यापीठ
धरान-१४, सुनसरी
नेपाल

प्रकाशिका
श्रीमती शारदा भट्टराई
पञ्चकन्या पथ, धरान-१४
सुनसरी, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृति : सनातनका केही कोपिला

लेखक : सहप्रा.डा.भरतप्रसाद भट्टराई

कृति प्रकाशिका श्रीमती शारदा भट्टराई
पञ्चकन्या पथ, धरान-१४
जिल्ला सुनसरी, नेपाल
मोवाईल : ९८४२१७११४५

प्रकाशिका

संस्करण : प्रथम

प्रकाशन मिति : बि.सं.२०६५ मकर संक्रान्ति, बुधवार
तदनुसार १४ जनवरी सन् २००९

प्रकाशित प्रति : १,०००

आवरण चित्र

(अग्रभाग)

आराध्यदेव भगवान् श्री केदारनाथ, श्री पशुपतिनाथ र श्री वद्रीनाथ मन्दिरका मूलद्वारका साथै शिववाहन नन्दी र विष्णुवाहन गरुडद्वारा स्तुतिगान गरिनु भएका परब्रह्म परमात्मा श्री हरिहरको स्वरूप विग्रह ।

(पृष्ठभाग)

लेखक परिचय एवं २०६१ साल वैशाख ३१ गते पिण्डेश्वर विद्यापीठ धरानमा प्रस्तुत ऐतिहासिक प्रथम विभागीय कार्यपत्र **"विद्यार्थीजीवन र केही विसंगतिहरू"** मा उठेका प्रश्न (टिप्पणी) को प्रत्युत्तर दिँदै तात्कालीन विभागीय प्रमुख सहप्रा.डा. भरतप्रसाद भट्टराई र उक्त कार्यक्रमको एक झलक ।

पुस्तक प्राप्तिस्थान : १४/४२ पञ्चकन्या पथ
विजयपुर, धरान-१४, सुनसरी, नेपाल
फोन : ०२५-५२६६७१, मोवाईल : ९८४२०५५५३७
अथवा, नेपाल संस्कृत विश्वविद्यालय, पिण्डेश्वर विद्यापीठ
धरान-१४, फोन : ०२५-५२०२८५, ५२०४६९

© सर्वाधिकार : लेखकमा सुरक्षित

अन्य कृति प्रकाशनहेतु सहयोग :- २००/- (ने.रु.) अथवा (भा.रु.) १५०/-

कम्प्यूटर : श्री अमृत शाक्य, माईक्रोसफ्ट कम्प्यूटर सेन्टर
धरान-१२, फोन नं. ०२५-५२२४६४

मुद्रक : लुप प्रेस, जाउलाखेल, ललितपुर, नेपाल
फोन : ०१-५५३२८२२, ५५४८९४६
ईमेल : lushapress@wlink.com.np

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ श्रीमातृ-पितृचरणकमलेभ्यो नमः ॥

डिल्लीराजस्य सत्पुत्रः यशोदानन्दवर्धनः ।
शारदा दयिता यस्य भरतो नाम शिक्षकः ॥
प्रणम्य शिरसा देवौ पित्रोश्चरणपंकजौ ।
प्रारभ्यते कृतिः कर्म सनातनस्य कोरकः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



२०६१ साल वैशाख ३१ गते गुरुवारका दिन साहित्य एवं अनिवार्य संस्कृत विभाग, पिण्डेश्वर विद्यापीठ, धरान-१४, सुनसरीद्वारा आयोजित विभागीय कार्यक्रममा विभागको तर्फवाट पहिलो आफ्नो कार्यपत्र "**विद्यार्थीजीवन र केही विसंगतिहरू**" प्रस्तुत गर्दै तत्कालीन विभागीय प्रमुख, सहप्रा.डा. भरतप्रसाद भट्टराई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल संस्कृत विश्वविद्यालय
Nepal Sanskrit University

उपकुलपति कार्यालय, बसन्तपुर
In reply please refer to
पत्रसंख्या : (फा.नं.) र.का. ०६५/०६६
चलानी नम्बर:

Vice-Chancellor Office,Basantapur
Date :
मिति : २०६५।७।३

विषय:- शुभकामना

पूर्वाञ्चलको अति रमणीय नगरी धरानको विजयपुर पर्वत खण्डमा अवस्थित ने.सं.वि., पिण्डेश्वर विद्यापीठ धरान- १४ का सहप्राध्यापक डा. भरतप्रसाद भट्टराईद्वारा लिखित तेस्रो कृति **"सनातनका केही कोपिला"** (तृतीय पुष्प) को पाण्डुलिपि हेर्ने सुअवसर पाएँ । उक्त पुस्तक ५ कोपिलामा विभक्त गरिएको भेटें । जसमा लेखकले सनातन सम्वन्धी विभिन्न शास्त्रीय व्यवस्थित अवधारणाहरू स्पष्ट पार्नुका साथै सनातन सृष्टि मीमांसा, शिखा सूत्र र तिलकको सार्थकता, विवाहको शास्त्रीय एवं वैज्ञानिक आधार र गुरु-शिष्य जीवन, विसंगति र सुधारका उपायहरु आदि विषय सरल, सुदृढ एवं प्राञ्जलशैलीमा राखिएका छन् । अनि तल पादटिप्पणी (फुटनोट)मा प्रस्तुत अनेक वेदशास्त्र ग्रन्थहरुका तथ्यहरूले भरिभराउ पनि रहेका छन् । विषयका घनत्वले परिपुष्ट उक्त ५ कोपिला, प्रत्येक कोपिला स्वतन्त्र ग्रन्थाकार, सदृश देखिन्छन् । उक्त कृतिले अनुसन्धाता र जिज्ञासु पाठकवर्गको समेत मार्गदेशन गर्नेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

विद्वान् लेखक डा. भट्टराईको लेखनीले निरन्तरता पाओस् । शिवशक्तिले उहाँको उत्साहलाई सदैव वढाई राखुन् र आउने दिनहरूमा अन्य नयाँ-नयाँ अनुसन्धानमूलक कृतिहरू सवैका अगाडि प्रस्तुत हुँदै जाउन् । यही आशीर्वचनका साथ लेखकको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना प्रकट गर्दछु ।

(विदुरप्रसाद पौडेल)
उपकुलपति
नेपाल संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभाशंसा

डा. भरत भट्टराईज्यूको "सनातनका केही कोपिला" को पाण्डुलिपि हेर्ने मौका पाएँ। लेखक स्वयं प्राध्यापक, त्यसमा पनि विशिष्ट विद्वान् हुनुभएकाले यस रचनामा उहाँको सदाचार युक्त नैतिक भावना प्रखर रूपमा पाण्डित्यपूर्ण शैलीमा मुखरित भएको पाएँ।

यस ग्रन्थमा निवद्ध सम्पूर्ण कोपिलाहरू समाजवाटिकामा चिरस्थायी रूपमा पुष्पित हुने छन्। किनकि उहाँको प्रस्तुति आकर्षक र वौद्धिक रसायनले परिपुष्ट छ। शैली मनोरम र प्रखर हुनुका साथै यसमा वैज्ञानिक आधारहरू प्रवाहित भएका छन्। यस कृतिमा प्रस्तुत सनातन धर्ममा आधारित वर्ण व्यवस्था, सनातनी युग परम्परा, हाम्रो व्यक्तिगत सदाचार अन्तर्गत तिलक धारण, शिखा र यज्ञोपवीतको शास्त्रीय तथा वैज्ञानिक विश्लेषण, सनातनी परम्परागत विवाहको शास्त्रीय वैज्ञानिक तथा पारिवारिक महत्त्व एवं भविष्यका आधार विद्यार्थी जीवनका विसंगति र सुधारात्मक दृष्टिकोण जस्ता विषयहरुमा उहाँको निर्भीक निस्वार्थ अनुसन्धानात्मक सप्रमाण विश्लेषणमा संस्कृति विषयक अज्ञानको अन्धकारमा रुमलिएका अवोध जनसाधारण प्रति करुणामय ज्ञान-रस-सागर छचल्किएको छ, सत्कर्तव्यको प्रदर्शन भएको छ।

अहिले वजारले लेखकहरूलाई आकर्षित गरेको छ, नकि लेखकले वजारलाई। समाज अन्धाधुन्द व्यापारिकीकरणतर्फ धकेलिइ रहेको देखिन्छ। यहाँ खाद्य पेय पदार्थमा मात्र नभएर शिक्षा तथा ज्ञानमा समेत व्यापारिकीकरणले कवि, लेखक, कलाकार आदि पनि व्यावसायिकताको नाममा द्रव्यदास देखिन थालेका छन्। त्यसैले पत्र-पत्रिका लगायत पुस्तक-पुस्तिकाहरू, सामाजिक उन्नयन एवं व्यक्तिको नैतिक चारित्रिक विकासका हिसावले भन्दा पनि अर्थार्जनको उद्देश्यले वजारको भिड-भाड र उनीहरुको अधोमुखी प्रवृत्तिलाई हेरेर प्रकाशित हुने गरेका देखिएका छन्। फलस्वरूप समाज आज स्वच्छन्दताका नाममा उद्दण्डता एवं छाडावादको पृष्ठपोषक तत्त्वहरूले जकडिएको छ। सर्वसाधारण जनताहरू अवोध हुन्छन्, अवोधको चाहना सधैं आत्मोन्नति परक, भविष्य निर्माणको दूरदृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिपूर्ण नभएर क्षणिक आनन्द तथा निरंकुश आवेशमा आधारित हुने हुनाले त्यही चाहना अनुसार लेखकहरूले पनि विक्रीका दृष्टिले समाजमा सामग्री दिने हो भने हाम्रो भावी पिढी कहिले पनि उच्च जीवनस्तरको भागी वन्न गाह्रो छ। त्यसैले हाम्रा सन्तानहरूका मनमस्तिष्कमा पवित्र विचार भावनाहरूको संचार गरेर समाज र राष्ट्रमा नैतिक उन्नयन, धार्मिक जागरण एवं चारित्रिक विकासका साथै पवित्र आत्मवल र पारस्परिक प्रेम र सद्भावना राख्दै सांस्कृतिक एकतामा आवद्ध गर्ने पावन निःस्वार्थ भावनावाट ओतप्रोत भएर वौद्धिक सामग्रीहरु समाजमा दिनु नैं सच्चा विद्वान्हरूको प्रमुख कर्तव्य हो। डा. भट्टराईज्यूको यस रचनामा यही पवित्र उद्देश्य छताछुल्ल भएको पाइन्छ। उहाँको प्रस्फुटित प्रतिभा प्रवाह पवित्र गंगा झैं स्वच्छ छ, वरिष्ठ विद्वत्ताले सर्वसाधारणमा सफल वृक्ष झैं विनयभावको संचार गर्न सफल छ र उहाँको यो प्रयासले अवश्य पनि सहृदयी श्रद्धालु पाठकहरूले प्रशस्ति पाउने छन्।

डा. ज्यूका विगतका रचना, जस्तै- श्री पिण्डेश्वर पूजन पद्धति र रुद्र, रुद्राक्ष महिमा र उपचार विधि एवं प्रस्तुत कृति समेतको अध्ययन गर्दा मलाई लाग्छ उहाँको मनमस्तिष्क सांस्कृतिक आस्थाले ओतप्रोत छ। उहाँको प्रतिभाले आध्यात्मिक, धार्मिक, सांस्कृतिक एवं चारित्रिक उत्थानका लागि समाजमा विशिष्ट योगदान पुऱ्याउन सफलता प्राप्त गर्ने छ। यो अवश्य पनि निःस्वार्थ विद्वत्ताको भावनावाट अभिप्रेरित ज्ञान प्रदीप हो भन्ने कुरामा म विश्वस्त छु र मुक्त कण्ठले विद्वत् प्रतिभाको पूर्ण सम्मान गर्दछु।

पुरुषोत्तम भट्टराई

(पुरुषोत्तम भट्टराई)
पूर्व-शिक्षाध्यक्ष (रेक्टर)
नेपाल संस्कृत विश्वविद्यालय
वेलझुण्डी, दाङ्

२०६५ हरिवोधिनी एकादशी
पंचकन्या पथ, विजयपुर
धरान- १४, सुनसरी
नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशंसा

नेपाल संस्कृत विश्वविद्यालय-पिण्डेश्वर विद्यापीठमा प्राध्यापन निरत विद्वान्, सहप्राध्यापक डा. भरतप्रसाद भट्टराईले लेख्नुभएको 'सनातनका केही कोपिला' नामक प्रवन्ध-ग्रन्थको पाण्डुलिपि अवलोकन गर्ने सुअवसर पाएँ। यो उहाँको तेस्रो कृति-ग्रन्थ हो। यस अघि 'श्री पिण्डेश्वर पूजन पद्धति' र 'रुद्र, रुद्राक्ष महिमा र उपचार विधि' लेख्नु भएको हो। यी दुवै क्रमशः २०६२ सालको महाशिवरात्रिमा र २०६३ सालको श्री रामनवमीका मितिमा प्रकाशित भइसकेका छन्। नेपाल अधिराज्यको पूर्वी भागमा पर्ने, पहाड र मधेसको मिलनविन्दु, पहारिलो काख यो विजयपुर, धरान प्राचीन-पौराणिक र ऐतिहासिक समयदेखि नैं धार्मिक सांस्कृतिक क्षेत्र-केन्द्रको रूपमा विश्रुत-सुपरिचित भइआएको छ। प्रकाशित उहाँका यी दुई कृतिले पौराणिक-रुद्राक्षारण्यको हृदय स्थानीय यसै भगवान् सदाशिव श्री पिण्डेश्वर (वावा धाम) को प्रसंगलाई शास्त्रीय आधारमा विविध रूपमा, सरल कोमल भाषामा प्रस्तुत गरेका, चिनाईरहेका छन्।

अव, विद्वान् लेखकको यो तेस्रो ग्रन्थ प्रकाशित हुँदैछ। यसमा पाँच भाग छन्, जुनलाई यहाँ 'कोपिला' भनिएको छ। हाम्रो जीवन-पद्धति प्राचीन, वैदिक, सनातन परम्परावाट अनुप्राणित, अनुशिष्ट र निर्दिष्ट छ, यसै अनुरूप हामी जीवनको यस विश्वजनीन, लामो-अनन्त यात्रामा अघि वढिरहेका छौं, हाम्रो यो यात्रा-मार्ग सुविस्तृत छ, फराकिलो छ। यसको उत्स-उद्‌गम प्राच्य, सनातन वाङ्मय उस्तै विशाल-विस्तृत र समुज्ज्वल छ। ज्ञान-विज्ञानसम्मत हाम्रो यस प्रशस्त जीवन शैलीलाई शेष विश्वले सस्पृहताका साथ अवलोकन पनि गर्दै आएको छ।

हाम्रो यसै जीवन-शैलीको स-प्रमाण संक्षिप्त परिचय, सरल-कोमल भाषामा प्रस्तुत गरिएको छ-यस कृतिमा। शोध-खोजका साथ, शास्त्रीय आधारमा विनिबद्ध यो ग्रन्थ, जिज्ञासुहरूका लागिं, संक्षिप्त मात्रामै भए पनि उपयोगी हुनेछ भन्नेमा हामी विश्वस्त छौं। श्रमशील, गवेषक, विद्वान् डा. भरतप्रसाद भट्टराईज्यूको लोककल्याणकारी, सुश्लाघ्य यो अभियान उत्तरोत्तर प्रशस्त र विसृमर वन्दै जावस्। हाम्रो मंगलमय आशंसा छ। शुभम्।

कार्तिक शुक्ला पूर्णिमा
२०६५
सन्मार्ग-सदन, धरान-१६
कौशिकी प्रदेश, (नेपाल)

प्राध्यापक टीकाप्रसाद शर्मा
पूर्व-प्राचार्य
ने. सं. वि., पिण्डेश्वर विद्यापीठ
धरान- १४, सुनसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वल्पनिवेदनम्

"अनन्त गुणता गुर्वी तवाल्पा मामकी मतिः ।
तथापि स्तूयसे देव केवलं भक्तिचापलात् ॥" उक्ति अनुसार परव्रह्म परमात्माको प्रेरणावाट निःसृत सनातनधर्म व्यवस्था अत्यधिक मात्रामा विस्तृत र गहन छ । जसको वर्णन गर्न ठूला-ठूला ऋषि, महर्षि एवं विद्वान्हरूलाई समेत हम्मे हम्मे पर्दछ भने म जस्तो एउटा क्षुद्र प्राणीले कसरी गर्न सक्तछ र ?! तै पनि भगवत् प्रेरणा र गुरुहरूको आशीर्वादका कारण यत् किञ्चित् यस सम्वन्धमा आंशिकरूपमा भए पनि लेख्ने प्रयास भएको छ, त्यो सबै मान्य गुरुहरूको आशीर्वादको परिणाम हो । किनकि यो मेरो प्रयास महाकवि कालिदासले रघुवंश महाकाव्यको प्रथम सर्गमा-

"मन्दः कवियशः प्रार्थी गमिष्याम्युपहास्यताम् ।
प्रांशुलभ्ये फले लोभादुद्वाहुरिव वामनः ॥" उल्लेख गरे झैं, जसरी पुड्के व्यक्तिले वृक्षको अग्लो हाँगामा रहेको फल टिप्न प्रयास गर्दछ र त्यसमा सफल नहुँदा अन्य व्यक्तिले त्यसको उपहास गर्ने गर्दछन् त्यसरी नै यो मेरो लेखन कार्य पनि आलोचनाको पात्र नहोला भन्न सकिन्न । तथापि विद्वत्वर्गको आशीर्वाद र शिव शक्तिको प्रेरणाका आधारमा प्रस्तुत यस कृतिले कविवर श्री वंशमणि झाद्वारा लिखित हरिकेलि महाकाव्यको प्रथम सर्गमा वर्णित-

"अनिस्पन्नाभिधेयापि तथापि मम भारती ।
कस्य नानन्दयेदन्तः शिशूनामर्द्धवागिव ॥" श्लोक अनुरूप यस ग्रन्थका विषयवस्तु अहिलेको युग-समयसापेक्ष, व्यक्ति सुहाउँदो र सवैखाले व्यक्तिहरूले मन पराउने, रुचिकर विपयवस्तुहरूले युक्त भएका नहोलान्, तैपनि जसरी साना-साना वाल-वालिकाको तोतेवोलीले युक्त भएको वर्णाक्षरले सवैलाई आनन्दित नै तुल्याउँछ, त्यस्तै यस ग्रन्थमा वर्णित विपयवस्तुले केही मात्रामा भएपनि सनातनी धर्मानुयायीका साथै अन्य जनसमुदायलाई पनि आवश्य नैं आकर्षित र मार्गदर्शन समेत गर्नेछ भन्ने कुरामा यो जन थप आशावादी रहेको छ ।

यसै "सनातनका केही कोपिला" नामक मेरो तेस्रो कृतिमा जम्मा ५ कोपिला र ३ परिशिष्ट रहेका छन् । जसमध्ये प्रथम कोपिलामा सनातन वर्णाश्रम व्यवस्था अन्तर्गत पर्ने विभिन्न धार्मिक कृत्यको विवेचना, भगवान् श्री विष्णुका २४ अवतारको क्रमनिर्धारण विभिन्न शास्त्रीय प्रमाणको आधारमा गरिएको छ । द्वितीय कोपिलामा सनातन सृष्टि सम्वन्धी पूर्वीय एवं पाश्चात्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टिकोणलाई दर्शाउनुका साथै संवत्सर, युग, मन्वन्तर र कल्प परिचयकोवारे पनि केही शास्त्रीय कुरा राख्ने प्रयास गरिएको छ भने व्रह्मदिन र व्रह्मआयुको समेत समय-सीमा निर्धारण गर्ने कार्य गरिएको छ। तृतीय कोपिलामा सनातन धर्मका अंग स्वरूप रहेका तिलक, शिखा र सूत्र (जनै) सम्वन्धी विभिन्न शास्त्रीय एवं वैज्ञानिक दृष्टिकोणहरू केलाउनुका साथै तिनको व्यवस्थित महिमाको दिग्दर्शन गरिएको छ। चतुर्थ कोपिलामा स्मृतिग्रन्थमा उल्लेखित विभिन्न वैवाहिक कार्य, त्यसको उद्देश्य एवं रहस्य, विवाहको प्रकार, पुरुष-स्त्री धर्म, कर्तव्य र अधिकार आदि विषय शास्त्रीय एवं वैज्ञानिक रूपमा प्रस्तुत गरिएका छन् भन पंचम कोपिलामा गुरुशिष्य जीवन, त्यसमा देखिने विसंगति, गुरुतत्त्व विवेचना, गुरुलक्षण, विद्यार्थीलक्षण, विद्यार्थी भेद, पढाईमा विघ्न उपस्थित गर्ने तत्त्वहरू, विद्यार्थीले अपनाउनुपर्ने नियम र कर्तव्यका साथै सुधारका केही उपाय समेत प्रामाणिक रूपमा प्रस्तुत गरिएका छन्।

त्यस्तै परिशिष्ट १ मा १४ मनुका सप्तर्षिहरु, गोत्र प्रवर प्रवर्तक ऋषि व्रह्मर्षि वशिष्ठ, वशिष्ठ गोत्रका सगोत्रीहरू, भट्टराई थरको उत्पत्ति र पूर्व ३ नं. ओखलढुङ्गा, अंधेरी धारापानी गाविस दियाले (चिशंखू परिवार) अन्तर्गतका भरत भट्टराई वंशका पूर्ववंशजहरूको व्यवस्थित क्रमनिर्धारण "भट्टराई वंश दर्पण" ग्रन्थको आधारमा गरिएको छ। अनि परिशिष्ट २ मा प्रशस्ति पत्र एवं तत् सम्वन्धी केही तस्वीरहरू राखिएका छन् भने परिशिष्ट ३ मा यस ग्रन्थमा उल्लेखित श्लोकहरूका उद्‌गम स्रोत सन्दर्भ ग्रन्थसूचीको नामावली राखिएको छ।

उक्त पाँच कोपिलाहरूमा विभक्त यस ग्रन्थका विषयवस्तु मध्ये पाँचौ कोपिला, जो यसै पिण्डेश्वर विद्यापीठ अन्तर्गत रहेको साहित्य एवं अनिवार्य संस्कृत विभाग, धरान-१४ द्वारा आयोजित विभागीय कार्यपत्र "विद्यार्थी जीवन र केही विसंगतिहरू" को परिमार्जित एवं संशोधित विषयवस्तु हो र जुन कार्यपत्र यसै विद्यापीठमा २०६१ साल वैशाख ३१ गते वृहस्पतिवारका दिन विद्यापीठको इतिहासमा पहिलो विभागीय कार्यपत्रको रूपमा प्रस्तुत गरिएको विषय पनि हो भन्ने कुरा यहाँ उल्लेख गर्नु पर्दा केही अत्युक्ति नहोला। किनकि उक्त केपिलामा प्रस्तुत विषय गुरुशिष्यको जीवन, कर्तव्य, नियम, उनीहरूमा देखिने विकृति र सुधारका केही उपायवारे विस्तृतरूपमा छलफलपूर्वक समावेश गरिएका छन्। जसमा रहेका विषयहरू विशेष गरेर आधुनिक सवैखाले गुरु शिष्यले लिनसक्दा हामी सवैको जीवन आदर्शमय, व्यवस्थित एवं सुदृढ हुन्छ भन्ने कुरामा थप आशावादी हुनसकिने कुरा समेत यहाँ ध्यानाकर्षण गराउन चाहन्छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि यस ग्रन्थका सवै भागहरू जो कोपिलाका रूपमा रहेका छन् र ती कोपिलाहरू तव नै प्रस्फुटित एवं विकसित भएका मानिने छन्, जब यसमा रहेका सवै विषयहरू सनातनी जनसमुदाय समक्ष प्रत्यक्ष रूपमा प्रस्तुत भई हृदयंगम हुँदै कार्यरूपमा परिणत हुनेछन् । यसो भएमा मात्र लेखकको लेखनीले सार्थकता पाउनेछ र श्रुति स्मृतिद्वारा अनुमोदित विचारको संरक्षण र संवर्द्धन हुनेछ । यी सवै कुरा मैले कुनै पाण्डित्य प्रदर्शन गर्ने उद्देश्यले प्रस्तुत गरेका होइनन्, अपितु माघकविले शिशुपाल वधमहाकाव्यमा उद्धवको मुखवाट-

"विशेष विदुषः शास्त्रं यत्तवोद् ग्राह्यते पुरः ।
हेतुः परिचयस्थैर्ये वक्तुर्गुणनिकैव सा ॥" प्रस्तुत भए अनुरूप उक्त विषयवस्तु सवै सदसद्विवेकी विद्वान् गुरुवर्ग समक्ष समीक्षार्थ प्रस्तुत गरिएका हुन् । जसमा रहेका विषयहरूको अवलोकन गरी त्रुटि सच्याउँदै यसलाई सचेत गराउनुका साथै प्रामाणिक रूपमा मार्गदर्शन समेत गरिदिनु भए आभारी हुने थिएँ र अर्को संस्करणमा त्रुटि सच्याउने अवसर पाउने थिएँ ।

अन्तमा यस ग्रन्थको पाण्डुलिपि हेरी आफ्नो व्यस्त समयमा पनि शुभाशीर्वचन प्रदान गर्नु हुने व्याकरण शास्त्रका श्रद्धेय विद्वान् एवं ने.सं.वि.का उपकुलपति श्री विदुरप्रसाद पौडेलज्यू, न्यायशास्त्र एवं सनातन विद्याका मूर्द्धन्य विद्वान् तथा ने.सं.वि. का पूर्व-शिक्षाध्यक्ष (रेक्टर) पं. श्री पुरुषोत्तम भट्टराईज्यू तथा साहित्य विद्याका प्रकाण्ड विद्वान्, सनातन धर्म सेवा समिति, धरानका जिल्ला अध्यक्ष एवं ने.सं.वि. पिण्डेश्वर विद्यापीठ धरान-१४ का पूर्व-प्राचार्य प्राध्यापक श्री टीकाप्रसाद शर्मा वस्तीज्यू लगायत सवै विद्वत्वृन्दमा कृतज्ञता प्रकट गर्न चाहन्छु । यसका साथै उक्त ग्रन्थको कम्प्यूटर एवं सेटिंग गर्नु हुने श्री अमृत शाक्यज्यू, समयमा नैं उक्त पुस्तक छापी हस्तान्तरण गर्नुहुने 'लुप प्रेस' काठमाडौंका व्यवस्थापक मित्रवर श्री रुक्मनाथ पौडेलज्यू, प्रकाशिका धर्मपत्नी श्रीमती शारदा भट्टराईलगायत यस ग्रन्थको प्रस्तुतिमा प्रत्यक्ष, अप्रत्यक्ष रूपमा सहयोग प्रदान गर्नुहुने सवै महानुभावहरूमा स-धन्यवाद आभार प्रकट गर्दछु । अस्तु शुभम् ।

"गच्छतः स्खलनं क्वापि भवत्येव प्रमादतः।
हसन्ति दुर्जनास्तत्र समादधति सज्जनाः॥"

निवेदकः
सहप्रा.डा. भरतप्रसाद भट्टराई
पिण्डेश्वर विद्यापीठ
धरान-१४, सुनसरी

२०६५ विवाह पञ्चमी
विजयपुर, धरान
सुनसरी, नेपाल
सम्पर्क मोवाईल ९८४२०५५५३७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०६२ साल श्रीरामनवमीका दिन गीता भवन, धरानमा आयोजित समारोहमा सहप्रा.डा. भरतप्रसाद भट्टराईद्वारा लिखित प्रथम कृति **"श्री पिण्डेश्वर पूजनपद्धति"** को विमोचन गर्नुहुँदै नेपाल संस्कृत विश्वविद्यालयका पूर्व शिक्षाध्यक्ष (रेक्टर) एवं प्रमुख अतिथि पं. श्री पुरुषोत्तम भट्टराईज्यू ।

२०६३ साल चैत्र २४ गते शनिवारका दिन नेपाल पिण्डेश्वर अर्द्धकुम्भ महोत्सव-२०६३ द्वारा आयोजित समारोहमा सहप्रा.डा. भरतप्रसाद भट्टराईद्वारा लिखित द्वितीय कृति **"रुद्र-रुद्राक्ष महिमा र उपचार-विधि"** को चतराधाम, सुनसरीमा लोकर्पण गर्नुहुँदै प्रमुख अतिथि एवं आचार्यपीठ चतराधामका पीठाधीश श्री श्री १००८ बालसन्त मोहनशरण देवाचार्यज्यू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

क्र.सं. विषय पृष्ठ संख्या

प्रारम्भिक भाग- भूमिका क–त

१. **प्रथम कोपिला**
सनातन (हिन्दू) वर्णाश्रम व्यवस्था :- १–२७
सनातन लक्षण, हिन्दू लक्षण, धर्मको लक्षण, सनातन (हिन्दू) धर्मका विशेषताहरू, **अवतारवाद** : (१) निर्गुण (२) सगुण, **वर्णाश्रम व्यवस्था**, वर्ण व्यवस्था, ब्राह्मण/अब्राह्मण, अब्राह्मण लक्षण, ब्राह्मण लक्षण, पात्र परीक्षण, **वर्ण धर्म**: (१) ब्राह्मणधर्म, कर्तव्य र अधिकार, (२) क्षत्रियधर्म, कर्तव्य र अधिकार, (३) वैश्यधर्म, कर्तव्य र अधिकार, (४) शूद्रधर्म, कर्तव्य र अधिकार, दान या दक्षिणा विचार, ब्राह्मण ब्रुवको लक्षण, **आश्रम व्यवस्थाः** (१) ब्रह्मचर्याश्रम या ब्रह्मचारिको धर्म, कर्तव्य र अधिकार, (२) गृहस्थाश्रम या गृहस्थीको धर्म, कर्तव्य र अधिकार, (३) वानप्रस्थाश्रम या वानप्रस्थीको धर्म, कर्तव्य र अधिकार, (४) संन्यासाश्रम या संन्यासीको धर्म, कर्तव्य र अधिकार, **संन्यासी धर्म**, संन्यासी भेद, संन्यासको अधिकारी को ?, कलिमा संन्यास वर्जित छ ?, **निष्कर्ष**।

२. **द्वितीय कोपिला**
सनातन सृष्टि मीमांसा :- २८–४८
सनातन सृष्टि विकासक्रम, सनातनप्रति पूर्वीय दृष्टिकोण, सनातनप्रति पाश्चात्य दृष्टिकोण, संवत्सर परिचय, युगपरिचय, मन्वन्तर परिचय, कल्प परिचय, **प्रलय परिचय**:- (१) नित्य प्रलय (२) नैमित्तिक प्रलय (३) प्राकृतिक प्रलय (४) आत्यन्तिक प्रलय, **निष्कर्ष**।

३. **तृतीय कोपिला**
तिलक, शिखा र सूत्रको शास्त्रीय एवं वैज्ञानिक महत्त्व :- ४९–७३
तिलक (टीका) परिचय, तिलकको शास्त्रीय महत्त्व, तिलकको वैज्ञानिक महत्त्व, शिखा (टुप्पी) परिचय, शिखाको शास्त्रीय महत्त्व, शिखाको वैज्ञानिक महत्त्व, यज्ञोपवीत महिमा, यज्ञोपवीत (सूत्र) को शास्त्रीय परिचय, यज्ञोपवीतको उत्पत्ति, यज्ञोपवीत धारण समय, यज्ञोपवीत निर्माण विधि, यज्ञोपवीत धारण अधिकारी, यज्ञोपवीत धारणको विशिष्ट समय, यज्ञोपवीतको वैज्ञानिक महत्त्व या आधार, यज्ञोपवीतमा तीन सूत्र र त्रिवृतको वैज्ञानिक आधार, यज्ञोपवीतमा ब्रह्मग्रन्थिको रहस्य, **निष्कर्ष**।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२०६२ साल श्रीरामनवमीका दिन गीता भवन, धरानमा आयोजित समारोहमा सहप्रा.डा. भरतप्रसाद भट्टराईद्वारा लिखित प्रथम कृति **"श्री पिण्डेश्वर पूजनपद्धति"** को विमोचन गर्नुहुँदै नेपाल संस्कृत विश्वविद्यालयका पूर्व शिक्षाध्यक्ष (रेक्टर) एवं प्रमुख अतिथि पं. श्री पुरुषोत्तम भट्टराईज्यू ।

२०६३ साल चैत्र २४ गते शनिवारका दिन नेपाल पिण्डेश्वर अर्द्धकुम्भ महोत्सव-२०६३ द्वारा आयोजित समारोहमा सहप्रा.डा. भरतप्रसाद भट्टराईद्वारा लिखित द्वितीय कृति **"रुद्र-रुद्राक्ष महिमा र उपचार-विधि"** को चतराधाम, सुनसरीमा लोकर्पण गर्नुहुँदै प्रमुख अतिथि एवं आचार्यपीठ चतराधामका पीठाधीश श्री श्री १००८ बालसन्त मोहनशरण देवाचार्यज्यू ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

क्र.सं. विषय पृष्ठ संख्या

प्रारम्भिक भाग- भूमिका क–त

१. प्रथम कोपिला

सनातन (हिन्दू) वर्णाश्रम व्यवस्था :- १–२७

सनातन लक्षण, हिन्दू लक्षण, धर्मको लक्षण, सनातन (हिन्दू) धर्मका विशेषताहरू, **अवतारवाद** : (१) निर्गुण (२) सगुण, **वर्णाश्रम व्यवस्था**, वर्ण व्यवस्था, ब्राह्मण/अब्राह्मण, अब्राह्मण लक्षण, ब्राह्मण लक्षण, पात्र परीक्षण, **वर्ण धर्म**: (१) ब्राह्मणधर्म, कर्तव्य र अधिकार, (२) क्षत्रियधर्म, कर्तव्य र अधिकार, (३) वैश्यधर्म, कर्तव्य र अधिकार, (४) शूद्रधर्म, कर्तव्य र अधिकार, दान या दक्षिणा विचार, ब्राह्मण ब्रुवको लक्षण, **आश्रम व्यवस्थाः** (१) ब्रह्मचर्याश्रम या ब्रह्मचारिको धर्म, कर्तव्य र अधिकार, (२) गृहस्थाश्रम या गृहस्थीको धर्म, कर्तव्य र अधिकार, (३) वानप्रस्थाश्रम या वानप्रस्थीको धर्म, कर्तव्य र अधिकार, (४) संन्यासाश्रम या संन्यासीको धर्म, कर्तव्य र अधिकार, **संन्यासी धर्म**, संन्यासी भेद, संन्यासको अधिकारी को ?, कलिमा संन्यास वर्जित छ ?, **निष्कर्ष** ।

२. द्वितीय कोपिला

सनातन सृष्टि मीमांसा :- २८–४८

सनातन सृष्टि विकासक्रम, सनातनप्रति पूर्वीय दृष्टिकोण, सनातनप्रति पाश्चात्य दृष्टिकोण, संवत्सर परिचय, युगपरिचय, मन्वन्तर परिचय, कल्प परिचय, **प्रलय परिचयः**- (१) नित्य प्रलय (२) नैमित्तिक प्रलय (३) प्राकृतिक प्रलय (४) आत्यन्तिक प्रलय, **निष्कर्ष** ।

३. तृतीय कोपिला

तिलक, शिखा र सूत्रको शास्त्रीय एवं वैज्ञानिक महत्त्व :- ४९–७३

तिलक (टीका) परिचय, तिलकको शास्त्रीय महत्त्व, तिलकको वैज्ञानिक महत्त्व, शिखा (टुप्पी) परिचय, शिखाको शास्त्रीय महत्त्व, शिखाको वैज्ञानिक महत्त्व, यज्ञोपवीत महिमा, यज्ञोपवीत (सूत्र) को शास्त्रीय परिचय, यज्ञोपवीतको उत्पत्ति, यज्ञोपवीत धारण समय, यज्ञोपवीत निर्माण विधि, यज्ञोपवीत धारण अधिकारी, यज्ञोपवीत धारणको विशिष्ट समय, यज्ञोपवीतको वैज्ञानिक महत्त्व या आधार, यज्ञोपवीतमा तीन सूत्र र त्रिवृतको वैज्ञानिक आधार, यज्ञोपवीतमा ब्रह्मग्रन्थिको रहस्य, **निष्कर्ष** ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. चतुर्थ कोपिला

विवाहको शास्त्रीय एवं वैज्ञानिक महत्त्व र आधार :- ७४-१११

विवाहको स्वरूप, विवाहको वैदिक स्वरूप, विवाह संस्कारको आवश्यकता, विवाहको अर्थ, विवाहको उद्देश्य र रहस्य, विभिन्न देशमा प्रचलित वैवाहिक कार्य, विवाहका विभिन्न प्रकार, विवाहका अंगहरू, **विवाहका केही शास्त्रीय अंग र संक्षिप्त विधिः** (१) वाग्दान (२) कन्यादान (३) विवाह (४) लाजाहोम (५) पाणिग्रहण (६) सप्तपदी (७) सिन्दूरदान (८) चतुर्थी कर्म इत्यादि, **स्त्री-पुरुष धर्म विचार**, स्त्री धर्म (कर्तव्य) विचार, पुरुषधर्म (कर्तव्य) विचार, विवाह संस्कारको वैज्ञानिक आधार, **निष्कर्ष** ।

५. पंचम कोपिला

गुरु, विद्यार्थीजीवन केही विसंगति र सुधारका उपायहरू :- ११२-१३९

गुरुतत्त्व विवेचन, गुरुलक्षण, गुरु महिमा, गुरु परीक्षण, विद्यार्थी लक्षण, विद्यार्थी परीक्षण, विद्यार्थी भेद, विद्याको उद्देश्य, विद्याविघ्नकारक विषय, **विद्यार्थी नियमः** (१) सदाचारी हुनु, (२) चरित्रवान् हुनु, (३) राम्रो संगतीमा रहनु, (४) सज्जन हुनु, (५) घमण्ड (प्रमाद) नगर्नु, **विद्यार्थीको कर्तव्यः** (१) सुखको त्याग, (२) मान्यजनको सम्मान,(३) दीर्घसूत्री नहुनु, (४) अहंकारी नहुनु, (५) व्यायाममा ध्यान दिनु, (६) गुरुद्रोही नहुनु, गुरुनिन्दा फल, अपात्र विद्यार्थी, गुरुवन्दन विधि, विद्यार्थी शिक्षा, **केही विसंगति** :(क) अनुशासन शून्यता, (ख) पढाईभन्दा राजनीतिमा वढी संलग्नता, (ग) वस्तुको संरक्षणभन्दा विध्वंसात्मक प्रवृत्तिमा वढी अग्रसरता, (घ) मान्यजनप्रति अनैतिक एवं अमर्यादित आचरणमा वृद्धि, (ङ) उच्छृङ्खल अभिव्यक्तिमा वृद्धि, (च) दुर्व्यसनप्रति वढ्दो लगाव, (छ) धर्म र सदाचारको उपेक्षा, **सुधारका केही उपायहरू, निष्कर्ष** ।

परिशिष्ट १

वशिष्ठ गोत्रीय भट्टराई वंश क्रमावली (चिशंखू परिवार) :- १४०-१५५

चौध मनुका सप्तर्षिहरू, ब्रह्मर्षि वशिष्ठ, गोत्रप्रवर महिमा, वशिष्ठ गोत्र प्रवरभेद, भट्टराई थरको उत्पत्ति, वशिष्ठ गोत्रका सगोत्रीहरू, चिशङ्खू परिवारको तालिका र प्रमाण ।

परिशिष्ट २

प्रशस्तिपरक प्रमाण-पत्र र केही तस्विरहरू :- १५६-१५८

परिशिष्ट ३

सन्दर्भ ग्रन्थसूची :- १५९-१६०

❖

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथम कोपिला

सनातन (हिन्दू) वर्णाश्रम व्यवस्था

योऽनाद्यनन्तनिरुपाधिपदैः प्रदिष्टः
कल्याणकृन्निखिलजन्मभृतां वरिष्ठः ।
पापान्निवारयति पाति च सत्सखेव
सोऽयं प्रसीदतु सनातनधर्मदेवः ॥

सनातन लक्षण :-

"सदा भवः सनातन :" जो आदिदेखिं अन्तसम्म सधैंभरि रहिरहन्छ, अनादि छ, त्यो सनातन हो । वेद एवं वेदानुसारी आर्षधर्मग्रन्थको अनुकूल लौकिक पारलौकिक एवं निःश्रेयसोपयोगी क्रियाकलाप नैं यसको मुख्य विशेषता हो । सनातन परमात्माले आफ्ना अंशभूत सनातन जीवात्माहरूका लागि जुन सनातन अभ्युदय एवं निःश्रेयस-परमपद प्राप्त्यर्थ, सनातन मार्गको निर्देशन गर्नुभएको छ, तदनुकूल आचरणलाई नैं सनातन वैदिक संस्कृति भनिन्छ । **"सर्वकाले सना प्रोक्ता विद्यमाने तनोति च । सर्वत्र सर्वकालेषु विद्यमाना सनातनी ॥"** वाचस्पत्यम् अनुसार पनि उक्त कुरालाई पुष्टि गरेको पाइन्छ । अतः यो त्यै नैं वैदिक सनातन (हिन्दू)संस्कृति हो । जुन वैदिक सनातन संस्कृतिवाट अन्य विभिन्न सम्प्रदाय, शैव, शाक्त, गाणपत्य, वैष्णव, सौर्य, सांख्य वौद्ध, आदिको उत्पत्ति भएको हो । जसरी इस्लाम संस्कृति एवं मुस्लिम जातिको आधार "कुरान" हो भने क्रिश्चियन, इशाईको आधार "वाइवल" हो । त्यसरी नैं वैदिक सनातन संस्कृति (धर्म) एवं हिन्दू जातिको आधार "वेद र स्मृति ग्रन्थ" हुन् । सनातन धर्म कुनैं धर्मको साम्प्रदायिक स्वरूप होइन । यो त नित्य रहने धर्म हो र यो शाश्वत परमात्मासँग शाश्वत जीवहरूको शाश्वत क्रियाकलापको सूचक पनि हो । यसै प्रसंगमा सनातन धर्मवारे मनुस्मृतिमा यस्तो धारणा व्यक्त गरिएको पाइन्छ- **सत्यं ब्रूयात् प्रियं ब्रूयान्न ब्रूयात्सत्यमप्रियम् । प्रियं च नानृतं ब्रूयादेष धर्मः सनातनः ॥ ४/१३८** । अर्थात् साँचो वोल्नु पर्दछ, मीठो, आनन्ददायक कुरा (जस्तै- तिम्रो छोरो भयो, तिमी परिक्षामा पास भयौ आदि) गर्नु पर्दछ । सत्य पनि यदि अप्रिय (जस्तै- तिमो छोरो मऱ्यो, तिमी फेल भयौं, तिम्री कन्या गर्भिणी भइन् आदि) छ भने त्यो सीधै भन्नु हुँदैन । प्रिय कुरा छ तर त्यो झूठो छ भन त्यो पनि वोल्नु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैन । यसकारण उक्त कुरा एवं व्यवहार अनादिकालदेखि हाम्रा ऋषिमुनीहरुले मान्दै र भन्दै आएकाले यस्ता सद्व्यवहार नैं सनातन धर्म भनिएका हुन् । जसको पालना सनातनधर्मीले गर्नु पर्दछ । त्यसैले यस सनातन धर्मका विषयमा कुरा गर्दा हामीले वेद, ब्राह्मण, आरण्यक, स्मृति, पुराण आदिमा उल्लेखित विभिन्न प्रमाणका आधारमा बोल्नु पर्ने हुन्छ र यसको आदि र अन्त समेत नहुने हुँदा यो अनादी र अनन्त छ भन्ने दृष्टिकोण पनि निर्धारित गर्नुपर्ने हुन्छ ।

अंग्रेजीको "रिलीजन" शब्द सनातन धर्मभन्दा अलिक भिन्न छ । रिलीजन शब्दले धर्मप्रतिको विश्वास भन्ने अर्थ जनाउँदछ, तर उक्त विश्वास परिवर्तित पनि हुन सक्तछ । कहिले काहीं कुनैं एक प्रक्रियाद्वारा उक्त विश्वासलाई परिवर्तित गरी अर्को धार्मिक भावना र विश्वासलाई समेत समर्पित गर्न सकिन्छ । तर सनातन धर्म उक्त विषयभन्दा पृथक् एवं अपरिवर्तनीय छ । सनातन धर्मले त्यस्ता कर्मलाई सूचित गर्दछ, जसलाई बदल्न सकिन्न । जसरी पानीलाई त्यसको तरलताबाट एवं ऊष्णतालाई आगोबाट अलग गर्न सकिदैन, त्यसरी नैं जीवलाई उसको शाश्वत कर्म र जैवीय सत्ताबाट पृथक् गर्न सकिदैंन । किनकि सनातन धर्म जीवको अपरिवर्तनीय स्वरूप हो । जसको कुनैं आदि-अन्त हुँदैन भने त्यसलाई कुनैं सीमाभित्र बाँध्न पनि सकिदैन । त्यो कुनैं सम्प्रदाय विशेष पनि हुन सक्तैन । कुनैं सम्प्रदायसँग आवद्ध व्यक्ति/समूहले यस सनातन धर्मलाई आ-आफ्नो सम्प्रदायभित्र छ भनेर फुर्ती लाए पनि यो उनीहरूको अज्ञानता मात्र हुनेछ । किनकि हामीले अहिले पनि गम्भीरतापूर्वक विचार गर्‍यौं भने यो धर्म यस संसारको मात्र नभई समस्त विश्व ब्रह्माण्डमा रहेका समस्त जीवहरूको धर्म हो, भन्न सक्तछौं । अतः यो धर्म, ईसायी, मुस्लिम, यहूदी, लगायत अन्य यस संसारका प्रचलित अनेक धर्ममध्ये पनि अनि प्राचीन र अन्तसम्म अपरिवर्तनीय रूपमा रहने शाश्वत नियम हो । यसै सनातन धर्मबाट नैं संसारमा अनेक धर्महरू उत्पन्न भएका हुन् एवं अन्तमा यसैमा सबै विलीन पनि हुनेछन् भन्ने कुरामा विभिन्न प्रामाणिक ग्रन्थमा प्रशस्त आधारहरू हेर्न र केलाउन सकिन्छ । तसर्थ आगोमा उसको ऊष्णता र प्रकाश एवं पानीमा उसको तरलता र शीतलना रहे झैं विश्वका सबै धर्म या धार्मिक सम्प्रदायमा सनातन धर्म आत्म स्थानीय बीज रूपमा रहेको छ । प्रत्येक सम्प्रदायका धर्म र धार्मिक भावना प्रकट गर्ने पद्धति अलग अलग हुन सक्तछन् तर मूलरूपमा सबै नदीको पानी सागरमा मिलेझैं सबै धार्मिक भावनाको अन्तिम लक्ष्य भगवत् प्राप्ती/सायुज्य नैं हुन्छ र सबै धर्म अन्तमा सनातनमा नैं मिल्दछन् ।

यसरी यस सनातन धर्मको प्रकृति अधिकांश रूपमा अहिले प्रचलित हिन्दू धर्मसँग मिल्ने देखिएकाले उक्त सनातन धर्म नैं हिन्दू धर्म हो कि ? भन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकांश हिन्दूधर्मावलम्वीहरूको मनमा पर्न सक्तछ तर त्यो पूर्णरूपमा सत्य होइन । किनकि हिन्दू धर्म सनातन धर्मको एक अंश मात्र हो, अंशी होइन । यति हुँदा हुँदै पनि हिन्दू धर्मको प्रकृति अन्य धर्मभन्दा सनानत धर्मको प्रवृत्तिसँग धेरै नैं निकट देखिएकाले हिन्दू धर्म समन्वित सनातन धर्मवारे केही दिग्दर्शन गर्ने प्रयास गरिदैछ ।

"आर्यावर्त्तः पुण्यभूमिर्मध्यं विन्ध्यहिमालयोः" अर्थात् पूर्वसमुद्र, पश्चिम समुद्र, विन्ध्याचल पर्वत र हिमालय पर्वतको माझमा रहेको भूभाग नैं आर्यावत-आर्यहरूको वासस्थान भनिन्छ भनी मनुस्मृति[1]मा उल्लेख गरेको पाइन्छ ।

अतएव, यस सनातन धर्मको अंश भएको आर्यावर्त देशमा प्रचलित सनातनको अंशभूत हिन्दू धर्मवारे केही शास्त्रीय धारणालाई यसरी प्रस्तुत गरिएको छ ।

हिन्दू लक्षण :-

कुनैं पनि विषयको बारेमा कुराकानी गर्नुपर्दा पहिले त्यसको लक्षण जान्नुपर्ने हुन्छ । तसर्थ विभिन्न विद्वान्हरूद्वारा हिन्दू कर्तव्यवारे व्यक्त विचारहरू यहाँ प्रस्तुत गरिन्छन् । **महात्मा विनोबा भावे**[2] का अनुसार-वर्णाश्रमप्रति निष्ठावान्, गोभक्त, वेदलाई मातृवत् मान्ने, मूर्तिपूजक सवै धर्मको आदर गर्ने, पुनर्जन्म मान्ने, मोक्ष चाहने र सम्पूर्ण प्राणीहरूमा प्रिय व्यक्ति हिन्दू हो । त्यसरी अन्यत्र[3] हिंसामा जसको चित्त लाग्दैन त्यो नैं हिन्दू हो । अन्य स्थानमा[4] गौप्रति भक्ति, ॐकारमा विश्वास, पुनर्जन्ममा विश्वास गर्ने व्यक्ति हिन्दू हो । **माधवदिग्विजयको आधारमा**[5] : वेद मान्ने, पुनर्जन्ममा विश्वास राख्ने, गौ-सेवक, वर्णाश्रम अनुसार तिलक शिखासूत्रले युक्त, देवपूजक व्यक्ति नैं हिन्दू हो । **पं. लोकमान्य तिलकका अनुसार**[6] वेदलाई ईश्वरीय मान्ने, स्मृतिमा निर्दिष्ट अनेक धर्मकर्म मान्ने, ईश्वरको संधैभरि उपासना गर्ने हिन्दू हो । यस्तै **प्रभाकर श्रीधर रोडेंल** आफ्नो ग्रन्थ **'बृद्धस्मृति'**[7] मा भनेका छन्-हिंसाबाट टाढा रहने, सधैंभरि ब्राह्मण भए भगवत् सेवा, क्षत्रीय भए युद्धद्वारा प्राणीको सुरक्षा, वैश्य भए संधैंभरि आ-आफ्नो व्यापारमा लागिरहने र शूद्र भए त्रयी वर्णको सेवामा सदैव

---

१) आसमुद्रात्तु वै पूर्वादासमुद्रात्तु पश्चिमाम् । तयोरेवान्तरं गिर्योरार्यावर्तं विदुर्बुधाः । (मनु. स्मृ २/२२)
२) यो वर्णाश्रम निष्ठावान् गोभक्तः श्रुतिमातृकः । मूर्तिं च नावजानाति सर्वधर्मः समादर : ॥ उत्प्रेक्षते पुनर्जन्म तस्मान्मोक्षणमीहते । भूतानुकूल्यं भजते स वै हिन्दुरिति स्मृतः । (कल्याण)
३) हिंसया दूयते चित्तं तेन हिन्दुरितीरितः । (कल्याण)
४) गोषु भक्तिर्भवेद्यस्य प्रणवे च दृढामतिः । पुनर्जन्मनि विश्वासः स वै हिन्दुरिति स्मृतः । (कल्याण)
५) ओंकारमूलमन्त्राढ्यः पुनर्जन्मदृढाशयः । गोभक्तश्च शिखायुक्तः देवपूजनतत्परः । (कल्याण)
६) प्रामाण्यवुद्धिर्वेदेषु नियमानामनेकता । उपास्यमाननियमो हिन्दुधर्मस्यलक्षणम् ॥ (कल्याण)
७) हिंसया दूयते यश्च सदाचरणतत्परः । वेद गो प्रतिमासेवी स हिन्दुमुखशब्दभाक् ॥ (कल्याण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्पर रहने, साथै अपौरुषेय वेद, गौ र देव प्रतिमालाई आदर्शमानी सधैंभरि उनको सेवामा तल्लीन रहने व्यक्ति, समुदाय नैं हिन्दू हो ।

यसरी उपर्युक्त विवरणद्वारा स्पष्ट हुन्छ कि वेदलाई प्रामाणिक ग्रन्थको रूपमा स्वीकार गर्ने, गाईलाई पूज्ने, शिखासूत्र धारण गर्ने, तिलक लगाउने, वर्णाश्रम धर्म अनुकूल व्यवहार गर्ने व्यक्ति, समाज नैं हिन्दू हो र यस्ता व्यक्तिका समुदायले युक्त भएको देश नैं सनातन हिन्दू देश हो ।

धर्मको लक्षण :-

धर्म भनेको के हो ? हाम्रा धार्मिक ग्रन्थले धर्मलाई यसरी प्रस्तुत गरेका छन् । **"धारयतीति धर्मः"** अर्थात् समाज, व्यक्ति, राष्ट्रलाई जसले धारण गर्दछ त्यो नैं धर्म हो । पंचम वेदको नामले चिनिने **महाभारत** [८] मा धर्मलाई यसरी व्यक्त गरिएको छ-समाजलाई एकसूत्रमा बाँध्ने कार्य गरेकाले यसको नाम धर्म भएको र यसले प्रजाको अनैतिक क्रियाकलापलाई नियन्त्रित गर्ने कार्य गर्दछ । **अन्यत्र** [९] शास्त्र प्रेरित कर्म नैं धर्म हो । **मनुले**[१०] पनि आफ्नो धारणा यसरी व्यक्त गरेको पाइन्छ-वेद र स्मृतिग्रन्थमा विश्वास, सत्पुरुपजस्तो आचरण, परोपकारादि कार्य एवं स्वयं आफ्नो आत्माले सदैव सहज सन्तुष्टि प्राप्त गर्नु आदि चार प्रकारका धर्मका साक्षात् स्वरूप हुन्छन् । स्मृति ग्रन्थमा अन्यत्र पनि भनिएको छ [११] जसले धर्म मान्दैन, शास्त्रद्वारा निर्दिष्ट व्यवहार गर्दैन भने धर्मले पनि त्यस्ता व्यक्ति, समाज, राष्ट्र आदिको विनाश गरिदिन्छ । परन्तु जसले धर्मअनुकूल व्यवहार गर्दछ धर्मले पनि त्यस्ता व्यक्ति समाज आदिको सुरक्षा गर्ने गर्दछ । यसरी नैं **वैदिक दर्शनमा**[१२] भनिएको छ- जसवाट लौकिक उन्नति र पारलौकिक कल्याण हुने गर्दछ, त्यो नैं धर्म हो । त्यस्तै **श्रीमद्भागवत्**[१३] मा पनि कहिलेकाहीं विशेष अवस्थामा धर्म अधर्म र अधर्म धर्म हुने गर्दछ । धर्माधर्म (विज्ञ) विचार भएको व्यक्तिलाई मात्र दोष लाग्ने गर्दछ । धर्माधर्मको जानकारी नभएका व्यक्तिहरू जस्तै : पागल, बालकले कुनैं शास्त्र निषेधित कृत्य गरेपनि ज्ञान नभएकाले ती अधर्मका दोषी हुन सक्तैनन् । तसर्थ [१४] धर्माधर्म विज्ञ सनातनी हिन्दूले कहिले

---

८) धारणात् धर्मत्याहुः धर्मो धारयति प्रजाः । (महाभारत)

९) चोदना लक्षणो धर्मः । (मीमांसा)

१०) वेदः स्मृति सदाचारः स्वस्य च प्रियमात्मनः । एतच्चतुर्विधं प्राहुः साक्षाद्धर्मस्यलक्षणम् । (म.स्मृ.२/१२०

११) धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः । तस्मात् धर्मो न हन्तव्यो मा नो धर्मो हतोऽवधीत् ॥ (मनु.: ८/१५)

१२) यतोऽभ्युदयनिः श्रेयससिद्धिः स धर्मः । (वै.द. १/२)

१३) क्वचिद् गुणोऽपि दोषःस्यात् दोषोऽपि विधिना गुणः । गुणदोषार्थ नियमः तद्विदामेव बाधते ॥ (श्रीमद्भागवत् ११/२१/१६)

१४) अद्रोहः सर्वभूतानां कर्मणा मनसा गिरा । अनुग्रहश्व दानश्च सतां धर्मः सनातनः ॥ (म.भा.शा.१६२/२१)
वेदोक्तः परमोधर्मः स्मृतिशास्त्र गतोऽपरः । सिष्टाचीर्णः परः प्रोक्तस्त्रयो वर्णाः सनातन ॥ (म.भा.अनु.पर्व १४१/६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि यसको उल्लंघन गर्नु हुँदैन । यी कुरा केवल बाल, वृद्ध र आतुरका लागि मात्र वैकल्पिक व्यवस्था गरिएको हो भन्ने कुरा बुझ्नुपर्दछ ।

यसरी धर्म लौकिक, अलौकिक उन्नतिको सोपान, व्यक्ति-सुरक्षाको कवच, व्यक्ति, समाज र राष्ट्रलाई एकसूत्रमा बाँध्ने नियम, शास्त्रसम्मत कर्म र ज्ञानी व्यक्तिहरूलाई मात्र गुणदोषको भागी बनाउने नियम या दैवीय व्यवस्था हो । तसर्थ वर्णाश्रमी, गोसेवक, मूर्तिपूजक, सन्ध्यावन्दनादि कृत्य यथाशास्त्र गर्ने माता, पिता, गुरु र मान्यजनको सधैंभरि आदर सत्कार गर्ने, व्यक्ति समाज नैं हिन्दू धर्मानुयायी हुन सक्तछ । यसकारण हिन्दू धर्म अहिले [१५] सनातन वैदिक धर्म या वैदिक (हिन्दू) संस्कृतिको विकल्पको रूपमा प्रस्तुत हुन गइरहेको छ ।

सनातन (हिन्दू) धर्मका विशेषताहरू :-

सनातन (हिन्दू) धर्मका अनेक विशेषताहरू छन् । जस्तै : (१) अवतारवादलाई मान्नु (२) वर्णाश्रम व्यवस्थालाई स्वीकार्नु (३) लोक परलोकमा विश्वास गर्नु (४) दशगात्र र वार्षिक श्राद्ध गर्नु (५) भगवान्माथि अटुट आस्था र विश्वास राख्नु (६) वेद, पुराण, उपनिषद, स्मृतिग्रन्थ आदिमाथि अटुट श्रद्धा र आस्था राख्नु आदि । यी उपर्युक्त विवरण अत्यन्त बृहद् भएकाले अवतारवाद र वर्णाश्रम व्यवस्थाबारे मात्र त्यहाँ संक्षिप्त रूपमा केही विषय प्रस्तुत गरिएका छन् ।

अवतारवाद :-

सर्वप्रथम भगवान्का अवतारलाई दुई किसिमले हेर्न सकिन्छ । १. निर्गुण : निराकार मन तथा वाणीबाट अगोचर हुन्छ । जसलाई केवल सिद्ध योगीहरूद्वारा ध्यानावस्थित [१६] अवस्थामा मात्र साक्षात्कार गर्ने गरिन्छ । जस्तै : द्रौपदीको चीरहरणको समयमा साडीको रूपमा प्रस्तुत हुनु र दिव्यनेत्र प्रदान गरी श्रीकृष्णले अर्जुनलाई आफ्नो विराट स्वरूपको दर्शन गराउनु आदि स्वरूप, निर्विकल्प समाधि हुन्छ र यो भगवानको निर्गुण रूप हो, भन्न सकिन्छ ।

२. सगुण रूप : भगवान्को साकार रूप हुन्छ । यो स्वरूप, धर्मको सुरक्षार्थ [१७] साधुजनको रक्षार्थ, समय समयमा त्रयी-ब्रह्मा, विष्णु, महेश्वरले यस पृथ्वीमा अवतार लिने गर्दछन् । तर यहाँ शास्त्रद्वारा निर्देशित २४ अवतार जो केवल विष्णुका मात्र मानिन्छन् । उनीहरूको नाम निर्देशन यसरी गरिएको छ ।

---

१५) वेद प्रणिहितो धर्मो ह्यधर्म स्तद्विपर्ययः ॥ (भा. १/११/४४)

१६) ध्यानावस्थिततद्गतेन मनसा पश्यन्ति यं योगिना, यस्यान्तं न विदु सुरासुरगणा देवाय तस्मै नमः । (भागवत्)

१७) यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत । अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥
परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् । धर्मसंस्थापनार्थाय संभवामि युगे युगे । (गीता ४/७-८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यद्यपि शास्त्रमा भनिएको छ भगवान्का असंख्य अवतार छन् : "अवतारा ह्यसंख्येया हरेः सत्त्वनिधेर्द्विजाः ।" तथापि भगवान् विष्णुका सगुण (साकार) २४ अवतार [१८] निम्न लिखित छन् । ती मध्ये महाभारत अनुसार १० अवतार[१९] यी हुन् । अन्यत्र अवतार संख्या निम्न प्रकार रहेको पाइन्छ ।

(१) मत्स्य (२) कूर्म (३) वराह (४) नृसिंह (५) वामन (६) परशुराम (७) श्रीराम (८) बलराम (९) बुद्ध र (१०) कल्कि । यी दस अवतार युगावताका रूपमा शास्त्रमा वर्णित छन् । (११) श्री कृष्णावतार पूर्ण अवतार मानिन्छ । (१२) नरनारायण (१३) सनत्कुमार आदि (१४) कपिल (१५) दत्तात्रेय (१६) यज्ञ (१७) ऋषभदेव (१८) हंस (१९) धन्वन्तरि (२०) हयग्रीव (२१) व्यास । यी १२-२१ अवतार ज्ञानको रक्षा र प्रचार प्रसारका लागि विश्वमा आदर्शको रक्षार्थ लिईएका मानिन्छन् । (२२) पृथु (२३) मोहिनी (२४) श्रीहरि आदि अवतार क्रमशः लोक सञ्चालनार्थ, अमृत रक्षणार्थ र भक्त गजेन्द्रलाई मोक्ष गर्नका लागि लिईएको मानिन्छ ।

वर्णाश्रम व्यवस्था :-

वर्ण भन्नाले ब्राह्मण, क्षत्रिय, वैश्यं र शूद्रलाई जनाउँदछ भने आश्रम शब्दले ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ र संन्यास गरी ४ आश्रमलाई बुझाउँछ । ४ वर्णको धर्म, कर्तव्य र अधिकारका बारेमा विभिन्न ऋपिमुनी प्रणीत ग्रन्थ एवं वेद उपनिषदादि ग्रन्थमा उल्लेख गरिएको पाइन्छ । ब्रह्मचर्यको अवधी उपनयन संस्कारदेखि २५ वर्ष पर्यन्त, गृहस्थाश्रमको २६ देखि ५० वर्ष पर्यन्तको अवधी मानिएको छ । त्यस्तै वानप्रस्थको ५१ वर्षदेखि ७५ वर्ष पर्यन्त छ भने संन्यासको ७६ वर्षदेखि १०० वर्षसम्मको अवधिं तोकिएको छ । त्यसरी नैं सबै आश्रम र त्यसको नियम पालना गर्ने प्राणीहरूको धर्म, कर्तव्य र अधिकारको बारेमा पनि विभिन्न वेद, स्मृति, आरण्यक एवं पुराण ग्रन्थमा समेत वृहद्रूपमा उल्लेख गरिएको देखिन्छ । जसमा मुख्यतः प्रथम आश्रममा विद्याध्ययन, दोस्रोमा विवाह र अन्य तीन आश्रमको भरण-पोषण र संरक्षण, तेश्रोमा पत्नी सहित या रहित भई इन्द्रिय संयमपूर्वक भगवान्को सेवा एवं आराधना गर्दै तीर्थमा बस्ने र चौथोमा शिखा, सूत्र परित्याग गरी दण्ड, कमण्डलु लिई भगवत् आराधना गर्दै केवल मोक्षको मात्र चाहना राख्दै याचकवृत्तिद्वारा अन्तसम्म आफ्नो समय बिताउने कार्य गर्नुपर्दछ । शूद्रले केवल गृहस्थाश्रमको मात्र पालना गर्दा हुन्छ भनी शास्त्रले निर्देशित गरी उक्त वर्णलाई सहुलियत प्रदान गरेको देखिन्छ ।

---

१८) किरो यज्ञोदत्तान्तगकपिलवैधात्रमुनयो ध्रुवो वैन्यो नाभ्यात्मजहयमुखौ मत्स्यकमठौ ।
नृसिंहो हर्यांह्वोऽदितिजमनु.हंसा अय भिषक् द्विरामाख्यं कृष्णद्वितयमथ बुद्धः कलिहरः ॥
(च.अ. स्तोत्र अवतार- भागवत् १/३ श्लोक संख्या ६-२६)

१९) मत्स्यः कूर्मो वराहश्च नरसिंहश्च वामनः । रामोरामश्च रामश्च कृष्णः कल्कि च ते दश ॥ (म.भा. शान्ति ३३९/७६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ण व्यवस्था :-

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परंतप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥ गीता.१८/४१

वर्ण ४ छन् भन्ने कुरो पहिले नैं प्रस्तुत गरिसकिएको छ। जसलाई मनु[२०]ले पनि पुष्टि गरेको देखिन्छ। याज्ञवल्क्य[२१]ले समेत वर्ण व्यवस्थावारे विस्तृत कुरो गरेको पाइन्छ। वेदमा पनि वर्ण व्यवस्थाबारे वर्णन गरिएको कुरा त्यहाँ प्रस्तुत वेदका ऋचाले स्पष्ट पार्दछन्। ४ वर्णमध्ये ब्राह्मण वर्ण पहिलो हो भन्ने कुरो पनि यजुर्वेदको ३१ औं अध्यायको मन्त्र ११ मा "ब्राह्मणोस्यमुखमासीत....... शूद्रोऽअजायत" र उक्त वेदको १८ औं अध्याय, मन्त्र ४८ मा "रुचंनोधेहिब्राह्मणेपुरुच ँ राजसुनस्कृधि । रुचंविश्श्येषु शूद्रेषुमयिधेमिरुचारुचम् ॥" वर्णित मन्त्रले समेत उक्त ४ वर्णमध्ये वाह्मणवर्णलाई नैं पहिलो नं.मा राखेको देखिन्छ । अतः वेद, शास्त्र सम्मत व्राह्मणवर्णवारे सर्वप्रथम केही दिग्दर्शन गर्ने जमर्को गरिएको छ।

सृष्टिको प्रारम्भमा[२२] ब्राह्मणको केवल एक जाति मात्र थियो भन्ने वुझिन्छ। जसलाई श्रीमद्भागवत्[२३] एवं.स्मृतिका ग्रन्थले[२४] पनि स्पष्ट पारेको देखिन्छ।

यसरी प्रारम्भमा केवल एक मात्र जाति भएको ब्राह्मणवर्ण, देश, काल, भेदले दुई भागमा[२५] छुट्याइयो। प्रत्येक वर्गमा पाँच-पाँच ब्राह्मण समुदाय राखिए र ती समुदायले पञ्च गौड र पञ्च द्राविणका नामले जगत्मा ख्याति प्राप्त गरे। पंचगौड[२६] मा (१) सारस्वत (२) कान्यकुब्ज (३) गौड (४) उत्कल र (५) मैथिल गरी ५ वर्ग भए भने पंचद्राविणमा[२७] (१) कर्णाटक (२) तैलङ्ग (३) द्राविण (४) महाराष्ट्री र (५) गुजराती गरी पाँच वर्गको निर्माण गरियो। यिनैं १० ब्राह्मण समुदाय देश, काल स्थानका आधारमा विस्थापित हुँदै टोटल, औदीच्य, श्रीमाली, भागड, सिंध आदि गरी ८४ प्रकारका भए भनी ब्राह्मणोत्पत्ति मार्तण्डमा उल्लेख

---

२०) व्रह्मणःक्षत्रियो वैश्यस्त्रयो वर्णा द्विजातयः । चतुर्थ एकजातिस्तु शूद्रो नास्ति नु पञ्चमः ॥ (मनु. १०/४)

२१) इज्याध्ययन दानादि वैश्यस्य क्षत्रियस्य च । प्रतिग्रहोऽधिको विप्रे याजनाध्यापने तथा ॥ प्रधानं क्षत्रिये कर्म प्रजानाम्परिपालनम् । कुसीद कृषि वाणिज्य-पाशुपाल्यं विशः स्मृतम् ॥ शूद्रस्य द्विजशुश्रूषा तया-जीवन् वणिक्भवेत् । शिल्पैर्वा विविधैर्जीवेद् द्विजातिहितमाचरन् ॥ (या. स्मृ. १/११८-२०)

२२) सृष्ट्यारम्भे व्राह्मणस्य जातिरेका प्रकीर्तिताः । (स्मृति ग्रन्थ)

२३) पुरुषस्य मुखं व्रह्म क्षत्रमेतस्य बाहव : । ऊर्वोवैश्यो भगवतः पद्भ्यां शूद्रोऽभ्यजायत ॥ (श्रीमद्भागवत्)

२४) मुखवाहुरूपज्जाता स्वस्ववर्णा यथाक्रमम् । ब्राह्मणं क्षत्रियं वैश्यं शूद्रं च निरवर्तयत् । (स्मृतिगन्थ)

२५) एवं पूर्वं जातिरेका देशभेदाद् द्विधाभवत् । गौड द्राविण भेदेन तयोर्भेदा दश स्मृता : । (ब्रा. मार्तण्ड)

२६) सारस्वताः कान्यकुब्जा गौडा उत्कल मैथिलाः । पंचगौडा इति ख्याता विन्ध्यस्योत्तरवासिन : ॥ (ब्रा. मार्तण्ड)

२७) कर्णाटकाश्च तैलङ्गा द्राविणा महराष्ट्रका : । गुर्जराश्चेति पञ्चैव द्राविणा विन्ध्यदक्षिणे ॥ (ब्रा. मार्तण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको पाइन्छ । नेपाली ब्राह्मण प्रायशः पंचगौड ब्राह्मण अन्तरगत रहेका कान्यकुब्जी ब्राह्मण हुन् र यिनको उद्भवस्थल भारतको कन्नौज प्रान्त हो भन्ने कुरो समेत बुझिन्छ ।

ब्राह्मण / अब्राह्मण लक्षण :-

उपरोक्त विषयमध्ये "दुर्जनं प्रथमं वन्दे सज्जनंतदनन्तरम्" नियम अनुरूप पहिले अब्राह्मण कुत्सित ब्राह्मणबारे केही दिग्दर्शन यस प्रकार रहेको छ ।

अब्राह्मण लक्षण :-

ब्राह्मण[२८] र ब्राह्मणी (पति पत्नीको) संसर्गवाट उत्पन्न भए पनि जो मन्त्र र संस्कारले रहित छ । आफ्नो जातमा मात्र जीविकोपार्जन गरी जीवन निर्वाह गर्दछ भने सो अब्राह्मणको वर्गमा पर्दछ । अरू पनि जो स्नान [२९], सन्ध्या, जप, पूजापाठ गर्दैन, आफ्नो कर्तव्यको पालना गर्दैन, अल्छीपना देखाउँछ, वेदाध्ययनवाट रहित छ र संधैभरि जूवाको कुलतमा लागेको छ भने त्यो अब्राह्मण हो । अन्यत्र [३०] वेदाध्ययनरहित कुब्राह्मणलाई दिएको दान त्यसरी नैं व्यर्थ हुन्छ, जसरी वन्ध्याका साथमा गरिएको मैथुन सन्तानोत्पादन नभई व्यर्थ हुन जान्छ ।

ब्राह्मण लक्षण :-

जन्मको[३१] आधारमा मात्र शूद्रवत्, संस्कारको आधारमा द्विज, वेदाध्ययनद्वारा विप्र र ब्रह्म (वेद र ईश्वर)को साक्षात्कार गरेमा या वेद, उपनिषद, स्मृतिग्रन्थमा पारंगत भएमा ब्राह्मण कहलाउँछ । अरू पनि वैदिक [३२] कार्यमा संलग्न, कुत्सित आचरणले रहित, यथाशास्त्र पाणिगृहीता पत्नीवाट उत्पन्न, संस्कारी वालक नैं ब्राह्मण कहलाउँछ । यसको अतिरिक्त उक्त वालक सदाचारी स्वकर्तव्यनिष्ठ, गायत्रीको उपासक र सत्पात्र हुनुपर्दछ ।

पात्र परीक्षण :-

सत्पात्रको परीक्षा कसरी गर्ने त ? भन्ने प्रश्न उठ्न सक्तछ । तसर्थ विद्वान्हरूले सत्पात्रको परीक्षाको मापदण्ड यसरी निर्धारण गरेको देखिन्छ ।

---

२८) ब्रह्मवीज समुत्पन्नो मन्त्रसंस्कार वर्जितः । जातिमात्रोपजीवी च भवेदब्राह्मणस्तु सः ॥ (ब्राह्मणोत्पत्ति मार्तण्ड)

२९) स्नान-ध्यान-परिभ्रष्टो सालस्यनिजकर्मणि । वेदाध्ययनहीनश्च द्यूतकर्मरतश्च यः ॥ (ब्रा. मार्तण्ड)

३०) यथा दासीसुतैर्दत्तं श्राद्धं वन्ध्यासु मैथुनम् । निष्फलं च यथादानमपात्रे वेदवर्जिते ॥ (ब्रा. मार्तण्ड)

३१) जन्मना जायते शूद्रःसंस्काराद्द्विजउच्यते । वेदाभ्यासाद् भवेद् विप्रो ब्रह्मजानाति वाह्मणः ॥ (ब्रा. मार्तण्ड)

३२) वैदिके कर्मणिरता ह्यनाचारविवर्जिताः । ब्राह्मणा इति विज्ञेया ब्राह्मणीं योनिमाश्रिताः ॥
गायत्री मुख्यतो मूलं वैश्वामैत्रीति न श्रुतम् । तत्राधिकारिणो यो वै ते वै विप्राः प्रकीर्तिताः ॥ (ब्रा. मार्तण्ड).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथमा [33] वस्दा शील, स्वभाव, चरित्र जानिन्छ, व्यवहारद्वारा शुद्धता, व्यवहारका लागि उपयुक्त व्यक्ति हो वा हैन जानिन्छ र कुरोकानीद्वारा बुद्धिमान् छ छैन जानिन्छ। यसरी तीन किसिमले पात्र-सत्पात्र-कुपात्र परीक्षण गर्ने गरिन्छ।

वर्ण धर्म :-

वर्णधर्म, कर्तव्य र अधिकारवारे वेद, शास्त्र एवं स्मृतिग्रन्थमा यसरी वर्णन गरिएको पाइन्छ।

१. ब्राह्मण[34] धर्म, कर्तव्य र अधिकार :-

श्रीमद्भागवत्[35] का आधारमा ब्राह्मणको धर्म षट्कर्म निर्धारित गरिएको छ। षट्कर्म भनेको वेदादि विभिन्न शास्त्र स्वयं पढ्नु, पढाउनु, यज्ञ-पूजा पाठ अनुष्ठान आदि गर्नु, गराउनु, दानदिनु एवं दान लिनु हो। जसलाई मनुस्मृति[36] ले पनि पुष्टि गर्दै ब्राह्मणको जीविकाको साधन अध्यापन, याजन र विशुद्ध प्रतिग्रह समेत निर्धारण गरेको पाइन्छ। यसरी नैं [37] ब्राह्मणको जीविकाको साधनकै सम्वन्धमा श्रीमद्भागवत्ले पनि वार्ता, शालीन, यायावर एवं शिलोञ्छन वृत्तिको पालना गर्दा हुन्छ, भनेको छ। अगाडि पुनः भनिएको छ-व्राह्मण क्षत्रियले श्ववृत्ति-नीच सेवा कहिले पनि गर्नु हुँदैन भनी दुवैलाई सचेत तुल्याएको समेत देखिन्छ। त्यस्तै श्रीमद्भागवत्मा पुनः **"ब्राह्मणस्य देहोऽयं क्षुद्रकामाय नेस्यते। ज्ञानाय तपसे चैव प्रेत्यानन्त सुखाय च॥"** भने अनुरूप ब्राह्मणको शरीर क्षुद्र र व्यर्थ कार्यमा प्रयुक्त हुनुहुँदैन। यो ज्ञान तपस्या इहलौकिक र पारलौकिक सुखलाई वढाउने वाला हुनु पर्दछ।

---

३३) शीलं संवसनाज्ज्ञेयं शौच संव्यवहारतः। प्रज्ञा संकथनाज्ज्ञेया त्रिभिः पात्रं परीक्षते॥ (व्रा. मार्तण्ड)

३४) जन्मना ब्राह्मणो ज्ञेयः सस्कारैर्द्विज उच्यते। विद्यया याति विप्रत्वं श्रोत्रियस्त्रिभिरेव च॥ (अत्रिस्मृति १४१

३५) विप्रस्याध्ययनादीनि षडन्यस्याप्रतिग्रह : ॥ भा. ७/११/१४

३६) ब्राह्मणा व्रह्मयोनिस्था ये स्वकर्मष्ववस्थिता :। ते सम्यगुपजीवेयुः षड्कर्मणि यथाक्रमम्॥
अध्यापनमध्ययनं यजनं याजनं तथा। दानं प्रतिग्रहश्चैव षड्कर्माण्यग्रजन्मनः॥
षण्णां तु कर्मणामस्य त्रिणि कर्माणि जीविका। याजनाध्यापने चैव विशुद्धाच्य प्रतिग्रह॥ मनु.: १०/७४-७६

३७) वार्ता विचित्रा शालीनयायावर शिलोञ्छनम्। विप्रवृत्तिश्चतुर्धेयं श्रेयसी चोत्तमोत्तमा॥ भा. ७/११/१६
ऋतामृताभ्यां जीवेत मृतेन प्रभृतेन वा। सत्यानृताभ्यां जीवेत न श्ववृत्या कथंचन॥
ऋतमुञ्छशिलं प्रोक्तममृतं यदयाचितम्। मृतं तु नित्य वाच्ञा स्यात् प्रमृतं कर्षणं स्मृतम्॥
सत्यानृतं तु वाणिज्यं श्ववृत्तिर्नीचसेवनम्। वर्जयेत् तान् सदाविप्रो राजन्यश्च जुगुप्सितम्॥
सर्ववेदमयोविप्रः सर्वदेवमयो नृपः॥ भा. ७/११/१८-२०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्राह्मणको लक्षणको सम्वन्धमा पनि भागवत्[३८] ले स्पष्ट पार्दै शम, दम, तप, शौच, सन्तोष, क्षमा, सरलता, ज्ञान, दया र भगवान्‌प्रतिको विश्वास र सत्यवादी हुनु इत्यादि ब्राह्मणमा हुनुपर्ने गुण हुन् भनेको छ । यस वाहेक वेद पढाउने [३९] अधिकार केवल गुरुमुखवाट पठित वेदपाठी ब्राह्मणलाई मात्र रहेको छ भन्ने कुरो पनि मनुस्मृतिले स्पष्ट पारेको पाइन्छ । गीताले समेत ब्राह्मण धर्म[४०] वारे आफ्नो धारणा प्रष्ट पारेको छ । यसरी समष्टीरूपमा ब्राह्मणको धर्म कर्तव्य र अधिकार उपर्युक्त षट्कर्म नैं समान रूपमा हुन्छन् भन्ने कुरो स्पष्ट हुन्छ ।

२. क्षत्रिय धर्म, कर्तव्य र अधिकार :-

क्षत्रिय धर्मको वारेमा श्रीमद्भागवत्[४१] मा भनिएको छ-क्षत्रियले कहिले पनि दान नलिनु, प्रजा एवं आफ्ना आश्रित व्यक्तिको संरक्षण गर्नु, ब्राह्मणवाट कर नलिनु आदि । शुक्रनीति अनुसार[४२] लोकसंग्रह गर्नु शूरवीर हुनु, दुष्टको संहारगर्नमा सक्षम हुनु, इत्यादि गुणले परिपूर्ण व्यक्ति क्षत्रिय हुन्छ भनिएको छ । यसरी नैं मनुस्मृति[४३] अनुसार प्रजाको सुरक्षा गर्ने, दान दिने, यज्ञ, अध्ययनादि क्रियामा संधै तत्पर रहने, दुर्व्यसनवाट टाढा रहने आदि गुण क्षत्रियका हुन्छन्, भनिएको छ भने पुनः श्रीमद्भागवत्[४४] मा शूरता, वीरता, धैर्य, तेज, त्याग र ब्राह्मणप्रति सद्भाव राख्ने व्यक्ति क्षेत्रिय कहलाउँछ भनी उल्लेख गरिएको पनि पाइन्छ ।

यसरी नैं महर्षि याज्ञवल्क्य[४५] एवं अत्रि[४६] मुनिले समेत क्षत्रिय कर्तव्यको वारे आ-आफ्ना धारणा व्यक्त गरेको पाइन्छ । क्षत्रियको प्रमुख कर्तव्य[४७] व्यक्तिहरूको सुरक्षा गर्नु र युद्धमा नडराई आ-आफ्नो दायित्व पूरा गर्नु हो भनी महाभारत शान्ति पर्वले समेत पुष्टि गरेको पाइन्छ । यस्तै युद्ध नगर्नु, युद्धवाट भाग्नु यी सवै

---

३८) शमोदमस्तपः शौचं सन्तोषः क्षान्तिरार्जवम् । ज्ञानं दया च्युतात्मत्वं सत्यं च ब्रह्मलक्षणम् ॥ भा. ७/११/२१
३९) अधीयीरंस्त्रयोवर्णाः स्वकर्मस्था द्विजातयः । प्रब्रूयात् ब्राह्मणस्त्वेषां नेतराविति निश्चयः ॥ मनु. १०/१
४०) शमोदम स्तपः शौचं क्षन्तिरार्जवमेव च । ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥ (गीता १८/४२)
४१) राज्ञोवृत्तिः प्रजागोप्तुरविप्राद् वा करादिभिः ॥ भा. ७/११/१४
४२) लोकसंग्रहणे दक्षः शूरो दान्तः पराक्रमी । दुष्टो निग्रहशीलो यःस वै क्षत्रिय उच्यते ॥ (शुक्र १/२५)
४३) प्रजानां रक्षणं दानमिज्याध्ययनमेव च । विषयेस्वप्रसक्तिश्च क्षत्रियस्य समासतः ॥ (मनु. १/८९)
४४) शौर्य वीर्यं धृतिस्तेजस्त्याग आत्मजयः क्षमा । ब्रह्मण्यता प्रसादश्च रक्षा च क्षत्रलक्षणम् ॥ भा. ७/११/२२)
४५) इज्याध्ययनदानादि वैश्यस्य क्षत्रियस्य च । प्रधानं क्षत्रिये कर्म प्रजानां परिपालनम् ॥ (याज्ञ १/११९ स्मृति)
४६) क्षत्रियस्यापि यजनं दानमध्ययनं तपः । शस्त्रोपजीवनं भूतरक्षणं चेति वृत्तयः ॥ (अत्रि स्मृति)
४७) अविक्षतेन देहेन समराद् यो निवर्तते । क्षत्रियो नास्य तत्कर्म प्रशंसन्ति पुराविदः ॥ (महाभारत शा.प. ६०/१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षत्रियका लागि अधर्म हुन् । तसर्थ युद्ध अवश्य गर, भनी श्रीमद्भगवत् गीतामा[४८] समेत श्रीकृष्णले अर्जुनलाई उपदेश दिएको देखिन्छ । यसरी पराशर[४९]ले समेत क्षत्रियको प्रमुख कर्तव्य आ-आफ्ना आश्रितको सदैव सुरक्षा गर्नु हो भनेको पाइन्छ ।

३. वैश्य धर्म, कर्तव्य र अधिकार :-

वैश्यको कर्तव्यबारे **श्रीमद्भागवत्**[५०]मा यस्तो पाइन्छ : वैश्यले कृषि, वाणिज्य आदि कार्य गरी आफ्नो जीविका चलाउने र ब्राह्मणको सेवा गर्दै उनको अनुकूल हुने कार्य गर्नुपर्दछ । अगाडि भनिएको छ- देव, गुरु र आफ्नो कुल देवताप्रति भक्तिभाव राख्ने, त्रिवर्ग धर्म, अर्थ, काम यी तीन पुरुषार्थको सुरक्षा गर्ने र आस्तिक वुद्धिमा दृढ रहने, उद्योग वाणिज्य आदि कार्यमा निपुण एवं व्यावहारिक हुने व्यक्ति नैं वैश्य कहलाउँछ ।

पराशर[५१] स्मृति अनुसार वस्तु विनियोजन लिने दिने व्यवहार, रत्नको क्रय विक्रय, गाईपालन र व्यापार गर्ने आदि यी सवै कार्य वैश्यका हुन् । यसरी नैं **मनुस्मृति**[५२]मा पनि वैश्यको कार्य निर्धारण गर्ने क्रममा वाणिज्य (व्यापार) गर्नु व्याजमा पैसा लगाउनु, कृषि, पशुपालन र उनीहरूको सुरक्षा गर्नु नैं वैश्य धर्म हो भनिएको छ । **गीतामा**[५३] पनि वैश्यको कार्य कृषिकर्म, गाईको सुरक्षा, वाणिज्य (व्यापार) आदि हुन्, भनिएको छ । यसरी **बराहपुराण**[५४]ले पनि स्वाध्याय, पूजन र दान गर्नु, व्याजमा पैसा लगाउनु, पशुपालन गर्नु, कृषि, व्यापार गर्नु आदि कार्य वैश्यको कर्तव्य हो, भनेको छ । यसै क्रममा **हारीत**[५५] **स्मृतिले** उक्त कुराको समर्थन गर्दै वैश्यले गौको सुरक्षा, कृषि कार्य, व्यापार आदि गर्नुका साथै

४८) अथचेत् त्वमिमं धर्म्यं सङ्ग्रामं न करिष्यसि । ततःस्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि । (गीता २/३३)
शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् । दानमीश्वरभावश्च क्षत्रकर्म स्वभावजम् (गीता १८/४३)

४९) क्षत्रियो हि प्रजारक्षन् शस्त्रपाणि प्रदण्डयन् । निर्जित्य परसैन्यानि क्षितिं धर्मेण पालयेत् ॥
न श्री कुलक्रमाज्जाता भूषणोल्लिखिताऽपि वा । खड्गेनाक्रम्य भुञ्जीत वीरभोग्या बसुन्धरा ॥ (परा. १/६६)
इज्याध्ययनदानानि वैश्यस्य क्षत्रियस्य च । प्रतिग्रहोऽधिको विप्रे याजनाध्यापने तथा ॥ (या.स्मृ. १/११८)

५०) वैश्यस्तु वार्ता वृत्तिश्च नित्यं ब्रह्मकुलानुगः ॥ (भा. ७/११/१५)
देवगुर्वच्युते भक्तिस्त्रिवर्गपरिपोषणम् । आस्तिक्यमुद्यमो नित्यं नैपुणं वैश्यलक्षणम् ॥ भा. ७/११/२३

५१) लाभकर्म तथा रत्नं गवां च प्रतिपालनम् । कृषिकर्म च वाणिज्यं वैश्यवृत्तिरुदाहृता ॥परा. स्मृ. १/६९॥

५२) वाणिज्यं कारयेद्वैश्यं कुसीदं कृषिमेव च । पशूनां रक्षणं चैव दास्यं शूद्रं द्विजन्मनाम् ॥ (मनु. ८/४/१०)
पशूनां रक्षणं दानमिज्याध्ययनमेव च । वणिक्पथं कुसीदं च वैश्यस्य कृषिमेव च ॥ (मनु.. १/९०)

५३) कृषि गौरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ॥ (गीता १८/४४)

५४) स्वाध्यायं यजनं दानं कुसीदं पशुपालनम् । गोरक्षां कृषिवाणिज्यं कुर्याद्वैश्यो यथाविधिः ॥ (वराह पुराण)

५५) गोरक्षां कृषिवाणिज्यं कुर्याद् वैश्यो यथाविधिः । दानं देयं यथाशक्त्या ब्राह्मणानां च भोजनम् ॥ (हारीत स्मृ. २/६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समय समयमा विभिन्न धार्मिक अनुष्ठान पूरा गरी ब्राह्मणलाई यथाशक्ति दान-दक्षिणा दिई भोजन गराउनु पर्दछ भनेको समेत पाइन्छ र यही नैं यिनीहरूको धर्म हो, भनिएको छ ।

४. शूद्र धर्म, कर्तव्य र अधिकार :-

श्रीमद्भागवत्[५६] अनुसार शूद्रको धर्म द्विज (ब्राह्मण) क्षत्रिय वैश्यको कार्यमा सहयोग गर्नु, आफ्ना मान्यजनले भने अनुरूप कार्य गर्नु पर्दछ, भन्दै शूद्र वर्णका व्यक्तिका लागि शास्त्रले सहुलियत प्रदान गर्दै आएको र अनेक धार्मिक कठोर नियम, कर्तव्य आदिवाट मुक्त गराएको देखिन्छ । यस्तै उनीहरूको अन्य क्लीष्ट वेदादि शास्त्र नपढे पनि हुन्छ भनिएको छ । यसरी पूजनादि कार्यमा भगवान्लाई मनले सम्झी श्रद्धापूर्वक पुष्प फलादि चढाएमा पनि भगवान् खुशी हुनुहुन्छ । अनि उनीहरूले गाई र ब्राह्मणप्रति श्रद्धा र राम्रो भावना राखेमा अझ राम्रो फल प्राप्त हुन्छ भनिएको छ । मनुस्मृति[५७] मा पनि वेदपाठी ब्राह्मण र गृहस्थहरूको सहयोग गर्नु नैं शूद्रको परमधर्म हो भन्ने कुरा पाइन्छ । एवं यस्ता कार्य गरेमा शूद्रको उन्नति हुन्छ भन्ने कुराको उल्लेख पनि गरेको भेटिन्छ । अन्यत्र पाराशर स्मृतिमा[५८] शूद्रले द्विजको सहयोग गर्नु पर्दछ । यही नैं उसको धर्म हो, नगरे राम्रो फल पाईदैन भनिएको पाइन्छ । यसरी गीता[५९] मा पनि शूद्रको कार्य सवै अन्य तीन वर्णको सहयोग गर्नु हो, भनिएको छ । यस्तै अत्रि[६०] को भनाई उद्धृत गर्दै भनिएको छ इष्ट र पूर्त द्विजातीहरूको सामान्य धर्म हो । त्यसमध्ये पूर्त धर्मको अधिकारी शूद्र हुन्छ भने वैदिक इष्ट धर्मको अधिकारी द्विज हुन्छन् । पूर्त भनेको तलाउ, इनार, देवतागृह आदिको निर्माण गर्नु हो, भनिएको छ र उक्त प्रामाणिक कुरा नैं यिनीहरूको धर्म र अधिकार हो भन्ने कुरो उल्लेख गरिएको पाइन्छ । यसका साथै सेवाभाव[६१]मा विशेष जोड दिएको पनि पाइन्छ ।

---

५६) शूद्रस्य द्विज शुश्रूषा वृत्तिश्च स्वामिनो भवेत् । (भा. ७/११/१५)
शूद्रस्य संनतिः शौचं सेवा स्वामिन्यमायया । अमन्त्रयज्ञो ह्यस्तेयं सत्यं गोविप्ररक्षणम् ॥ (भा. ७/११/२४)
५७) विप्राणां वेदविदुषां गृहस्थानां यशाश्विनाम् । शुश्रूषैव तु शूद्रस्य धर्मो नैश्रेयसः परः ॥ (मनु.. ९/३३४)
शुचिरुत्कृष्ट शुश्रूषुर्मृदुवागनहंकृतः । ब्राह्मणाद्याश्रयो नित्यमुत्कृष्टां जातिमश्नुते ॥ (मनु.. ९/३३५)
५८) शूद्रस्य द्विज शुश्रूषा परमोधर्म उच्यते । अन्यथा कुरुते किञ्चित् तद्भवेत्तस्य निष्फलम् ॥ (पारा ०१/७०)
५९) परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥ गीता १८/४४
६०) इष्टापूर्तौ द्विजानीनां सामान्यौं धर्मसाधनौ । अधिकारी भवेच्छूद्रः पूर्तधर्मे न वैदिके ॥ (अत्रि-४६)
एकाग्निकर्महवनं त्रेतायां यच्च हूयते । अन्तार्वेद्यां च यद्दानमिष्टमित्यभिधीयते ॥
वापीकूपतडागादि देवतायतनानि च । अन्नप्रदानमारामः पूर्तमित्यभिधीयते ॥
ग्रहोपरागे.यद्दानं सूर्यसंक्रमणेप च । द्वादश्यादौ च यद्दानं पूर्तमित्यभिधीयते ॥ (अपरार्क पृ.सं. २४)
६१) शूद्रस्य द्विज शुश्रूषा तयाऽजीवन्वणिक् भवेत् । शिल्पैर्वा विविधैर्जीवेद् द्विजातिहितमाचरन् ॥ या. स्मृ. आ (१) १२०
एकमेव तु शूद्रस्य प्रभुः कर्म समादिशत् । एतेषामपिवर्णानां शुश्रूषामनसूयया ॥ मनु. १/९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवाभाव सम्वन्धी एउटा कुरो यहाँ मननयोग्य छ । शूद्रले त्रयीवर्णप्रति सदैव सेवाको भाव राख्नुपर्दछ, भन्दै सबै वेद, शास्त्र, पुराण, स्मृति आदि ग्रन्थमा समेत एक स्वरले भनेको पाइन्छ । के यो अहिलेका आधुनिक पण्डित, विद्वान् आदिका भनाई अनुसार शूद्र वर्णका व्यक्तिलाई हेपेर भनिएको हो ? या उनीहरूलाई माथि उठ्न नदिन षडयन्त्र गरिएको हो ? त भन्ने प्रश्न सबैका मनमा वारम्वार उठ्न सक्दछ । तसर्थ त्यस तर्फ दृष्टिपात गर्दा यदि ब्राह्मण, क्षत्रिय, वैश्य जातिमा उत्पन्न भएर पनि कुनैं व्यक्ति आ-आफ्नो कर्तव्य, धर्म, संस्कार आदि गर्दैन भने ती सबैलाई **शास्त्रले**[६२] शूद्र वर्ण समान हुन्छन्, भनेको छ । यस वाहेक जो उक्त त्रयी वर्णमा उत्पन्न भएर पनि आफ्नो दैनिक सन्ध्यादि कर्म गर्दैन भने त्यो पनि धर्मबाट भ्रष्ट भएको मानिन्छ । यस्तै विभिन्न सेवा, शुश्रूषाका कार्यमा मात्र लागिरहँने तर आफ्नो कर्तव्य नगर्ने द्विज पनि शूद्रवत् नैं कहलाउँछन् । किनकि **व्यक्ति**[६३] जन्मिदा शूद्र समान हुन्छ र कर्म (संस्कार)द्वारा नैं त्यो सुसंस्कृत भएर द्विज हुन्छ । संस्कारवाट उसको दोस्रो जन्म हुन्छ । जसका प्रमाण धार्मिक ग्रन्थमा अनेक छन् । भनिएको छ[६४]-ब्राह्मणको वल ज्ञान हुन्छ, क्षत्रीयको वल सैन्य एवं वाहुवल हुन्छ, वैश्यको वल वित्त (पैसा) हुन्छ भने शूद्रको वल परिचर्या (सेवाभाव) हुन्छ । यी सबै आ-आफ्ना स्वाभाविक कार्य हुन् । जसका प्रमाण स्मृति र ऋषिका वचन छन् ।

अव सेवा सम्वन्धी कुरा गरौं । शूद्रको परम धर्म सवैमा सेवा भाव राख्नु हो, भनिएको छ । कस्ताको त भन्दा वेद-शास्त्रमा उल्लेख गरे अनुरूप कार्य गर्ने त्रयी वर्णको । यो सेवा धर्म पनि त्यति सजिलो छैन । त्यो गर्न पनि जान्नु पर्दछ । प्रत्येक वर्णका आ-आफ्ना स्वाभाविक गुण हुन्छन् । त्यस्तै शास्त्रले शूद्रको स्वाभाविकगुण सेवा, शुश्रूषा र परिचर्यात्मक व्यवहारलाई मानेको छ । जसलाई **गीताले समेत-"परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् । १८/४४"** भनी उक्त कुराको पुष्टि गरेको छ । यो **सेवाभाव**[६५] पनि त्यति सजिलो छैन । ठूल-ठूला ऋषि, महर्षि, योगीले समेत सेवा कार्य गर्न सक्तैनन् । किनकि त्यो

---

६२) ये न पूर्वामुपासन्ते द्विजाः सन्ध्यां च पशिचमाम् । सर्वांस्तान् धार्मिको राजा शूद्रकर्माणि कारयेत् ॥ (महा.अनु.१०४/१९)
न तिष्ठति तु यः पूर्वां नोपास्ते यश्च पश्चिमाम् । स शूद्रवत् वहिष्कार्यः सर्वस्माद् द्विज कर्मणः ॥ (मनु. २/१०३)
योऽनधीत्य द्विजो वेदमन्यत्र कुरुतेश्रमम् । स जीवन्नेव शूद्रत्वमाशु गच्छति सान्वय : ॥ (मनु. २/१६८)
अत अर्ध्वं त्रयोऽप्येते यथाकालमसंस्कृताः । सावित्री पतिता व्रात्या भवन्त्यार्यविगर्हिताः ॥ मनु. २/३९
६३) जन्मना जायते शूद्रो संस्कारात् द्विज उच्यते ॥ (मनु.)
६४) विद्या वलं च विप्राणां राज्ञां सैन्यवलं तथा । वित्तं वलं च वैश्यानां शूद्राणां परिचर्यिका ॥ (स्मृतिवाक्य)
६५) मौनान्मूकः प्रवचनपटुर्वातुलो जल्पको वा, धृष्टः पार्श्वे वसति च सदा दूरतश्चाऽप्रगल्भः ।
क्षान्त्या भीरुर्यदि न सहते प्रायशो नाभिजातः, सेवाधर्मः परमगहनो योगिनामप्यगम्यः ॥ (नीति शतक ५८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उनको स्वाभाविक कर्म होइन । त्यस्तै ब्राह्मण, क्षत्रीय, वैश्यको समेत स्वाभाविक कार्य निर्धारित गरिएको छ । जसलाई विभिन्न पुर्वीय गन्थ र गीताले समेत पुष्टि गरेको पाइन्छ । तसर्थ सेवा कार्यमा लागेका व्यक्तिले के कस्ता समस्या वेहोर्नु पर्दछ, कतिसम्म लचिलो हुनुपर्दछ ? भन्ने प्रसंगमा नीतिशतकमा यस्तो कुरा उल्लेख गरिएको पाइन्छ-"सेवक (व्यक्ति) चूप लाग्दा लाटो, धेरै वोल्दा वाचल या वकवके, मालिकको धेरै सन्निकट हुन खोजेमा (जूको) चापलूस, टाढा हुँदा अव्यवहारिक, क्षमाशील भएमा डरपोक, असहनशील भएमा व्योहोरा नभएको (रिसाहा) भनिन्छ । तसर्थ यो सेवा धर्म साह्रै नैं कठिन कार्य हो । जसलाई ठूल्ठूला व्यक्ति, योगी, महर्षिहरूले समेत गर्न सक्तैनन् । जो यस कार्यमा निपुण हुन्छ त्यसले नैं उक्त कार्य गर्न सक्तछ । यसरी शास्त्रले समेत उक्त सेवाभावलाई गहन दायित्वको रूपमा लिएको र जसको स्वाभाविक कार्य हो त्यसले मात्र राम्ररी सुसम्पन्न गर्न सक्ने कुरा गरेको देखिन्छ । तसर्थ यस्ता कार्य गर्दा सम्वन्धित वर्ण/व्यक्तिका साथै अन्य त्रयी वर्णका व्यक्तिले समेत उक्त कार्य गरेमा अहिले पनि सवै वर्णका साथै शूद्रवर्णका[६६] व्यक्तिहरूको पनि सम्मान नैं भएको देखिन्छ । जसको ज्वलन्त उदाहरण विभिन्न जात-जातिका सांसददेखि लिएर स्वामी प्रपन्नाचार्यसम्मका विद्वान् (व्यक्तित्व) समेत देखिनुभएको छ । यसरी राम्रो कर्म, सद्व्यवहार र विशिष्ट योगदानले सवै जातजातिका व्यक्तिलाई उच्च तहमा अवश्य नैं पुऱ्याउँदछ र ती सवैका लागि आदरणीय हुन्छन् भन्ने कुरा प्रमाणित हुन्छ । तसर्थ [६७] उच्चकुलमा उत्पन्न व्यक्तिले व्यवहार, आचरण समेत शुद्ध र उच्च राखेमा मात्र उनीहरूको प्रतिष्ठा सधैं कायम रहन सक्तछ ।

यसरी वर्ण व्यवस्थाको सम्वन्धमा सनातन वैदिक धारणा प्रस्तुत गरिसकेपश्चात् आश्रम व्यवस्थाको सम्वन्धमा पनि केही वैदिक एवं शास्त्रीय अवधारणा प्रस्तुत गरिँदैछ । त्योभन्दा पहिले दान या दक्षिणा सम्वन्धी केही शास्त्रीय तथ्य यहाँ प्रस्तुत गरिन्छ ।

दान या दक्षिणा विचार :-

यतीनां च शमो धर्मस्त्वनाहारो वनौकसाम् ।
दानमेव गृहस्थानां शुश्रूषा ब्रह्मचारिणाम् ॥

हेमाद्रि-दानखण्ड अनुसार गृहस्थको कार्य दान गर्नु मानिएको छ । जव

---

६६) कि. कुलेन विशालेन विद्याहीनेन देहिनाम् । दुष्कुलीनोऽपि विद्वांश्च देवैरपि सुपूज्यते ॥ चा. नी. ८/१९

६७) "उच्चकुलमें जन्म लिया करनी उच्च न होय । सुवरन कलश सुराभरा साधु निन्दक होय ॥" (हिन्दी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजक व्यक्तिले कुनैं पूजा-पाठ गराउँदछ भने तत् पश्चात् कुनैं निमन्त्रित ब्राह्मणलाई दान या दक्षिणा दिनु पर्दछ, यो उसको धर्म हो। किनकि जवसम्म कार्यकर्ता यजमानले कार्य गराए वापत पुरोहित/ब्राह्मणलाई दक्षिणा दिंदैन, तवसम्म उसले त्यसको फल या प्रभावको उपभोग गर्न पाउँदैन, यो धार्मिक विधान हो। दक्षिणा/दान यजमानले (पुग्दो) निकै राम्रो या आफ्नो गच्छेअनुसार दिनुपर्दछ। अहिले आधुनिक केही दिग्भ्रमित यजमान/राजनेता ब्राह्मणवाट अधिकभन्दा अधिक धार्मिक कार्य गराउन चाहन्छन् तर दक्षिणा कमभन्दा कम दिन चाहन्छन् या भरसक पाठ/पूजा समेत सहयोग, अनुदानमा नैं होस् भन्ने भावना पनि कतै-कतै राख्तछन्। ठीक छ यदि त्यस्ता यजमानले उक्त पाठ/पूजावाट कुनैं फलको प्राप्ति गर्नु छैन र उक्त कार्यवाट प्राप्त भएको पुण्य फल ब्राह्मण/पुरोहितले नैं लैजाओस् भन्ने चाहना राख्तछन् भने यो कुरो गर्नु उचित नैं होला। तर पाठपूजा गरे/गराए वापत प्राप्त हुने पुण्य हामीले नैं पाउनुपर्दछ भन्दछन् भने उनीहरूले ब्राह्मण वर्गलाई **श्रीमद्भागवत् एवं ब्रह्म वैवर्तपुराण** आदिमा वर्णन गरे अनुरूप दक्षिणा द्रव्य ब्राह्मण/पुरोहितलाई यथेष्ट दिनु पर्दछ। भनिएको[६८] छ- दक्षिणाको उत्पत्ति भगवान् श्रीकृष्णको दाहिने अंगवाट भएको हो र उनी यज्ञपत्नीं पनि हुन्। त्यसकारण यज्ञ, पूजा, पाठ, अनुष्ठान आदिमा वरण गरिएका ब्राह्मण/पुरोहितलाई आफ्नो पूजनादि काम गराए वापत कार्य सकिने वित्तिकै दक्षिणा दिनुपर्दछ, नत्र फल पाइँदैन। एक मूहूर्त (४८ मिनेट) यदि उक्त वृणित ब्राह्मणलाई कार्य समाप्त भएपछि पनि कुनैं यजमानले दक्षिणा, (द्रव्य) तुरुन्त

---

६८) कार्तिकी पूर्णिमायान्तु रासे राधामहोत्सवे। आर्विर्भूता दक्षिणांशात् कृष्णस्य तेन दक्षिणा॥
यज्ञो दक्षिणया सार्धं पुष्पेण च फलेन च। कर्मिणां फलदाता चेत्येयं वेदविदो विदुः॥
कृत्वा कर्म च तस्यैव तूर्णं दद्याच्च दक्षिणाम्। तत् कर्म फलमाप्नोति वेदैरुक्तमिदं प्रिये॥
मूहूर्ते समतीते तु द्विगुणं सा भवेत् ध्रुवम्। एकरात्रे व्यतीते तु भवेत् शतगुणा च सा॥
त्रिरात्रे तच्छतगुणा सप्ताहे द्विगुणा ततः। मासे लक्षगुणा प्रोक्ता ब्राह्मणानाञ्च वर्धते॥
संवत्सरे व्यतीते तु सा त्रिकोटिगुणा भवेत्। कर्म तद्यजमानानां सर्वञ्च निष्फलं भवेत्॥
कर्ता कर्मणि पूर्णे च तत्क्षणं यदि दक्षिणाम्। न दद्यात् ब्राह्मणेभ्यश्च दैवेनाज्ञानतोऽथवा॥
स च ब्रह्मस्वापहारी न कर्म्मार्होऽशुचिर्नरः। दारिद्र्यो व्याधियुक्तश्च तेन पापेन पातकी॥
तद् गृहाद् याति लक्ष्मीश्च शापं दत्वा सुदारुणम्। पितरो नैव गृह्णन्ति तद्दत्तं श्राद्धतर्पणम्॥
एवं सुराच्य तत्पूजां तद्दत्तामग्निराहुतिम्॥ प्र.वै.पु. (प्रकृति खण्ड)।
दाता न दीयते दानं ग्रहीता न च याचते। उभौ तौ नरकौ याताश्छिन्नरज्जुर्यथा घटः॥
नार्पयत् यजमानश्चेद् भावितारञ्च दक्षिणाम्। भवेद् ब्रह्मस्वापहारी कुम्भीपाकं व्रजेद् ध्रुवम्॥
वर्षलक्षं वसेत्तस्य यमदूतेन ताडितः। ततो भवेत् स चाण्डालो व्याधियुक्तो दरिद्रकः॥
पातयेत् पुरूषान् सप्त पूर्वांश्च सप्तजन्मनः॥ (शव्दकल्पद्रुम पृ.सं. ६७१)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिंदैन, भोली, पर्सी दिउँला भनी परेशान गर्दछ भने व्राह्मणको दक्षिणा क्रमशः २x४x१६ गुणा आदिको हिसावले प्रतिदिन वढ्दै जान्छ र अन्तमा असंख्य हुन्छ । अनि त्यस यजमानले गरेको उक्त कार्य पनि निष्फल हुन्छ । सवै पुण्यफल वृणित (कार्य गर्ने) व्राह्मणको भागमा पर्दछ र उक्त यजमान पापको भागी हुन्छ । अतः कुनैं कार्य गर्दा कार्यकर्ता यजमानले यस्ता कार्यमा ध्यान पुऱ्याउन आवश्यक छ । दक्षिणा भनेको पुरोहित/व्राह्मणको पारिश्रमिक एवं रोजीरोटी हो, त्यसको अवमूल्यन र शोषण गर्नु हुँदैन । गरेमा नरकको वास समेत हुन्छ । यो शास्त्रमा उल्लेखित विधान हो ।

तर दान या दक्षिणा ग्रहीता व्राह्मण/पुरोहित पनि कर्मनिष्ठ, सदाचारी, वेद पढेको, पूजाको मन्त्र शुद्ध पढ्न सक्ने र धर्मशास्त्र सम्वन्धी कार्यको ज्ञाता हुन आवश्यक छ । किनकि व्राह्मणमा व्राह्मणत्व हुनु आवश्यक छ भने उसको अनुहारमा तेज, कार्यमा पटुता, वाणीमा चमत्कार तथा प्रतिग्रहप्रति कमभन्दा कम आशक्ति हुन आवश्यक छ । कसैले श्रद्धापूर्वक केहि दिन्छ भने त्यस्ता वस्तु व्राह्मणले औचित्य हेरी लिंदा हुन्छ । तर उक्त ग्रहीता व्राह्मणले जुन अनुपातमा[६९] दान लिन्छ त्यसै मात्रामा गायत्री मन्त्र दुवै सन्ध्यामा जप गर्नुपर्दछ, नत्र त्यो पच्दैन ।

अहिलेको कलियुगी आधुनिक समाजमा व्राह्मणका लागि षट्कर्म समान मात्रामा निर्धारण गरिएको भए पनि केही अज्ञानी द्विज वर्गले पौरोहित्य कर्म गरी जीवन यापन गर्ने, पाठपूजा गरी दान लिने ब्राह्मण वर्गलाई हेय दृष्टिले हेर्ने र उनीहरूलाई होच्याउने किसिमको व्यवहार गर्ने गरेको देखिन्छ, जुन कुरो कुनैं हालतमा ठीक होइन । यस्तै व्राह्मण वर्णमा उत्पन्न भएर पनि वेद नपढ्ने, सन्ध्या, जप आदिकार्य नगर्ने, यो सव वेकार हो भन्ने, शिखासूत्र र तिलक धारण गर्न मन नपराउने, संस्कारी द्विज र विप्रको मानमर्दन गर्न पछि नपर्ने यस्ता केही दुर्व्राह्मण समुदायको क्रमशः **"दिन दुई गुणा रात चारगुणा"** गरी वृद्धि भईरहेको छ । यस्तै जो वेद पढ्न चाहँदैनन् ,कर्मकाण्ड गर्न जान्दैनन्, आफूलाई आधुनिक ठान्दछन्, जो यस्ता कुरालाई हेय दृष्टिले हेर्दछन्, ती सवै नैं यस्ता कुराका वढी आलोचक र उपदेशक देखिन्छन् । यस्ता कुप्रवृत्ति यत्रतंत्र समाजमा

६९) प्रतिग्रहेण विप्राणां व्राह्मतेजः प्रशाम्यंति । अतः प्रतिग्रहं कृत्वा प्रायश्चित्तं समाचरेत् ॥ अरुण/२६
प्रतिग्रहान्न दोषाच्च पातकादुपपातकात् । गायत्री प्रोच्यते तस्मात् गायन्तं त्रायते यत : ॥ (वृ.या. स्मृति)
व्रह्महत्यादिपापानि गुरूणि वा लघूनि च । नाशयत्याचिरेणैव गायत्री जापको द्विज : (पद्म पुराण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहिले पनि प्रशस्त मात्रामा देखिन्छन्। तर त्यस्ता व्यक्तिहरू महाअज्ञानी र पटमूर्ख हुन् किनकि **"स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः।" "छिन्नेमूले नैव शाखा न पत्रम्"** । **"नास्तिको वेदनिन्दकः"** । **"आचारहीनं न पुनन्ति वेदाः"** । आदि गरिएका तत्त्वद्रष्टा ऋषिमुनी प्राणीत उपदेशवाक्यलाई बिर्सी आफ्नो यो लोक र परलोक दुवै विगारी रहेका छन्। त्यस्ता ऋषिमुनी प्रणीत उपदेश, वेद र शास्त्रका वचन नमान्ने, त्रयीवर्णमा उत्पन्न भई संस्कृत पढेपनि संस्कृत र संस्कृतिको मर्मलाई नबुझी स्वयं आफूलाई आधुनिक समय सापेक्ष आधुनिक संस्कृतज्ञ ठान्ने, संस्कृतको पठन/पाठनबाट नैं आफ्नो जीविका चलाए पनि संस्कृतलाई जथाभावी गाली गर्ने, कृतघ्न, संस्कारहीन केहि व्यक्तिहरू अहिले पनि यत्रतत्र देखिने गर्दछन्। त्यस्ता व्यक्तिलाई परमात्माले सद्‌बुद्धि प्रदान गरुन् यही शुभकामना मात्र यहाँ दिन सकिन्छ। अतः अब यसै दानसम्वन्धी कुराको विवेचनाको प्रसंगमा-भविष्य पुराणमा[७०] दक्षिणाले रहित भएको दान, व्रत सबै व्यर्थ हुन्छन्,भनिएको छ। त्यस्तै षट्त्रिंशतमत[७१]मा पनि-'श्रद्धा, शुद्धताले युक्त भएर साधकले ब्राह्मणलाई दक्षिणा दिनुपर्दछ। त्यसको विपरीत गरिएको दान निष्फल हुन्छ भनिएको पाइन्छ। यसै प्रसंगमा हेमाद्रिको दान खण्डमा प्रयुक्त श्लोक यस्तो छ :- **"यदीश्वर प्रीणनार्थं ब्रह्मवित्सु प्रदीयते। चेतसा भक्तियुक्तेन दानं तद्विमलं स्मृतम्॥** जसअनुसार वेदपाठी ब्राह्मणलाई भगवत् प्रीत्यर्थ श्रद्धा र भक्तिपूर्वक दान दिएमा त्यो दान अत्युत्तम हुन्छ, भनिएको छ।

यसरी उपर्युक्त शास्त्रीय कुरोद्वारा यो स्पष्ट हुन्छ कि दान लिने अधिकार केवल ब्राह्मणलाई मात्र शास्त्रले प्रदान गरेको छ, अन्य वर्गलाई हैन। तसर्थ कस्ता ब्राह्मण दानका लागि अधिकारी हुन्छन्, यस कुराको स्पष्टोक्ति पनि शास्त्रले गरेको पाइन्छ। सो कुरो **ब्राह्मणोत्पत्ति मार्तण्डमा**[७२] भगवान्‌को उक्ति भन्दै उल्लेख गरिएको पाइन्छ- जो वेद शास्त्रद्वारा सम्पन्न, शान्त, जितेन्द्रिय, वैदिक, श्रोत्रिय छन् ती ब्राह्मणहरूलाई सत्पात्र भनिन्छ। त्यस्ता ब्राह्मणलाई दान दिएमा शुक्लपक्षको चन्द्रमा सदृश दाताको पुण्य बढ्दछ र कुपात्रमा दान दिएमा हवनीय पदार्थ (चरु) नबलेको आगो या खरानीमा होम गरे झैं व्यर्थ हुन जान्छ। तसर्थ

---

७०) अदत्तदक्षिणादानं व्रतञ्चैव नृपोत्तम। विफलं तद्विजानीयात् भस्मनीव हुतं हवि : (भविष्य पुराण)
७१) श्रद्धायुक्त : शुचिर्दान्तो दानं दद्यात् सदक्षिणाम्। अदक्षिणस्तु यद्दानं तत् सर्वं निष्फलं भवेत्॥ (षट्त्रिंशत्मतात्)
७२) भगवानुवाच- सत्पात्रेषु च यद्दत्तं वर्द्धते शुक्लचन्द्रवत्। कुपात्रेषु च यद्दत्तं स्वल्पं वा बहुलं धनम्॥
तत्सर्वं निष्फलं ज्ञेयं हविर्भस्म हुतं यथा। सदाचारपरोधीरो निरालस्य स्वकर्मणि॥
वेदाशास्त्रेषु सम्पन्नः शान्तोदान्तो जितेन्द्रिगः। श्रोत्रियो मम भक्तश्च पात्रभूतो द्विजः स्मृतः। (ब्रा.मार्तण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदपाठी कर्मनिष्ठ ब्राह्मणलाई दान दिएमा दाताको दानको सदुपयोग भई उत्तम गतिको प्राप्ति समेत हुने गर्दछ। किनकि मनुले पनि यसलाई थप स्पष्ट पारेको देखिन्छ। भनिएको छ- साधारण पढेको[७३] ब्राह्मणलाई दान दिएमा साधारण फल, ब्राह्मण ब्रुवलाई दान दिएमा दुईगुना, आचार्यलाई दान दिएमा हजार गुना र आचार्य एवं वेदपाठी (वैदिक) लाई दान दिएमा अनन्त (करोडौं) गुना फलको प्राप्ति हुन्छ। अतः यसरी दान दिंदा पूज्य[७४] र अपूज्यको विचार गर्नुपर्दछ। नत्र लोकमा दुर्भिक्ष, मरण र डर व्याप्त हुन्छ। अर्थात् देशमा अकाल, महामारी र अराजकताको वातावरण वन्दछ।

ब्राह्मणब्रुवको लक्षण :-

गर्भाधानादि[७५] संस्कार गरी उपनयन संस्कार गरिएको तर स्थिरचित्त नभई मतिभ्रष्ट भएको, वेदशास्त्र नपढेको (लण्ठ) व्यक्तिलाई ब्राह्मणब्रुव भनिन्छ। तर यसको तात्पर्य अपठित, वेदशास्त्ररहित ब्राह्मण निकृष्ट हुन्छ भन्ने कुरो चाहिँ विलकुल नैं बुझ्नु हुँदैन। किनकि कुनैं स्थलमा भगवानले स्वयं नैं भन्नुएभको छ कि पठित [७६] या अपठित ब्राह्मण पनि मेरो नैं अंश हो, सो अन्य त्रयी वर्णभन्दा जन्मतः उत्तम हुन्छ। सवै अन्य वर्णद्वारा सधैंभरि पूजनीय हुन्छ। तर त्यस्तो ब्राह्मण पूजनीय हुन्छ, जो कर्तव्यनिष्ठ हुन्छ स्वधर्मको पालना गर्दछ, सो गरेमा उसको महत्ता वढ्दै जान्छ। कुनैं विद्वान्[७७]ले जीतेन्द्रिय शूद्रभन्दा कुत्सित ब्राह्मण पूजनीय हुन्छ भनी उल्लेख गरेको पनि पाइन्छ। तर यसको तात्पर्य यो पनि लगाउनु हुँदैन कि कुत्सित ब्राह्मण सधैंभरि हरेक कार्यमा पूजनीय नैं हुन्छ। किनकि शास्त्र[७८]ले भनेको छ- त्यस्ता ब्राह्मणलाई कुनैं प्रकारको दान दिएमा रौरव नामको नरकमा दानदाता समेत पर्दछ। यसमा सवैले सचेत हुन पर्दछ। कुलद्वारा पूजित भए पनि यदि कुनैं ब्राह्मण कुलतमा लागेको, शास्त्रनिषेधित कार्य गर्ने, चरित्र भ्रष्ट भएको भए त्यस्तालाई दान दिनु हुँदैन। ठूला-ठूला दान दिंदा पात्रापात्र विचार गरी दान दिनु पर्दछ, नत्र फल विपरीत हुन्छ।

---

७३) सममब्राह्मणे दानं द्विगुणं ब्राह्मणब्रुवे। सहस्रगुणमाचार्ये त्वनन्तं वेदपारगे ॥ (स्मृति वाक्य)
७४) अपूज्या यत्र पूज्यन्ते पूज्यानाञ्च व्यतिक्रमः। त्रीणि तत्र भविष्यन्ति दुर्भिक्षं मरणं भयम् ॥ (मनु.)
७५) गर्भाधानादिभिर्युक्तस्तयोपनयनमेव च। न कर्मचित्तोनाधीते स भवेद् ब्राह्मणब्रुवः ॥ (ब्रा. मार्तण्ड)
७६) अविद्यो वा सविद्यो वा ब्राह्मणो मामकी तनुः। ब्राह्मणो जन्मनः श्रेयान् पूज्य सर्वैः सदैव हि ॥ (ब्रा. मार्तण्ड)
७७) कुत्सितोऽपि द्विजः पूज्यो नैव शूद्रो जितेन्द्रियः। अदुग्धाऽपि वरा धेनु राभसी न घटाश्रया ॥ (ब्रा. मार्तण्ड)
७८) कुलपूज्योऽपिसंत्याज्यो दुर्वृत्तश्चेद् द्विजः प्रिये। स्नेहेन वाऽथ लोभेन तस्मै दानं ददाति यः ॥
रौरवं नरकं याति यावदाभूतसंप्लवम्। महादाने विशेषेण कुर्याद् पात्रविचारणम् ॥ (ब्रा. मार्तण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आश्रम व्यवस्था :-

वर्ण धर्म-कर्तव्य र अधिकारको वर्णनपछि अव आश्रमधर्म व्यवस्था बारे केही कुरा प्रस्तुत गरिदैछ।

आपस्तम्ब धर्म सूत्र अनुसार-"चत्वार आश्रमा:-गार्हस्थ्यमाचार्यकुलं मौनं वानप्रस्थमिति।" अर्थात् आश्रम ४ हुन्छन्। त्यसमा प्रथम ब्रह्मचर्य, द्वितीय गृहस्थ, तृतीय वानप्रस्थ र चतुर्थ संन्यास। जसलाई मनुले यसरी व्यक्त गरेको पाइन्छ।

ब्रह्मचारी गृहस्थश्च वानप्रस्थो यतिस्तथा।
ऐत गृहस्थ प्रभवाश्चत्वारः पृथगाश्रमाः॥ (मनु..६/८७)
सर्वेऽपि क्रमशस्त्वेते यथाशास्त्रं निषेविताः।
यथोक्तकारिणं विप्रं नयन्ति परमां गतिम्॥ (मनु..६/८८)

अर्थात् आश्रम ४ छन् र यी सवै आश्रम गृहस्थाश्रमबाट प्रभावित हुन्छन्। तसर्थ द्विजले क्रमशः उक्त आश्रम धर्मको पालना गर्नुपर्दछ। यस हिसावले उक्त आश्रमधर्मको पालना गर्ने विप्र उत्तम लोकमा पुग्दछ इत्यादि। यसरी सवै आश्रममध्ये गृहस्थाश्रम श्रेष्ठ हो। किनकि अन्य तीन आश्रमवासीहरूको भरणपोषणको कार्य गृहस्थाश्रमीले गर्नुपर्दछ भन्दै मनु भन्नुहुन्छ-

सर्वेषामपि चैतेषां वेद-स्मृतिविधानतः।
गृहस्थं उच्यते श्रेष्ठः स त्रीनेतान् विभर्ति हि॥ मनु.६/८९
यथा नदीनदाः सर्वे सागरे. यान्ति संस्थितिम्।
तथैवाश्रमिणः सर्वे गृहस्थे यान्ति संस्थितिम्॥ मनु .६/९०

यसरी नैं अन्य स्थलमा जसरी[७९] हावालाई धारण गरेर सवै प्राणी जीवित रहन्छन्, त्यसरी नैं अन्य सवै आश्रमका प्राणीहरू गृहस्थाश्रमबाट पोषित हुन्छन्। यसकारण गृहस्थाश्रम सवै आश्रमभन्दा श्रेष्ठ आश्रम भनिएको हो। अतएव अव उक्त ४ आश्रमका धर्म, कर्तव्य र अधिकारवारे केही दिग्दर्शन यहाँ प्रस्तुत गरिन्छ :

१) ब्रह्मचर्याश्रम या ब्रह्मचारीको धर्म, कर्तव्य र अधिकार :-

श्रीमद्भागवत्[८०] अनुसार "ब्रह्मचारीले गृहत्याग गरी अध्ययनार्थ गुरुको आश्रम या अहिलेको गुरुकुल आश्रम (होस्टल)मा वस्ने, आफ्ना सवै कर्मेन्द्रिय एवं ज्ञानेन्द्रियलाई सचेत र नियन्त्रित गर्ने, विहान-बेलुकी शौचाचारको नियम पालना

७९) यथा वायुं समाश्रित्य वर्तन्ते सर्वजन्तवः। तथा गृहस्थमाश्रित्य वर्तन्ते सर्व आश्रमाः॥
यस्मात् त्रयोऽप्याश्रमिणो ज्ञानेनान्नेन चान्वहम्। गृहस्थेनैव धार्यन्ते तस्माज्जेष्ठाश्रमो गृही॥ (मनु.. ३/७७-७८)
८०) ब्रह्मचारी गुरुकुले वसन्दान्तो गुरोर्हितम्। आचरन्दासवन्नीचो गुरौ सुदृढसौहृदः॥ भा. ७/१२/१
छन्दांस्यधीयीत गुरोराहुतश्चेत् सुयन्त्रितः। उपक्रमेऽवसाने च चरणौ शिरसा नमेत्॥ भा. ७/१२/३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने र गुरुको आज्ञा अनुसार चल्ने बानी बसाल्नु पर्दछ । सदैव गुरुको मर्यादा कायम राख्ने, वेद, शास्त्र पढ्नुभन्दा पहिले/पछि गुरुको चरण स्पर्श, नमस्कार आदि कार्य आफ्नो कल्याणका लागि गर्ने बाँनी ब्रह्मचारीले बसाल्नुपर्दछ । यसबाहेक[८१] विभिन्न खाले सुगन्धितवस्तु, मांस एवं युवतीहरूको संगत गर्नुहुँदैन । यसो गर्दा मन विचलित भई बह्मचर्य व्रत खण्डित हुन्छ र पढाईमा विघ्न उपस्थित हुन सक्तछ । यसरी उक्त नियमको पालना गर्दै आफ्नो अध्ययन समाप्त गरेको ब्रह्मचारीले गुरुको आज्ञा अनुसार नकि आफ्नो खुसीले क्रमशः गृहस्थ, वानप्रस्थ एवं संन्यास आश्रमतर्फ अग्रसर हुनुपर्दछ । ब्रह्मचर्याश्रम ब्रह्मचारीका लागि जीवनको आधार हो । आधार बलियो भया भने जीवन सार्थक हुन्छ । विधिविधानपूर्वक [८२] धारण गरिएको ब्रह्मचर्यरूपी तपस्याले मृत्युलाई समेत परसार्न र अमरत्व प्राप्त गर्न सकिन्छ भनी वेदमा समेत भनिएको छ । तसर्थ प्रथम अवस्था (आश्रम) मा गरिने ब्रह्मचर्यव्रत अति महत्वपूर्ण हुन्छ ।

२) गृहस्थाश्रम या गृहस्थाश्रमीको धर्म, कर्तव्य र अधिकार :-

गृहस्थाश्रम सम्पूर्ण आश्रममध्य[८३] महत्वपूर्ण आश्रम हो । गृहस्थाश्रमलाई विद्वान्हरूले **"धन्यो गृहस्थाश्रमः"** भनी मुक्तकण्ठले प्रशंसा गरेको पनि पाइन्छ । स्मृतिकार मनुले समेत "पञ्चकृप्ता महायज्ञाः प्रत्यहं गृहमेधिनाम्" भनी पञ्चयज्ञको निर्देशन उक्त आश्रमीलाई गरेको देखिन्छ । **पञ्चयज्ञ[८४]मध्ये** (१) **ऋषियज्ञमा**-ऋषिप्रणीत ग्रन्थको अध्ययन गर्नु । (२) **देवयज्ञमा**-देवपूजनपूर्वक हवनादि कार्य गर्नु । (३) **पितृयज्ञमा**-ब्रह्मविवाह गरी संस्कारी भार्याबाट पुत्र उत्पन्न गरि मृतपितृहरूका लागि श्राद्ध, तर्पणादि क्रिया गर्नु । (४) **नृयज्ञमा**-अतिथी पूजन/सत्कार गर्नु । (५) **भूतयज्ञमा**- बलिवैश्वदेव विधिद्वारा हवन र पशु, पंक्षी, कीट, पतंग आदिका लागि यथोचित बलि (भाग) दिनु आदि रहेका छन् । ऋग्वेद[८५]का सूक्तले समेत यस आश्रमबारे प्रकाश पारेको देखिन्छ ।

---

८१) वर्जयेत् मधुमासं च गन्धं माल्यं रसान् स्त्रियः । शूक्तानि यानि सर्वाणि प्रणिनां चैव हिंसनम् ॥ मनु. २/१७७
दत्वा वरमनु,ज्ञातो गुरोः कामं यदीश्वरः । गृहं वनं वा प्रविशेत् प्रव्रजेत् तत्र वा वसेत् ॥ (भा. ७/१२/१४)

८२) ब्रह्मचर्येण तपसा देवा मृत्युमपाघ्नतः ॥ अथर्वः ११/७/१९)
इन्द्रो ह ब्रह्मचर्येण देवेभ्यः स्वराभवत् ॥ ऋ ११/५/१९)

८३) गृहाश्रमात् परो धर्मो नास्ति नास्ति पुनःपुनः ॥ (याज्ञवल्क्य स्मृति)

८४) अध्यापनं ब्रह्मयज्ञ पितृयज्ञस्तु तर्पणम् । होमो दैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम् ॥ मनु./३/७०)

८५) इहैवस्तंमा वियोष्टौ विश्वमायुर्व्यश्नुतम् । कीडन्तौ पुत्रैर्नप्तिभिर्मोदमानौ स्वे गृहे ॥ ऋ. १०/८५/४२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिएको छ-"हे दम्पत्ति, तिमी दुवै मिली संधै गृहस्थ धर्मको पालना गर, राजीखुशीको जीवन विताऊ । संधै धर्मपूर्वक कार्य गरी खुशी हुँदै गृहस्थीलाई अगाडि वढाऊ र पुत्र पौत्र र प्रपौत्र (पनाती) का साथ आनन्द पूर्वक घरमा वस ।" इत्यादि । यसैगरी श्रीमद्भागवत्[८६]मा समेत गृहस्थी धर्म र कर्तव्यवारे दिग्दर्शन गरेको देखिन्छ । यसका साथै प्रत्येक गृहस्थले विभिन्न श्रौत र स्मृतिकर्म गर्नु पर्ने एवं वेद पाठी कर्मनिष्ठ ब्राह्मणको यथोचित सत्कार गर्ने कार्य समेत गर्नुपर्दछ । वशिष्ठ स्मृति[८७]ले पनि यसमा प्रकाश पारेको देखिन्छ ।

३) वानप्रस्थाश्रम या वानप्रस्थीको धर्म, कर्तव्य र अधिकार :-

वने प्रकर्षेण नियमेन च तिष्ठति चरति इति वनप्रस्थः । वनप्रस्थ एव वानप्रस्थः, संज्ञायां दैर्घ्यम् ॥ मिताक्षरा ३/४५॥ यसरी नैं तैत्तरीयोपनिषद्मा उद्धृत "ये नखास्ते वैखानसाः" "ये वालास्ते वालखिल्याः" १/३ अनुसार नखकेश धारणगरी वनमा/तीर्थमा वस्ने व्यक्ति वानप्रस्थी भनिन्छ । त्यसरी नैं वैदिक धर्मसूत्र २/६/१९ "वानप्रस्थो वैखानस शास्त्रसमुदाचारः" अनुसार वनमा वसी संन्यासीको साधारण नियम पालना गर्ने, वैखानसको मार्ग अपनाउने व्यक्ति वानप्रस्थी कहलाउँछ । वैखानसव्रतमा काम वासनाको निरोध आवश्यक हुन्छ भनी कवि कालिदासले समेत अभिज्ञान शाकुन्तलम्मा "वैखानसं किमनया व्रतमाप्रदानात् व्यापाररोधि मदनस्य निषेवितव्यम् ॥ १/२७" भनी उल्लेख गरेको पाइन्छ । यसकारण गृहस्थले[८८] जब आफ्नो दारीजुंगा र आँखी भौं सेतो भएको देख्तछ, अनि आफ्नो सम्पूर्ण दायित्व आफ्नो उत्तराधिकारी/छोरा, छोरी, नाती आदिलाई सुम्पि वन या तीर्थमा जाने र भगवत् आराधना, धार्मिक ग्रन्थको अवलोकन र वेदादि ग्रन्थको अध्ययन गर्नुपर्दछ । पत्नीका साथ या एक्लै वसी वानप्रस्थीको नियमको पालना गर्नुका साथै विभिन्न धार्मिक कार्य गर्दै अयाचक वृत्ति अनुरूप कार्य गर्दै दानदिन संधै तत्पर रहनु

---

८६) विश्वं भगवतो यत्र सर्वमेतच्चराचरम् । यत्र ह ब्राह्मणकुलं तपोविद्या दयान्वितम् ॥ भा. ७/१४/२८
पुरुषेस्वपि राजेन्द्र सुपात्रं ब्राह्मणं विदुः । तपसा विद्यया तुष्ट्या धत्ते वेदं हरेस्तनुम् ॥ भा. ७/१४/४१
पण्डिता वहवो राजन्वहुज्ञाः संशयच्छिदः । सद्‌सस्पतयोऽप्येके असन्तोषात् पतन्त्यधः ॥ भा. ७/१५/२१

८७) यथामातरमाश्रित्य सर्वे जीवन्ति जन्तवः । एवं गृहस्थमाश्रित्य सर्वे जीवन्ति भिक्षुका : ॥ वशिष्ठ स्मृति ८

८८) गृहस्थस्तु यथापश्येद् वलीपलितमात्मनः । अपत्यैव चापत्यं तदारण्यं समाश्रयेत् ॥ (मनु. ६/२
स्वाध्याये नित्ययुक्तः स्याद्दान्तो मैत्रः समाहितः । दाता नित्यमनादाता सर्वभूतानुकम्पकः ॥ मनु. ६/५
वानप्रस्थस्य वक्ष्यामि नियमान्मुनि सम्मतान् । यानातिष्ठन् मुनिर्गच्छेदृषिलोकमिहाञ्जसा ॥ (मनु.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दछ। एवं सवै प्राणीवर्गमा दयाको भाव समेत राख्नुका साथै "वसुधैव कुटुम्बकम्" को भावना अनुरूप कार्य गर्नुपर्दछ। अनि विभिन्न राजसी वस्तुको त्याग, यथाशक्ति फल, फुल नीवार आदिद्वारा नैं शरीरको पोषण गर्दै चौथो संन्यास आश्रमतिर मोक्षका लागि अग्रसर हुनुपर्दछ भनी मनुस्मृति एवं श्रीमद्भागवत्[८९] आदि ग्रन्थमा उक्त कुरा उल्लेख गरिएका पाइन्छन्। वानप्रस्थाश्रम केवल द्विज ३ वर्णका लागि मात्र निर्धारण गरिएको विषय हो, जसमा अनेक असुविधाहरु हुन सक्तछन्। अन्यत्र पुन: भनिएको छ- उक्त आश्रमको असुविधावाट[९०] दु:खी भएर कहिले पनि कुनै व्यक्तिले आत्महत्या गर्नु हुँदैन, गरे पाप लाग्दछ। जसलाई **पराशर स्मृति**[९१] र **मनुस्मृतिले** समेत पुष्टि गरेको पाइन्छ।

४) संन्यासाश्रम या संन्यासीको धर्म, कर्तव्य र अधिकार :-

धार्मिक ग्रन्थमा चौथो आश्रमको रूपमा संन्यास आश्रमलाई लिएको छ। यसको[९२] लागि क्रमश: व्रह्मचर्य, गृहस्थ र वानप्रस्थ आश्रम पार गर्नुपर्दछ। हुन त कतै कतै[९३] व्रह्मचर्यवाट सीधै संन्यास आश्रममा प्रवेश पनि गर्ने विधान छ, तै पनि कुनैं पनि कार्य क्रमश: हुनु नैं राम्रो कुरा हो, नत्र विषयादि इन्द्रियहरूले वीचमा विघ्नवाधा उपस्थित गर्न सक्तछन्। **मनुले** पनि क्रमश: नैं आश्रम व्यवस्था स्वीकार्नुपर्दछ भनेको पाइन्छ। यसरी जीवनका तीन आश्रम पार गरी चौथो आश्रममा प्रवेश गर्दा सव प्रकारका सांसारिक वन्धनलाई छाडी आफ्नी पत्नी, पुत्र आदिका साथ सरसल्लाह गरी उनीहरूको सहमतिको आधारमा संन्यास धर्मका आचार्यवाट दीक्षा लिई पत्नी रहित भई, इन्द्रियलाई[९४] आफ्नो वशमा गरी मोक्ष वाहेक अन्य कुनैं लक्ष्य नराखी, केवल प्राण धारणका निम्ति मात्र याचक

---

८९) केशरोमनखश्मश्रुमलानि जटिलो दधत्। कमण्डल्वजिने दण्ड वल्कलाग्नि परिच्छदान्॥ भा. ७/१२/१७
९०) अतिमानादतिक्रोधात् स्नेहाद्वा यदि वा भवेत्। उपवघ्नीयात् स्त्रीपुमान्वा गतिरेषाविधीयते॥
पूयशोणितसम्पूर्णे अन्धे तपसि मज्जति। षष्टिवर्षसहस्राणि नरकं प्रतिपद्यते॥ पाराशर ४/१-२
सुतविन्यस्त पत्नीकस्तथा वाऽनुगतो वनम्। वानप्रस्थो व्रह्मचारी साग्नि सोपासनो व्रजेत्॥ (याज्ञ. ३/४५)
९१) आत्मानं घातयेद् यस्तु रज्ज्वादिभिरुपक्रमै:। मृतोऽमेध्येन लेप्तव्यो जीवतो द्विशतं दम:॥ यम स्मृ. २०
९२) अधीत्य विधिवद् वेदान् पुत्रांश्चोत्पाद्य धर्मत:। इष्ट्वा च शक्तितो यज्ञैर्मनो मोक्षे निवेशयेत्॥ मनु. ६/३६
अनधीत्य द्विजो वेदाननुत्पाद्य तथा सुतान्। अनिष्ट्वा चैव यज्ञैश्च मोक्षमिच्छन् व्रजत्यध॥ ६/३७
९३) वनेषु विहृत्यैवं तृतीयं भागमायुष:। चतुर्थमायुषो भागं त्यक्त्वा संगान् परिव्रजेत्॥ मनु. ६/३३
इन्द्रियाणां निरोधेन रागद्वेष क्षयेण च। अहिंसया च भूतानाममृतत्वाय कल्पते॥ मनु. ६/६०
९४) एककालं चरेद् भैक्षं न प्रसज्जेत विस्तरे। भैक्षे प्रसक्तो हि यतिर्विषयेष्वपि सज्जति॥ मनु.. ६/५५
अलावुं दानपात्रं च मृन्मयं वैदलं तथा। एतानि यतिपात्राणि मनु: स्वायम्भुवोऽव्रवीत्॥ मनु.. ६/५४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृत्ति (भिक्षामाग्ने कार्य) को अनुसरण गर्दै आफ्नो मृत्युको समय पर्खिने कार्य गर्नुपर्दछ र घरभन्दा वाहिर वन, कुटी या तीर्थमा वास वस्नुपर्दछ। शिखा[९५] यज्ञोपवीतका साथै अन्य तीन आश्रमको कर्मलाई यतिले छोड्नु पर्दछ। तर देव पूजन, सद्ग्रन्थको अध्ययन र वेदादी शास्त्रको पारायण याथवत् राख्नु पर्दछ।

संन्यासी धर्म :-

दक्ष स्मृति[९६] अनुसार ध्यान गर्नु, शुद्ध रहनु, भिक्षा माग्नु र संधै एकान्तमा वसी भगवत् आराधना, धार्मिक पुस्तकको पाठ आदि गर्नु संन्यासीका धर्म हुन्, भनिएको छ। यसरी नैं यतिधर्मसंग्रह[९७] र मनुस्मृति[९८] मा पनि यति धर्मबारे वृहद् रूपमा वर्णन गरिएको पाइन्छ।

संन्यासी भेद :-

शास्त्रमा संन्यासीका ४ भेद[९९] वताइएका छन्। (१) **कुटीचक** (२) **बहूदक** (३) **हंस** र (४) **परमहंस**। उक्त संन्यासीमध्ये (१) **कुटीचक**- गौतम, भरद्वाज, याज्ञवल्क्य आदि ऋषिहरू या उक्त गोत्रीय शुद्ध आचरण भएका व्राह्मणका आश्रम/घरवाट भिक्षा मागी त्यसमध्ये केवल ८ गाँस भिक्षा मात्र दिनमा भक्षण गरी आफ्नो समय विताउने संन्यासी हुन्छन्। (२) **बहूदक**- संन्यासीको भेष धारणगर्ने, व्रह्मर्षी-व्राह्मण/साधुको घरमा भिक्षाका लागि जाने, मांस र नून मिश्रित अन्न वाहेकका अन्य शुद्ध अन्न उक्त व्रह्मर्षीहरूमध्ये पनि केवल ७ घरवाट मात्र भिक्षा ग्रहण गरी जीवन निर्वाह गर्ने संन्यासी हुन्छन्। (३) **हंस** - एक स्थानमा केवल एक रात्रीमात्र वास वस्ने, गोमूत्र र गोवरको घोल पान गरी प्राण रक्षा गर्ने संन्यासी हुन्छन् भने (४) **परमहंस** - घरवाहिर कुनैं वर, पीपलको वृक्ष मुनी वस्ने, निर्जन घरमा वस्ने, श्मशान भूमिमा वस्ने, लुगा लगाई अथवा नलगाई वस्ने, धर्माधर्मप्रति वास्ता नगर्ने, सबैमा समभाव राख्ने, सून र माटोमा कुनैं भेदभाव नराख्ने, सवै वर्णका व्यक्तिले जे दियो त्यही खाने, नपाउँदा कुनैं दुःख नमनाउने कार्य या व्यवहार उक्त संन्यासीका हुन्छन्। शास्त्रमा

---

९५) शिखा यज्ञोपवीतादि व्रह्मकर्म यतिस्त्यजेत्। स जीवन्नेव चाण्डालो मृतः श्वानोऽभिधीयते॥ वृद्धहारींत ८/५७

९६) ध्यानं शौचं तथा भिक्षा नित्यमेकान्तशीलता। भिक्षोश्चत्वारि, कर्माणि पञ्चमं नोपपद्यते॥ दक्ष.स्मृ. ६/३७

९७) भिक्षाटनं जपो ध्यानं स्नानं शौचं सुरार्चनम्। कर्तव्यानि षडेतानि यतीनां नृपदण्डवत्॥ यतिधर्म संग्रहे नारदोक्ति पृ. ६२

९८) दृष्टिपतं न्येसेद्पादं वस्त्रपतं जलं पिवेत्। सत्यपूतां वदेत् वाचं मनःपूतं समाचरेत्॥ मनु. ६/६४

९९) चतुर्विधाभिक्षवस्ते कुटीचकः बहूदकौ। हंसः परमहंसश्च यो यः पश्चात् स उत्तमः॥ महाभारत अनु.पर्व १४१/८९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिएको छ- कौपीनं युगलं कन्था दण्ड एक परिग्रहः। एते परमहंसस्य नाधिकं न विधीयते ॥" अतः संक्षेपमा संन्यासीका भेद र कर्तव्य उक्त वर्णित विषय नैं हुन्। उक्त वर्णित संन्यासी मध्ये क्रमशः उत्तरोत्तर विशिष्ट मानिन्छन्।

संन्यासको अधिकारी को ?

श्रीमद्भगवत् गीता[१००] अनुसार "अनाश्रितः कर्मफलं कार्य कम करोति यः। सः संन्यासी च योगी च न निरग्निर्न चाक्रिय :॥" अर्थात् कर्मफलप्रति आशक्त नहुने, आफ्नो कर्तव्यको पालन गर्ने व्यक्ति नैं असली संन्यासी या योगी हुन्छ। तसर्थ संन्यास आश्रमको अधिकारी को हुन्छ ? अथवा संन्यास कसले लिन सक्तछ ? भन्ने प्रश्न पनि कहिलेकाहीं उठ्ने गरेको छ। के संन्यास सबै वर्णका लागि हो ? अथवा केवल ब्राह्मण वर्णका लागि मात्र हो ? इत्यादि। बृहदारण्यकोपनिषद्[१०१], वेद र मनु[१०२] आदिको मतमा उक्त आश्रमको अधिकारी केवल ब्राह्मण वर्ण मात्र हो भनी किटान गरिएको पाइन्छ भने कात्यायनको मतमा द्विज (ब्राह्मण, क्षत्रिय र वैश्य-त्रिवर्ण) ले पनि क्रमशः वेदाध्ययनादि कर्म सम्पादन गरी उक्त आश्रममा प्रविष्ट हुन सक्दछ भने केवल विप्र मात्र सिधै संन्यासमा जान सक्तछ। तर शूद्रका लागि उक्त संन्यास आश्रममा प्रवेश वर्जित देखिन्छ। परन्तु अहिले केही पाखण्डी शूद्र उक्त धर्म विपरीत कार्य गर्दै संन्यासीको वस्त्र धारण गरी ढोंग गरिरहेका देखिन्छन्। जो शास्त्र विरुद्ध छ। जुन कुरालाई महाभारतको शान्तिपर्व[१०३]ले समेत निषेध गरेको पाइन्छ।

यस्तै अन्यत्र- संन्यास धर्मलाई[१०४] धारण गर्ने द्विज वास्तवमा विरक्त हुन आवश्यक छ। देखावटी कषायवस्त्रधारी संन्यासीले कुनैं फल पाउँदैन, अन्तमा उसको दुर्गति हुन्छ र परलोक समेत विग्रिन्छ। किनकि भनिएको छ[१०५] वास्तवमा

१००)काम्यानां कर्मणां न्यासं संन्यासं कवयोविदुः। सर्वकर्मफलं त्यागं प्राहुस्त्यागं विचक्षणा :॥ गीता १८/२
आत्मन्यग्नीन्समारोप्य ब्राह्मणः प्रव्रजेद् गृहाद्॥ मनु. ६/३८
एष वोऽभिहितो धर्मो ब्राह्मणस्य चतुर्विधः॥ मनु.: ६/९७

१०१) त्रयाणामपि वर्णानां श्रुतौ संन्यासदर्शनात्। ब्राह्मणस्यैव संन्यास : इति भाष्यं विरुद्धयते॥ बृह. उपनिषद्।

१०२) आश्रमचतुष्टयेऽपि विप्रस्याद्येषु त्रिस्वाश्रमेषु क्षत्रियस्याद्ययोर्द्वयोर्वैश्यस्य केवलं गार्हस्थ्ये शूद्रस्याधिकारं मन्येते (वैशाख (३/८) वामनौं (१४/११७,१८)

१०३) शूद्रोऽहं नाधिकारी मे चातुराश्रमसेवने॥ महा.भा. अनु.पर्व-१६५/१०

१०४)विरक्तः प्रव्रजेद् धीमान् संरक्तस्तु गृहे बसेत्। सरागो नरकं याति प्रव्रजन् हि द्विजाधमः। (सं.नि.संग्रह)

१०५) यदा मनसि संजातं वैतृण्णं सर्ववस्तुषु। तदा संन्यासमिच्छेत पतितः स्याद् विपर्यये॥ (संन्यास निर्णय संगह)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस संसारबाट विरक्त भएको द्विजले मात्र संन्यास धारण गर्नुपर्दछ । यदि कुनै द्विज वास्तवमा विरक्त छैन, पुत्र पौत्रादिको मोहले गर्दा बाहिर बसे पनि सधैंभरी उनीहरूलाई सम्झी रूमलीरहन्छ भने त्यस्ता द्विजले कहिले पनि यस चौथो आश्रममा प्रवेश गर्नु हुँदैन भनी शास्त्रमा समेत निषेध गरिएको पाइन्छ ।

कलिमा संन्यास बर्जित छ ?

कुनैं पनि धर्म सम्वन्धी कुरा गर्न जति सरल छ, त्यसको पूर्णरूपमा पालना गर्न त्यति नैं कठिन छ । त्यो पनि यस कलियुगमा । जहाँ धर्माधर्ममा केही भिन्नता देखिदैन । दुवै समान जस्ता देखिन्छन् । यस्तो परिस्थितिमा नैंष्ठिक व्रह्मचर्य, पूर्णवानप्रस्थ र संन्यास धर्मको पालना कठिन मात्र छैन, असम्भव नैं देखिन्छ । यसकारण दूरदर्शी, भविष्यवेत्ता विद्वान्हरूले कलिमा उक्त वानप्रस्थ संन्यासादि कर्म वर्जित[१०६] गरेको वुझिन्छ । यसवारे स्मृति चन्द्रिकामा भनिएको छ-"व्रह्मज्ञानी व्राह्मणले ४ हजार ४ सय वर्ष कलि व्यतीत भएपछि संन्यास कर्म र धर्मको पालना नगर्दा हुन्छ ।" तर यसको विपरित देवल[१०७]को भनाई अनुसार-जवसम्म वर्ण विभाग रहन्छ, अनि वेदको अस्तित्व रहन्छ तवसम्म संन्यास धर्म र अग्रिहोत्र कलियुगमा पनि यथावत् हन्छन् र गर्नु पर्दछ । अपरागर्कले[१०८] समेत कलिमा द्विजलाई नैष्ठिक व्रह्मचर्य, वानप्रस्थ र संन्यास समेत वर्जित गरेको पाइन्छ । **नारदीय पुराण पूर्वाद्ध २४/१३-१४, अपरार्क पृ.सं. १५, स्मृ.च. १ पृ. १३** आदिले समेत कलिमा संन्यास नैष्ठिक व्रह्मचर्य र वानप्रस्थ आश्रम वर्जित छ भनी पुष्टि गरेको पाइन्छ । यसका अतिरिक्त **संन्यास[१०९] निर्णय संग्रहले** समेत उक्त आश्रम धर्म, कलिमा सम्भव नदेखिएकाले वर्जित गरेको पाइन्छ । यसको साथै **मदन पारिजात ले** [११०] एकदण्डी, त्रिदण्डी, कषायवस्त्रधारी अथवा शिखामुण्डित वास्तविक संन्यासी सवै वर्णका लागि पूजनीय हुन्छन्, भनेकोले उनीहरू प्रति आदर सत्कारको भाव राख्नु नै श्रेयस्कर हुन्छ ।

---

१०६) चत्वार्यव्दसहस्राणि चत्वार्यव्दशतानि च । कलेर्यदा गमिष्यन्ति तदा त्रेता परिग्रहः ॥
संन्यासश्च न कर्तव्यो व्राह्मणेन विजानता ॥ (स्मृ.च./नि.सिन्धु)

१०७) यावद् वर्णविभागोऽस्ति यावद् वेद प्रवर्त्तते । संन्यासं चाग्निहोत्रं च तावत् कुर्याद् कलौ युगे ॥ (देवल:)

१०८) दीर्घकालं व्रह्मचर्यं धारणञ्च कमण्डलो. । नराश्वमेधौ मद्यञ्च कलौ वर्ज्यं द्विजातिभि : ॥ अपरार्क/स्मृ.च.

१०९) अतः कलौ स संन्यासः पश्चात्तापाय नान्यथा । पाषण्डित्वं भवेच्चापि तस्मात् ज्ञानी न संन्यसेत् ॥
तस्मादुक्त प्रकारेण परित्यागो विधीयताम् । अन्यथा भ्रश्यते धर्माद् संन्यासादिति मे मतिः ॥ (संन्यास निर्णय १६-१७)
त्रिदण्डव्यपदेशेन जीवन्ति वहवो नराः । यो हि व्रह्म न जानाति न त्रिदण्डार्ह एव सः । (दक्षसंहिता)

११०) एकदण्डी त्रिदण्डी वा शिखामुण्डित एव वा । काषायमात्र सारोऽपि यतिः पूज्यो युधिष्ठिरः ।। (मदन पारिजात पृ.सं. ३६५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्कर्ष :-

यसरी उक्त सनातन धर्म व्यवस्था अन्तर्गतको वर्णाश्रम व्यवस्थामा उल्लेखित धर्म कर्तव्य र अधिकारकारे विचार गर्दा अहिले प्रत्येक वर्णले आ-आफ्नो धर्म आश्रम व्यवस्था कर्तव्य र अधिकार छाडी अर्काको धर्म स्वीकारेको र कर्तव्यवाट भ्रष्ट भई आफूखुशी गरेको देखिन्छ । साथै तत्वद्रष्टा ऋषिमुनिका वचन, वेद र स्मृति वाक्यलाई समेत वेवास्ता गरी नमानेको देखिन्छ ।

यतिमात्र हैन, केवल रूपैया/पैसा र भौतिक सम्पत्तिको लो मा परी अहिले पनि केही सनातन हिन्दू धर्मावलम्वीहरू आ-आफ्नो धर्म परिवर्तन गरी अन्य वाहिरी केही नवीन धर्मप्रति आकर्पित भईरहेका देखिन्छन् र त्यसको सदस्यता स्वीकार गरी आफ्नो यो सनातन (प्राचीन) धर्मलाई छाडी रहेका छन् । यो साञ्है नैं शोचनीय र दुःखद कुरा हो । गीताले पनि यस्ता कुरालाई राम्रो मानेको छैन । जहाँ भगवान् श्रीकृष्णले अर्जुनलाई उपदेश दिने क्रममा भन्नु भएको छ-"**स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।**" आफ्नैं धर्ममा दृढ भएर अन्तसम्म रहनु ठीक हो, अर्काको धर्म मान्नु उपयुक्त हैन । यसरी नैं अन्यत्र व्राह्मणवर्ण[१११] का व्यक्तिले पनि वेदाध्ययन नगर्नु, सन्ध्या[११२] वन्दनादि कार्यलाई वेवास्ता गर्नु, प्रतिग्रह धेरैभन्दा धेरै लिन खोज्नु तर निर्धारित कर्म नगर्नु, अपात्र[११३] र मूर्ख व्राह्मणले पनि आफ्नो पात्रता/योग्यता नवढाई प्रतिग्रह[११४] का लागि आशक्त हुनु इत्यादि कार्य शास्त्रले निन्दनीय मानेको छ । तर दुर्व्राह्मणले पनि आपत्तिकालमा सवै वर्णवाट दान लिंदा हुन्छ, जसलाई **शंखस्मृति**[११५] र **याज्ञवल्क्य स्मृतिले** पुष्टि गरेको पाइन्छ । त्यस्तै **प्रतिग्रह**[११६] लिन योग्य र समर्थ व्यक्तिले यदि

---

१११) यथा काष्ठमयोहस्ती यथा चर्ममयो मृगः । व्राह्मणस्त्वनधीयानस्त्रयस्ते नामधारका : ॥ पारा. ८/२४
ग्रामस्थानं यथा शून्यं यथाकूपस्तु निर्जलः । यथाहुतमनग्नौ च नामन्त्रो व्राह्मणस्तथा ॥ पारा. ८/२५

११२) गायत्री रहितो विप्रः शूद्रादप्यशुचिर्भवेत् । गायत्री व्रह्मतत्वज्ञाः सम्पूज्यन्ते जनैर्द्विजा : ॥ पारा. ८/३३
विप्रोवृक्षस्तस्य मूलं च सन्ध्या वेदाः शाखा धर्मकर्माणि पत्रम् ।
तस्मान्मूलं यत्नतो रक्षणीयं छिन्ने मूले नैव शाखा न पत्रम् ॥ चा. १०/१३
,सन्ध्या येन न विज्ञाता सन्ध्यायेनानुपासिता । जीवमानो भवेच्छूद्रो मृतश्वा चैव जायते ॥ दे.भा. ११/१६/१७

११३) आमपात्रे यथा न्यस्तं क्षीरं दधि धृतं मधु । विनश्येत् पात्रदौर्वल्यात् तच्च पात्रं विनश्यति ॥
एवं गो च हिरण्यं च वस्त्रमन्नं महीं तिलान् । अविद्वान् प्रतिगृह्णन् हि भस्मी भवति काष्ठवत् ॥
ज्ञानोत्कृष्टाय देयानि कव्यानि च हवींषि च । न हि हस्तविसृग्दग्धौ रुधिरेणैव शुद्धचतः ॥
यावतो ग्रसते ग्रासान् हव्यकव्येष्वमन्त्रवित् । तावतो ग्रसते प्रेत्य दीप्तशूलष्टर्चयोगुणान् ॥ मनु.. ३/१३२-३३

११४) विद्यातपोभ्यांहीनेन न तु ग्राह्यः प्रतिग्रहः । गृह्णन् प्रदातारमधो नयत्यात्मानमेव च ॥ या. स्मृ. १/२०२

११५) यानि यस्य पवित्राणि कुक्षौ तिष्ठति भारत । तानि तस्यैव पूज्यानि न शरीराणि देहिनाम् ॥ शं.स्मृ. १५/२३
देवातिथ्यर्चनकृते गुरुभृत्यर्थमेव वा । सर्वतः प्रतिगृह्णीयादात्मवृत्यर्थमेव च ॥ या.स्मृ. १/२१६
अव्रताश्चानधीयाना यत्र भैक्षचरा द्विजाः । तं ग्रामं दण्डयेत् राजा चौरभक्तप्रदो हि सः ॥
विद्वद्भोज्यमविद्वांसो येषु राष्ट्रेषु भुञ्जते । तेऽप्यनावृष्टिमिच्छन्ति महद् वा जायते भयम् ॥ अत्रि स्मृति ३/२२-२३

११६) प्रतिग्रहसमर्थोऽपि नादत्ते यः प्रतिग्रहम् । ये लोका दानशीलानां स तानाप्नोति पुष्कलान् ॥ या.स्मृ. १/२१३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिग्रह (दान) लिदैन भने त्यो ब्राह्मण श्रेष्ठ उत्तमोत्तम मानिन्छ। यस्तै अन्यत्र भनिएको छ- दान लिंदा[११७] क्रमशः ब्राह्मण, क्षत्रीय, वैश्यबाट लिनु पर्दछ। केही नलाग्दा मात्र शूद्रवाट दान लिनुपर्दछ भनी शंखस्मृतिले भनेको पाइन्छ। यसरी उक्त विवरणको आधारमा क्षत्रिय, वैश्य र शूद्र वर्णका व्यक्तिले समेत आ-आफ्ना निर्धारित कर्तव्य अनुरूप वैदिक सनातन धर्म व्यवस्थाको उक्त ऋषिमुनि वेद, स्मृति ग्रन्थद्वारा समेत निर्देशित एवं पुष्टि गरिएको धर्म, व्यवहार अपनाउनु ठीक र उपयुक्त देखिन्छ। यदि हामी सनातन (हिन्दू) धर्मावलम्बी हौं, हाम्रो संस्कार र भावनाले सनातन धर्ममा विश्वास राख्दछ, ईश्वरलाई मान्दछ, मार्गदर्शक हाम्रा मान्य ग्रन्थ, वेद, उपनिषद, स्मृति, धर्मशास्त्र एवं पुराण हुन् भने हाम्रो मान्यता र धारणा पनि यसै अनुरूप हुनु आवश्यक छ। हैनभने त्यस्ता व्यक्तिलाई सनातन मार्गदर्शन गराउनु नैं व्यर्थ हुन्छ। किनकि उक्त मार्गदर्शनलाई नस्वीकार्ने व्यक्ति आस्तिक हुँदैनन्। ईश्वरको अस्तित्व छ भन्ने कुरोलाई स्वीकार पनि गर्दैनन्। तसर्थ **"उपदेशो न दातव्यो यादृशे तादृशे जने।"** अर्थात् उपदेश, धार्मिक विचार, कर्तव्य आदिको वोध आस्तिकलाई नैं गराउनु पर्दछ, नास्तिकलाई हैन भनिएको छ। त्यस्तै **"उपदेशो हि मूर्खाणां प्रकोपाय न शान्तये।"** अनुरूप नीति र शास्त्रीय वचनको उपदेश विद्वान्, कर्मनिष्ठ आस्तिक व्यक्तिलाई मात्र दिनु ठीक हो। तसर्थ **"वाचस्तत्र प्रयोक्तव्यं यत्रार्थः लभते फलम्।"** अनुसार वोली त्यहीं प्रयोग गर्नुपर्दछ जहाँ त्यसको सदुपयोग हुन्छ। यस भावनाका साथ उक्त वेद, शास्त्र, स्मृति ग्रन्थका प्रामाणिक कुरा सवै सनातन हिन्दू धर्मावलम्बी, धर्मप्रेमी जनसमुदाय समक्ष सवैको कल्याणका लागि प्रस्तुत गरिएका छन्। यस कारण सवै वर्ण, जात, जातिका व्यक्ति/समुदायले उक्त सनातन धर्ममा रहेका अनुकरणीय प्रामाणिक विषय वस्तुलाई ग्रहण गरेमा सवैको भलो हुनुका साथै यस लेखकद्वारा प्रस्तुत विचारको समिक्षा समेत हुने छ भन्दै यी शास्त्रीय विचार राख्ने जमर्को गरेको छु।

अन्तमा, सम्पूर्ण जनताको कल्याण होस्। राष्ट्रनायकले न्यायमार्गको अवलम्वन गरी जनतालाई सुरक्षा प्रदान गरुन्। गाई र ब्राह्मण लगायत अन्य जाति-जनजातिको समेत मङ्गल होस् तथा सम्पूर्ण लोक र नेपालमा समेत सुख शान्तिको वातावरण बनोस्। यही शुभ-भावनाका साथ निम्न श्लोक उद्धृत गर्दै यो प्रकरण यही पूर्ण गर्दछु।

ॐ स्वस्तिः प्रजाभ्यः परिपालयन्तां न्याय्येन मार्गेण महीं महीशाः।
गो-ब्राह्मणेभ्यः शुभमस्तु नित्यं लोकाः समस्ताः सुखिनो भवन्तु॥

---

११७) सीदंश्चेत् प्रतिगृह्णीयात् ब्राह्मणेभ्यस्ततो नृपात्। ततस्तु वैश्यशूद्रेभ्यः शङ्खस्यवचनं यथा॥ शं.स्मृ., चतुर्विंशतिमते।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वितीय कोपिला

सनातन सृष्टि मीमांसा

यौ द्वौ शङ्खकपालभूषितकरौ मालास्थिमालाधरौ
देवौ द्वारवती-श्मशाननिलयौ नागारि-गोवाहनौ ।
द्वित्र्यक्षौ बलिदक्षयज्ञमथनौ श्रीशैलजावल्लभौ
पापं मे हरतां सदा हरिहरौ श्रीवत्सगङ्गाधरौ ॥

आर्यहरूको सनातन सृष्टिक्रम, विकास एवं प्रलयको वर्णनक्रममा संवत्सर, युग, मन्वन्तर र कल्पआदिको अध्ययन सनातन हिन्दू धर्मावलम्वीहरुको एक आवश्यक प्रसिद्ध मापदण्ड हो । मानवको साधारणतः औसत आयु १०० वर्षको नै मानिन्छ । सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता शिवको आयु पनि आ-आफ्नो मान अनुसार[१] १०० वर्षको मानिन्छ । तर उक्त सवैको गणनाक्रम भिन्न-भिन्न रहेको छ । ब्रह्माको एकसय वर्ष विष्णुको एक निमेष या एक दिन, विष्णुको एक दिन शिवको एक त्रुटि हुन्छ । परमाणुदेखि बह्मासम्मको काल विभाजन क्षरब्रह्म भनिन्छ भने त्यसपछिको काल अक्षरब्रह्म, (विभाजन) भनिन्छ । ब्रह्माको अहोरात्रमा २ कल्प हुन्छन् । ब्रह्माको एकदिन कल्प भनिन्छ भने एकरात्रि पनि कल्प भनिन्छ । ब्रह्माको दिन सृष्टिकाल[२] हुन्छ भने रात्रि शयनकाल या प्रलयकाल । ब्रह्माको एक दिनमा दिव्य एक हजार युगको समय वित्दछ भने मनुष्यको ४,३२,००,००,००० (चार अरब वत्तीस करोड वर्ष) को समाप्ति हुन्छ । ब्रह्माको एकदिनमा सत्य, त्रेता, द्वापर, कलि- ४ युगको समूह, संध्या र संध्यांश सहित १४ मन्वन्तरको समय व्यतित भईसकेको हुन्छ । प्रत्येक मन्वन्तरको समाप्तिमा जलप्लावन प्रलय हुन्छ । ७१ दिव्ययुगभन्दा केही वेसी ७१.२१/५० दैवयुग वरावर एक मन्वन्तरको समय सीमा (आयु) हुन्छ । प्रत्येक मनुका पिता, इन्द्र, देवगण तथा सप्तर्षिहरु अलग-

---

१) निजेनैव तु मानेन चायुर्वर्षशतं स्मृतम् । तत् पराख्यं तदर्धं तु परार्धमभिधीमते ॥ विष्णु पुराण
परमायुः शतं तस्य तथाऽहोरात्रसंख्यया । आयुषार्धमितं तस्य शेषकल्पोऽयमादितः ॥ सू.सि. १/२१

२) यदा स देवो जागर्तितदेदं चेष्टते जगत् । यदा स्वपिति विश्वात्मा (शान्त्यात्मा) तदा सर्वं निमीलति ॥ हरिकेलि. १/६३ । मनु . १/५२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अलग हुन्छन् । प्रत्येक मनुको निर्धारित समयसीमा पूर्ण भए पछि उक्त इन्द्रादि देवगण पनि समाप्त हुन्छन् । मानव संवत्सर संख्या पनि ६० छन् । यिनीहरू उक्त संख्या वितेपछि पुनः दोहोरिने गर्दछन् । यसरी व्रह्म दिन (कल्प) सम्वन्धी गणना गर्ने गरिन्छ ।

सनातन-सृष्टि-विकासक्रम :-

पूर्ण परव्रह्मको प्रेरणावाट विराट पुरुष, त्यसबाट प्रकृति (माया) को, त्यसबाट महत्तत्व (व्रह्मा)को सहयोग एवं भगवत् कृपाको आधारमा अहंकारको, त्यसबाट क्रमशः सात्विक, राजस, तामस अहंकारको, त्यसमध्ये सात्विकवाट मन र दस इन्द्रियका अधिष्ठातृ देवताहरुको, राजसबाट ५ ज्ञानेन्द्रिय, ५ कर्मेन्द्रिय, वुद्धि र प्राणको, तामसवाट पञ्चतन्मात्रा, त्यसबाट पञ्चमहाभूतको, अनि ४ प्रकारका प्राणी-उद्भिज्ज, स्वेदज, अण्डज र जरायुजको उत्पत्ति भएको छ । यसरी प्रकृति एवं विकृतिको आपसी अन्तर्क्रियाको आधारमा अनेक व्रह्माण्ड र व्रह्माण्डमा वसोवास गर्ने प्राणीहरुको् उत्पत्ति भएको छ । विराटपुरुषको कमरभन्दा तल्लो भागवाट क्रमशः अतल, वितल, सुतल, तलातल, महातल, रसातल र पाताल गरी ७ लोक, कमरभन्दा माथिल्लो भागवाट भूः, भुवः, स्वः, मह, जन, तप र सत्य गरी ७ लोकको उत्पत्ति भएको छ । यसरी विराटपुरुषको अंगवाट १४ भुवनको उत्पत्ति भएको तथ्य विभिन्न धार्मिक ग्रन्थको आधारमा स्पष्ट हुन्छ ।

चार्ट नं. (१) **सनातन सृष्टि विकासक्रम**

पूर्ण परमात्मा
पुरुष
प्रकृति
महत्तत्त्व
अहंकार

सात्विक (वैकारिक)	राजस (तैजस)	तामस
(ज्ञानशक्तिप्रधान)	(क्रियाशक्तिप्रधान)	(द्रव्यशक्तिप्रधान)
मन र दस इन्द्रियका अधिष्ठातृ देवताहरु	५ कर्मेन्द्रिय-वाक्, प्राणी, पाद, पायु, उपस्थ ५ ज्ञानेन्द्रिय-श्रोत्र, त्वक्, चक्षु, घ्राण, रशना, वुद्धि एवं प्राण	पञ्चतन्मात्रा-शब्द, स्पर्श, रूप, रस, गन्ध पञ्चमहाभुत-पृथिवी, अप, तेज, वायु, आकाश चारप्राणी-उद्भिज्ज, स्वेदज, अंडज, जरायुज

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूर्भुवःस्वः लोकभित्र ब्रह्मचर्यव्रत खण्डित गृहस्थको वासस्थान हुन्छ भने महलोकमा भृगुआदि ऋषिगणको र जन, तप र सत्यमा क्रमशः अमृत, क्षेम (शान्ति) र अभयको नित्य निवास हुन्छ। सत्यलोकमा ब्रह्माको निवास हुन्छ। विष्णुको प्रेरणावाट उत्पन्न ब्रह्माले आद्याशक्ति माया (प्रकृति) को सहयोग लिई विभिन्न १० प्रकारका सृष्टि गर्दछन्। जसमा ९ वाँ सृष्टि मानवको हो, जो एक प्रकारको मात्र हुन्छ भनी श्रीमद्भागवत्मा वर्णन गरिएको पाइन्छ। यो रजोगुण प्रधान, कर्मपरायण, दुःखरूप विषयमा नैं सुखहुन्छ भन्ने मान्यतामा आधारित हुन्छ। स्थावर, पशुपंक्षि र मनुष्य यी तीनैं प्रकारका सृष्टि वैकृत सृष्टि हुन्।

परमाणुदेखि सृष्टिको उत्तरोत्तर विकास हुन[३] क्रममा २ नाडीको एक मुहूर्त, ३० मुहूर्तको एक दिन, ६० मुहूर्तको एक अहोरात्र, १५ दिनको एकपक्ष, २ पक्षको एक महिना, मनुष्य[४] को १ महिना पितृहरुको एक दिन (अहोरात्र), पितृहरुको कृष्णपक्ष दिन र शुक्लपक्ष रात्री हुन्छ। त्यस्तै २ मासको एक ऋतु, ३ ऋतुको एक अयन, २ अयनको एकवर्ष, मनुष्यको १ वर्ष देवताको एक दिन (अहोरात्र), उत्तरायण देवताको दिन र दक्षिणायन देवताको रात्रि हुन्छ। देवताको एक वर्ष मानवको ३६० वर्ष हुन्छ। देवताको दुई हजार युग ब्रह्माको एक अहोरात्र हुन्छ।

सनातनप्रति पूर्वीय दृष्टिकोण :-

सृष्टिको गणना सम्वन्धी पूर्वीय दृष्टिकोण सूर्य सिद्धान्त[५] अनुसार यसप्रकार रहेको छ। सत्य, त्रेता, द्वापर र कलि गरी ४ युग हुन्छन्। त्यसमा कलिको समय ४,३२,००० मानुष वर्ष हुन्छ। त्यसमा द्वापर, त्रेता र सत्ययुगको वर्ष (समय)मा २, ३, ४ ले क्रमशः गुणा गर्दा चार युगको योगफल ४३ लाख २० हजार मानुष वर्ष निस्कन्छ। यसलाई १ दैवयुग या महायुग पनि भन्ने गरिन्छ। त्यसमा १४ मनुमध्ये एक मनुको समय (निश्चित) मान- ४३,२०,०००x७१=३०,६७,२०,०००

---

३) काष्ठा पञ्चदश ख्याता निमेषा द्विजसत्तमा :। काष्ठास्त्रिशद् कला त्रिंशद् कला मौहूर्तकी गति : ॥
तावत् संख्यैरहोरात्रं मुहूर्तं मानुषं स्मृतम्। अहोरात्राणि तावन्ति मासः पक्षद्वयात्मक : ॥
तै षड्भिरयनं वर्षं द्वेऽयने दक्षिणोत्तरे। अयनं दक्षिणं रात्रिर्देवानामुत्तरं दिनम् ॥ कू.पु.पूर्वार्ध ५-७ श्लोक

४) मासेन स्यादहोरात्रः पैत्रोवर्षेण दैवतः ॥ (अमरकोष, कालवर्ग)

५) तद् द्वादश सहस्त्राणि चतुर्युगमुदाहृतम्। सूर्याब्दसंख्यया द्वित्रिसागरैरयुताहतैः ॥
संन्ध्या सन्ध्यांश सहितं विज्ञेयं तच्चतुर्युगम्। कृतादीनां व्यवस्थेयं धर्मपादव्यवस्थया ॥ सू.सि. १/१५,१६
ग्रहर्क्षदिवदैत्यादि सृजतोऽस्य चराचरम्। कृताद्रिवेदा दिव्याब्दाः शतघ्ना वे[illegible]ोगताः ॥ सू.सि. १/२४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानुष वर्ष हुन्छ । त्यसमा एक सत्ययुग बराबरको सन्धि सन्ध्यांस समय १७,२८,००० हुन्छ । त्यसमा ७ ले गुणा गर्दा ६ मनुको सन्धि समय=१,२०,९६,००० मानुष वर्ष निस्कन्छ । तत् पश्चात ब्रह्माको द्वितीय परार्धको पहिलो दिनको गणना गर्ने क्रममा बितेका २७ महायुगको समय ४३,२०,०००x२७ =११,६६,४०,००० मानुष वर्ष र २८ वाँ दवयुग– सत्य, त्रेता, द्वापर र कलिको समय अनि क्रमशः अहिलेसम्म बितेका १७,२८,००० + १२,९६,००० + ८,६४,००० र ५११९ मानुष वर्षको समयसीमाको समेत गणना गर्दा ब्रह्माको द्वितीय परार्धको प्रथम कल्पको उक्त बितेको समय सीमा १,९७,२९,४९,११९ मानुष वर्ष निस्कन्छ । त्यसमा ब्रह्माले तपस्या गरेको समय घटाउँदा १,९७,२९,४९,११९ – १,७०,६४,००० = १,९५,५८,८५,११९ मानुष वर्ष = यस कल्पको बितेको सृष्टि अवधी (सृष्टितोगताव्दाः) को योगफल प्राप्त हुन्छ । यो नैं अहिलेसम्मको आधा कल्पभन्दा केही वेसी एक कल्पमा बितेको ब्रह्मसृष्टि समय हो । जसलाई सूर्य पञ्चाङ्ग लगायत विभिन्न पात्रोले समेत आफ्नो मुख्य पृष्ठ (कभर पेज) मा उक्त संख्या राखी गत सृष्टि समयको पुष्टि गरेको पाइन्छ । यसकारण यो हाम्रो सनातन धर्म अतिप्राचीन र आदि अन्तले रहित, अनादि छ भन्ने कुराको उक्त प्रामाणिक तथ्य र निम्न पादटिप्पणीले समेत पुष्टि गर्दछ । तसर्थ अहिले पनि पाश्चात्य विद्वान् लगायत अन्य नवीन पूर्वीय धर्माचार्यले समेत उक्त तथ्यलाई हृदयङ्गम गरी सनातन धर्मबारे केही अनावश्यक/अनर्गल कुरा बोल्नुभन्दा पहिले धेरै नैं अध्ययन, मनन र अनुसन्धान गर्नुपर्ने देखिन्छ ।

सनातनप्रति पाश्चात्य दृष्टिकोण :-

प्राचीन पाश्चात्य विद्वान् आर्कविशप र उशर आदि सृष्टिको समय आजभन्दा केवल ४ हजार वर्षपूर्व मान्दछन् भने अन्य विद्वान् ५ हजारवर्ष पूर्व भन्दछन् । ईशायी विद्वान् सृष्टिको प्रारम्भ ६,९८४ वर्ष पूर्व ठान्दछन् । तर केही विद्वान् प्राचीन अस्थिपञ्जरको आधारमा आर्य सिद्धान्तको निकट आउन खोज्दछन् । यसै क्रममा पाश्चात्य विद्वान्ले ग्रह नक्षत्रमा रहेको ऊष्णताको अध्ययनको आधारमा मापन गरेर सृष्टि उद्गम ४० लाख वर्ष पूर्व भन्न थाले भने भूगर्भशास्त्रीहरुले पनि अध्ययन गरी सृष्टिको आयु १ करोड वर्ष आँके । प्रो. जोलीले समुद्र जलको नुनिलोपनाको अध्ययनको आधारमा १० करोड वर्ष पूर्व माने । यसरी नैं यूरेनियम, हीलियम र वोलोनियम आदि धातुका परीक्षक वैज्ञानिकहरुले सृष्टिको आयु २४ देखि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३० करोड वर्ष पूर्व भन्न थाले । एवं प्रो. निशचफले ३५ करोड वर्ष, प्रो. रेडले ५० करोड वर्ष र प्रो. हकसलले १ अरब वर्ष पूर्व भन्न लागे । यसरी अन्य कुनैं विद्वान्[६]ले १ अरब ६० करोड वर्ष पूर्व सृष्टिको प्रारम्भ समय रहेको धारणा व्यक्त गरेका छन् । उक्त सबै पाश्चात्य विद्वान् सृष्टिको अध्ययन गर्ने क्रममा शिकारु विद्यार्थी सदृश भएर लागिरहेका छन् । तर अहिले पनि ब्रह्माको एक दिनको अवधी (कल्प) सम्म पुग्न सकेका छैनन् । अहिले त्यस्ता ब्रह्माजीका प्रथम परार्धसंख्या (उमेर) ५० वर्ष वितिसकेका छन् र द्वितीय परार्धको पहिलो संख्या ५१ औं वर्षमा ब्रह्माजीको आयु चल्दैछ । जसको विस्तृत वर्णन पहिले नैं गरिसकिएको छ । यसरी ब्रह्माजीको प्रथम परार्ध (५०) वर्षको आयु र ५१ औं वर्षको प्रथम कल्प (दिन) को आयु सीमाको समेत जोड (गणना) गर्दा अहिले २०६५ वि.सं.सम्ममा वह्माजीको आयु (उमेर) १५ नील ५५ खरव २१ अरव ९५ करोड ५८ लाख ८५ हजार १०९ वर्ष पूरा भई सकेको छ भने अवशिष्ट (बाँकी) आयु १५ नील ५५ खरव १८ अरव ०४ करोड ४१ लाख १४ हजार ८९१ मानुष वर्ष रहेको देखिन्छ ।

संवत्सर परिचय :-

"चैत्रे मासि जगत् ब्रह्मा ससर्ज प्रथमेऽहनि । शुक्लपक्षे समग्रन्तु तथा सूर्योदये सति ॥ प्रवर्त्तयामास तदा कालस्य गणनामपि ॥" चैत्र शुक्ल प्रतिपदा तिथि देखि वह्माजीले संसारको सृष्टि गर्न शुरु गरे र त्यसै दिनदेखि सृष्टिकालको गणना गर्ने क्रम शुरू भयो, भनिन्छ । संवत्सरको समानार्थी शव्द वत्सर, हायन, अव्द, समा आदि अनेक छन् । अहिले प्रचलित ६० संवत्सर, जो चान्द्रसंवत्सरका नामले लोकमा प्रशिद्ध छन्, ती कालमाधवका[७]अनुसार यस प्रकार रहेका छन् :- (१) प्रभव, (२) विभव, (३) शुक्ल (४) प्रमाद (५) प्रजापति (६) अङ्गिरा (७) श्रीमुख (८) भाव (९) युवा (१० धाता (११) ईश्वर (१२) वहुधान्य (१३) प्रमाथी (१४) विक्रम (१५) वृष (१६) चित्रभानु (१७) सुभानु (१८) तारण (१९) पार्थिव (२०) अव्यय (२१) सर्वजित्

---

६) वर्ल्ड लाइफ पृ.सं. १८७

७) प्रभवो विभवः शुक्लः प्रमादोऽथ प्रजापतिः । अंगिराः श्रीमुखो भावो युवा धातेश्वरस्तथा ॥
वहुधान्य प्रमाथी च विक्रमोऽथ वृषस्तथा । चित्रभानुः सुभानुश्च तारणःपार्थिवो व्ययः ॥
सर्वजित् सर्वधारी च विरोधी विकृतिः खरः । नन्दनो विजयश्चैव जयो मन्मथदुर्मुखौ ॥
हेमलम्वो बिलम्वोऽथ विकारी शार्वरी प्लवः । शुभकृच्छोभनः क्रोधी विश्वावसु पराभवौ ॥
प्लवंगः कीलकः सौम्यः साधारण विरोधकृत् । परिधावी प्रमादी च आनन्दो राक्षसोऽलनः ॥
पिङ्गलः कालयुक्तश्च सिद्धार्थो रौद्रदुर्मती । दुंदुभी रुधिरोद्गारी रक्ताक्षी क्रोधनः क्षयः ॥ (नि.सि.पृ.सं.३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२२) सर्वधारी (२३) विरोधी (२४) विकृति (२५) खर (२६) नन्दन (२७) विजय (२८) जय (२९) मन्मथ (३०) दुर्मुख (३१) हेमलम्ब (३२) विलम्ब (३३) विकारी (३४) शार्वरी (३५) प्लव (३६) शुभकृत् (३७) शोभन (३८) क्रोधी (३९) विश्वावसु (४०) पराभव (४१) प्लवङ्ग (४२) कीलक (४३) सौम्य (४४) साधारण (४५) विरोधकृत् (४६) परिधावी (४७) प्रमादी (४८) आनन्द (२९) राक्षस (५०) नल (५१) पिङ्गल (५२) कालयुक्त (५३) सिद्धार्थी (५४) रौद्र (५५) दुर्मति (५६) दुन्दुभि (५७) रुधिरोद्गारी (५८) रक्ताक्ष (५९) क्रोधन र (६०) क्षय ।

युग परिचय [८] :-

युग ४ हुन्छन् । (१) सत्य (२) त्रेता (३) द्वापर र (४) कलि । त्यसमा कलियुगको सवैभन्दा कम आयु सीमा हुन्छ । त्यसको २ गुना द्वापरको, ३ गुना त्रेताको र ४ गुना सत्ययुगको समय सीमा हुन्छ ।

हेमाद्री एवं ब्रह्म पुराणमा उल्लेख भए अनुसार सत्य युगको प्रारम्भ दिन वैशाख[९] शुक्ल तृतीया हो भने त्रेतायुगको प्रारम्भ दिन कार्तिक शुक्ल नवमी हो । यसरी नैं द्वापरयुगको प्रथम दिन भाद्र कृष्ण त्रयोदशी हो भने कलियुगको प्रथम दिन माघ शुक्ल पूर्णिमा हो । एवं रीतिले युगको अन्तिम दिनको वर्णन पनि हेमाद्रीको चतुर्थ एवं षष्ठ खण्डमा गरेको पाइन्छ, जो यस प्रकार छ । भाद[१०] संक्रान्तिमा सत्य युगको, कार्तिक संक्रान्तिमा त्रेतायुगको, जेष्ठ सक्रान्तिमा द्वापरयुगको र फाल्गुन संक्रान्तिमा कलियुगको आ-आफ्नो मान अनुसार समाप्ति दिवस हुन्छ । यसरी युगादि र युगान्त तिथिमा श्राद्धादि गरेमा पितृहरू तृप्त हुन्छन्, भनिएको छ। दैव वर्ष र मानुष वर्ष सन्ध्या एवं सन्ध्यांश गरी उक्त युगको निश्चित मान निम्न तालिकामा राखिएको छ। जो यस प्रकार छ।

---

८) कृतं त्रेता द्वापरं च कलिश्चेति चतुर्युगम् । दिव्यैर्द्वादशभिः वर्षैः सावधानं निरूपितम् ॥
चत्वारि त्रीणि द्वे चैकं कृतादिषु यथाक्रमम् । संख्यातानि सहस्राणि द्विगुणानि शतानि च ॥
(भा. ३/११/१८-२०)

९) युगादयः- वैशाख शुक्लपक्षे तु तृतीयायां कृतं युगम् । कार्तिके शुक्लपक्षे तु त्रेता च नवमेऽहनि ॥
अथ भाद्रपदे कृष्ण त्रयोदश्यान्तु द्वापरम् । माघे तु पौर्णमास्यांश्च घोरं कलियुगं तथा ॥
युगारम्भास्तु तिथयो युगाद्यास्तेन संस्मृताः ॥ (ब्रह्मपुराण)

१०) युगान्ताः- सूर्यस्य सिंहसंक्रान्त्यामन्तः कृतयुगस्य तु । अथ वृश्चिक संक्रान्त्यामन्तस्त्रेतायुगस्य तु ॥
ज्ञेयस्तु वृषसंक्रान्त्यां द्वापरान्तश्च संज्ञया । तथा च कुम्भ संक्रान्त्यामन्तः कलियुगस्य तु ॥
युगादिषु युगान्तेषु श्राद्धमक्षयमुच्यते ॥ (हेमाद्रि-श्राद्धखण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चार्ट नं. २ **चारयुगको दिव्य-(देवता)[११] वर्ष**

क्र.सं.	युगनाम	सन्धा	निश्चितमान	सन्ध्यांश	सर्वयोग
१	सत्ययुग	४०० +	४००० +	४०० =	४,८००
२	त्रेतायुग	३०० +	३००० +	३०० =	३,६००
३	द्वापरयुग	२०० +	२००० +	२०० =	२,४००
४	कलियुग	१०० +	१००० +	१०० =	१,२००
कुलयोगः		१००० +	१०,००० +	१००० =	१२,०००

चार्ट नं. ३ **चारयुगको मानुष वर्ष**

क्र.सं.	युगनाम	सन्धा	निश्चितमान	सन्ध्यांश	सर्वयोग
१	सत्ययुग	१,४४,००० +	१४,४०,००० +	१,४४,००० =	१७,२८,०००
२	त्रेतायुग	१,०८,००० +	१०,८०,००० +	१,०८,००० =	१२,९६,०००
३	द्वापरयुग	७२,००० +	७,२०,००० +	७२,००० =	८,६४,०००
४	कलियुग	३६,००० +	३,६०,००० +	३६,००० =	४,३२,०००
कुलयोगः		३,६०,००० +	३६,००,००० +	३,६०,००० =	४३,२०,०००

उक्त चार्टका आधारमा चार दैव वर्षको समय १२,००० x ३६० = ४३,२०,००० (त्रिचालिस लाख वीस हजार मानुष वर्ष) को गणना गरिएको छ । अर्थात् चार चतुर्युगी दैववर्षको योगमा ३६० मानुष वर्षले गुणा गर्दा उक्त चतुर्युगी मानुष वर्ष निस्कन्छ । जसलाई एक दिव्ययुग या महायुग भन्दछन् ।

---

११) दिव्यैर्वर्ष सहस्रैस्तु कृतत्रेतादिसंज्ञितम् । चतुर्युगं द्वादशभिः तद्विभागं निवोधत ॥
चत्वार्याहु सहस्राणि वर्षाणां तत्कृतं युगम् । तस्य तावच्छती संध्या संध्यांशश्च कृतस्य तु ॥
त्रिशती द्विशती सन्ध्या तथा चैकशती क्रमात् । अंशकं षट्शतं तस्मात् कृतं सन्ध्यांशकं विना ॥
त्रिद्वेक साहस्रमतो विना सन्ध्यांशकेन तु । त्रेता द्वापरतिष्याणां कालज्ञाने प्रकीर्तितम् ॥
एतद् द्वादश साहस्रं साधिकं परिकल्पितम् । तदेक सप्ततिगुणं मनोरन्तरमुच्यते ॥ कू.पु.पूर्वार्ध ५/७-११
चतुर्युगान्ते वेदानां जायते किल विप्लवः । प्रवर्तयन्तितान्येत्य भुवं सप्तर्षयो द्विजः ॥
कृते कृते स्मृतेर्विप्र प्रणेता जायते मनुः । देवा यज्ञभुजस्ते तु यावन्मन्वन्तरं तु तत् ॥ वि.पु. ३/२/४६-४७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्वन्तर परिचय[१२] :-

एक कल्पमा १४ मनुले भोग गर्दछन्। प्रत्येक मनुको कार्यकाल ७१ देवतायुगभन्दा केही वेसी हुन्छ। एक मनुको कार्यकाल सन्धि र सन्ध्यांश गरी ३०,८५,७१,४२८.६ मानुष वर्ष हुन्छ। ज्योतिष ग्रन्थ सूर्य सिद्धान्त अनुसार[१३] प्रत्येक मन्वन्तरमा एक सन्धिकाल हुन्छ। त्यसको मात्र एक सत्ययुग वरावर (४,८०० दिव्यवर्ष या १७,२८,००० मानुषवर्ष) को समय हुन्छ।

सन्धिकाल एक कल्पमा १५ हुन्छन्। प्रत्येक कल्पको प्रारम्भमा पनि एक सन्धि मानिएको छ। जसको मान पनि कृतयुग वरावर हुन्छ। यसरी प्रत्येक मन्वन्तरको सन्धिमा एक-एक र प्रत्येक कल्पको प्रारम्भमा एक गरी जम्मा १५ सन्धिकाल मानिएको छ। यसरी १५ सन्धिकालको दिव्य समय ७२,००० दैव वर्ष हुन्छ। जो ६ महायुगको वरावर हुन्छ। जसलाई मानुपवर्षमा परिणत गर्दा ७२,००० x ३६० =२,५९,२०,००० वर्षको सन्धि समय हुन्छ। यसरी एक मन्वन्तरको मानुपवर्ष ३०,६७,२०,००० + सन्धि – १७,२८,००० = ३०,८४,४८,००० वर्ष हुन्छ। यस्तै १४ मन्वन्तरको १४ सन्धि समय ४,३१,८२,७२,००० वर्ष र १५ वाँ सन्धि समय १७,२८,००० मानुष वर्ष पनि समावेश गर्दा जम्मा एक कल्पको समय ४,३२,००,००,००० मानुष वर्ष हुन्छ। त्यसरी नैं व्रह्माको रात्री पनि त्यति नैं हुन्छ। अनि रात र दिन दुवै मिलाई द्विकल्प हुन्छ। त्यसको मानुष वर्ष आठ अरव चौसठ करोड वर्ष हुन्छ। उक्त व्रह्म दिन (अहोरात्र) मा ८,६४,००,००,००० x ३० ले गुणा गर्दा २,५९,२०,००,००,००० व्रह्म महिना निस्कन्छ। उक्त व्रह्म महिनामा २,५९,२०,००,००,००० x १२ ले गुणा गर्दा ३१,१०,४०,००,००,००० व्रह्माको एक वर्ष र उक्त व्रह्म वर्षमा ३१,१०,४०,००,००,००० x १०० ले गुणा गर्दा **व्रह्माको पूर्ण आयु ३१,१०,४०,००,००,००,००० = ३१ नील, १० खरव, ४० अरव वर्ष निस्कन्छ।** अहिले २०६५ वि.सं. सम्मको अवधीमा व्रह्माको १५ नील ५५ खरव २१ अरव ९५ करोड ५८ लाख ८५ हजार १०९ मानुष वर्षको समय (उमेर) वितिसकेको छ। व्रह्माको उमेर आफ्नो मान अनुसार अहिले ५१ औं वर्षको पहिलो कल्प (दिन) मा चल्दैछ। १०० वर्ष पूरा भएपछि व्रह्मा समाप्त हुन्छन्, अनि प्राकृत प्रलय हुन्छ। जसमा परमाणुदेखि महत्तत्व सम्मको विलय प्रकृतिमा हुन्छ। यसको अतिरिक्त प्रत्येक मनुका वावुको नाम इन्द्र, देवता, सप्तर्षि आदि भिन्नभिन्न हुन्छन्। उक्त मनुको कार्यकाल सिद्धिएपछि यिनीहरु सबैको मृत्यु हुन्छ र प्रत्येक मनुको समाप्तिमा जल प्लावन प्रलय हुन्छ भनी श्रीमद्भागवत्मा उल्लेख गरिएको पाइन्छ। जसलाई चार्ट नं. ४ मा देखाइएको छ।

---

१२) व्रह्मणो दिवसे विप्रा मनवः स्युर्चतुर्दशः। स्वयम्भुवादयः सर्वे ततः सावर्णिकादयः ॥ तैरियं पृथिवी सर्वा सप्तद्वीपाः सपर्वताः। पूर्णं युग सहस्रं वै मरिपाल्या नरेश्वरैः ॥ मन्वन्तरेण चैकेन सर्वाण्येवान्तराणि वै। व्याख्यातानि न संदेहः कल्पं कल्पेन चैव हि ॥ कू.पु.पूर्वार्ध ५/१२-१४

१३) सूर्यसिद्धान्तः- युगानां सप्ततिः सैकामन्वन्तरमिहोच्यत। कृताब्दसंख्या तस्यान्त सन्धिः प्रोक्तो जलप्लवः ॥ ससन्धयस्ते मनवः कल्पे ज्ञेयाश्चतर्दश। कृत प्रमाणं कल्पादौ सन्धिः पञ्चदशः स्मृतः ॥ सू.सि.१८-१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चार्ट नं. ४ **मन्वन्तर परिचय**[१४]

क्र.सं.	मन्वन्तरनाम[१५]	पितृनाम	इन्द्र	प्रधान देवगण	सप्तर्षि	भगवानको अवतार
१	स्वायम्भुव	ब्रह्मा	यज्ञ	तुषित आदि	मरिची आदि	यज्ञ पुरुष
२	स्वारोचिष	अग्नि	रोचन	तुषित आदि	ऊजस्तम्भ आदि	विभु
३	उत्तम	प्रियव्रत	सत्यजित्	भद्र आदि	वरिष्ठ प्रमदादि	सत्यसेन
४	तामस	अग्नि	त्रिशिख	सत्यक हरि आदि	ज्योतिर्धाम आदि	हरि:- गजेन्द्रमोक्ष
५	रैवत	अग्नि	विभु	भूतरय आदि	हिरण्यरोमा, वेदशिरादि	बैकुण्ठ-वैकुण्ठधामको रचना गरेका
६	चाक्षुप	चक्षुप	मन्त्रद्रुम	आप्य आदि	हविष्मान् वीरक आदि	अजित-कच्छप
७	वैवस्वत (श्राद्धदेव)	विवस्वान्	पुरन्दर	बसु, रुद्र, आदित्य आदि	कश्यप, अत्रि, वशिष्ट आदि	वामन
८	सावर्णि	सूर्य	बलि	सुतपा, विरजा आदि	परशुराम, अश्वत्थामा, व्यास आदि	सार्वभौम
९	दक्ष सावर्णि	वरुण	अद्भूत	पार, मरीचि, गर्भ आदि	द्युतिमान्आदि	ऋषभ
१०	ब्रह्मसावर्णि	उपश्लोक	शम्भ	सुवासन आदि	सत्य, जय, मूर्ति आदि	विष्वक्सेन
११	धर्मसावर्णि	आर्यक	वैधृत	विहङ्गम आदि	अरुणादि	धर्मसेतु
१२	रुद्रसावर्णि (स्वधामा)	सत्यसहा	ऋतधामा	हरित आदि	तपोमूर्ति, अग्निधक आदि	स्वधाम
१३	देवसावर्णि (रौच्य)	रुचि	दिवस्पति	सुकर्म, सुत्राम आदि	निर्मोक, तत्त्वदर्शी आदि	योगेश्वर
१४	इन्द्र सावर्णि (भौत्य)	भूति	शुचि	पवित्र, चाक्षुष आदि	अग्नि, बाहु, शुचि, आदि	बहद्भानु

१४) स्वं स्वं कालं मनुर्भुङ्क्ते साधिकां ह्येकसप्ततिम् । मन्वन्तरेषु मनवस्तद्वंश्या ऋषयः सुराः । भवन्ति चैवयुगपत् सुरेशाश्चानु ये च तान् ॥
एष नैंनन्दिनः सर्गो ब्राह्मस्त्रैलोक्यवर्तनः । तिर्यङ-नृ-पितृदेवानां सम्भवो यत्र कर्मभिः ॥ भा. ३/११/२४-२५

१५) <u>मन्वन्तरनामानि</u> :- मनुःस्वायम्भुवोनाम मनुःस्वारोचिषस्तथा । औत्तमिस्तामसिश्चैव रैवतश्चाक्षुषस्तथा ॥
एते तु मनवोऽतीताः सप्तमस्तुरवेः सुतः । वैवश्वतोऽयं यस्यैतत् सप्तमो वर्तते युगम् ॥
सावर्णिर्दक्षसावर्णो ब्रह्मसावर्ण इत्यपि । धर्मसावर्णरुद्रस्तु सावर्णो रौच्य भौत्यवत् ॥ (भागवत, अमरकोष-रामाश्रमी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी १४ मनुको नाम, उनका पिताको नाम, इन्द्र, प्रधानदेवगण सप्तर्षिको अलग अलग नाम, एवं भगवान्‌का अवतारको वर्णन समेत उक्त मन्वन्तरको वर्णनक्रममा उल्लेख गरिएको पाइन्छ । यसको अतिरिक्त प्रत्येक मन्वन्तरको उत्पत्ति[१६] दिवस जन्म समय (काल विभाजन) यस प्रकार रहेको छ ।

(१) आश्विन शुक्ल नवमी - स्वायम्भुव मनुको (२) कार्तिक शुक्ल द्वादशी स्वारोचिषको (३) चैत्र शुक्ल तृतीया-उत्तमको (४) भाद्र शुक्ल तृतीया-तामसका (५) फाल्गुन कृष्णपक्ष औंसी-रैवतको (६) पौषकृष्ण एकादशी-चाक्षुषको (७) श्रावण कृष्ण अष्टमी या भाद्र कृष्ण अष्टमी (कृष्णाष्टमी)-वैवश्वतको (८) आषाढ शुक्ल पूर्णिमा-सावर्णिको (९) आषाढ शुक्ल द्वादशी-दक्ष सावर्णिको (१०) माघ शुक्ल दशमी-ब्रह्म सावर्णिको (११) कार्तिक शुक्ल पूर्णिमा-धर्म सावर्णिको (१२) फाल्गुन शुक्ल पूर्णिमा-रुद्र सावर्णिको (१३) चैत्र शुक्ल पूर्णिमा-देव सावर्णिको र (१४) जेष्ठ शुक्ल पूर्णिमा-इन्द्र सावर्णिको उत्पत्ति दिवस हो । यी तिथीहरु स्नान, दान, जप, होम, स्वाध्याय र पितृकर्मका लागि उपयुक्त दिवस हुन्, भनी **मत्स्य र ब्रह्मपुराणमा** उल्लेख गरिएको पाइन्छ । जो चार्ट नं. ५ मा देखाइएको छ । जसमा एक मनुको सन्धि, निश्चितमान, सन्ध्यांशको सम्पूर्ण योग गरी ब्रह्माको एक दिनको दिनमान ३०,८५,७१,४२८.६ X १४ = ४,३२,००,००,००० वर्ष निकालिएको छ ।

चार्ट नं. ५

चतुर्दश-मन्वन्तर-मानुष-वर्ष

क्रसं	मन्वन्तर	सन्धि	निश्चित काल	सन्ध्यांस	सर्वयोग
१.	स्वायम्भुव	९,२५,७१४.२८५७	३०,६७,२०,०००	९,२५,७१४.२८५७	३०,८५,७१,४२८.६
२.	स्वारोचिष	"	"	"	"
३.	उत्तम	"	"	"	"
४.	तामस	"	"	"	"
५.	रैवत	"	"	"	"
६.	चाक्षुष	"	"	"	"
७.	वैवस्वत	"	"	"	"
८.	सावर्णि	"	"	"	"

१६) अश्वयुक् शुल्क नवमी द्वादशी कार्तिकस्य च । चैत्रस्य तु तृतीया या तथा भाद्रपदस्य तु ॥ फाल्गुनस्य त्वमावास्या पौषस्यैकादशी तथा । श्रावणस्याष्टमी कृष्णा तथाषाढस्य पूर्णिमा ॥ आषाढस्य तु दशमी माघमासस्य सप्तमी । कार्तिकी फाल्गुनी चैत्री जेष्ठे पञ्चदशी तथा ॥ मन्वन्तरादयश्चैता दत्तस्याक्षयकारिका । स्नानं दानं जपो होमः स्वाध्यायः पितृतर्पणम् ॥ सर्वमेवाक्षयं विद्यात् कृतं मन्वन्तरादिषु ॥ (मत्स्य-ब्रह्मपुराणयोः) ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्रसं	मन्वन्तर	सन्धि	निश्चित काल	सन्ध्यांस	सर्वयोग
९.	दक्षसावर्णि	"	"	"	"
१०.	ब्रह्मसावर्णि	"	"	"	"
११.	धर्मसावर्णि	"	"	"	"
१२.	रुद्रसावर्णि	"	"	"	"
१३.	देवसावर्णि	"	"	"	"
१४.	इन्द्रसावर्णि	"	"	"	"
कुलयोग		१,२९,६०,०००	४,२९,४०,८०,०००	१,२९,६०,०००	४,३२,००,००,०००

कल्प परिचय :-

कल्पशब्द विभिन्न अर्थमा प्रयुक्त हुन्छ। जस्तैः- प्रलय, प्रस्ताव, ऐन, भाग, वेदका ६ अङ्गमध्ये एक, जसमा यज्ञ सम्वन्धी विधान हुन्छ, व्रह्म दिन (१००० दैवयुग) या एक हजार चतुर्युगी दैववर्ष वरावरको समयलाई पनि कल्प शव्दले अभिव्यक्त गर्ने गरिन्छ। यसको अतिरिक्त कल्प नाम गरेका ४ महत्वपूर्ण व्यक्तिहरू पनि भएका छन्। ती यस प्रकार छन्।

श्रीमद्भागवतको आधारमा राजा उत्तानपादकी जेठी पत्नीका छोरा भक्त ध्रुव थिए। उनका छोराको नाम कल्प थियो र उनकी आमा शिशुपाल पुत्री भ्रमी थिईन् भने अन्य स्थलमा यदुवंशी वसुदेवका छोराको नाम पनि कल्प थियो। उनकी आमाको नाम उपरेता थियो। उनी उक्त वसुदेवका १० छोरामध्ये एक थिए। त्यसरी नैं तेस्रा व्यक्ति (कल्प) मत्स्यपुराणको आधारमा हिरण्यकशिपुकी वहिनी सिंहिका र विप्रचित्तिको संसर्गबाट उत्पन्न भएका थिए। यिनी १३ दाजुंभाई मध्येका एक हुन्। एवं रीतिले चौथा कल्प एउटा महर्षि थिए। जसले सिंधुपति विश्वावसुकी एउटी कन्याको पालन, पोषण गरेका थिए। जसको विवाह कालान्तरमा नेपालका राजा दुर्दर्शका साथमा भएको थियो। यसको उल्लेख हिन्दी विश्वभाषाकोषमा पाइन्छ। अव प्रकृतमा जाऔं। कल्प शव्दले व्रह्म दिनसँग सम्वन्ध राख्दछ। अतः त्यसवारे केही दिग्दर्शन गरिन्छ। यद्यपि व्रह्म दिनसँग सम्वन्धित केही विवरण पहिले पनि प्रस्तुत गरिसकिएको छ, तर अपुग भएकाले अझै थप विवरण प्रस्तुत गरिदैछ। **"दैवे युग सहस्रे द्वे व्रह्मःकल्पौ तु तौ नृणाम्"** अर्थात् २००० (दुई हजार दैवयुग वरावर) व्रह्माको एक अहोरात्र हुन्छ भन्ने कुरो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिसकिएको छ। अन्य कुरा यस प्रकार छ- ब्रह्मा[१७] का दुई पराध युक्त आयु १०० (एक सय) वर्षको हुन्छ। ब्रह्माको पहिलो परार्धको प्रारम्भमा 'ब्राह्मकल्प' नामको महान् कल्पको प्रादुर्भाव भयो जसलाई विद्वान्हरू शब्दब्रह्म भन्दछन् भने द्वितीय परार्धको प्रारम्भमा 'पाद्मकल्प' को उत्पत्ति भयो। अतः 'ब्रह्मकल्प' अन्तर्गत निम्न कल्पको स्थिति रहेको देखिन्छ जो म.सं.वि. संस्कृत नेपाली कोष अनुसार यसरी राखिएको छ।

ती वितेका पूर्व ब्राह्मकल्प भित्रका कल्प यस प्रकार रहेका छन्। रथ्यन्तर, कपिल, प्रजापत्य, ब्राह्म, सौम्य, सावित्र, गार्हस्पत्य, प्रभासक, माहेन्द्र, अग्निकाल, जयत, मारुत, वैष्णव, बहुरूप, ज्योति, मायूर, कौर्म, वक, मात्स्य, पाद्म, बटकल्प र बराहकल्प आदि। यसरी नैं द्वितीय पंरार्धको पाद्मकल्प[१८] अन्तर्गत (१) श्वेत वाराह (हेमाद्रिकृत संकल्पको आधारमा) (२) नीललोहित (३) वामदेव (४) रथन्तर (५) रौरव (६) प्राण (७) बृहत्कल्प (८) कन्दर्प (९) सत्य (१०) ईशान (११) व्यान (१२) सारस्वत (१३ उदान (१४) गारुड (१५) कौर्म (१६) नारसिंह (१७) समान (१८) आग्नेय (१९) सोम (२०) मानव (२१) पुमान् (२२) वैकुण्ठ (२३) लक्ष्मी (२४) सावित्री (२५) घोर (२६) वराह (२७) वैराज (२८) गौरी (२९) माहेश्वर र (३०) पितृक्रल्प गरी त्रिशत्कल्पको नामाकरण महाभारत,

---

१७) यदर्धमायुषस्तस्य परार्धमभिधीयते। पूर्वपरार्धोपक्रान्तो ह्यपरोऽद्य प्रवर्तते॥
पूर्वस्यादौ परार्धस्य ब्राह्मो नाम महानभूत्। कल्पो यत्राभवद् ब्रह्मा शब्दब्रह्मेति यं विदुः॥
तस्यैव चान्ते कल्पोऽभूत् यं पाद्ममभिचक्षते। यद्धरेर्नाभिसरस आसील्लोक सरोरुहम्॥
अयं तु कथितः कल्पो द्वितीयस्यापि भारत। वाराह इति विख्यातो यत्रासीत् सूकरोहरिः॥
भा. ०३/११/३३-३६

१८) <u>त्रिंशत् कल्पानां नामानि</u> :-
कल्पानु कीर्तनं वक्ष्ये सर्वपापप्रणाशनम्। यस्यानुकीर्तनादेव वेदपुण्येन युज्यते॥
प्रथमः श्वेतकल्पस्तु द्वितीयो नीललोहितः। वामदेवस्तृतीयस्तु ततो रथन्तोऽपरः॥
रौरवः पञ्चमः प्रोक्तः षष्ठः प्राण इति स्मृतः। सप्तमोऽथ वृहत्कल्पः कन्दर्पोष्टम उच्यते॥
सत्योऽथ नवम प्रोक्तः ईशानो दशमःस्मृतः। व्यान एकादश प्रोक्तः तथा सारस्वतोऽपरः॥
त्रयोदश उदानस्तु गारुडोऽथ चतुर्दशः। कौर्म्यः पञ्चदशो ज्ञेयः पौर्णमासी प्रजापतेः॥
षोडशो नारसिंहस्तु समानस्तु ततः परः। आग्नेयोऽष्टादश प्रोक्तः सोमकल्पस्तथापरः॥
मानवो विंशतिः प्रोक्तस्तत् पुमान् इति चापरः। वैकुण्ठश्चापरस्तद्वल्लक्ष्मीकल्पस्तथापरः॥
चतुर्विंशस्तथा प्रोक्तः सावित्रीकल्पसंज्ञकः। पञ्चविंशति यो घोरो वाराहस्तु ततोऽपरः॥
सप्तविंशोऽथवैराजो गौरीकल्पस्थताऽपरः। माहेश्वरस्ततः प्रोक्तो त्रिपुरो यत्र घातितः॥
पितृकल्पस्तथान्ते तु या कुहुर्ब्रह्मणः स्मृता। इत्येयं ब्रह्मणोमासः सर्वपाप प्रणाशनः॥
आदावेव हि माहात्म्यं यस्मिन् यत्र विधीयते। तस्य कालस्य तन्नाम विहितं ब्रह्मणः पुरा॥
वाच.पृ.सं.१८१६

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत्स्यपुराण, वाचस्पत्यम् आदि गरिएका ग्रन्थमा उल्लेख गरिएको पाइन्छ। यसको अतिरिक्त हेमाद्रिमा 'द्वात्रिंशत् कल्पानां मध्ये' को उल्लेख पाइन्छ जो व्राह्म र पाद्मकल्पलाई समेत लिएर गणना गरिएको वुझिन्छ।

यसरी नैं चतुर्वर्गचिन्तामणि परिशेपखण्ड अन्तर्गतको नागर खण्डमा कल्पको उत्पत्ति दिवसको वारेमा वर्णन यस प्रकार गरिएको छ। जसलाई चार्ट नं. ६ मा देखाइएको छ। जसमा त्रिशत् कल्पको नाम एवं उत्पत्ति दिवस समेत उल्लेख गरिएको छ। तर मत्स्यपुराणोक्त नाम, हेमाद्रिकृत नाम र महाभारतोक्त कल्पनामको उल्लेख गर्ने क्रममा केही अन्तर भए झैं यसमा पनि केही नाम र क्रममा अन्तर भएको पाइएको छ। जो यसप्रकार रहेको छ।

चार्ट नं. ६ चतुर्वर्ग चिन्तामणि परिशेषखण्डनागरखण्डोक्त कल्प नामावली र उत्पत्ति तिथि[१९]

क्र.सं.	कल्पनाम	उत्पत्ति तिथि
१	श्वेतकल्प	चैत्र शुक्ल प्रतिपदामा उत्पन्न
२	उदानकल्प	चैत्र शुक्ल त्रयोदशीमा उत्पन्न
३	नारसिंहकल्प	चैत्र कृष्ण प्रतिपदामा उत्पन्न
४	गौरीकल्प	चैत्र कृष्ण त्रयोदशीमा उत्पन्न
५	नीललोहितकल्प	वैशाख शुक्ल तृतीयामा उत्पन्न
६	गारुडकल्प	वैशाख शुक्ल चतुर्दशीमा उत्पन्न
७	समानकल्प	वैशाख कृष्ण द्वितीयामा उत्पन्न
८	माहेश्वरकल्प	वैशाख कृष्ण चतुर्दशीमा उत्पन्न
९	वामदेवकल्प	जेष्ठ शुक्ल तृतीयामा उत्पन्न
१०	कौर्मकल्प	जेष्ठ शुक्ल पूर्णिमामा उत्पन्न
११	आग्नेयकल्प	जेष्ठ कृष्ण तृतीयामा उत्पन्न
१२	पितृकल्प	जेष्ठ कृष्ण अमावास्यामा उत्पन्न

१९) अथकल्पादयो राजन् कथ्यन्ते तिथयः शुभाः। यासु श्राद्धे कृते तृप्तिःपितृणामक्षमाभवेत् ॥
चैत्रशुक्ल प्रतिपदि श्वेतकल्पः पुरा भवत्। तस्य शुक्ल त्रयोदश्यामुदानः समजायत ॥
कल्पस्तु नारसिंहाख्यः कृष्णायां प्रतिपद्यभूत्। अथकृष्णत्रयोदश्यां गौरीकल्पोऽप्यकल्पयत् ॥
वैशाखस्य तृतीयायां शुक्लायां नीललोहितः। चतुर्दश्यां तु शुक्लायां प्रवृत्तो गारुडाभिधः ॥
समानस्तु द्वितीयायां कृष्णायामुपपद्यते। माहेश्वरश्चतुर्दश्यां कृष्णपक्षे समागमत् ॥
जेष्ठशुक्ल तृतीयायां वामदेवस्य संभवः। पौर्णमास्यान्तु तस्यैव कौर्मः प्रववृते नृप ॥
कृष्णपक्षे तृतीयायामाग्नेयः समगच्छत। पितृपक्षे त्वमावस्यान्तस्यैवाश्रित्य पप्रथे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्र.सं.	कल्पनाम	उत्पत्ति तिथि
१३	रथ्यन्तरकल्प	आषाढ शुक्ल चतुर्थीमा उत्पन्न
१४	सोमकल्प	आषाढ शुक्ल कृष्ण चतुर्थीमा उत्पन्न
१५	रौरवकल्प	श्रावण शुक्ल पंचमीमा उत्पन्न
१६	मानवकल्प	श्रावण कृष्ण पंचमीमा उत्पन्न
१७	प्राणधिपकल्प	भाद्र शुक्ल षष्ठीमा उत्पन्न
१८	पुरुषकल्प	भाद्र कृष्ण षष्ठीमा उत्पन्न
१९	वहुकल्प	आश्विन शुक्ल सप्तमीमा उत्पन्न
२०	वैकुण्ठकल्प	आश्विन कृष्ण सप्तमीमा उत्पन्न
२१	कन्दर्पकल्प	कार्तिक शुक्ल अष्टमीमा उत्पन्न
२२	लक्ष्मीकल्प	कार्तिक कृष्ण अष्टमीमा उत्पन्न
२३	संघकल्प	मार्ग (मंसीर) शुक्ल नवमीमा उत्पन्न
२४	सावित्रीकल्प	मार्ग (मंसीर) कृष्ण नवमीमा उत्पन्न
२५	ईशानकल्प	पौष शुक्ल दशमीमा उत्पन्न
२६	अघोरकल्प	पौष कृष्ण दशमीमा उत्पन्न
२७	व्यानकल्प	माघ शुक्ल एकादशीमा उत्पन्न
२८	वराहकल्प	माघ कृष्ण एकादशीमा उत्पन्न
२९	सारस्वतकल्प	फागुन शुक्ल द्वादशीमा उत्पन्न
३०	विराजकल्प	फागुन कृष्ण द्वादशीमा उत्पन्न

शुचौ शुक्लचतुर्थ्यां तु कल्पो रथ्यन्तरोऽभवत्। तस्यान्तस्यैव कृष्णायां सोमकल्पः समापतत् ॥
श्रावणे शुक्ल पञ्चम्यां रौरवः समवर्तत । तस्यैव कृष्णपञ्चम्यां मानवः समपद्यत ॥
षष्ठीं षौष्ठपदे शुक्लां प्राप्य प्राणाधिपोऽभवत् । सितेतरायां षष्ठ्यान्तु तस्य तत् पुरुषाह्वयः ॥
वहुकल्पस्तु सप्तम्यां शुक्लायामाश्विनस्य तु । कृष्णायामपि वैकुण्ठ प्रविवेश विशांपते ॥
कार्तिकस्य सिताष्टम्यां कल्पः कन्दर्पसंज्ञकः । असितायां पुनर्जज्ञे लक्ष्मीकल्पस्य कल्पना ॥
मार्गे शुक्लनवम्यां तु कल्पः संधोऽभ्यपद्यत । असितायां तु सावित्रीकल्पः प्रारम्भमभ्यगात् ॥
पौषे दशम्यां शुक्लायामीशानः प्रादुरास ह । सितायामघोरस्य कल्पस्योपक्रमोऽभवत् ॥
एकादश्यान्तु शुक्लायां माघे व्यानः प्रजज्ञिवान् । तस्यामेव तु कृष्णायां वाराहः प्राप भूपते ॥
सारस्वतस्तु द्वादश्यां शुक्लायां फाल्गुनस्य च । कृष्णायामथ वै राजन् विराजस्तु महामते ॥
इति त्रिंशदमी कल्पास्तिथयः परमेष्ठिनः । आरम्भस्तिथयस्तेषामुक्ताः पुण्यतमा मया ॥
तासु श्राद्धे कृते पुण्यमाकल्पाय प्रकल्पते ॥ **(चतुर्वर्गचिन्तामणी-पृ.सं. २५७ भाग ४/अ. ५)**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी[२०] ब्रह्माको ३० कल्पको एक महिना हुन्छ भने ३६० कल्पको एक संवत्सर (एकवर्ष) हुन्छ। त्यसरी नैं ३६०x१००=३६००० (छत्तीस हजार) कल्प ब्रह्माको १०० वर्ष हुन्छ। यो गणना केवल ब्रह्म दिनको मात्र हो। ब्रह्मको रात्रिको गणना समेत गर्दा ब्रह्माको पूर्ण रात्रि आयुमा ३६००० (छत्तीस हजार) कल्प हुन्छ। दुवैलाई जोड्दा ३६००० ब्रह्मदिन र ३६००० ब्रह्म रात्री गरी जम्मा = ७२ हजार ब्रह्म कल्प, ब्रह्माको पूर्ण (अहोरात्र) आयु हुन्छ। यो ब्रह्माको पूर्ण १०० वर्षको आयु सीमा हो। त्यसपछि महाप्रलय (प्राकृत प्रलय) हुन्छ। परमात्माको इच्छा भएमा पुनः अर्को ब्रह्माको उत्पत्ति भई पुनः पूर्ववत् सृष्टि रचना हुने गर्दछ। पुनः अरु सृष्टि विकास क्रम पनि यही रीतले चल्दछ।

प्रलय परिचय :-

समय सीमाको क्षय (समाप्ति) नैं प्रलय हो प्रत्येक स्थावर जङ्गम जीवको समाप्ति, मन्वन्तरको समाप्ति, कल्पको समाप्तिलाई प्रलय भनिन्छ। अतः प्रलय[२१] ४ प्रकारका हुन्छन्। (१) नित्य प्रलय (२) नैमित्तिक प्रलय (३) प्राकृतिक प्रलय र (४) आत्यन्तिक प्रलय। जसलाई क्रमशः वर्णन गरिदैछ।

१) नित्य प्रलय[२२] :- नित्य जन्मिने र मर्ने सवै वस्तु नित्य प्रलय अन्तर्गत पर्दछन्। आ-आफ्नो समय सीमा समाप्त भई नष्ट हुनु नित्य प्रलय हो। प्रत्येक स्थावर जङ्गम (उद्भिज्ज, स्वदेज, अण्डज, जरायुज) प्राणीले आ-आफ्नो शरीर त्याग गर्नु नैं उनीहरुको प्रलय हुन्छ। किनकि **'जातस्य हि ध्रुवो मृत्युः'** भन्ने कुरोले यसलाई स्पष्ट पार्दछ। तसर्थ उत्पन्न भएको वस्तुको समाप्ति (मृत्यु) नित्य प्रलय हुन्छ।

२) नैमित्तिक प्रलय[२३] :- 'पुराकल्पक्षये वृत्ते जातं जलमयं जगत्' कल्पको समाप्तिमा तीन लोक जलमय हुन्छन्। ब्रह्माको एक दिनलाई कल्प

---

२०) ब्राह्ममेकमहः कल्पस्तावती रात्रिरिष्यंते। चतुर्युगसहस्रं तु कल्पमाहुर्मनीषिणः॥
त्रीणि कल्पशतानि स्युः तथा षष्टिर्द्विजोत्तमा। ब्रह्मणः कथितं वर्षं पराख्यं तच्छतं विदुः॥
तस्यान्ते सर्वतत्त्वानां स्वहेतौ प्रकृतौ लयः। तेनाऽयं प्रोच्यते सद्भिः प्राकृतः प्रतिसंचरः॥
ब्रह्मनारायणेशानां त्रयाणां प्रकृतौ लयः। प्रोच्यते कालयोगेन पुनरेव च संभवः॥ कू.पु.पू. ५/१८

२१) नित्यो नैमित्तिकश्चैव तथा प्राकृतिकोलयः। आत्यन्तिकश्च कथितः कालस्य गतिरीदृशी॥
भा.। कू.पु.पू. ५/१५-१८

२२) नित्यदा सर्वभूतानां ब्रह्मादीनां परंतप। उत्पत्ति प्रलयावेके सूक्ष्मज्ञाः सम्प्रचक्षते॥
कालस्रोतोजवेनाशु ह्रियमाणस्य नित्यदा। परिणामिनामवस्थास्ता जन्मप्रलयहेतवः॥ भा. १२/४/३५-३६

२३) एष नैमित्तिकोनाम मैत्रेय प्रतिसंचरः। निमित्तं तत्र यच्छेते ब्रह्मरूपधरो हरिः॥ वि.पु. ६/४/७
त्रयोलोका इमे तत्र कल्पन्ते प्रलयाय हि। एष नैमित्तिक प्रोक्तः प्रलयो यत्र विश्वसृक्॥
शेतेऽनन्तासनोविश्वमात्मसात्कृत्य चात्मभूः॥ भा. १२/३-४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ भने एक रातलाई पनि कल्प भनिन्छ ब्रह्माको रातिलाई प्रलय भनिन्छ। यसमा ब्रह्माले आफ्ना शरीरमा भूः, भूवः, स्वः तीनैं लोकलाई लीन गरी शयन गर्नुहुन्छ। ब्रह्म सृष्टिक्रम रुकेपछि विष्णु पनि शेष शैय्यामा सुत्नु हुन्छ। यो ब्रह्माको रात्रि अवस्था नैं प्रलयावस्था हुन्छ। जसलाई नैमित्तिक प्रलय भन्दछन्[२४]। अनि महलोकदेखि ब्रह्मलोक पर्यन्त एक हजार दैवयुग बराबरको समय एक दिनको हुन्छ। त्यस्तै एकहजार दैवयुगको रात हुन्छ, प्रत्येक कल्पको समाप्तिमा नैमित्तिक प्रलय हुन्छ। यसमा मह, जन, तप र सत्यलोक आ-आफ्ना स्थानमा नैं स्थिर रहन्छन्।

३) प्राकृतिक प्रलय[२५] :- प्रत्येक मनुष्यको रात्रि पछि दिन भए भैं ब्रह्माको पनि रात्रि (कल्प) बितेपछि अर्को दिन कल्पको प्रारम्भ हुन्छ। यसरी रात्रि र दिन गरी ७२,००० कल्प या आफ्नो मान अनुसार ब्रह्माको १०० वर्ष पूरा भै सकेपछि सृष्टि समाप्त हुन्छ। जसलाई प्राकृत प्रलय भन्दछन्। यसमा महत्तत्त्वदेखि पञ्चतन्मात्रासम्मका वस्तुहरु क्रमशः विलीन हुँदै आफ्नो मूल प्रकृति (माया) मा मिल्न पुग्दछन्। त्यसरी नैं अन्य पञ्चमहाभूत, पञ्चतन्मात्रामा, पञ्चकर्मेन्द्रिय, पञ्चज्ञानेन्द्रिय एवं मन, बुद्धि, प्राण आदि आफ्नो मूल प्रकृति अहंकारमा लीन हुन्छन्। त्यतिवेला पंचमहाभूत स्वरूप-पृथ्वी, जल, तेज, वायु, आकाश, आ-आफ्ना गुण-रूप रसादी पंचतन्मात्रामा क्रमशः विलीन हुन्छन्। अनि क्रमशः तामस, तैजस, वैकारिक, अहंकार हुँदै महत्तत्त्वमा विलीन हुँदै उत्तरोत्तर क्रमले प्रकृतिमा विलीन हुन पुग्छन् र चारैतिर प्रकृति नैं प्रकृति हुन्छिन्। यसमा महत्तत्त्वादि २४ विकृतिको पूर्ण रूपेण विलय हुन्छ। स्वप्न, जाग्रत, सुषुप्तिको अवस्था रहँदैन। सूर्य चन्द्र पनि रहदैनन्। सबै वस्तु सुप्त एवं शून्य जस्तो हुन्छ। जसको वर्णन तर्क या अनुमानबाट गर्न सकिँदैन। यसलाई नैं प्राकृतिक प्रलय भन्दछन्। जसमा प्रकृतिद्वारा निर्मित सम्पूर्ण वस्तुको समाप्ति हुन्छ र केवल प्रकृति मात्र शेष रहन्छिन्। त्यसकारण अव्यक्त प्रकृति (माया) लाई नैं दिव्य ऋषिगणले जगत्को मूल तत्त्व मानेका छन्। अन्त्यमा परब्रह्मको इच्छा भएमा प्रकृति पनि शक्ति क्षीण भई पुरुषमा र पुरुष परब्रह्म परमेश्वरमा लीन हुन्छन्। जसलाई चार्ट नं. ७ मा देखाइएको छ।

---

२४) त्रिलोक्या युगसाहस्त्रं बहिराब्रह्मणो दिनम्। तावत्येव निशा तात यन्निमीलति विश्वसृक्॥
भा.३/११/२२

२५) द्विपरार्धे त्वतिक्रान्ते ब्रह्मणः परमेष्ठिनः। तदा प्रकृतयः सप्तकल्पन्ते प्रलयाय वै॥
एष प्राकृतिको राजन् प्रलयो यत्र लीयते। आण्डकोषस्तु संघातो विघात उपसादिते॥ भा. १२/४/५-६
लयः प्राकृतिको ह्येष पुरुषव्यक्तयोर्यदा। शक्तयः सम्प्रलीयन्ते विवशाः कालविद्रुता॥ भा. १२/४/२२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चार्ट नं. ७

प्राकृतिक प्रलय

क्र.सं.	नश्वर वस्तुहरु	गुण	प्रलय (लीन) समाप्त हुन्छ
१.	विभिन्न शरीर (प्राणी)	पञ्चतन्मात्रा	पृथिवी-पानी-तैज-वायु-आकाशमा
२.	पृथिवी	गन्ध समाप्त भई	जल (पानीमा) लीन हुन्छ
३.	जल	रस समाप्त भई	तेजमा लीन हुन्छ/मिल्दछ
४.	तेज	रूप समाप्त भई	वायुमा लीन हुन्छ/मिल्दछ
५.	वायु	स्पर्श समाप्त भई	आकाशमा लीन हुन्छ/मिल्दछ
६.	आकाश	शब्द समाप्त भई	तामस अहंकारमा लीन हुन्छ/मिल्दछ
७.	५ कर्मेन्द्रियः वाक्, प्राणी, पाद, पायु, उपस्थ ५ ज्ञानेन्द्रियः श्रोत्र, त्वक्, चक्षु, घ्राण, रसना र प्राण एवं वुद्धि	शक्ति क्षीण भई	तैजस अहंकारमा
८.	मन र दस इन्द्रियाधिष्ठात् देवता	शक्ति क्षीण भई	वैकारिक (सात्विक) अहंकारमा
९.	अहंकार	शक्ति क्षीण भई	महत्तत्वमा
१०.	महत्तत्व	शक्ति क्षीण भई	सत्व, रज, तम आदि गुणमा
११.	तीन गुणको	शक्ति क्षीण भई	प्रकृतिमा विलीन
१२	प्रकृति	एकिकृत भई	पुरुषमा र पुरुष–परव्रह्ममा लीन

४) **आत्यन्तिक प्रलय** :– **'मोक्ष स्वरूप'** हुन्छ। उक्त प्रलयकाल, समय सीमामा वाँधिदैन । त्यो तत्काल हुन सक्तछ या अनेकौं वर्ष पछि पनि हुन सक्दछ। करोडौं वर्ष पछि (व्यतीत भएमा) पनि नहुन सक्तछ। भगवत् अनुग्रह भएमा तुरुन्त व्यक्ति मुक्त पनि हुन सक्तछ। यो अवस्था मायामुक्त अवस्था हुन्छ[२६] । जव कुनैं प्राणीले विवेकरुपी खड्गद्वारा मायामय अहंकारको वन्धनलाई काटी दिन्छ, तव त्यो आफ्नो एक मात्र आत्मस्वरूपको साक्षात्कारमा लाग्दछ (स्थिर हुन्छ) । आत्माको यो मायामुक्त स्थिति नैं **"आत्यन्तिक प्रलय"** या मोक्षको स्वरूप मानिएको छ ।

---

२६) यदैवमेतेन विवेकहेतिना मायामयाहङ्करणात्मवन्धनम् ।
छित्वाच्युतात्मानुभवोऽवतिष्ठते तमाहुरात्यन्तिकमङ्ग सम्प्लवम् ॥ भा. १२/५/३४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निष्कर्ष :-

वह्मादेखि तृणसम्म जति प्राणी या पदार्थ छन् ती सवै नश्वर हुन्छन्। सवै सधैं उत्पन्न हुन्छन् र मर्दछन्। त्यसैगरी प्रत्येक देव, देवता, मनु, सप्तर्षि आदिको समेत आयु सीमा निर्धारित गरिएको देखिन्छ। पूर्वीय दर्शनका विद्वान् सृष्टि सम्वन्धी गणनामा स्पष्ट छन् भने पाश्चात्य वैज्ञानिक सृष्टि सम्वन्धी गणनामा रुमलिरहेका छन् र अहिले पनि आर्य-हिन्दू सनातन धर्मावलम्वीहरुको गणना छेउसम्म पनि पुग्न सकेका छैनन्। उनीहरुको अन्वेषण जारी छ। अन्तमा आर्य (सनातन) सृष्टि संवत्सरको छेउमा आईपुग्ने छन् भन्ने कुरोमा विश्वास गर्न सकिन्छ। सनातनीहरूको सृष्टिक्रम, विकासक्रम, युगक्रम, मन्वन्तरक्रम, संवत्सरक्रम तथा कल्पक्रमवारे विस्तृत एवं क्रमवद्ध वर्णन आर्य सनातनधर्म वाहेकका अन्य धर्मावलम्वीहरुको ग्रन्थमा पाइँदैन। वरु सृष्टिका साथै प्रलय (समाप्ति) को वर्णन समेत गरिएको हाम्रा प्राच्य ग्रन्थमा पाइन्छ, जो क्रमवद्ध तरीकाले गरिएको छ। हाम्रा धार्मिक एवं पौराणिक ग्रन्थ यस्ता अनेकौं उपाख्यान, वैज्ञानिक क्रम एवं वर्णनले भरिएका छन्। तसर्थ हाम्रो सनातन हिन्दू संस्कृति अतिप्राचिन छ। हाम्रो पञ्चभौतिक शरीर, जसको उत्पत्ति- पृथिवी, जल, तेज, वायु र आकाशको संमिश्रणवाट भएको छ र, अन्त्यमा उनैं वस्तुमा विलीन पनि हुनजान्छ। तर त्यस्ता शरीरप्रतिको मोह एवं आशक्ति अत्यधिक मात्रामा वढ्नु अहिलेको नियति नैं वनिसकेको छ। बृहत्पाराशर[२७] स्मृतिमा ब्रह्मा लगायत विष्णु र महेशको आयुसीमा पनि निर्धारित गरिएको पाइन्छ। व्रह्माको पूर्ण आयु सीमा वरावर विष्णुको एक दिन या अन्य स्थलमा एक निमेष हुन्छ भनिएको छ भने विष्णुको समय सीमा वरावर महेशको एक त्रुटि हुन्छ, भनिएको छ। यसरी शिवको समय सीमा २,२३,९४,८८,००,००,००,००,००,००,००,००० असंख्य वर्षको मानिन्छ। विष्णुको समयमा अनेक व्रह्माको उत्पत्ति एवं विलय हुन्छ भने शिवको समयमा अनेक विष्णु आउँदै जाँदै गर्दछन्। यसरी सृष्टिको उत्पत्ति एवं प्रलयको क्रम चलेको हुन्छ। अन्त्यमा सवै प्राकृतिक वस्तु प्रकृतिमा, प्रकृति पुरुषमा र पुरुप परव्रह्म परमात्मामा विलीन भई यो सम्पूण संसार शून्यमा पुग्दछ।

---

२७) तदेकसप्ततिगुणं मन्वन्तरमिति स्मृतम्। मन्वन्तरद्वयेनेह शक्रपातः प्रकीर्तितः ॥
एतन्मानेन वर्पाणां शतं व्रह्मक्षयः स्मृतः। व्रह्मक्षयशतेनापि विष्णोरेकरहर्भवेत् ॥
एतत् दिवसमानेन शतवर्षेण तत्क्षयः। एतत्क्षत्रिगुणोऽष्टामी रुद्रस्य त्रुटिरुच्यते ॥
एवमाब्दिकमानेन प्रयातेऽव्दशतैर्द्विजाः। रुद्रश्चात्मनि लीयेत निरालम्वे निरामये ॥ वृ.पा.स्मृ. १२/१८७-९१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यतिवेला केही पनि हुँदैन । सम्पूर्ण पृथिवी भन्दा तल र माथिका ७+७=१४ लोक नष्ट भएका हुन्छन् र भूर्भुवः स्वः–पृथिवी, अन्तरिक्ष र स्वर्ग तीनैं लोक जलमय हुन्छन् । पुनः परव्रह्म परमात्मालाई केही क्रीडा गर्ने इच्छा जागृत भएमा क्रमशः शिव, विष्णु, ब्रह्माको सृष्टि गर्दै उनीहरुलाई संहार, पालन र उत्पत्तिको शक्ति प्रदान गर्दै आफू केवल तटस्थ द्रष्टाको रूपमा हेर्ने गर्दछन् । परव्रह्म परमात्माको सम्वन्धमा भन्नु पर्दा परमाणुदेखि व्रह्मसम्मको समय क्षरव्रह्म र व्रह्मभन्दा माथि विष्णु, शिव, प्रकृति कालआदि अक्षरव्रह्म भनिएका छन् ।

यद्यपि परव्रह्म परमात्मावाट उत्पन्न वह्मा, विष्णु, रुद्र यी तीन महापुरुष उत्पत्ति, स्थिति र संहारका निमित्त उत्पन्न भएका हुन् । तर वह्मा वाहेकका यी दुवै महापुरुष अक्षरव्रह्म भएकाले महाविष्णु र महेश्वरवाट (यी दुवै सम्मतिमा) विश्वको निर्माण र संहार गर्ने गरिन्छ[२८] । यद्यपि दुवै तत्त्वतः अलग होइनन् भनी **कूर्म पुराणमा** उल्लेख गरिएको पाइन्छ । जसमा विष्णुको उक्ति उद्धृत गर्दै भनिएको छ[२९] । व्रह्मा, जीव, वासुदेव तथा शङ्कर आदिको उत्पत्ति कालस्वरूप परव्रह्मवाट र विलय पनि उनैंवाट हुन्छ । यी अजर, अमर र अनादि छन् । उनी सर्वव्यापी र स्वतन्त्र भएकाले यसलाई महेश्वर भनिन्छ । पुनः अगाडि भनिएको छ[३०] व्रह्मा, रुद्र तथा नारायण अनेक हुन्छन् तर भगवान् परव्रह्म परमात्मा एक छन् । जसलाई वेदले ईश, काल तथा कवि भनेको छ ।

अन्यत्र सम्पूर्ण संसारको उत्पत्ति र विलयका कारण व्रह्मस्वरूप नारायणलाई परव्रह्म मानी उनको विषयमा भनिएको छ[३१] । वेदले 'अप्' लाई 'नार' भन्दछ । 'अप्' भनेको जल हो र त्यही जल नैं नरको अयन वासस्थान मानिन्छ । तसर्थ सर्वप्रथम विराट पुरुष (नारायण) को उत्पत्ति जलवाट भएकाले 'नारायण' नाम रह्यो । यिनी नैं परव्रह्म हुन् भनिएको छ । यसैगरी विष्ण

२८) तुष्टोऽस्मि सर्वयाऽहं ते भक्त्या तव जगन्मय । वरं वृणीष्व नह्यावां विभिन्नौ परमार्थतः ॥ कू.पु.पू. ९/७९

२९) एष धाता विधाता च प्रधान पुरुपेश्वरः । यं प्रपश्यन्ति यतयो व्रह्मभावेन भाविताः ॥
सृजत्येष जगत् कृत्स्नं पाति संहरते तथा । कालो भूत्वा महादेवः केवलो निष्कलः शिवः ॥
व्रह्माणं विदधे पूर्वं भवन्तं यः सनातनः । वेदांश्च प्रययौ तुभ्यं सोऽयमायाति शङ्करः ॥
अस्यैव चापरां मूर्तिं विश्वयोनिं सनातनीम् । वासुदेवाभिधानं मामवेहि प्रपितामहः ॥ कू.पु.पू. ९/५९-६२
यं न पश्यन्ति योगीन्द्राः सांख्या अपि महेश्वरम् । अनादिनिधनं व्रह्म तमेव शरणं व्रज ॥ कू.पु.पू. ९/४३

३०) व्रह्माणो वहवो रुद्रा ह्यन्ये नारायणादयः । एको हि भगवानीशः कालः कविरिती श्रुतिः ॥ कू.पु.पू. ५/२१

३१) आपो नारा इति प्रोक्ता नाम्ना पूर्वमिति श्रुतिः । अयनं तस्य ता यस्मात् तेन नारायणः स्मृतः ॥ वि.पु.भा.। एवं कू.पु. ६/५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराणमा[३२] भनिएको छ- प्रकृति र पुरुष अन्त्यमा परमात्मामा लीन हुन्छन् र पूर्ण परमात्मा नैं सवैको आधार हो र त्यो विष्णुको नामले वेद र वेदान्तमा वर्णन गरिएको छ। तसर्थ विष्णु नैं परव्रह्म परमात्मा हुन् भनिएको पाइन्छ।

अन्य ग्रन्थमा भगवान् विष्णुले महेश्वरको सम्वन्धमा स्वयं व्रह्मालाई भनेको पाइन्छ। विष्णु भन्नुहुन्छ- हे व्रह्मा, महेश्वर व्रह्म स्वरूप छन्। उत्पत्ति स्थिति र लयका कारण एवं महाकाल पनि हुन्। यिनैंले तपाई (व्रह्माजी) लाई परापूर्वकालमा सृष्टि गरे र यिनकै अर्को मूर्ति वासुदेव नाम गरेको व्यक्ति म नैं हूँ। यसै[३३] क्रममा भगवान् महेश्वरको भनाई पनि महाविष्णुप्रति यस्तो रहेको देखिन्छ। महेश्वर भन्नुहुन्छ- हे विष्णु, सम्पूर्ण कार्यका कर्ता तिमी हौ भने म अधिदेवता हूँ। जो मेरो छ त्यही तिम्रो हो, जो तिम्रो छ त्यही मेरो हो। हामी दुवैमा केही भिन्नता छैन। तिमी चन्द्र भने म सूर्य, तिमी प्रकृति भने म पुरुष, तिमी विद्यात्मिका शक्ति र माया हौ, भने म ईश्वर, परव्रह्मपरमात्मा र नारायण पनि म नैं हूँ। व्रह्मज्ञानी योगी जन हामी दुवैलाई सदैव एकभावले हेर्दछन्। तिम्रो आराधना नगर्ने योगीले मलाई प्राप्त गर्न सक्तैन, तसर्थ परव्रह्म महेश्वरलाई प्राप्त गर्ने वाटो तिम्रो माध्यमवाट नैं प्राप्त हुन्छ। यद्यपि तिमी पनि मेरो अर्को स्वरूप[३४] या अंश नैं हौ। अन्यथावादी मलाई वह्मा[३५] द्वारा सृष्टि गरेको भन्दछन् तर त्यो पनि असत्य हो। वास्तवमा म नैं सनातन व्रह्म हूँ।

यसरी महाविष्णु र महेश्वर दुवै जो प्रकृति र ईश्वर स्वरूप मानिन्छन्। यिनी नैं जगत्का आदिकारण हुन् र यी दुवै अलग अलग नभई एक हुन्। यिनैं दुईको एकाकारावस्था परव्रह्म परमात्माको स्वरूप हो।

---

३२. प्रकृतिर्या ममाख्या च व्यक्ताव्यक्तस्वरूपिणी। पुरुषश्चाप्युभावेतौ लीयेते परमात्मनि ॥
परमात्मा च सर्वेषामाधारः परमेश्वरः। विष्णुर्नामा स वेदेषु वेदान्तेषु च गीयते ॥
वि.पु. ६/४/३९-४०

३३) तथेत्युक्त्वा महादेवः पुनर्विष्णुमभाषत। भगवान् सर्वस्य कार्यस्य कर्ताहमधिदैवतम् ॥
मन्मयं त्वन्मयं चैव सर्वमेतन्नसंशयः। भवान् सोमस्त्वमहं सूर्यो भवान् रात्रिरहं दिनम् ॥
भवान् प्रकृतिरव्यक्तमहं पुरुष एव च। भवान् ज्ञानमहं ज्ञाता भवान् मायाहमीश्वरः ॥
भवान् विद्यात्मिका शक्ति शक्तिमानहमीश्वरः। योऽहं सुनिस्कलोदेव सोऽपि नारायणः परः ॥
एकीभानेन पश्यन्ति योगिनो व्रह्मवादिनः। त्वामनाश्रित्य विश्वात्मन् न योगी मामुपैष्यति ॥
(कू.पु.पू. ९/८२-८६)

३४) अथ विष्णुर्महेशस्य शिवस्यैव परातनुः ॥ (शिव.म. पुराण)

३५) न शिवो व्रह्मणा सृष्टः सत्यो नित्यः सनातनः ॥ (व्र.वै.पु. प्रकृ. ५४/११४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तसर्थ कसैले विष्णुलाई ठूलो मान्ने त कसैले शिवलाई । यस्तो भेदवादी दृष्टिकोणलाई त्यागी अभेद दृष्टि राख्न अहिलेका विभिन्न सम्प्रदायवादीले पहल गर्नुपर्ने देखिन्छ । किनकि महाविष्णु र महेश्वर एक अर्काका पूरक शक्ति हुन् । यी दुवैमा अलिकति पनि भेदभाव छैन र यी दुवैं आद्य, अन्त शक्ति हुन् भन्ने कुरो उक्त विभिन्न भनाई[३६] बाट प्रष्ट भै सकेको छ । अतः निर्गुण, निराकार, प्रकृति पुरुष स्वरूप सवै काममा सक्षम परव्रह्म परमात्मा यी दुवै शक्ति हुन् जो अन्तमा एक[३७] आपसमा मिली पूर्णपरव्रह्म परमात्मा स्वरूप भएर रहन्छन् । यिनैंलाई कसैले काल भन्दछन् त कसैले श्रीकृष्ण अनि कसैले महेश्वर । अतः यस्ता सनातन पूर्णपरव्रह्म परमात्मालाई कोटी-कोटी नमस्कार छ ।

अन्तमा सनातन परमेश्वरवाट निर्देशित यस सनातन धर्मको वाटो गृहस्थ लगायत अन्य सवै वर्णाश्रमका व्यक्तिहरुले अनुसरण गर्नु पर्दछ । यस्तो मार्ग हिडेमा सवैको यो लोक र परलोक दुवै सुध्रिन्छ अनि व्यक्तिको जीवन पनि सार्थक हुन्छ भन्दै निम्न श्लोकका साथ यो दोस्रो प्रकरण पनि यही पूरा हुन्छ ।

सनातने वर्त्मनि साधुतिष्ठतामयं हि पन्था गृहमेधिनां मतः ।
अनेन गच्छन्नियतं महात्मनामिमं च लोकं परमं च विन्दति ॥

<u>मार्गदर्शक श्लोक</u> :-

मानुष्ये सति दुर्लभाः पुरुषता पुंस्त्वे तदा विप्रता
विप्रत्वे बहुविद्यताति गुणता विद्यवतोऽर्थज्ञता ।
अर्थज्ञस्य विचित्रवाक्यपटुता तत्रापि लोकज्ञता
लोकज्ञस्य समस्तशास्त्रविदुषो धर्ममतिर्दुर्लभा ॥

कृष्ण त्वदीय पदपङ्कज पञ्जरान्ते ह्यद्यैव मे विशतु मानस राजहंसः ।
प्राणः प्रयाण समये कफवातपित्तैः कंठावरोधनविधौ स्मरणं कुतस्ते ॥

---

३६) शिवस्य हृदयं विष्णुर्विष्णोश्च हृदयं शिवः । यथा शिवमयो विष्णुरेवं विष्णुमयः शिवः ॥
व्रह्मादि तृणपर्यन्तं मायया कल्पितं जगत् । सत्यमेकं परं व्रह्म विदित्वैवं सुखी भवेत् ॥
माधवो माधवीशौ द्वौ सर्वसिद्धिविधायिनौ । वन्दे परस्परात्मानौ परस्परनुतिप्रियौ ॥ (संकलन)

३७) विष्णुः साक्षात् शिवःप्रोक्तः शिवो विष्णुः प्रकीर्तितः । उभयो भेददृष्टिं यः करोति पतितोऽस्ति सः ॥
यथा शिवस्तथा विष्णुयथा विष्णुस्तथा शिवः । अन्तरं शिवविष्णोश्च मनागपि न विद्यते ॥
स्कन्द पु.काशीखण्ड २३/४१

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृतीय कोपिला

तिलक, शिखा र सूत्रको शास्त्रीय एवं वैज्ञानिक महत्त्व

कस्तूरी तिलकं ललाटपटले वक्षःस्थले कौस्तुभं,
नासाग्रे वरमौक्तिकं करतले वेणुःकरे कङ्कणम् ।
सर्वाङ्गे हरिचन्दनं सुललितं कण्ठे च मुक्तावली,
गोपस्त्रीपरिवेष्टितो विजयते गोपालचूडामणिः ॥ (भागवत्)

मनुष्यको जीवनमा संस्कारको महत्व अत्यधिक मात्रामा रहेको छ । गौतम स्मृतिमा ४८ संस्कारको उल्लेख छ भने महर्षि अंगिराले २५ संस्कारको उल्लेख गरेका छन् । यसका अतिरिक्त पुराणमा समेत विविध संस्कारको उल्लेख गरिएको पाइन्छ । तर मुख्य र आवश्यक संस्कार १६ हुन्छन् भनी महर्षि व्यासले[1] आफ्नो स्मृति ग्रन्थमा उल्लेख गरेका छन् । जसमा : (१) गर्भाधान (२) पुंसवन (३) सीमन्तोन्नयन (४) जातकर्म (५) नामकरण (६) निष्क्रमण (७) अन्नप्राशन (८) वपनक्रिया (चूडाकरण) (९) कर्णवेध (१०) व्रतादेश (उपनयन-व्रतवन्ध) (११) वेदारम्भ (१२) केशान्त (गोदान-कपाल काट्ने) (१३) वेदस्नान (समावर्तन) (१४) विवाह (१५) विवाहाग्नि परिग्रह (१६) त्रेताग्नि संग्रह अथवा अन्त्येष्टि क्रिया आदि । उक्त षोडश संस्कारमध्ये यहाँ केवल चूडाकरण (शिखा राख्ने) र व्रतादेश (व्रतवन्ध/ सूत्र)को वारेमा केही शास्त्रीय पक्षका साथ वैज्ञानिक पक्ष समेत राख्ने प्रयास गरिएको छ । यसका साथै सर्वप्रथम तिलक-टीकाको वारेमा समेत केही शास्त्रीय एवं वैज्ञानिक पक्ष पनि राखिएको छ । जो यसप्रकार रहेको छ ।

तिलक या टीकाको परिचय :-

तिलकको शाब्दिक अर्थ टीका हो । जो निधारको मध्य भागमा लगाइन्छ । तिलक शब्दले भारतीय समाजमा देखिएको विवाह पूर्व वरपक्षले लिने मोटो

१) गर्भाधानं पुंसवनं सीमन्तो जातकर्म च । नामक्रिया निष्क्रमणेऽन्नाशनं वपनक्रियाः । कर्णवेधो व्रतादेशो वेदारम्भक्रिया विधिः । केशान्तः स्नानमुद्वाहो विवाहाग्निपरिग्रहः ॥ त्रेताग्निसंग्रहश्चेति संस्काराः षोडशः स्मृताः ॥ (व्यासस्मृति १/१३-१५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रकमलाई पनि जनाउँदछ । तर यहाँ तिलक शव्दले व्यक्तिको निधारमा लगाउने चन्दन रोरी- कुंकुम आदिलाई भनेको वुझ्नु पर्दछ । टीका अनेक वस्तुको लगाउन सकिन्छ । (१) गोपी चन्दन (२) श्रीखण्ड/रक्तचन्दन (३) सिन्दूर (४) रोरी (कुंकुम) (५) भस्म (६) केशरी र तीर्थको माटो आदि । केही नपाउँदा जलको टीका पनि लगाउन सकिन्छ । वैष्णव सम्प्रदायका व्यक्ति ऊर्ध्वपुण्ड्र-गोपी चन्दन र श्री (रोरी) को टीका लगाउँछन् भने शैव सम्प्रदायका व्यक्ति भस्म चन्दनको त्रिपुण्ड्र र श्री (रोरी) को टीका लगाउँछन् । यसरी नैं शाक्त, सौर्य र गाणपत्य सम्प्रदायका व्यक्तिहरू पनि रोरी, चन्दन, रक्तचन्दन आदिको गोलो र ठाडो टीका लगाउने गर्दछन् । आजकलका अधिकांश युवा व्यक्तिहरू टीका/प्रसाद लगाउन मन पराउँदैनन् । उनीहरू यस्ता कुरालाई वेकार/वाहियात् सम्झिन्छन् । मन्दिर आदि स्थलमा केवल, मनोरञ्जन या घुम्ने उद्देश्यले मात्र जाने गर्दछन् । गएपनि टीका लगाउँदा आफ्नो आकर्षक व्यक्तित्व नष्ट हुन्छ कि जस्तो ठान्दछन् । अपवाद स्वरूप केहिले टीका लगाउने पनि गर्दछन् । यस्ता व्यक्तिहरूमा आजकालका युवापीढीको संख्या अत्यधिक मात्रामा रहेको देखिन्छ । यस्तै कतै-कतै आफूलाई आधुनिक अग्रगामी कहलाउन मन पराउने डाक्टर, इञ्जिनियरदेखि ठूल-ठूला आधुनिक संस्कृतका ज्ञाता समेत टीका प्रति नकारात्मक देखिने गर्दछन् । अव हामी विचार गरौं टीका किन लगाउने ? टीकाले व्यक्तित्व विग्रिन्छ ? के यो टीका लगाउनु पर्ने नै हो त ? या नलगाउँदा पनि हुन्छ ? यसको शास्त्रीय वा वैज्ञानिक आधार के छ ? यदि छ भने त्यो के हो ? प्रमाण के छ ? यो लगाउँदा या नलगाउँदा के फाइदा/वेफाइदा हुन्छ ? इत्यादि कुरा मनमा उठ्नु स्वभाविक नैं हुन्छ । तसर्थ यस सन्दर्भमा वेद, पुराण, उपनिषद् आदिमा व्यक्त गरिएका केही शास्त्रीय आधारलाई यहाँ संक्षेपमा प्रस्तुत गरिदैछ ।

तिलकको शास्त्रीय महत्त्व :-

वेदले[२] तिलक या चन्दन आदि वस्तुलाई औषधीको रूपमा प्रयोग गरेको पाइन्छ र उक्त औषधी स्वरूप रहेको वेसारवाट निर्मित रोरी (तिलक) र श्रीखण्ड चन्दन भगवान्‌लाई अर्पण गरी, उक्त प्रसाद ब्राह्मण, पुरोहितको हातवाट निधारमा (तिलक) पसादको रूपमा लगाउँदा यजमानको भलो हुने गर्दछ, भनिएको पाइन्छ । यसर्थमा वेदद्वारा समेत पुष्टि गरिएको तिलक या चन्दनको आफ्नो अलग महत्व रहेको देखिन्छ ।

२) ओषधयः समवदन्त सोमेन सह राज्ञा । यस्मैकृ॒णोति ब्राह्मणस्त ॅ राजन्पारयामसि ॥ (शु.यजु. १२/९६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी नैं शास्त्रले मुख्य रूपमा द्विज (ब्राह्मण, छेत्री र वैश्य) लाई तिलकको धारण सम्वन्धमा नियम लगाएको देखिन्छ । शूद्र वर्णका व्यक्तिलाई यस नियमबाट मुक्त गरिएको शास्त्रीय आधारले देखाउँछ। **प्रबन्ध पारिजातमा** भनिएको छ[३] सन्ध्यावन्दनादि कार्य केवल संस्कारी द्विजले मात्र गर्नुपर्दछ भन्ने शास्त्रीय आधारका कारण सन्ध्याकर्म गर्नुभन्दा पहिले ललाट (निधार)मा तिलक लगाउनुपर्दछ, नत्र त्यो कर्म निष्फल हुन्छ । ऊर्ध्वपुण्ड्र माटोको र त्रिपुण्ड्र भस्मको धारण गर्नुपर्दछ भन्ने वाक्य समेत[४] शास्त्रमा भेटिन्छ। **ब्रह्मवैवर्त्त पुराण**[५] अनुसार पनि दान, तप, होम, पूजापाठ आदि कार्य यदि निधारमा तिलक नलगाई गरिएको छ भने त्यो निष्फल हुन्छ । यसर्थमा टीका लगाउनु पर्दछ । तसर्थ विशेष गरेर ब्राह्मणवर्गले स्नानपछि प्रमाद नगरी निधारमा तिलक (टीका) लगाई सन्ध्या, तर्पण, देवपूजनादि कार्य गर्नु भन्ने शास्त्रीय कथन भेटिन्छ । यसैक्रममा **कठोपनिषद्**[६] अनुसार पनि हृदयमा एक सय एक नाडी हुन्छन् जसमध्ये सुषुम्ना नाडी कपाल प्रदेशको अगाडि निस्किन्छ र त्यो स्थान ललाट प्रदेश हो जसमा तिलक धारण गर्नाले मस्तिष्क शान्त हुन्छ र अन्य नाडीको प्राणोत्सर्गको समयमा समेत उक्त स्थलको उपयोग हुन्छ, भनिएको छ । तसर्थ उपर्युक्त प्रमाणको आधारमा द्विज एवं द्विजेतरले समेत तिलक या टीका धारण गर्दा हुन्छ भन्ने कुरो शास्त्रीय आधारमा पुष्ट हुन्छ ।

तिलकको वैज्ञानिक महत्त्व :-

पूर्वोक्त शास्त्रीय प्रमाणको आधारमा भनिसकिएको छ कि मेरूदण्डको प्रारम्भदेखि मास्तिष्कसम सुषुम्ना नाडी रहेको हुन्छ । जो अत्यधिक संवेदनशील हुन्छ । त्यसमा एक सय एक नाडी हृदयमा र एक नाडी मस्तिष्कको केन्द्रभूत स्थानको ठीक अगाडि ललाटस्थित तृतीय केन्द्रविन्दु (आज्ञाचक्र)सम्म पुगेको हुन्छ । जसलाई शान्त पवित्र र स्वच्छ राख्न त्यस स्थानमा विभिन्न पवित्र र शीतल पदार्थ चन्दन, शुद्धतीर्थमृत्तिका र रोरी (श्री) आदिको टीका लगाउने गरिन्छ । जसले मस्तिष्क शान्त हुन्छ र व्यक्तिले जीवनमा सफलता प्राप्त गर्दछ ।

---

३) ललाटे तिलकं कृत्वा सध्याकर्म समाचरेत् । अकृत्वा भालतिलकं तस्य कर्म निरर्थकम् ॥ (प्रबन्ध पारिजात)
४) अर्ध्वपुण्ड्रं मृदा धार्यं भस्मना तु त्रिपुण्ड्रकम् । उभयं चन्दनेनैव ह्यभ्यङ्गोत्सवरात्रिषु ॥ (प्र. पारिजात)
५) स्नानं दानं तपो होमो देवता पितृकर्म च । तत्सर्वं निष्फलं याति ललाटे तिलकं विना ।
ब्राह्मणस्तिलकं कृत्वा कुर्यात् सन्ध्याञ्च तर्पणम् ॥ (ब्र.वै.ब्रह्म. २६)
६) शतं चैका च हृदयस्य नाडचस्तासां मूर्धानमभिनिःसृतैका ।
तयोर्ध्वमायन्नमृतत्वमेति विष्वङ्ङन्या उत्क्रमणे भवन्ति ॥ (कठोपनिषद् २/३/१६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचारणीय कुरो के छ भने हाम्रा मनमा जुन विचार उत्पन्न हुन्छन् ती सबै सर्वप्रथम मस्तिष्कमा रहेका नसाहरूमा पुग्दछन् र त्यहाँ कम्पन हुन्छ। तत्पश्चात ती इन्द्रियहरू सक्रिय हुन्छन् र कार्यको थालनी गर्दछन्। मस्तिष्क जति शीतल, स्वच्छ र पवित्र हुन्छ त्यति नै चाँडो ती इन्द्रियहरू पनि सक्रिय हुन्छन्। हाम्रो ज्ञान तन्तुको सोच्ने सम्झिने शक्तिको केन्द्रविन्दु भृकुटी (आँखी भौं) र निधारको मध्यभाग हो। किनकि सबैको अनुभवको आधारमा भन्न सकिन्छ कि जव हामी कुनै गूढ/गहन विषयमा धेरै विचार गर्दछौं भने त्यही केन्द्रविन्दुमा हामी कष्टपीडाको अनुभव पनि गर्दछौं। तसर्थ उक्त स्थानलाई शीतल र पवित्र राख्न हाम्रा पूर्वज महर्षिहरूले तिलक धारण गर्नु पर्दछ भन्ने उपदेश गरेको हो, किनकि तिलक धारणप्रति अविश्वास गर्ने व्यक्ति समेत जव शिरदर्द हुन्छ त्यतिवेला विभिन्न श्रीखण्ड-चन्दन, रक्त चन्दन आदि उक्त ललाट प्रदेशमा लगाउने गर्दछन् र वेदनावाट राहत पाउँछन्। यसको अतिरिक्त शुक्र नामक पदार्थ जो पुरुषहरुको पुरूषत्वको निशानी हो, त्यो यद्यपि सवै व्यक्तिको सम्पूर्ण शरीरमा व्याप्त भएर रहेको हुन्छ। तर त्यसको सम्वन्ध व्यक्तिको वक्षस्थल र मस्तक (ललाट) स्थानसँग विशेष रूपले सम्वन्धित हुन्छ। जसको अधिकताको परिणामस्वरूप युवावस्थातिर अग्रसर हुने किशोर-किशोरीको स्तनमा गन्थि र मुखमा डण्डीफोर आदिको विकास हुने गर्दछ। अतः उक्त वस्तुको सुरक्षा र स्तम्भनका लागि मस्तिष्कको उक्त भाग चीसो (शीतल) पार्न आवश्यक हुन्छ। अतः ज्ञान तन्तुको केन्द्र भएको उक्त ललाट केन्द्रमा शीतल चन्दन, तिलक, तीर्थमृत्तिका लगाउँदा रज र वीर्यको ऊष्णतामा समेत कमी आउँछ र दुवै वस्तु संयमित र नियन्त्रित हुन्छन्।

यसै क्रममा स्त्री जातिले विवाहपश्चात् सिउँदोमा सिन्दूर र निधारमा रातो टीका लगाएको हामीले देखेका छौं। त्यो किन त ? भन्दा त्रेतायुगको कुरो हो एक पटक वायुपुत्र हनुमान्ले सीताजीलाई आफ्नो सिउँदोमा सिन्दुर लगाउँदै गरेको देखेछन् र प्रश्न समेत गरेछन्। त्यसको उत्तरमा सीताजीले भन्नुभयो- वत्स, यो लगाउनाले हाम्रा श्रीमान् श्रीरामचन्द्रजीको आयुष्य अभिवृद्धि हुन्छ। यो सुनेर हनुमान् प्रसन्न भएछन् र सोच्न थालेछन् यदि एक चिम्टी सिन्दुर सिउँदोमा लगाउँदा हाम्रा आराध्य रामको आयु वढ्दछ भने म पूरै शरीरमा सिन्दुरको लेप गर्दछु र उहाँलाई अजर अमर वनाईदिन्छु भनेर विचार गरी पूरै शरीरमा सिन्दुरको लेप गरेछन् र रामको अगाडि आएछन्। त्यो देखेर राम अति प्रसन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएको कुरो पनि वर्णन गरिएको पाइन्छ। त्यतिबेलादेखि नैं हनुमान्‌को मूर्तिमा सिन्दूर लगाउने चलन चल्दै आएको कुरा गुरूवर्गबाट सुनिने गरिन्छ।

यसका अतिरिक्त विवाहिता स्त्री जातिले जहाँ सिन्दूर लगाउने गर्दछन् त्यो स्थान स्त्री जातीको ब्रहमरन्ध्र र अधिप नामक मर्मस्थानभन्दा ठीक माथिल्लो भागमा रहेको र सो स्थान पुरुषको अपेक्षा विशेष रूपमा कोमल स्थान भएकोले त्यसको सुरक्षाको निम्ति पनि शास्त्रीय विधान अनुरूप सिन्दूर लगाउने विधान गरिएको हो। किनकि सिन्दूरमा 'पारा' नामक धातु अत्यधिक मात्रामा हुने र त्यो स्त्रीको शरीरमा रहेको विद्युतीय उत्तेजनालाई शमन गर्न पनि सक्षम भएकाले स्त्री जातिले सिन्दूरको प्रयोग गर्ने गर्दछन्। जो स्त्री जातिका लागि सौभाग्यसूचक चिह्न पनि मानिने गर्दछ। अतः यसर्थमा यसको प्रयोग वैज्ञानिक ठहरिएको छ।

यसरी नै कुनै पनि पूजापाठ तथा विदाईको समयमा समेत रोरीको एवं अवीर, दही र अक्षता मुछेको टीका लगाउने कार्य शुभमंगलमय साइतको रूपमा मानिन्छ, भने कसैको प्रथम आगमनमा, विजयोत्सवमा, पर्वमा जन्मदिनमा र कतै भ्यालखानवाट छुटेको बेलामा पनि रातो टीका र माला लगाई हर्षवढाईका साथ उत्सव मनाउने पनि गरिन्छ। यसरी तिलक या रातो टीका शुभमंगलमय उल्लास र आनन्दको प्रतीकको रूपमा समेत रहेको र वैज्ञानिक कारण समेत भएकोले यसको महत्व अत्यधिक मात्रामा जगजाहेर रहेको कुरो स्पष्ट हुन्छ।

अतः उक्त शास्त्रीय र वैज्ञानिक प्रमाणको आधारमा स्पष्ट हुन्छ कि पुरुषका लागि माटोको तिलकमा तीर्थको माटो, भस्ममा- यज्ञ सम्पन्न गरिएको खरानी र चन्दनमा केशर मिश्रित श्रीखण्ड चन्दन, रक्तचन्दन र स्त्री जातिका लागि सिन्दूर र कुंकुममा- हर्दीबाट बनाईएको रोरी केसरी उपयुक्त मानिन्छ। जसलाई तिलकको रूपमा उक्त ज्ञानतन्तुको केन्द्र स्थानमा उक्त पवित्र पदार्थमध्ये कुनै पनि वस्तु लगाउदा हुन्छ, जसले स्त्री पुरुष दुवैको जीवनमा आनन्दको अनुभूति र व्यक्तित्वमा समेत आकर्षकताका साथै पवित्रता पनि ल्याउँछ। यसरी उक्त शास्त्रीय एवं वैज्ञानिक प्रमाणको आधारमा तिलकको आ-आफ्नो महत्त्व रहेको कुरा स्पष्ट हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिखा (टुप्पी) परिचयः

शिखा या टुप्पीको महिमा :-

सनातन धर्मावलम्वीका लागि शिखाको अत्यधिक मात्रामा महत्व रहेको हुन्छ । शास्त्रमा वर्णित सनातनका महत्वपूर्ण १६ संस्कारमध्ये चूडाकरण संस्कारको आफ्नो अलग महिमा र विशेषता रहेको पाइन्छ । शिखाको सम्वन्ध उक्त संस्कारसँग जोडिएको छ । जसमा उत्पन्न नवजात वालकको विधान अनुसार केश मुण्डन गरी शिरको मध्यभागमा शिखा (टुप्पी) राख्ने प्रावधान रहेको हुन्छ । मनुस्मृतिका अनुसार उक्त शिखा राख्ने कार्य वालक जन्मेको प्रथम वर्ष या तेस्रो वर्षमा गर्नुपर्दछ । भनिएको छ -

चूडाकर्म द्विजातीनां सर्वेषामेव धर्मतः ।
प्रथमेऽब्दे तृतीये वा कर्तव्यं श्रुतिचोदनात् ॥ (अध्याय-२)

यसरी नै उक्त संस्कार गरी शिखा धारण गरेको वालकको यज्ञोपवीत संस्कार गरिसकेपछि सन्ध्या आदि कार्य गर्नुभन्दा पहिले तिलक धारण र शिखा ग्रन्थि गर्ने प्रावधान पनि छ । शिखा ग्रन्थि गर्दा पढ्ने मन्त्र यस प्रकार रहेको छ :- मानस्तोकेति मन्त्रेण शिखाबन्धं तु कारयेत् ॥ इति नागदेवः ॥

अन्यत्रः- चिद्रूपिणि महामाये दिव्यतेजः समन्विते ।
तिष्ठ देवि शिखामध्ये तेजोवृद्धिं कुरुस्व मे ॥

उक्त मन्त्र पढी शिखा वन्धन गरेमा वालकको तेज वृद्धि हुन्छ भन्ने अर्थलाई समेत प्रष्ट्याएको देखिन्छ । यसको अलावा जुन वालक, व्यक्तिको शिखा स्थानको कपाल रोगका कारण या धेरै उमेर भएको कारण हराएको हुन्छ, त्यस्ता स्थानमा तिल, कुश या दूवो विकल्पको रूपमा स्थापित गर्ने पनि विधान रहेको छ । यसै क्रममा महर्षि कात्यायन[७]ले पनि आफ्नो स्मृति ग्रन्थमा द्विजले सधैं जनै धारण र हिन्दूले शिखा वन्धन गर्नुपर्दछ भनेका छन् । यदि उक्त कार्य गरिदैन भने उसले गरेका सबै धार्मिक कार्य निष्फल र निरर्थक हुन्छन्, भनेको समेत पाइन्छ । यसै प्रसङ्गमा शिखा[८] ग्रन्थि नगर्ने, वरू जानी-जानी काट्ने व्यक्तिलाई

७) सदोपवीतिना भाव्यं सदा बद्धशिखेन च । विशिखो व्युपवीतश्च यत् करोति न तत्कृतम् ॥ (कात्यायन स्मृति)
८) शिखां छिन्दन्ति ये मोहाद् द्वेषादज्ञानतोऽपि वा । तप्तकृच्छ्रेण शुद्ध्यन्ति त्रयो वर्णा द्विजातयः । (संस्कार प्र.४०/७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दोष लाग्दछ र त्यसले उक्त दोषको निवृत्ति तप्तकृच्छ्र व्रत गरेमा मात्र हुन्छ, भनिएको छ भने कतै [९]प्राजापत्य व्रत गर्नुपर्दछ, भनिएको छ । लघुहारित स्मृति[१०]मा त उक्त शिखा काटे वापत द्विजले पुनःसंस्कार गर्नुपर्दछ, भनिएको पनि पाइन्छ ।

शिखाको शास्त्रीय महत्त्व :-

स्नाने दाने जपे होमे सन्ध्यायां देवतार्चने ।
शिखाग्रन्थिं विना कर्म न कुर्याद् वै कदाचन ॥ (स्मृति वचन)

शिखाको शास्त्रीय महत्त्वको वर्णन गर्ने क्रममा वेदमा उल्लेखित प्रमाण यहाँ प्रस्तुत गरिन्छ । "मन्त्र ब्राह्मणयोर्वेदनामधेयम्" अनुसार वेदका मन्त्रभाग र ब्राह्मण भाग दुवैको मिश्रित अवस्था नै वेद हो । तसर्थ यहाँ वेदको मन्त्र भागमा उल्लेखित शिखा सम्वन्धी प्रमाण यस प्रकार रहेको पाइन्छ- "ॐ यत्रवाणाःसम्पतन्ति कुमारा व्विशिखाऽइंव ॥" शु.य.१७/४८) जसको तात्पर्य व्विशिखा-विशिष्टाशिखा=गौखुर प्रमाण (सदृश) शिखा धारण गर्नेवाला व्यक्ति/वालकहरू हुन्छन् । त्यस्तै अन्य स्थलमा "यशसे श्रियै शिखा[११]" यश र श्री (सम्पन्नता) का लागि शिखा धारण गर्नुपर्दछ, भनिएको छ र साथै उक्त शिखामा रहेको कपालहरू सिंह/बाघको कपाल जस्ता ठाडा हुनुपर्दछ भनी सिंह/वाघको केशसँग तुलना समेत गरिएको पाइन्छ ।

अव वेदको अर्को स्वरूप-ब्राह्मण भागको प्रमाण हेरौं । आपस्तम्ब धर्मसूत्र[१२] मा भनिएको छ-"शिखा रहित व्यक्ति श्रीहीन हुन्छ" भनिएको छ । यसरी नै तैत्तिरीयोपनिषद[१३] शिक्षाध्यायमा भनिएको छ-तालुको वीचमा वाहिरतिर जो स्तन सदृश केशको समुदाय देखिन्छ, त्यो केशको मूल भाग हो जसलाई शिखा इन्द्रयोगी या सुषुम्ना नाडीको अन्तिम स्थल भन्न सकिन्छ ।

अव शिखामा कपालको संख्या कति हुनुपर्दछ भन्ने विषयमा समेत

---

९) प्राजापत्यं प्रकुर्यातां निस्कृतिर्नान्यथा भवेत् ॥ (हारीतस्मृति)

१०) शिखां छिन्दन्ति ये केचिद् वैराग्याद् वैरतोऽपि वा । पुनः संस्कार मर्हन्ति .. । (लघु हारित स्मृति)

११) ॐ आत्मन्नुपस्थे न व्वृकस्य लोममुखेश्मपूणि न व्याघ्रलोम ।
केशानशीर्षन्यशसे श्रियै शिखा सि ꣳ हस्य लोमत्विषि रिन्द्रियाणि ॥ (यजु . १९/९२)

१२) अथापि ब्राह्मणम्-रिक्तो वा एषोऽन्यपिहितो यन्मुण्डः ।
तस्य एतद् अपिधानं यत् शिखा ॥ (आ.ध.सूत्र १/१०/८)

१३) तैत्तिरीयोपनिषद्-अन्तरेण तालुके । य एष स्तन इवावलम्वते । सेन्द्रयोनिः ।
यत्रासौ केशान्तो निवर्तते । व्यपोह शीर्षकपाले । (शिक्षाध्याय १/६/१ कण्डिका)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न विद्वान्का भनाईहरू पनि हेर्न सकिन्छ । **बौधायन गृहचसूत्र**[१४]का अनुसार एक, तीन अथवा पाँच केश मात्र शिखाका रूपमा राख्न सकिन्छ अथवा आफ्नो कूल परम्परा अनुसार राख्नु पर्दछ । **आश्वलायनका** अनुसार परिवारको कुल परम्परा अनुसार शिखामा केशकों संख्या राख्नुपर्दछ भनिएको छ । कसैको भनाई अनुसार पहिलेका ऋपिमुनिले "गौखुर" प्रमाण अनुरूप शिखा राख्दथे तदनुरूप नै शिखा राख्नुपर्दछ भनेको पाइन्छ । त्यसकारण शिखाको कपाल (रौं) निर्धारणका सम्वन्धमा विभिन्न मतहरू देखिन्छन् तर वेदमा नैं "व्विशिखा" विशेष शिखा या मोटो शिखाको कुरो निर्धारित भईसकेकाले उक्त प्रमाण नैं वलवती मानिन्छ । गृहचसूत्रले समेत **"अमेध्यं वा एतच्छिरो यदशिखम् । काठक गृहच.४०/७"** अर्थात् शिखाले रहित भएको शिर अपवित्र हुन्छ । तसर्थ शिखा राख्नुपर्दछ, भनेको पाइन्छ ।

चूडा (शिखा) राख्ने कार्य कन्याहरूको पनि हुन्छ तर त्यो अमन्त्रक हुन्छ । जसलाई **आश्वलायन**[१५] सूत्रले पुष्टि गरेको पाइन्छ । **मनुस्मृति-याज्ञवल्क्य स्मृति** आदि ग्रन्थमा समेत उल्लेख भए अनुसार जातकर्म, चूडाकरण आदि संस्कार कन्याहरूको पनि गरिन्छ । तर ती संस्कार अमन्त्रक हुन्छन् । **मित्रमिश्र** अनुसार कन्याको पनि चूडा संकार गर्नुपर्दछ । त्यसमा आफ्ना कूल परम्परा अनुसार कन्याको सवै केश खौरेर, केही केश शिखाका रूपमा राखेर अथवा केशको छटनी गरी अथवा सवै केश शिखाको रूपमा राखेर आदि । किनकि **संस्काररत्न माला**[१६]मा भनिएको छ-स्त्री या शूद्रले क्रोधका कारण, वैराग्यका कारण पनि यदि शिखाको त्याग गर्दछन् भने तिनीहरूले प्रायश्चित स्वरूप प्राजापत्य व्रत गर्नुपर्दछ । अनिमात्र उक्त दोपवाट उनी मुक्त हुन्छन् । तर शोकका[१७] अवस्थामा, सुत्ने वेलामा, भोजन गर्ने र दाँत माज्ने वेलामा र स्त्रीप्रसंगको अवसरमा सधैं शिखालाई बन्धनवाट मुक्त राख्नुपर्दछ, भनिएको छ ।

---

१४) बौधायन-अथैनमेकस्त्रिशिखः पञ्चशिखो वा यथैवैषां कुलधर्मःस्यात् ।
यथर्षि शिखां निदधातीत्येके ॥ (वौ.गृह्यसूत्र-२/६)

१५) कुमारी चौलेऽपि यथाकुल धर्ममित्यनुवर्तते । ततश्च सर्वमुण्डनं शिखाधारणं अमुण्डनमेव वेति सिद्धयति (संस्कार प्रकाश पृ. ३१७)

१६) स्त्री शूद्रौ तु शिखांछित्त्वा क्रोधाद् वैराग्यतोऽपि वा । प्राजापत्यं प्रकुर्वीताम् ।
देशभेदात् व्यवस्या-स्त्रीणां केशधारणमेव शिखाधारणम् । एतच्चामन्त्रकमेव स्त्रीणां कार्यम् ।
होमोऽपि न कार्यः । (संस्कार रत्नमाला पृ.सं. ९०४)

१७) शिखामुक्ति-शोचेऽथ शमने सङ्गे भोजने दन्तधावने । शिखा मुक्तिं सदा कुर्यात् इत्येतद् मनुरव्रवीत् । (आन्हिक १/५२)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगशास्त्रका अनुसार- शिखा धारण एवं शिखा बन्धन दुवै महत्वपूर्ण मानिएका छन् । प्रत्येक मनुष्यमा मेरूदण्डको सवैभन्दा तल्लो तहमा इडा, पिंगला र सुषुम्ना[१८] नामक महत्वपूर्ण नाडीहरू विद्यमान रहन्छन् । अनि उक्त सुषुम्ना नाडीमा क्रमशः (१) मूलाधार (२) स्वाधिष्ठान (३) मणिपूर (४) अनाहत (५) विशुद्ध (६) आज्ञा र (७) सहस्रार गरी ७ चक्र या पद्म विद्यमान रहन्छन् । त्यही सहस्रार चक्र नैं शिखाको स्थान हन्छ । शिखा स्थानभन्दा तल बुद्धिचक्र (आज्ञाचक्र) हुन्छ भने त्यसको छेउमा व्रह्मरन्ध्र नामक स्थान रहन्छ । यसरी व्रह्मरन्ध्र र वुद्धिचक्रभन्दा माथि सहस्रारकेन्द्र या सहस्त्रदलकमल स्थानमा अमृतस्वरूप ब्रह्मको स्थान हुन्छ । जव हामी ॐ को उच्चारण गर्दै वेद शास्त्रादिको स्वाध्याय गर्दछौं अथवा परव्रह्म परमात्माको ध्यानमा मग्न हुन्छौं, त्यतिवेला उक्त ध्यानबाट उत्पन्न अमृततत्त्व स्वरूप-पुण्यफल (ज्योती) वायुवेग सरह मूलाधार हुँदै उक्त सहस्रार केन्द्रमा प्रविष्ट हुन्छ र शिर प्रदेशवाट वाहिरिन खोज्दछ । त्यसवेला यदि शिखामा ग्रन्थि छ या टुप्पिमा गाँठो पारिएको छ भने उक्त अमृततत्त्व त्यस स्थानवाट वाहिर निस्कन पाउँदैन र उक्त अमृत तत्त्व व्रह्मरन्ध्र सहस्रारचक्रमा नैं रहन्छ । अनि वाहिर निष्किन नसकेकाले पुनः उही वाटो फर्की पूरा शरीरमा व्याप्त हुन्छ । जसले गर्दा व्यक्ति उक्त तत्वका प्रभावले सवैका अगाडि फुर्तिलो र तेजिलो देखिन्छ । यस्तो छ शिखा ग्रन्थिको महिमा । जसलाई पाश्चात्य जगतले पनि बुझी उक्त स्थानलाई सुरक्षित गर्न हैट (टोपी) को प्रयोग गरी हाम्रो शास्त्रीय पद्धति (मार्ग)लाई प्रकारान्तरले अनुकरण गरेको र उक्त मार्गको अनुसरण समेत गरेको देखिन्छ ।

शिखाको वैज्ञानिक महत्त्व :-

अष्टांगहृदय शरीरस्थान[१९]का अनुसार-मस्तिष्कको उन्नत स्थलको मध्य भागमा रहेको जो रोमावर्त (कपाल स्थान) प्रदेश छ त्यो अधिप हो, जसलाई मर्मस्थान पनि भनिन्छ । त्यसमा कुनै प्रकारको प्रहार अथवा गहिरो चोटपटक लागेमा व्यक्तिको मृत्यु समेत हुने गर्दछ । तसर्थ उक्त मर्मस्थानको सुरक्षा शिखा

---

१८) मेरुमध्यस्थिता या तु मूलादाब्रह्मरन्ध्रदा । सर्वतेजोमयी सा तु सुषुम्णा वन्हिरूपिणी ॥
(म.सं.वि.कोष पृ.सं. १४३७)

१९) आन्तरो मस्तकस्योर्ध्वं शिरासन्धिः समागमः । रोमावर्तोऽधिपो नाम मर्मः सद्यो हरत्यसून् ॥
(अष्टा. शरीरस्थान)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा लामो कपाल पालि गर्नुपर्दछ । जुन कुरो हाम्रा ऋषि महर्षिहरूले पहिले नै जानेर उक्त स्थानमा शिखा राख्ने र त्यसमा ग्रन्थि दिने कार्य समेत गरी आफू स्वयं सुरक्षित हुदै अरुलाई पनि सुरक्षित प्रार्ने कार्य गर्दै आएका छन् ।

यसैक्रममा शिरलाई दुई भागमा बाँडिएको पाइन्छ । पहिलो-मस्तिष्क, दोस्रो- मस्तुलिंग । यी दुवै भागको सम्वन्ध सुषुम्ना नाडीसँग हुन्छ । उक्त मस्तिष्कका दुई भागमध्ये प्रथम भागको मस्तिष्क हाम्रो ज्ञानशक्तिको केन्द्र हुन्छ भने द्वितीय भागको मस्तुलिङ्ग कर्मशक्तिको केन्द्र हुन्छ । दुवैले क्रमशः ज्ञानेन्द्रिय र कर्मेन्द्रियलाई प्रभावित पार्दछन् । ज्ञानेन्द्रियमा आँखा, कान, नाक, जिव्रो र छाला पर्दछन् भने कर्मेन्द्रियमा वाणी, हात, गोडा, गुदा र लिंग पर्दछन् । यसका अतिरिक्त दुवैको प्रकृति (स्वभाव) मा पनि भिन्नता रहेको हुन्छ । मस्तिष्क शीतलता खोज्दछ भने मस्तुलिंग ऊष्णता । यस कारण पनि मस्तुलिंग या व्रह्मरन्ध्रमा शिखाको स्थापना गरी त्यहाँ उष्णता पुऱ्याउनु पर्दछ भने मस्तिष्क भएको स्थलमा केस कटाई विभिन्न स्निग्ध (तैल) पदार्थको लेपन गरेमा मस्तिष्क शीतल र शान्त हुने गर्दछ । यसकारण पनि उक्त व्रह्मरन्ध्रमा राखिएको शिखाले दशमद्वारको सुरक्षा गर्नुका साथै सनातन धर्मको परम्परालाई समेत जोगाउने कार्यमा सहयोग पुऱ्याएको छ ।

यसरी नै आयुर्वेदीय चिकित्सक, वैद्यहरूको अभिव्यक्तिको आधारमा यो भन्न सकिन्छ कि शरीरको महत्वपूर्ण अङ्ग शिर हो । सम्पूर्ण शरीरमा रहेका नाडीहरूको सम्वन्ध टाउकोसँग रहन्छ । शिरमा दुई शक्ति विद्यमान रहन्छन् (१) ज्ञानशक्ति (२) क्रियाशक्ति । ज्ञानशक्तिको सम्वन्ध मस्तिष्कसँग हुन्छ भने क्रियाशक्तिको सम्वन्ध मस्तुलिंगसँग हुन्छ । यसकारण मस्तिष्क एवं मस्तुलिंग जति स्वस्थ र शक्तिशाली हुन्छन् त्यति नै त्यस व्यक्तिको सोच्ने र कार्य गर्ने शक्ति प्रवल हुन्छ । यसको विपरीत भएमा व्यक्तिको काम गर्ने शक्ति र महत्वपूर्ण रचना गर्ने कार्य समेत कुण्ठित हुन जान्छ । तसर्थ मस्तुलिंगलाई विविध कारणवाट ऊष्णता प्रदान गरी त्यसको सुरक्षा गर्नु नै क्रियाशक्तिलाई बढाउनु हो । जो केवल उक्त स्थलमा शिखा राखी त्यसमा यथायोग्य समयमा ग्रन्थि वन्धन समेत गरेमा हाम्रो जोस र जाँगर सधैं ताजा वनिरहन्छ, भन्ने वैज्ञानिक कारणवाट पनि यो कुरो टुङ्गो लागिसकेको छ ।

अव अर्को कुरो जो विद्युत शास्त्रसँग सम्वन्धित छ । उसको एउटा अटल सिद्धान्त हुन्छ । जसमा घरमा राखिएको कुनै तीखो लौह (फलाम) वस्तुले आकाशीय विजुलीको पनि भेदन गर्न सक्तछ । त्यस्तो आकाशीय विजुली,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घर/मन्दिरको छतमा राखेको चुच्चो र वर्तुलाकार (घुमेको) अथवा बाँधेको उक्त धातुको पदार्थमा एकाएक संक्रान्त-प्रविष्ट हुन सक्तैन, वरू त्यही नैं नष्ट हुन्छ अथवा उक्त आकाशीय विद्युत् त्यो वाटो हुँदै भूइँमा विलिन हुन पुग्दछ। यसै सिद्धान्तमा आधारित भएर अहिले प्रत्येक घरमा अर्थिङ्ग गर्ने चलन चलेको र पहिलेको समयदेखि नैं प्रत्येक मन्दिर या घरको शिखरमा गजूर राख्ने चलन चलेको बुझिन्छ। यस वाहेक ठूलठूला गगनचुम्वी घर, मस्जिद, रेडियो टावर, गिर्जाघर आदिमा समेत उक्त तीखो धातुको पदार्थ माथिवाट तारको माध्यमले भुईसम्म पुग्ने गरी राखिएको हुन्छ। यी सवै शिखा स्थापनाको सिद्धान्तको आधारमा राखिएका हुन् भन्ने कुरामा कुनै अत्युक्ति नहोला।

यसरी उक्त शिखा, मस्तुलिंग, इन्द्रयोनी, अधिप इत्यादि नाम भएको स्थलमा राखिन्छ र यो मर्मस्थल दशमद्वारको नामले समेत चिनिने गरेको कुरा पहिले नै भनिसकिएको छ। अव यो कर्मप्रवर्तक भएकाले यसको सम्वन्ध धर्म र धार्मिक क्रियासँग पनि गाँसिन गएको हो। त्यसकारण सन्ध्याको समयमा, भगवान्को अगाडि दण्डवत् प्रणाम गर्ने अवसरमा, मूर्तिको चरणमा, शिरद्वारा प्रणाम गर्ने वेलामा भगवान्को असीम कृपा र निगाह उक्त शिखाको माध्यमवाट नैं हाम्रो शरीरमा प्रविष्ट होओस् भन्ने उद्देश्यले उक्त कार्य गर्दा पुरुषले नांगो शिर राख्नु पर्ने विधान पनि गरिएको हो।

अव एउटा प्रश्न उपस्थित हुन्छ। यसभन्दा पहिले भनिएको छ- **"सदाबद्धशिखेन च"**। शिखा सँधै बाँधी (गाँठो पारी) राख्नुपर्दछ। शिखाको त्याग गर्नु हुँदैन, गरे प्रायश्चित गर्नुपर्दछ। यदि त्यसो हो भने संन्यास आश्रममा प्रविष्ट हुँदा के गर्ने त ? त्यहाँ त शिखा सूत्र त्यागको कुरा आएको छ। यसमा ऋषिहरूको भनाइ यो छ कि संन्यासीले ७५ वर्षको उमेर पुगिसकेपछि उक्त संन्यास आश्रमको धर्म अपनाएमा अग्निको पनि त्याग गर्नुपर्दछ, भनिएको छ। संन्यासीले याचकवृत्ति (शास्त्रमा वताएको विधि अनुसार) अपनाउने र मोक्षको मात्र लक्ष राखी जीविका धान्ने, भनेको छ। यस वाहेक अग्निको अर्को नाम शिखी पनि हो। संन्यासीले अग्निको त्याग गर्नुपर्दछ भनेकोले पनि अग्निसँगको संसर्गवाट संन्यासी वाहिरिन्छ र मरेपछि पनि संन्यासीको शरीरलाई अग्निदाह नगरी जलसमाधी दिने प्रचलन रहेको पाइन्छ। त्यसकारण व्यक्तिको अग्निसँगको सम्पर्क शिखा रहुञ्जेल मात्र हुन्छ। तत्पश्चात् व्यक्ति अग्नि सम्पर्कको कार्यवाट पृथक् हुन पुग्दछ। त्यसकारण संन्यासीले अरूद्वारा पकाइएको अन्न (पक्वान्न) मात्र ग्रहण गर्नुपर्दछ। आफै पकाउनु हुँदैन, भन्ने कुराको जानकारी हुनु अति आवश्यक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी शिखाको शास्त्रीय एवं वैज्ञानिक आधार एवं महत्व अत्यधिक मात्रामा हुँदाहुँदै पनि अहिलेका अधिकांश युवा पीढी यसको वास्तविक कुरो नवुझी शिखा राख्ने कार्यमा उदासीन र कथंचित् राखे पनि शिखा काट्ने कार्यमा प्रोत्साहित भईरहेका छन् । त्यो कुनै पनि हालतमा ठीक हो भन्न सकिदैन । यस्ता कार्यलाई शास्त्रले पनि निषेध गरेको छ । यस्ता प्रवृत्तिले हाम्रो सनातन धर्म, शास्त्रीय प्रमाण र वैज्ञानिक आधारलाई समेत उपेक्षा गरेको देखिन्छ । जो आस्तिक दर्शनका अनुयायी र सनातन धर्मावलम्वीका सन्ततीहरूका लागि त झन् युक्तिसंगत देखिदैन । तसर्थ यसमा सवै सनातनी र हिन्दू धर्मावलम्वीहरूको ध्यान पुग्न आवश्यक देखिन्छ ।

यज्ञोपवीत महिमा

यज्ञोपवीत (सूत्र) को शास्त्रीय परिचय :-

यज्ञोपवीत शव्द यज्ञ र उपवीत दुई शव्दको संयोगवाट वन्दछ । जसको अर्थ यज्ञ गर्न सक्ने अधिकारी या यज्ञलाई प्राप्त गर्ने साधनको रूपमा वर्णन गरिएको छ । शतपथ ब्राह्मणमा **"यज्ञो वै विष्णुः"** भनी यज्ञलाई विष्णुको रूपमा चित्रित गरेको पाइन्छ भने स्मृतिसारमा यज्ञोपवीत शव्दको व्याख्या यसरी गरेको देखिन्छ ।

यज्ञाख्यः परमात्मा य उच्यते चैव होतृभिः ।
उपवीतं ततोऽस्येदं तस्माद् यज्ञोपवीतकम् ॥

अर्थात् विद्वत् समुदायले जसलाई यज्ञस्वरूप परमात्मा मानेका छन्, तिनै परमात्माद्वारा धारण गरिने उक्त सूत्र भएकाले यसको नाम यज्ञोपवीत भनिएको हो । यसका पर्यायवाची शव्दमा मौञ्जीवन्धन, उपनयन, उपवीत, सूत्र, व्रतवन्ध, जनै आदि रहेका छन् । यज्ञोपवीत या जनै धारण गर्ने यस्तो संस्कार हो जसलाई नगरिकन कुनै पनि[२०] द्विज (व्राह्मण, क्षेत्री र वैश्य) सन्ध्यावन्दनादि कार्य र द्विजत्व कर्मको अधिकारी हुँदैन । व्यक्तिको यज्ञोपवीत संस्कार भएपछि मात्र[२१] अर्को जन्म हुन्छ र त्यसलाई द्विज भनिन्छ । भनिएको छ-

२०) नह्यस्मिन्युज्यते कर्म किञ्चिदामौञ्जीवन्धनात् ॥ (मनु २/१७१)

२१) मातुर्यदग्रे जायन्ते द्वितीयं मौञ्जिवन्धनात् । व्राह्मणक्षत्रियविशस्तस्मादेते द्विजाः स्मृता : ॥ (या.शि. १/३९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"जन्मना जायते शूद्रो संस्कारात् द्विज उच्यते ।" इत्यादि । किनकि जन्मद्वारा वालकले स्थूल शरीर मात्र प्राप्त गर्दछ भने यस संस्कारद्वारा अविनाशी ज्ञानमय दोस्रो शरीर प्राप्त गर्दछ । अतः यो संस्कारी द्वितीय (शरीर) जन्मको शरीर भन्दा श्रेष्ठ (महत्त्वपूर्ण) हुन्छ । जसलाई स्पष्ट गर्दै मनु[२२]भन्नुहुन्छ-जनै लगाउने विधि ब्रह्मत्व (वेदत्व) प्राप्ति गर्ने कार्य हो । जसको मातृस्थानमा वेदमाता गायत्री रहनुहुन्छ भने पितृस्थानमा स्वयं मन्त्रदाता आचार्य रहनुहुन्छ । अतः जन्मदाता मातापिता भन्दा ज्ञानदाता मातापिता (आचार्य) उत्कृष्ट मानिनुहुन्छ । जसलाई मनुले समेत **"गरीयान् ब्रह्मदः पिता"** भनी वेद पढाउने, गायत्री मन्त्रको उपदेश दिने आचार्यलाई जन्मदाता पिताभन्दा उत्कृष्ट मानेको छ । तत्त्वज्ञानी ऋषिहरूले यस संस्कारलाई महत्वपूर्ण संस्कारको रूपमा लिएका छन् । यस संस्कारले रहित भएकोमा ब्राह्मणमा ब्राह्मणत्व, क्षत्रियमा क्षत्रियत्व र वैश्यमा वैश्यत्व प्राप्त हुन सक्तैन । तसर्थ अन्य शास्त्रीय अधिकार प्राप्त गर्नका निम्ति पनि द्विजले यो संस्कार गर्नै पर्ने हुन्छ । यसपछि मात्र द्विज वेद पढ्न र अन्य वर्णका व्यक्ति सम्पूर्ण धार्मिक यज्ञ सम्वन्धी कार्यमा साधिकार उपस्थित हुन र उक्त कर्म गर्न सक्तछन् ।

यज्ञोपवीत या जनैलाई वस्त्र या आभूषणको रूपमा पनि लिनु हुँदैन । जसरी अधिकांश व्यक्ति कुनै सभा उत्सव आदिमा जाने वेलामा राम्रा-राम्रा लुगाको साथै शाल, दुपट्टा, पछ्यौरा आदि र आभूषण लगाउने गर्दछन् र फर्किएर आएपछि खोल्ने र ती वस्तु आफ्नो स्थानमा राख्ने पनि गर्दछन् । त्यस्तो हिसाबको जनै या यज्ञोपवीत हुँदैन । यो संस्कार गरिसकेपछि मनुले **"सदोपवीतिना भाव्यं सदा बद्धशिखेन च"** शास्त्रमा उल्लेख गरे अनुसार संधै (उपवीत-जनै) धारण गर्नुपर्दछ र शिखामा गाँठो पनि सदैव पार्नुपर्दछ, भनिएको पाइन्छ । यो नै हाम्रो सनातन शास्त्रको विधान हो । यज्ञोपवीतलाई ब्रह्मसूत्र पनि भनिन्छ । जसको व्याख्या गर्दै **स्मृति प्रकाश**[२३]मा भनिएको छ- यस सूत्रले द्विजातिलाई ब्रह्मत्व र वेदज्ञान प्राप्ति गर्ने समयको सूचना दिने गर्दछ । साकार परमात्मालाई यज्ञ र निराकार परमात्मालाई ब्रह्म पनि भनिन्छ । उक्त वर्णित सूत्र दुवै सम्म पुग्ने मार्ग या साधन भएकाल यसलाई यज्ञोपवीत या ब्रह्मसूत्र नामाकरण गरिएको हो ।

---

२२) तत्र यद् ब्रह्मजन्मास्य मौञ्जीवन्धनचिन्हितम् । तत्रास्य माता सावित्री पिता त्वाचार्य उच्यते ॥ (मनु २/१७०)
ब्राह्मणः क्षत्रियो वैश्यस्त्रंयो वर्णा द्विजातयः । तेषां जन्म द्वितीयं तु विज्ञेयं मौञ्जीबन्धनम् । (शंख १/६)
आचार्यस्तु पिता प्रोक्तः सावित्री जननी तथा । ब्रह्मंक्षत्त्रविशाश्चैव मौञ्जीवन्धन जन्मनि ॥ (शंख १/७)

२३) सूचनाद् ब्रह्मतत्त्वस्य वेदतत्त्वस्य सूचनात् । तत्सूत्रमुपवीतत्त्वाद् ब्रह्मसूत्रमिति स्मृतम् ॥ (स्मृतिप्रकाश)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञोपवीतको उत्पत्ति :-

यसको उत्पत्तिको सम्वन्धमा ऐतिहासिक प्रमाण पूर्ण रूपमा प्राप्त गर्नु र समय निर्धारण गर्नु मानववुद्धिभन्दा परको विषय हो । तै पनि ऋषिप्रणीत वचनका आधारमा यज्ञोपवीतको उत्पत्ति प्रजापति वह्माको उत्पत्तिसँग सगैं भएको हो । जुन मन्त्रलाई संस्कारको वेलामा र अन्य अवसरमा पनि द्विजले (नवीन यज्ञोपवीत धारण गर्ने अवसरमा) उच्चारण गर्ने गर्दछन् -

"ॐ यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत् सहजं पुरस्तात् ।

आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तुतेजः ॥" अर्थात् यो यज्ञोपवीत परम पवित्र सूत्र हो, जो प्रजापति वह्मासँग सँगै उत्पन्न भएको हो । यसले धारक व्यक्तिको आयु, वल, तेज आदिको वृद्धि गर्ने गर्दछ । तसर्थ हे वत्स, यस्तो तत्त्वले युक्त उत्तम यज्ञोपवीतलाई धारण गर, भन्दै ब्रह्मोपनिषदले पनि उक्त सूत्रको थप महत्त्वलाई दर्शाएको, देखिन्छ ।

यसरी वेद र स्मृति ग्रन्थमा उल्लेखित स्पष्ट धारणाका आधारमा यो सूत्र कुनै परवर्ती आधुनिक ऋषिहरूद्वारा वनाइएको धागो हैन, न कुनै विद्याको चिन्ह रूपमा स्थापित विषय नैं हो । यो त ईश्वरले द्विजातिलाई प्रदान गरेको महत्वपूर्ण उत्तरदायित्व हो । जसका लागि उनीहरूले गुरुको सांन्निध्यमा वसी आफ्नो कल्याणार्थ शिक्षा संस्कार र योग्यता प्राप्त गर्ने अवसरको द्वारको रूपमा लिनु पर्दछ ।

यज्ञोपवीत धारण समय :-

शास्त्रले त्रिवर्णको निम्ति आ-आफ्नो निश्चित आयुसीमाभित्र यज्ञोपवीत संस्कारको समय तोकेको छ । जस अनुसार[२४] ब्राह्मणको गर्भवाट आठवाँ वर्षमा, क्षत्रीयको ११ वर्षमा र वैश्यको १२ वर्षमा यज्ञोपवीत संस्कारको समय निर्धारण गरिएको छ । तर कुनै [२५]ब्राह्मण वालक वह्मवर्चस्वी हुन चाहन्छ, वेदाध्ययन पूर्वक गूढ शास्त्रीय ज्ञान आर्जन गर्न चाहन्छ, अत्यधिक मेधा शक्तिले सम्पन्न छ र अझ तीक्ष्ण वुद्धिले युक्त हुन चाहन्छ भने त्यस्ता ब्राह्मण वालकको गर्भदेखि ५ वाँ वर्षमा, वल पराक्रमको शिक्षा प्राप्तिको उद्देश्यले क्षत्रीय वालकको गर्भवाट ६ वाँ वर्षमा र धेरै धन एवं कृषि वाणिज्य कर्म प्राप्तिका उद्देश्यले वैश्य वालकको गर्भवाट आठवाँ वर्षमा यज्ञोपवीत संस्कारको विधान शास्त्रले निर्धारण गरेको छ ।

२४. गर्भाष्टमेऽव्दे कुर्वीत ब्राह्मणस्योपनायनम् । गर्भादिकादशे राज्ञोगर्भात्तुद्वादशे विशः ॥ (मनु. २/३६)

२५. व्रह्मवर्चसकामस्य कार्यं विप्रस्य पञ्चमे । राज्ञो बलार्थिनः षष्ठे वैश्यस्येहार्थिनोऽष्टमे ॥ (मनु. २/३७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी नैं कुनै संकटको अवस्थामा उक्त दुवै समयमा द्विज/वालकहरूको जनै लगाउने कार्यको संस्कार गर्न नसकिएको अवस्थामा शास्त्रले तेस्रो संकटकालीन[२६] संस्कारको समय सीमा पनि निर्धारण गरेको छ। त्यसमा ब्रह्मणवटुको १६ वर्षभित्र, क्षत्रीयको २२ वर्षभित्र र वैश्यको २४ वर्षभित्र उक्त उपनयन संस्कार अवश्य गर्नुपर्दछ भनेको छ। यदि उक्त अवधी भित्र पनि प्रमादवश द्विज वटुकहरूको संस्कार गरिदैन भने त्यस्ता वटुकहरू [२७]व्रात्य (अपवित्र) वेदाध्ययन एवं विवाहादि कार्यका लागि अयोग्य र जाति वहिस्कृत हुन्छन्। शास्त्रको निर्णय[२८] अनुसार त्यस्ता व्रात्यसित द्विजले कुनै पनि कार्य/व्यवहार आपत्तिको[२९] अवस्थामा पनि गर्नु हुँदैन, भनिएको छ। त्यसरी नैं **"वसन्ते ब्राह्मणं, ग्रीष्मे राजन्यं, शरदि वैश्यम्"** भन्ने वचन अनुसार ब्रह्मण वटुकको उक्त निर्धारित आयु.अवधिभित्र वसन्त ऋतु- चैत, वैशाखमा, क्षत्रिय वटुको ग्रीष्म ऋतु- जेठ, असारमा र वैश्यवटुको शरद ऋतु-असोज, कार्तिक महिनामा उपनयन संस्कार गर्नुपर्दछ भन्ने प्रमाण समेत शास्त्रमा भेटिन्छ। तसर्थ उक्त संस्कार गर्दा वटुकहरूको आयु र ऋतुको समयसीमालाई समेत विचार गरी कार्य गरेमा उक्त संस्कारले सार्थकता पाउँछ र शास्त्रीय विधिको समेत पालना हुन्छ।

यज्ञोपवीत निर्माण विधि :-

आजकल जनै निर्माणको विधि लुप्तप्रायः नै भईसकेको छ। आजका अधिकांश द्विज केवल लोकलाई देखाउन मात्र यो संस्कारमा सहभागी हुन्छन्। त्यसपछि त्यसको कार्य र मर्मप्रति कुनै ध्यान दिंदैनन्। जनै पनि वजारवाट किनी लगाउने गर्दछन्। आजका संभ्रान्त द्विजका केही युवा पीढी त यसलाई केवल सूत्र डोराको रूपमा मात्र हेर्ने गर्दछन्। यसलाई लगाएर के फाइदा हुन्छ ? यो त केवल रूढीवादी परम्परा हो। यसले त लगाएको सुनको सिक्रीलाई अल्भ्काउने कार्य मात्र गर्दछ भन्दै यसलाई कसै-कसैले कुनै विशेष कार्यको वेलामा मात्र धारण गर्ने गर्दछन् र अरू वेला निकाली वाहिर राख्ने समेत गर्दछन्। यसरी यस सूत्रलाई आधुनिक द्विजले कुनै महत्व दिएको देखिदैन।

---

२६) आषोडशाद् ब्राह्मणस्य सावित्री नातिवर्तते। आद्वाविंशात्क्षत्रवन्धोराचतुर्विंशतेर्विशः ॥ (मनु. २/३८)

२७) अत ऊर्ध्वं त्रयोऽप्येते यथाकालमसंस्कृताः। सावित्री पतिता व्रात्या भवन्त्यार्यविगर्हिताः ॥ (मनु. २/३९)

२८) नैतैरपूतैर्विधिवदापद्यपि हि कर्हिचित्। ब्राह्मान्यौनांश्च सम्वन्धानाचरेद् ब्राह्मणःसह ॥ (मनु. २/४०)

२९) आ षोडशादा द्वाविंशाच्चतुर्विंशाच्च वत्सरात्। ब्रह्मक्षत्रविशां कालः औपनायनिकः परः ॥
अत ऊर्ध्वं पतन्त्येते सर्वधर्मवहिष्कृताः। सावित्री पतिता व्रात्या व्रात्यस्तोमादृते क्रतोः ॥ (या.शि. १/३७-३८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तापनि यसको गूढ रहस्य र महत्ववारे शास्त्रमा वर्णित विधि यहाँ प्रकाश पारिदैछ। हाम्रा मन्त्रद्रष्टा ऋषि कात्यायनले उक्त यज्ञोपवीतको निर्माण विधिवारे आफ्नोग्रन्थ कात्यायन स्रौत सूत्रको 'कात्यायन परिशिष्ट'[३०]मा आफ्ना धारणा यसरी स्पष्ट पारेको देखिन्छ। जस अनुसार- यस सूत्रको निर्माणका लागि गाउँघरभन्दा अलिक पर कुनै पवित्र तीर्थस्थान /मन्दिरमा या गाई गोठमा गई अनध्यायरहित कुनै दिनमा, सन्ध्या वन्दनादि नित्यकर्म गरी १०८ मा १००८ पटक अथवा यथाशक्ति गायत्रीमन्त्रको जप गर्नुपर्दछ। त्यसपछि कातेको रूईको धागोद्वारा यज्ञोपवीत (जनै) निर्माणको कार्य शुरू गर्नुपर्दछ। जुन धागो स्वयं अथवा कुनै ब्राह्मण, ब्राह्मणकन्या या सधवा ब्राह्मणीको हातवाट कातिएको हुनुपर्दछ। त्यस्तो धागोलाई "भूः" को उच्चारण गर्दै ९६ पटक हातको वूढी औंला वाहेकका ४ औलाको मूलप्रदेशमा वेर्नुपर्दछ र त्यसलाई एक पवित्र स्थानमा राख्नुपर्दछ। यसरी नै "भुवः" शव्द र "स्व" शव्दको उच्चारण गर्दै उक्त रीतिले अलग अलग स्थानमा (पलाश पत्रमा) ती धागाहरू वेरेर राख्नुपर्दछ। यसरी उक्त तीन स्थानमा राखिएका उक्त सूत्रलाई "ॐ आपोहिष्ठा मयोभुवः" "शंनो देवीरभिष्टय" र "तत्सवितुर्वरेण्यं" आदि तीन मन्त्रद्वारा उक्त तीन ९६ चौवाका सूत्रलाई राम्ररी भिजाउने र अभिमन्त्रित गर्ने। अनि त्यसलाई तीन पटक झड्कार्ने काम गर्नुपर्दछ। पुनः उक्त तीन मन्त्रको उचारण गर्दै उक्त सूत्रलाई त्रिगुणित (तेव्र्याउने) गर्ने, पुनः वाट्ने र त्यसलाई एउटै पार्ने। अनि पुनः त्यस सूत्रलाई तेव्र्याई प्रणव (ॐ) को उच्चारण गर्दै व्रह्मग्रन्थि (जनैमा गाँठो) पार्ने काम गर्नुपर्दछ। तत्पश्चात त्यसमा रहेका प्रत्येक सूत्रभित्र ९ सूत्र तन्तुमा क्रमशः (१) ओंकार (२) अग्नि (३) अनन्त (४) चन्द्र (५) पितृगण (६) प्रजापति (७) वायु (८) सूर्य र (९) सर्वदेव आदि ९ देवताहरूको आवाहन, स्थापन र पूजन गर्नुपर्दछ। यस्तै "देवस्यत्वा"द्वारा जनै ग्रहण अनि "ॐ उद्वयन्तमसस्परि......रुत्तमम्" मन्त्र पढी

---

३०) अथातो यज्ञोपवीत निर्माणप्रकारं वक्ष्यामः। ग्रामाद्बहिस्तीर्थे गोष्ठे वा गत्वाऽनध्यायवर्जित पूर्वान्हेकृत संध्याष्टोत्तरशतं सहस्त्रं वा यथाशक्ति गायत्रीं जपित्वा ब्राह्मणेन तत्कन्यया सुभगमा धर्मचारिण्या वा कृतं सूत्रमादाय भूरिति प्रथमां षण्णवतीं मिनोति, भुवरितिद्वितीयां,स्वरिति तृतीयां मीत्वा पथक् पलाशपत्रे संस्थाप्य, आपोहिष्ठेति तिसृभिः, शंनो देवीत्यनेन सावित्र्या चाभिषिच्य वामहस्ते कृत्वा त्रिः संताड्य व्याहृतिभिस्त्रिवणितं कृत्वा पुनस्ताभिस्त्रिगुणितं कृत्वा पुनस्त्रिवृतं कृत्वा प्रणवेन ग्रन्थिं कृत्वोङ्कारमग्निं नागान् सोमं पितृन् प्रजापतिं वायुं सूर्यं विश्वान् देवान् नवतन्तु क्रमेण विन्यस्य सम्पूज्य देवस्येत्युपवीतमादाय, उद्वयंतमसस्परीत्यादित्याय दर्शयित्वा यज्ञोपवीतमित्यनेन धारयेदित्याह भगवान्कात्यायनः। (कात्यायन परिशिष्ट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त जनैलाई सूर्यको अगाडि देखाउने र "ॐ यज्ञोपवीतं परमं पवित्रं......तेजः" मन्त्रको उच्चारण[३१] गर्दै दायाँ हातमाथि उचाली वायाँ काँधमा जनै धारण गर्नुपर्दछ। यसरी विधिपूर्वक मन्त्रको उच्चारण सहित पवित्र स्थानमा बनाईएको र देवताहरूको सान्निध्यताले युक्त भएको उक्त जनै विधिविधानपूर्वक संस्कार गरी धारण गरेको अवस्थामा मात्र मन्त्रमा उल्लेखित धारणाअनुरूप फल र शक्ति प्राप्त गर्न सकिन्छ। अव हामी विचार गरौं, के हामीले यस्ता उक्त ऋषिवाक्य अनुरूप निर्मित जनैलाई धारण गरेका छौं ? के जनै धारण गरी शास्त्रमा वताइएका मर्यादाको तदनुरूप पालना गरेका छौं ? शायद गरेका छैनौं। त्यसो हो भने पहिले यज्ञोपवीतको सम्वन्धमा शास्त्रीय विधि अपनाऔं, अनि मात्र हामीले उक्त मन्त्रशक्तिको परीक्षा गर्दा हुन्छ। किनकि फलको इच्छा या प्राप्ति गर्नुभन्दा पहिले त्यसको नियम/कर्तव्यको पालना गर्नु अति आवश्यक हुन्छ। यसै क्रमसा जनैको नाप[३२] र परिणामको सम्वन्धमा पनि भनिएको छ - जनै न धेरै लामो न धेरै छोटो, दुवै हुनु हुँदैन। पिठ्यूवाट नाभिसम्म ल्याउँदा कम्मरसम्म पुग्ने हुनुपर्दछ। यस्तो यज्ञोपवीत मात्र द्विजका लागि कल्याणकारी हुन्छ।

यज्ञोपवीत धारणार्थ अधिकारी :-

धर्मशास्त्रले त्रिवर्णिक द्विजलाई मात्र यज्ञोपवीत संस्कार या धारण गर्ने अधिकार प्रदान गरेको छ। स्त्री र शूद्र[३३]लाई उक्त कार्यमा वेद/धर्मशास्त्रले निषेध गरेका छ। **श्रीमद्भागवतमा** समेत **"स्त्रीशूद्रद्विजबन्धूनां त्रयी न श्रुतिगोचरा"** भनी स्त्री शूद्र र पतित् (व्रात्य) द्विजलाई वेदत्रयीको अधिकार छैन। यिनको उपनयन संस्कार पनि गर्नु हुँदैन भनेको छ। जसलाई अथर्ववेदका मन्त्र, **आत्मानन्द**[३४] भाष्य र **मनुस्मृति**[३५] का वचनले समेत पुष्टि गरेको देखिन्छ। यसरी नै अथर्ववेदको अन्य मन्त्रले पनि स्पष्ट पार्दै अगाडि भनेको छ-आचार्यले बालकको उपनयन संस्कार गरिसकेपछि उसलाई **व्रह्मचर्य** व्रतको शिक्षा दिन्छन् र आफ्ना साथमा

---

३१) दक्षिणं वाहुमुत्धृत्य वामस्कन्धे निवेशितम्। यज्ञोपवीतमित्युक्तं देवकार्येषु शस्यते ॥ (आन्हिक पृ. १७)

३२) पृष्ठवंशे च नाभ्यां च धृतं यद्विन्दते कटिम्। तद्धार्यमुपवीतं स्यात् नातो लम्वं न चोच्छ्रितम् ॥ सिद्धार्थ फलमानेन धार्यं स्यादुपवीतकम्। यशोहरमतिस्थूलमतिसूक्ष्मं धनापहम् ॥ (का.स्मृ. १/३)

३३) सावित्रीं प्रणवं यजुर्लक्ष्मीं स्त्रीशूद्राय नेच्छन्ति। सावित्रीं प्रणवं यजुः प्रणवं यदि जानीयात् ॥ स्त्री शूद्र स मृतोऽधो गच्छति, तस्मात्सर्वथा नाचष्टे। स आचार्यस्तेनैव स मृतोऽधो गच्छति ॥ (अथर्व. नृसिंह. पू.ता. १/३)

३४) स्त्रीणां शूद्रांधपंगूनां वधिराः पतिताश्च ये। क्लीवानां नैव काणानां वेदविद्याधिकारिता ॥ (अस्यवामीय सूक्त)

३५) नैव कन्या न युवतिर्नाल्पविद्यो न वालिशः। होता स्यादग्निहोत्रस्य नार्तो नासंस्कृतस्तथा ॥ (मनु. पृ. ६७३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तीनरातसम्म राख्तछन् । अनि त्यो द्विजत्व शक्तिले पूर्ण हुन्छ । जसलाई हेर्न देवताहरू पनि एकत्रित हुन्छन् । तसर्थ उक्त वेद मन्त्र एवं विभिन्न ऋषिमुनिद्वारा प्रयुक्त वचनका आधारमा, स्त्री र शूद्र उक्त यज्ञोपवीत धारण गर्न, सावित्री मन्त्र ग्रहणगर्न, वेदाध्ययन र विभिन्न यज्ञका होमात्मक क्रियाकलापमा समेत काम गर्न (भाग लिन) अधिकारी नहुने देखिन्छन् । यसर्थ यस्ता कार्यमा तत्-तत् वर्णका व्यक्तिहरूले विशेष रूपमा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । किनकि यस्ता संस्कारको पालनामा शुद्धता र पवित्रताको विशेष रूपमा ध्यान राख्नुपर्दछ । स्त्रीको शरीरको प्रकृति यस्तो हुन्छ कि एक महिनामा ४ दिन अपवित्र दशमा रहनुपर्दछ । यद्यपि यस्तो अवस्थालाई आजकलका आधुनिक व्यक्ति एवं कतै-कतै अग्रगामी स्त्री जातिले पनि मान्दैनन्, तर शास्त्रले मानेको (भनेको)ले यस्ता कुराको चर्चा गर्नु यहाँ आवश्यक देखिन्छ । त्यसरी नै स्त्रीको प्रसवकालमा पनि उक्त सूत्र अपवित्र हुनुका साथै स्त्रीको मासिक धर्म भएको अवस्थामा पनि वह्मचर्य व्रत खण्डित हुन पुग्दछ । तसर्थ स्त्री जातिको सुविधाका लागि ऋषिहरूले उनीहरू[३६] को विवाह संस्कार नैं यज्ञोपवीत संस्कार गरे सरह हुन्छ, भनेका छन् । त्यसकारण अहिले पनि कतिपय सनातनी व्यक्तिहरूका घरमा विवाह संस्कार नगरिएकी कन्याको हातबाट पकाएको चामल (भात) तथा संस्कारहीन सर्वभक्षी सजातीय पुरुष एवं महिलाले पकाएको (खाना) दाल चामल (भात) समेत उपनयन संस्कारले सुसंस्कृत केही कर्मनिष्ठ व्यक्तिहरू र संस्कारी विवाहिता महिलाहरूले पनि चलाउने (खाने) गर्दैनन् । यो संस्कार पवित्रताको सुरक्षार्थ गरिएको हो न कि कसैलाई हेपेर व्यवहारमा ल्याइएको विषय हो ।

यज्ञोपवीत धारणको विशिष्ट समय :-

शास्त्रले यज्ञोपवीत संस्कार भइसकेपछि द्विजलाई सदैव जनै लगाउन र शरीरवाट त्यसलाई अलग नगर्न निर्देश गरेको छ । शास्त्रकारहरूले वह्मचारीलाई एक यज्ञोपवीत तथा स्नातकलाई दुई या त्योभन्दा धेरै (तीन) यज्ञोपवीत धारण गर्नू, भनेका छन् । **"ब्रह्मचारिणः एकं स्यात् स्नातकस्य द्वे बहूनि वा ।"** भनी **आश्वलायन गृहचसूत्रले** समेत निर्देश गरेको पाइन्छ । यसरी नै **विश्वामित्र**[३७] ले पनि आफ्नो स्मृतिग्रन्थमा श्रौत-स्मार्त कर्म सम्पादनका लागि २ यज्ञोपवीत धारण गर्नुपर्दछ, भनेका

---

३६) वैवाहिको विधिः स्त्रीणां संस्कारो वैदिकः स्मृतः ॥ (मनु. २/६७)

३७) यज्ञोपवीते द्वे धार्ये श्रौते स्मार्ते च कर्मणि । तृतीयमुत्तरार्थे च वस्त्राभावे तदिष्यते । (विश्वामित्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । यस्तै यदि उत्तरीय (पछ्यौरा) छैन भने थप एउटा यज्ञोपवीत लगाउनुपर्दछ भनेको पाइन्छ । यस स्थितिको परिपालनमा कतै कतै उत्तरीय वस्त्रको पूर्तिका लागि बाया काँधमा गम्छा या स्यानो तौलिया राख्ने चलन पनि चलेको देखिन्छ ।

उपवीत संस्कार गरिएको सूत्र (जनै) ब्रह्मसूत्र हो । जो संस्कारका दिनदेखि संन्यासमा प्रविष्ट नभएको अवस्थासम्म या मृत्युपर्यन्त (दाहपर्यन्त) शरीरबाट अलग गर्नु हुँदैन । यस्तो कडा नियमको पालन गर्ने क्रममा कहिलेकाँही उक्त उपवीत अशुद्ध हुन पुग्दछ र नवीन यज्ञोपवीत धारण गर्ने बाध्यात्मक आवश्यकता उत्पन्न हुन्छ । त्यस्ता अवस्थामा शास्त्रकारहरूले गरेको व्यवस्था निम्न बमोजिम रहेको पाइन्छ ।

१) यदि असावधानीवश स्वतः यज्ञोपवीत[३८] वायाँ काँधवाट खसेर बायाँ हातको मुनी आईपुग्दछ । अथवा लुगा फेर्दा त्यसमा नैं बेरिएर शरीरवाट अलग हुन्छ भने नवीन संस्कारयुक्त यज्ञोपवीत धारण गर्नुपर्दछ भनी शास्त्रले निर्देश गरेको पाइन्छ ।

२) दिसा पिसाब[३९] गर्दा कानमा नराखिएको अथवा कानवाट तल झरेको अवस्थामा नवीन यज्ञोपवीत धारण गर्नुपर्दछ भनी आचारेन्दमा उल्लेख गरिएको पाइन्छ ।

३) सूतक, मृतक[४०] आशौच, श्राद्धकर्म, सूर्य[४१] चन्द्रग्रहणको वेला, अस्पृश्य स्पर्श, शवस्पर्श, रजस्वला स्पर्श तथा श्रावणी कर्म सम्पन्न गर्ने दिनमा समेत उक्त अपवित्र यज्ञोपवीको त्याग गरी नवीन सुसंस्कृत जनै विधि अनुरूप लगाउनुपर्दछ ।

४) यसका अतिरिक्त प्राय[४२] प्रत्येक ४ महिनामा शरीरमा उत्पन्न हुने फोहोरका कारण यज्ञोपवीत दूषित एवं जीर्ण हुने गर्दछ । तसर्थ त्यस्ता बेलामा पनि द्विजले अभिमन्त्रित नवीन जनै लगाउनुपर्दछ भनी गोभिलको आचारभूषणमा समेत उल्लेख गरेको पाइन्छ ।

---

३८) वामहस्ते व्यतीते तु तत् त्यक्त्वा धारयेद् नवम् ॥ (धर्मशास्त्र)

३९) मलमूत्रे त्यजेद् विप्रो विस्मृत्यैवोपवीतधृक् । उपवीतं तदुत्सृज्य दध्यादन्यन्नवं तदा ॥ (आचारेन्दु)
मूत्रे तु दक्षिणे कर्णे पुरीषे वामकर्णके । उपवीतं सदा धार्यं मैथुने तूपवीति च ॥ (आन्हिक १/पृ. १७)

४०) सूतके मृतके क्षौरे चाण्डलस्पर्शने तथा । रजस्वला शवस्पर्शे धार्यमन्यन्नवं तदा ॥ (नारायण संग्रह)

४१) उपाकर्मणि चोत्सर्गे सूतक द्वितये तथा । श्राद्धकर्मणि यज्ञादौ शशिसूर्यग्रहेऽपि च ॥
नवयज्ञोपवीतानि धृत्वा जीर्णानि च त्यजेत् ॥ (ज्योतिषार्णव)

४२) धारणात् व्रह्मसूत्रस्य गते मासचतुष्टये । त्यक्त्वा तान्यपि जीर्णानि नवान्यन्यानि धारयेत् ॥
(गोभिल-आचारभूषण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी सुसंस्कृत जनै जो श्रावणी (ऋषि तर्पणी) पूर्णिमाका दिन ऋषिपूजनपूर्वक अभिमन्त्रित गरिएको हुन्छ, अथवा अन्य दिनमा पनि देवताको स्थापना पूर्वक पूजन गरी सुसंस्कृत गरिएको हुन्छ, त्यस्तो यज्ञोपवीत धारण गर्नुपर्दछ। नवीन यज्ञोपवीत धारण गर्दा शुद्ध भई विनियोग[४३] पूर्वक धारण गर्नुपर्दछ। यज्ञोपवीत धारण मन्त्र यसप्रकार रहेको छ।

"ॐ यज्ञोपवीतं परमं पवित्रं प्रजापतेर्यत् सहजं पुरस्तात्।
आयुष्यमग्र्यं प्रतिमुञ्च शुभ्रं यज्ञोपवीतं बलमस्तुतेजः॥
ॐ यज्ञोपवीतमसि यज्ञस्यत्वा यज्ञोपवीतेनोपनह्यामि॥"

यसरी नैं नयाँ जनैधारण गरी पुरानो यज्ञोपवीत निकाल्दा पनि मन्त्र पढ्ने गर्नुपर्दछ भनी शास्त्रमा उल्लेख गरिएको पाइन्छ। जस्तै शास्त्रमा[४४] मन्त्रपूर्वक जनै लगाउनुपर्दछ र मन्त्रपूर्वक नै त्याग गर्नुपर्दछ भनिएको छ। अतः पुरानो जनै निकाल्ने मन्त्र यसप्रकार रहेको पाइन्छ।

"एतावद्दिनपर्यन्तं ब्रह्मत्त्वं धारितं मया।
जीर्णत्वाद् त्वत्परित्यागो गच्छ सूत्र यथासुखम्॥"

भन्दै पुरानो जनै जलमा या पवित्र स्थलमा विसर्जित गर्ने। तत् पश्चात् यथाशक्ति १० देखि १०८ सम्म गायत्री मन्त्रको जप गर्ने विधान रहेको छ। अन्तमा "ॐ तत्सत् श्रीब्रह्मार्पणमस्तु" भनी जप अर्पण गर्दै भगवान्लाई हात जोडी नमस्कार गर्नुपर्दछ। यसरी संक्षेपमा यज्ञोपवीतको धारणविधि यहाँ प्रस्तुत गरिएको छ। अब यज्ञोपवीतको वैज्ञानिक महत्त्व या आधार सम्वन्धी केही कुरा यहाँ राख्ने प्रयास गरिन्छ।

यज्ञोपवीतको वैज्ञानिक महत्त्व या आधार :-

यज्ञोपवीतको शास्त्रीय परिचयको वर्णन गर्ने क्रममा भनिसकिएको छ कि यज्ञोपवीतको निर्माण गर्दा ९६ चौवाको परिणामको आधारमा वनाउने गरिन्छ। अब यो ९६ चौवाको परिणाम नैं किन राखिएको हो ? यसभन्दा केही बेसी या कम पनि हुन सक्तैन र ? यस्तै यसैक्रममा अर्को जिज्ञासा पनि उठ्न सक्दछ। सवै व्यक्ति समान लम्वाईका हुँदैनन्। कुनै अग्ला हुन्छन् भने कुनै होचा पनि हुने गर्दछन्। यस्तो स्थितिमा सवैको लागि एउटै परिणामको यज्ञोपवीत

४३) ॐ यज्ञोपवीतमिति मन्त्रस्य परमेष्ठी ऋषिः लिङ्गोक्ता देवताः त्रिष्टुप् छन्दः यज्ञोपवीत धारणे विनियोगः॥ (आन्हिक)

४४) मन्त्रेण धारणं कार्यं मन्त्रेण च विसर्जनम्। कर्तव्यं च सदा सद्भिर्नात्र कार्या विचारणा॥ (धर्मशास्त्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारण गर्ने नियम कसरी वैज्ञानिक हुन सक्तछ ? इत्यादि प्रश्न पनि हाम्रा अगाडि उठ्न सक्तछन् । जसको समाधानका निम्ति केही वैज्ञानिक आधार यहाँ प्रस्तुत गरिन्छन् ।

१) सामुद्रिक शास्त्रका अनुसार प्रत्येक मनुष्यको उचाई स्वास्थ जस्तो भएता पनि प्रायश: आयाम ८४ अंगुल देखि १०८ अंगुलसम्म नैं रहन्छ । जसको मध्यविन्दु औसत ९६ अंगुल नै हुन्छ । तसर्थ नैं हाम्रा ऋषि प्रणीत ग्रन्थले अभिव्यक्त गरेको यज्ञोपवीतको औसत लम्वाई सम्वन्धी विचार वैज्ञानिक नैं देखिन्छ । किनकि प्रत्येक द्विजले लगाउने उक्त ९६ चौवा परिणामको यज्ञोपवीत सवै व्यक्तिको वायाँ काँधदेखि कटि (कम्मर) पर्यन्त नैं आई पुग्दछ । त्योभन्दा न कम हुन्छ न वेसी नैं । त्यसकारण ऋषिमुनिद्वारा जनैका सम्वन्धमा भनिएका "जनै[४५] लामो भयो भने तपनाशक, छोटो भयो भने आयुनाशक, मोटो भने भने यश नाशक र पातलो भयो भने धननाशक हुन्छ" भन्ने कुरा वैज्ञानिक आधारमा पनि उपयुक्त नैं देखिन्छ ।

२) गायत्रीको मन्त्रमा २४ अक्षर हुन्छन् । गायत्री वेदमाता हुनुहुन्छ । यज्ञोपवीतको निर्माण एवं अभिमन्त्रण गर्ने वेलामा पनि गायत्री मन्त्रको आफ्नो अलग प्रधानता या विशेषता रहेको हुन्छ । गायत्री मन्त्र चारै वेदमा[४६] उपलब्ध छ र प्रत्येक वेदमा रहेको उक्त मन्त्रमा अक्षर २४ ओटै छन् । यसरी गायत्री मन्त्रका अक्षर २४ x ४ वेद संख्याका आधारमा पनि ९६ संख्या पुग्दछ । तसर्थ ९६ चौवा भएको यज्ञोपवीतको धारणा गर्ने विधान शास्त्रीय र वैज्ञानिक हिसावले समेत उपयुक्त ठहरिन्छ ।

३) वैदिक मन्त्र संख्याको आधारमा पनि ९६ चौवाको यज्ञोपवीतको आधार वैज्ञानिक नैं देखिन्छ । किनकि **"लक्षं तु चतुरो वेदान् लक्षमेकं तु भारतम्"** अनुरूप सवै वेदका मन्त्र संख्या एकलाख छन् भने महाभारतको श्लोक संख्या पनि एकलाख नैं छन् । जसलाई पतञ्जलीले पनि पुष्टि गरेका छन् । उक्त एकलाख मन्त्रमध्ये ८०,००० कर्मकाण्ड सम्वन्धी, १६,००० उपासनाकाण्ड सम्वन्धी र ४,००० ज्ञानकाण्ड सम्वन्धी मन्त्रहरू हुन्छन् । उपनयन संस्कार भएका व्यक्तिलाई कर्मकाण्ड र उपासना काण्डका मन्त्र

४५) आयुर्हरत्यतिह्रस्वमतिदीर्घं तपोहरम् । यशोहरत्यतिस्थूलमतिसूक्ष्मं धनापहम्"॥ (कात्यायन सूत्र)
४६) चतुर्वेदेषु गायत्री चतुर्विंशतिकाक्षरी । तस्माच्चतुर्गुणं कृत्वा ब्रह्मतन्तुमुदीरयेत् ॥ (वशिष्ठ स्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पढ्ने अधिकार प्राप्त हुन्छ। यसरी ८०,००० + १६,००० = ९६ हजार मन्त्र संख्याको अधिकारको आधारमा पनि उपवीत (जनै) को परिणाम ९६ चौवा निर्धारित गरिएकाले यो व्यवस्था वैज्ञानिक देखिन्छ। अन्य बाँकी रहेका ज्ञानकाण्डमा ४,००० मन्त्र विरक्त भई संन्यास आश्रमका प्रविष्ट व्यक्तिका लागि उपयुक्त र प्रशस्त मानिन्छन्।

४) तिथि, वार, गुण तत्त्व आदिको आधारमा पनि यज्ञोपवीतको उक्त परिणामका लागि ९६ चौवाको व्यवस्था उपयुक्त देखिन्छ। किनकि तिथि-१५, वार-७, नक्षत्र-२७, तत्त्व-२५, वेद-४, गुण-३, काल-३ र महिना-१२ गरी जम्मा ९६ संख्या प्राप्त हुन्छ। जुन कुरोलाई **सामवेद**[४७] छन्दोग्यपरिशिष्टले समेत पुष्टि गरेकाले यो ९६ चौवाको यज्ञोपवीत धारण व्यवस्था शास्त्र एवं विज्ञान सम्मत दुवै प्रक्रियाबाट युक्तिसंगत देखिन्छ।

५) मानव शरीरको मध्यमा वीर्य कोष हुन्छ। जहाँबाट निस्किने रातो रंगको नाडी, जसलाई आयुर्वेदीय शास्त्रमा रक्तवाहिनी (लोहितिका) नाडीका नामले चिनिन्छ। त्यो दाहिने कानबाट हुँदै मनुष्यको मल-मूत्रद्वारसम्म पुग्दछ। यद्यपि मान्छेको शरीरमा रहेका विभिन्न नवद्वारबाट अनेक प्रकारका दूषित पदार्थ (मल) निस्किने गर्दछन्, तर वीर्यरूपि मल (तत्त्व) जो शरीररूपी भवनको मूलतत्त्व (आधार) सदृश हुन्छ, त्यो तत्त्व मल र मूत्रद्वारका माध्यमले मात्र निस्कने गर्दछ। कहिलेकाँही शौचको समयमा धेरै बल प्रयोग गरेको अवस्थामा पिसावका साथ वीर्य पनि नजानिदो गरी निस्कने गर्दछ। यदि यसतर्फ ध्यान नदिएको अवस्थामा पछि यो ठूलो रोगको रूपमा परिणत हुन सक्तछ। जसले गर्दा मनुष्यको शारीरिक स्वास्थ्य नष्ट हुनुका साथै मान्छे मृतप्राय हुनसक्तछ। जसको रोकथामका लागि नैं भविष्यद्रष्टा ऋषिहरूले उक्त सवै कुराको प्रत्यक्ष अनुभव गरी उक्त नाडी शोधनका निम्ति मल-मूत्र त्यागको अवसरमा मनुष्यको दाहिने कानको मूल भागलाई यज्ञोपवीतले बेर्ने चलन चलाएका हुन्। जसले गर्दा मनुष्यको वीर्यरक्षा हुनुका साथै यज्ञोपवीतको पवित्रता पनि कायम रहने भएकोले ऋषिहरूले यो स्वास्थ्य सुरक्षा विधिको प्रयोग वैज्ञानिक रूपमा गरेका हुन्। जसको अनुसरण गरेमा मनुष्यको स्वास्थ्य सुरक्षित हुने निश्चित देखिन्छ। तसर्थ अहिले पनि उक्त ऋषिमतको अनुसरण गर्ने कतिपय द्विजहरू मलमूत्र

४७) तिथिवारं च नक्षत्रं तत्त्ववेदगुणान्वितम्। कालत्रयं च मासाश्च ब्रह्मसूत्रं हि षण्णवम्॥ (साम.छा.परि.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यागको समयमा दाहिनें कानलाई जनैले बेर्ने गर्दछन् र मलमूत्र त्याग गरसकेपछि हातगोडा राम्ररी धुनुका साथै मुख कुल्ला गरिसकेपछि मात्र कानवाट जनै अलग गर्ने गर्दछन्। जसलाई शास्त्रले समेत पूर्ण रूपमा समर्थन गरेको छ र यो विधि वैज्ञानिक छ। अनि कसैले यसमा अन्वेषण गर्न खोजेमा पनि सार्थक हुने देखिन्छ।

यज्ञोपवीतमा तीन सूत्र र त्रिवृतको वैज्ञानिक आधार :-

सनातन वैदिक परम्परामा आध्यात्मिक, आधिदैविक एवं आधिभौतिक तापत्रय विशेष रूपमा महत्वपूर्ण मानिन्छन्। वेदमा पनि ऋक्, यजु, साम गरी ३ वेद प्रमुख मानिन्छन्। देवतामा पनि प्रमुख व्रह्मा, विष्णु, महेश गरी ३ देव मानिन्छन्। काल पनि भूत, वर्तमान र भविष्य गरी ३ छन्। ऋतुहरूमा- ग्रीष्म, वर्षा र शिशिर (शीत) तीन मुख्य मानिन्छन्। गुणमा- सत्य, रज, तप ३ गुण प्रमुख छन्। त्रिलोकमा- पृथ्वी, अन्तरिक्ष र आकाश (द्युलोक) ३ प्रमुख छन्। यिनै त्रिगुणात्मक भावनाका आधारमा यज्ञोपवीतमा रहेका त्रिगुणात्मक तन्तुका माध्यमले उक्त त्रिसूत्रको त्रिवृत्करण गरिएको हो। यसै त्रिसूत्रमा मानवत्व, देवत्व र गुरुत्व भाव निहित रहन्छ भने यिनकै प्रेरणा, मार्गदर्शन र शिक्षाका कारण यस मर्त्यलोकवाट द्युलोकतर्फ ऊर्ध्वगमनका लागि उपासना, ध्यान र सत्कर्मको भाव मानवले प्राप्त गर्दछ। यसै भावनाका आधारमा उक्त त्रिसूत्रलाई त्रिमहाव्याहृति (ॐ) भूः भुवः स्वः को उच्चारण गर्दै दाहिने पारी वटार्ने गरिन्छ र ९ तन्तुले[४८] युक्त भएको उक्त यज्ञोपवीतको निर्माण गर्ने गरिन्छ। त्यसमा ९ देवताको बास हुन्छ। उक्त तथ्यका आधारमा उक्त त्रिसूत्र र त्रिवृतयुक्त यज्ञोपवीत शास्त्रीय र वैज्ञानिक आधारमा पनि उपयुक्त ठहरिएको देखिन्छ।

यज्ञोपवीतमा बह्मग्रन्थिको महत्त्व र रहस्य :-

यज्ञोपवीत निर्माण प्रक्रियामा ९६ चौवा सूत्रको पृथक्-पृथक् रहेको ३ भागलाई सम्मिलन गरी त्यसको त्रिवृत्करण एवं त्रिवेष्टनका साथै उक्त सूत्रको मूलभाग (टुप्पा) लाई जोड्न प्रणव (ॐकार) रूपी महामन्त्रको उच्चारण गर्दै

४८. ॐ कारोऽग्निश्च नागश्च सोमः पितृप्रजापती। वायुः सूर्यश्च सर्वश्च तन्तुदेवा अमी नव॥
ॐकारः प्रथमो तन्तौ द्वितीयेऽग्निस्तथैव च। तृतीये नागदैवत्यं चतुर्थे सोमदेवता॥
पञ्चमे पितृदैवत्यं षष्ठे चैव प्रजापतिः। सप्तमे मारुतश्चैव अष्टमे सूर्य एव च॥
सर्वे देवास्तु नवमे इत्येतास्तन्तुदेवता :॥ (सामवेदीय छान्दोग्य परिशिष्ट)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्रह्मग्रन्थि (गाँठो) पार्ने कार्य गरिन्छ। अनि उक्त यज्ञोपवीत संस्कारपूर्वक धारण गर्न् योगय बन्दछ।

यज्ञोपवीतमा व्रह्मग्रन्थि लगाउनुको उद्देश्य के हो भने मनुष्यले प्रतिक्षण यो ध्यान राखोस् कि यो सम्पूर्ण विश्वव्रह्माण्ड व्रह्मद्वारा नैं सञ्चालित भएको छ र यसै व्रह्मको व्यवस्थापनमा सम्पूर्ण मानवको कल्याण पनि लुकेको छ, भन्ने कुरा ध्यान दिन आवश्यक हुन्छ। त्यसकारण मानिसले वह्मलाई नविर्सिउन् र काम क्रोध, लोभ र मोहको जालमा फसी आफ्नो पतन गराउने कार्यतर्फ अग्रसर नहोउन् भन्ने भावना समेत उक्त वह्मग्रन्थिमा रहेको हुन्छ। किनकि सनातन वैदिक धर्मको परम लक्ष्य अन्तमा व्रह्म प्राप्ति गर्नु नैं हुन्छ। जसको प्राप्तिका लागि शास्त्रनिर्दिष्ट कल्याणकारी मार्गको अवलम्वन गरेमा मात्र व्यक्तिको श्रेय वृद्धि हुने गर्दछ। तसर्थ यज्ञोपवीत धारणको मूल उद्देश्य तत्-तत् तन्तुदेवता र प्रणव ॐ (अ+उ+म्) यी तीन वर्ण, सत्त्व, रज, तम यी तीन गुणका साथ व्रह्मा, विष्णु, महेश एवं व्रह्माण्ड नियामक त्रिविध शक्तिको सामीप्यता पनि हामीमा सदैव बनी रहोस् भन्ने कुराको अनुभूति पनि गराउनु हो। यसै अर्थमा यस सूत्रको व्रह्मग्रन्थिमा वैज्ञानिकता लुकेको छ।

निष्कर्ष :-

यसरी मनुष्यले यस समाजमा व्रह्मका साथ आ-आफ्नो कुल परम्पराको ध्यान राख्नु आवश्यक हुन्छ। त्यसकारण वह्मग्रन्थिमा आ-आफ्नो कुल, गोत्र र प्रवरादि भेदका कारण १, ३ या ५ ग्रन्थि लगाउने शास्त्रीय विधान गरिएको हुन्छ। यी ग्रन्थिहरूले मनुष्यलाई आफ्नो कूल परम्परादेखि चल्दै आएको शास्त्रीय मर्यादाको रक्षा गर्दै पुण्यात्मा आ-आफ्ना पूर्वजहरूको समेत ध्यान (स्मरण) दिलाउने कार्य गर्दछ। किनकि उनै पूर्वजहरूको तप र सत्कर्मको परिणाम स्वरूप नैं व्यक्ति उन्नत कुलमा, यसलोकमा जन्म लिन पुग्दछ र उनैं पूर्वजहरूको अनुकरणीय पदचिन्हमा चल्दै आफ्नो यो लोक र परलोक दुवैलाई सुधार्ने कार्य गर्दछ।

यसका विपरीत जव हामी आ-आफ्ना पूर्वजहरूले देखाएका अनुकरणीय श्रेय मार्गको त्याग गर्ने विचार गर्दछौं भने सर्वप्रथम द्विजको आभूषण र रक्षकस्वरूप भएको यज्ञोपवीत, शिखा र तिलकलाई व्यर्थ सम्झी त्यसप्रति उदासीन हुन्छौं, अनि त्यसलाई फालिदिन्छौं। त्यसपछि हामी उक्त वन्धन र धार्मिक अनुशासनवाट मुक्त एवं स्वतन्त्र भएको मान्दछौं र आफूलाई गौरवान्वित भएको ठान्दछौं। यहींवाट हाम्रो पतनको मार्गको शुरुवात हुन्छ र अन्तमा आचार, विचार, मर्यादा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदिले रहित भई विपथगामी हुँदै पापाचारमा लिप्त हुन पुग्दछौं। आफ्नो परम लक्ष्य केवल धनोपार्जन मात्र ठान्दछौं र त्यसतर्फमात्र मन, वचन, कर्मसहित अग्रसर हुन्छौं। अनि धनमात्र सर्वस्व ठान्दछौं। तर शास्त्रले धनभन्दा ठूलो आत्मसम्मान[४९] लाई मानेको छ र त्यसलाई प्रमुखता दिएको छ।

तसर्थ यो ब्रह्मग्रन्थिले युक्त, शास्त्रीय विधिले परिपूर्ण यज्ञोपवीत धारण गर्नाले द्विजको पठनपाठन, सन्ध्यावन्दन, वेदशास्त्रादि अध्ययन विभिन्न धार्मिक कृत्यको परिपालन व्यवस्थित रूपमा हुनुका साथै आफ्नो जीवनको लक्ष्य बह्मसायुज्यको प्राप्ति समेत हुने हुँदा विभिन्न वेद, स्मृति, पुराण आदिद्वारा परिपुष्ट र वैज्ञानिकताद्वारा परिपक्व भएको उपवीत संस्कार विधि, शिखा र तिलक धारण आदि कृत्य द्विजवर्गका लागि अतीव उपयोगी छ भन्ने कुरामा कसैको विमति हुन सक्दैन भन्ने कुरामा विश्वस्त (ढुक्क) हुँदै यो प्रकरण निम्न श्लोकका साथ यही पूर्ण गर्ने अनुमति लिन चाहन्छु।

विना यज्ञोपवीतेन विना बद्धशिखेन च।
विशेषोद्युपवीतेन यत्कृतं नैव तत्कृतम्॥ (व्या.स्मृ.)

<u>नीति श्लोक</u> :-

क्वचिद् भूमिः शय्या क्वचिदपि च पर्यङ्कशयनं
क्वचिच्छाकाहारी क्वचिदपि च शाल्योदन रुचिः।
क्वचिद् कन्थाधारी क्वचिदपि च द्विव्याम्बरधरो
मनस्वी कार्यार्थी गणयति न दुःखं न च सुखम्॥

झुक्छन् वृक्ष सदैव फूलफलले भारी हुंदामा अति
झुक्छन् सज्जन पाई मानमनमा सेखी नराखी रती।
झुक्छन् मेघहरू पनि गगनमा पानी लिएका घडी
झुक्छन् जो उपकारि छन् जन सदा सम्मान भारी गरी॥

❖

४९ अधमा धनमिच्छन्ति धनं मानं च मध्यमाः। उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम्॥ (चा.नी.८/९)
मान सहित विष खाईके शम्भु भये जगदीश। विना मान अमृत पिये राहु कटायो शीश॥ (हिन्दी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चतुर्थ कोपिला

विवाहको शास्त्रीय एवं वैज्ञानिक महत्त्व र आधार

सानन्दं सदनं सुताश्च सुधियः कान्ता न दुर्भाषिणी
सन्मित्रं सुधनं स्वयोषितरति-श्चाज्ञापराः सेवकाः ।
आतिथ्यं शिवपूजनं प्रतिदिनं मिष्टान्नपानं गृहे
साधोः सङ्गमुपासते हि सततं धन्यो गृहस्थाश्रमः ॥

विवाहको स्वरूप :-

सनातनका षोडश संस्कारमध्ये सवैभन्दा प्रमुख र महत्त्वपूर्ण संस्कार विवाह हो । यो संस्कार न केवल सवै आश्रम र वर्णको मूल आधार हो, अपितु सम्पूर्ण सृष्टिको पनि मूल आधार हो । यसलाई वृहद्रूपमा हेर्दा यो स्त्रीत्व र पुरुषत्वले युक्त विभिन्न पदार्थको संयोग स्वरूप सम्पन्न हुने एक प्राकृतिक संस्कार हो । यसको केही लक्ष्य पनि हुन्छ । यस पृथ्वीमा रहेका आर्य भन्दा इतर अन्य जातिहरूमा विवाह केवल इन्द्रियहरूको तृप्ति र भोगको साधनकोरूपमा मात्र प्रयुक्त हुने गर्दछ । किनकि उनीहरूको जीवनको लक्ष्य केवल Eat, drink and be merry खाऊ, पिऊ र मोज गर हुन्छ । उनीहरूको संस्कृतिले यही शिक्षा दिन्छ, तर हाम्रो सनातन संस्कृतिमा विवाहको लक्ष्य महान् हुन्छ । मीमांसा शास्त्रका अनुसार सृष्टिको प्रारम्भ कालदेखिनैं स्त्रीधारा र पुरुषधारा गरी दुई, तत्त्व (धारा) स्वतन्त्ररूपमा चलेमा देखिन्छन् । जसलाई **"द्वे धारे स्वतन्त्ररूपत्वात्"** भनी **कर्ममीमांसा धर्मपाद सूत्र ५५** ले भनेको छ भने मनूले पनि [1]सृष्टिको प्रारम्भमा परमात्माले आफूलाई २ भागमा विभक्त गरे, आधा भागमा स्त्री र आधामा पुरुष भनी उल्लेख गरेका छन् । जसलाई **श्रीमद्भगवद् गीता**[2]ले पनि पुष्टि गरेको पाइन्छ । परमात्माको दुई भागमा विभक्त उक्त शरीर मध्ये वायाँ भागमा स्त्री अंश र दायाँ भागमा पुरुष अंश रहेकों छ अनी **देवी[3]भागवत्**ले पनि स्पष्ट पारेको देखिन्छ ।

---

१) द्विधा कृत्वाऽऽत्मनो देहमर्धेन पुरुषोऽभवत् । अर्द्धेन नारी तस्यां स विराजमसृजत् प्रभुः ॥ (मनु. १/३२)
२) प्रकृतिं पुरुषं चैव विध्द्यनादी उभावपि । विकारांश्च गुणांश्चैव विद्धि प्रकृति संभवान् ॥ (गीता. १३/१९)
३) स्वेच्छामय स्वेच्छयायं द्विधारूपो वभूव ह । स्त्रीरूपो वामभागांशो दक्षिणांशः पुमान् स्मृतः ॥ (दे.भा.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी प्रामाणिकरूपमा उक्त दुई धारानै उद्भिज्ज[४], स्वेदज[५], अण्डज[६] र जरायुज[७] आदि योनिमा घुम्दै स्त्री र पुरुषरूपमा अगाडि बढ्दै मनुष्य योनिमा पुग्दछन्। यी दुवैको समागम, सहयोगको कारणले सृष्टिको विस्तार हुन्छ। यसकारण सृष्टिको प्रत्येक तहमा स्त्रीशक्ति र पुरुषशक्ति विद्यमान रहन्छन्। स्वेदज-अण्डज तथा जरायुज योनिमा स्त्री-पुरुष धारा प्रत्यक्षरूपमा नै देखिन्छन् भने उद्भिज्ज अथात् वृक्षादिमा पनि यी दुवै धारा हुन्छन्। कुनै २ उद्भिज्जमा दुवै अलग २ हुन्छन् भने कुनै स्थानमा एकै वृक्षमा पनि यी दुवै शक्ति हुने गर्दछन्। उक्त स्थलमा रहेको स्त्री पराग र पुरुष परागलाई भ्रमर अथवा हावाको माध्यमले एक आपसमा संमीलन (समागम) गराई उत्पादन/प्रजनन गर्ने गरिन्छ। उक्त दुवै शक्ति जडजगत्मा समेत देखिने गर्दछन्। जसरी- विजुलीमा आकर्षण शक्ति (Negative) र विकर्षणशक्ति (Positive) दुवै विद्यमान रहन्छन्। यी दुवै शक्ति पृथक्-पृथक् भएमा काम गर्न सक्तैनन्, तर दुवै मिलेमा या मिलाएमा वत्ती बल्दछ। पंखा घुम्दछ। मशीन चल्दछ। यसवाहेक ठूला-ठूला कलकारखाना समेत चल्दछन्। मीमांसा शास्त्रको भनाई यो पनि छ कि यी दुवै धारा जवदेखि प्रारम्भ भए, मनुष्ययोनिसम्म वरावर अलग-अलगरूपमा प्रस्तुत हुँदै आए। मनुष्ययोनिमा आएपछि पनि यसमा कुनै व्यतिक्रम भएन र स्त्री-पुरुष र पुरुष-स्त्री भएनन्। यी दुवैको प्राकृतिक नियम कहिले पनि वदलिएन। र साथै यो पनि प्रत्यक्ष देखिन्छ कि दुवै धाराको सहयोग र समागम विना सृष्टिको कुनै पनि कार्य सम्पन्न हुँदैन। दैवीशक्तिद्वारा मानसिक सृष्टि र चमत्कार हुनु अपवाद स्वरूप अगल कुरा हुन्। श्रीमद्भगवद् गीतामा भगवान्ले[८] स्वयं भन्नु भएको छ कि प्रकृतिलाई आफूमा स्थापित गरेर म बारंबार सृष्टि गर्दछु। विना प्रकृतिको म निष्क्रिय हुन्छु। यसरी नै अगाडि भगवान्ले[९] पुनः भन्नु भएको छ- मेरो अध्यक्षतामा प्रकृतिले सम्पूर्ण चराचर जगत्को सृष्टि गर्दछिन्। यसरी उक्त प्रमाणको आधारमा परमपुरुष परमात्मा पनि आफ्नो शक्ति (प्रकृति)को सहयोग विना निष्क्रिय हुन्छन् भने प्रकृति पनि आफ्नो स्वामी (ईश्वर) विना जड हुन्छिन्। अतः ईश्वरको ईश्वरता उनकी शक्तिमा आधारित छ भने प्रकृति (शक्ति)को सामर्थ्य पनि शक्तिमान् ईश्वरमा आधारित हुन्छ। यसकारण प्रकृति र परमात्मा दुवै एक

---

४) उद्भिज्जा स्थावराःसर्वे बीजकाण्ड प्ररोहिणः। ओषध्यः फलपाकान्ता बहुपुष्पफलोपगाः॥ (मनु. १/४६)
५) स्वेदजं दंशमशकं यूकामक्षिकमत्कुणम्। ऊष्मणश्चोपजायन्ते यच्चान्यत्किंचिदीदृशम्॥ (मनु. १/४५)
६) अण्डजाः पक्षिणः सर्पा नक्रा मत्स्याश्च कच्छपाः। यानि चैवं प्रकाराणि स्थलजान्यौदकानि च॥ (मनु. १/४४)
७) पशवश्च मृगाश्चैव व्यालाश्चोभयतोदतः। रक्षांसि च पिशाचाश्च मनुष्याश्च जरायुजाः॥ (मनु. १/४३)
८) प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनःपुनः॥ (गीता.९/८)
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया॥ (गीता.४/६)
९) मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम्। (गीता.९/१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आर्काका परिपूरक शक्ति हुन् । त्यसरी नै उक्त परमात्माका अंशभूत जरायुज प्राणी मध्ये मनुष्यले पनि पुंधारा र स्त्रीधारा विना पूर्णता प्राप्त गर्न सक्तैन । तसर्थ नैं हाम्रा तत्त्वद्रष्टा ऋपि-महर्पिले वर्णाश्रमधर्म व्यवस्था स्थापित गरेका हुन् । त्यसमा गृहस्थाश्रम व्यवस्थाका साथै विवाह संस्कारलाई प्राथमिकताकोरूपमा समेत स्थापित गरेका छन् ।

विवाहको वैदिक स्वरूप :-

ऋग्वेदमा समेत विवाह संस्कारको बारेमा यस्तो उल्लेख गरिएको पाइन्छ । त्यसमा वरले वधू-कन्यालाई [१०]भन्दछ- हे देवि, म ऐश्वर्यको वृद्धिका लागि तिम्रो दक्षिण हस्त समाउँदछु । तिमी वृद्धावस्थासम्म सुखपूर्वक मेरा साथमा वस । भग, अर्यमा, सूर्य, चन्द्र आदि देवताहरूले तिमीलाई गृहस्थ धर्ममा सहयोगीको भूमिका निर्वाह गर्न मलाई सुम्पेका छन् । अर्को मन्त्रमा पुनः वेद[११] मन्त्रको भाव यस्तो छ - यी मेरी पत्नी म द्वारा पोपणीय छन् । हे देवि, देवगुरु वृहस्पतिले मलाई तिम्रो सुरक्षार्थ अर्पण गरेका छन् । तसर्थ हे प्रजावति, तिमी मेरा साथ एकसय वर्पसम्म सुखपूर्वक जीवन यापन गर । इत्यादि ।

विवाह संस्कारको आवश्यकता :-

मन्त्रद्रष्ट्रा ऋपिहरूले मानव र मानवीको जीवन संयमित सदाचारी, त्यागी एवं शान्ति लगायत कल्याणकारी विचारयुक्त वनाउन र अविनय, दुष्टाचरण विलासिता आदि दुर्गुणवाट टाढा राख्न विवाह संस्कारको आवश्यकता रहेको माने । उनीहरूले यस संस्कार विना आवश्यक कल्याणकारी मार्गको विकास एवं दुर्गुणको नाश अशक्य र असंभव पनि ठाने । तसर्थ सवैको कल्याणार्थ यसको आवश्यकता उनीहरूले सवैमा दर्शाएका हुन् । यसै प्रसंगमा ऋग्वेदका ब्राह्मण ग्रन्थ "ऐतरेय"मा पृथिवी र सूर्यको विवाह प्रकरण प्राप्त हुन्छ । जसमा इतराका छोरा महीदासले उक्त रहस्यको वर्णन् गर्दै भनेका छन्- विश्वमा जवसम्म पृथिवी र सूर्य एक आपसमा विवाह संस्कारद्वारा सुसंस्कृत भएका थिएनन्, तवसम्म दुवै अपूर्ण भएकाले दुवै "नावर्षन्न समतपत्" कार्यमा संलग्न थिए । अर्थात् सूर्य न वर्पागराउन समर्थ थिए, न पृथिवी नैं ऊष्णता प्रदान गर्न समर्थ थिइन् । जसले गर्दा देव-मनुष्यादि अनेक प्रकारका प्राणीहरू निचेष्ट भई समाप्त हुन थाले । यस्ता विपत्तिवाट संसारलाई वचाउन देवताहरूको प्रार्थनामा विश्वकल्याणार्थ सूर्य र पृथिवीले एक आपसमा विवाह गरे र दुवै संयमित भए । जसलाई

१०) गृभ्णामि ते सौभगत्वाय हस्तंमया पत्या जरदष्टिर्यथा स: । भगो अर्यमा सविता पुरन्धिर्मह्यं त्वा दुर्गार्हपत्याय देवा : ॥ (अथर्ववेद १४/१/५०)

११) ममेयमस्तु पोष्या मह्यं त्वादाद् वृहस्पतिः । मया पत्या प्रजावति, संजीव शरदः शतम् ॥ (अथर्ववेद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"तौ संयन्तौ एतं देवविवाहं व्यवहेताम्" भनी ब्राह्मण ग्रन्थले समेत पुष्टि गरेको पाइन्छ । यसरी उक्त विवाह संस्कारका कारण नैं दुवै शक्तिको परस्परमा सम्मीलन भयो र पृथिवीले 'रथन्तर' शक्तिको माध्यमले सूर्यका किरणमा ताप (औष्ण्य) पुऱ्याउन लागिन् भने सूर्यले पनि आफ्नो 'बृहत्' शक्तिको सामर्थ्यले पृथिवीमा वर्षा गराई पृथिवीका प्राणीहरूलाई खुशी पार्न थाले । यसरी दुवैको यस दाम्पत्यपूर्ण कार्यद्वारा विश्वका सवै प्राणी सुखी, शान्त र समृद्ध भए भन्ने कुरो वर्णित छ ।

यसरी नैं आधुनिक समाजमा पनि विवाह संस्कार त्यत्ति नैं आवश्यक रहेको देखिन्छ । यस संस्कारले व्यक्तिमा रहेको दुर्गुणलाई समाप्त पार्दछ भने राम्रा-राम्रा सद्गुणको विकासमा पनि जोर दिन्छ । पति-पत्नीमा एक आपसमा प्रेम वढाउन मदत गर्छ भने सन्तान पनि धर्मनिष्ठ र सद्गुणी वनाउन प्रेरित गर्दछ । यद्यपि प्रत्येक देशले आ-आफ्नो धर्म, संस्कृति, एवं धारणा अनुसार विभिन्न विवाह संम्वन्धी क्रिया, प्रक्रिया अपनाएका देखिन्छन् तर ती वैज्ञानिक प्रक्रियामा आधारित नभएका र अध्यात्मभावले रहित भएका कारण उनीहरूको वैवाहिक जीवन त्यति सफल भएको देखिदैन । उनीहरूमा आपसी कलह र वैमनष्यताका कारण गार्हस्थ जीवन अधिकांशरूपमा दुखमय नैं भएको देखिन्छ । त्यसकारण अहिले पनि विश्वका सनातन धर्मी नेपाल, भारत देशका जनता र ॐकार परिवार भित्रका जनता वाहेकका अन्य देशहरूका जनताको विवाह सम्वन्ध लगभग ९०% प्रतिशत असफल नैं देखिएका छन् । सनातन धर्मावलम्वी भन्दा इतर (भिन्न) अन्य जाति जनजातिका व्यक्तिहरूले विवाह संस्कारवाट सांसारिक सुखभन्दा अन्य कुनै आध्यात्मिक सुखको प्राप्ति पनि गर्न सकिन्छ भन्ने कुराको कल्पना पनि गर्न सक्तैनन् । उनीहरू त विवाहको लक्ष्य केवल सांसारिक भोग, विलास र त्यसको पूर्तिका लागि स्त्री-पुरुषको शारीरिक सम्वन्ध मात्र आवश्यक ठान्दछन् । तर पूर्वीय ऋषिहरूले यस संस्कारका माध्यमले विवाह केवल दुई शरीरको मिलन मात्र होइन, वरु दम्पतीको आत्मा, मन, प्राण, शरीर सवैको एकीभाव नैं वैदिक विवाह संस्कारको आफ्नो विशेषता रहेको ठाने । तदनुरूप नैं सवैलाई प्रेरित पनि गरे । जसले गर्दा सनातनी दम्पती (स्त्री-पुरुष) दुवैको सम्वन्ध केवल यस जन्मको मात्र हैन, जन्म-जन्मान्तरको हुन्छ, भन्ने माने । उनीहरूको यसै भावनाका कारण आर्य गृहस्थको जीवन अन्य विदेशीको तुलनामा संयमित, सुदृढ, व्यभिचारले रहित र सुखी हुन्छ । यसै भावनाका कारण दुई अपरिचित स्त्री, पुरुष जसले एक अर्कालाई पहिले कहिले पनि देखेका थिएनन्, ती पनि यस संस्कारपछि सदा-सदाका लागि एक आपसमा आत्मसर्मपण गर्न पुग्दछन् र उनीहरूको आत्माले प्रथम मिलनमा नै प्रेम गर्न थाल्दछ । यसरी संक्षेपमा महर्षिहरूको दृष्टिमा विवाह संस्कार सांसारिक सुख प्राप्तिका लागि यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जन्ममा गरिने न त स्त्री-पुरुषको (Contract) आपसी सहमति या ठेक्का नैं हो न त सहमती नैं । यो त आत्मत्याग, संयम र आध्यात्मिक भावको केन्द्र विन्दु हो । त्यसैले नैं सनातनीहरूले उक्त संस्कारलाई आवश्यक ठाने । अनि अहिले पनि सनातनीहरू उक्त ऋषिवाक्य अनुसार कार्य गरेमा हाम्रो कल्याण हुन्छ भन्दै पूर्ण विश्वासका साथ उक्त विधिको पालना गरिरहेका छन् ।

विवाहको अर्थ :-

वेद भाष्यकार सायणाचार्यले ऋग्वेदको 'ऐतरेय' ब्राह्मण भागको भाष्य गर्ने क्रममा विवाह शब्दको अर्थ यसरी प्रष्ट्याएको देखिन्छ । **"तदिदं विपर्यासेन सम्बन्धनयनं विवाहम्"** अर्थात् परस्पर विरुद्ध स्वभाव भएका दुई मौलिक शक्ति स्त्री-पुरुषहरूको विश्वकल्याणार्थ वैदिक विधि अनुसार अन्योन्य सम्वन्ध स्थापन 'विवाह' हो । उक्त कार्य पूर्ण गर्ने विधि प्रक्रिया नैं विवाह संस्कार हो ।

विवाहको उद्देश्य र रहस्य :-

१. दर्शनशास्त्र अनुसार[१२] स्त्रीधारा पुरुषधाराले युक्त भएमा धर्म, अर्थ, काम, मोक्ष चार पुरुषार्थको सिद्धि हुन सक्तछ । जसरी प्रकृति र पुरुष (परमात्मा) एक आपसमा नमिली सृष्टि हुन सक्तैन । त्यस्तै स्त्री र पुरुषको एक आपसमा समागम नभई मानव सृष्टिले विस्तार पाउँदैन । उक्त समागम गर्ने कार्यविधि/माध्यम विवाह संस्कार हो । किनकि स्त्रीको संस्कार नैं विवाह हो । जसलाई [१३]मनुले स्पष्ट पार्दै भनेका छन्- स्त्रीका लागि वैदिक विवाह विधि नैं त्रयीवर्णले व्रतवन्ध संस्कार गरे सरह हुन्छ । यो संस्कार पछि दुवैको सवै कर्मका लागि ढोका खुल्दछ । तसर्थ संस्कारी हुन र वेदसंमत यज्ञधर्मको अधिकार प्राप्तिका लागि समेत 'विवाह संस्कार' गर्नु आवश्यक छ ।

२. स्त्री पुरुष जवसम्म वैवाहिक संस्कारद्वारा सुसंस्कृत हुँदैनन् तवसम्म ती दुवै अपूर्ण रहन्छन् । स्त्रीमा स्त्रीत्व र पुरुषमा पुरुषत्वको (स्थिति) पुष्टि हुँदैन । **यजुर्वेदको शतपथ ब्राह्मणमा** पनि **याज्ञवल्क्यले** यस सम्वन्धमा पर्याप्त प्रकाश पार्दै भनेका छन् कि-विवाह संस्कार विना मनुष्य अर्धेन्द्र र अपूर्ण रहन्छ । पूर्ण पुरुष हुनका लागि उसले कुनै कुलीन स्त्रीसँग विवाह गर्नुपर्दछ । अनि मात्र पूर्णता प्राप्त गर्न सकिन्छ । किनकि [१४]स्त्री-पत्नीले रहित भएको घर जंगल जस्तो हुन्छ । भने पतिले रहित भएकी स्त्री असुरक्षित हुन्छिन् । दुवैको आपसी समझदारीमा मात्र गृहकार्य सम्पन्न हुन्छ ।

---

१२) स्त्रीधारा पुंधारामयी सा कैवल्याधिकारिणी ॥ (कर्म मी. दर्शन, धर्मपाद सूत्र ५६)
१३) वैवाहिको विधिस्त्रीणां संस्कारो वैदिक स्मृतः । पतिसेवा गुरौवासो गृहार्थोऽग्निपरिक्रमा ॥ (मनु. २/६७)
१४) न गृहं गृहमित्याहुर्गृहिणी गृहमुच्यते । गृहं हि गृहिणीहीनमरण्यं सदृशं मतम् ॥ (गृहस्थधर्म)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३. पशुपंक्षी, कीट पतंग आदि चौरासी लाख योनीमा दुःख भोग्दै, कुनै जन्मको पुण्यफलको उदयको कारण मानव शरीर प्राप्त हुन्छ। यस योनीमा पनि पूर्वजन्मार्जित पुण्यफलका कारण भगवान्ले सदसद् (राम्रो/नराम्रो छुट्याउन सक्ने) विवेकपूर्ण वुद्धि प्रदान गरेको हुन्छ। तर उक्त अनेक नीच योनिमा धेरै समयसम्म रहेका कारण मानवमा रहेको पशुसंस्कार छुटेको हुँदैन। त्यसले गर्दा व्यक्तिको प्रवृत्ति स्वच्छन्द आहारविहारतर्फ स्वाभाविकरूपमा अग्रसर भएको (झुकेको) हुन्छ र संसारका प्रत्येक पुरुषको मनमा स्त्रीप्रति र प्रत्येक स्त्रीमा पुरुषप्रति भोगको भावना विद्यमान रहन्छ। त्यसको नियन्त्रण वुद्धि र धर्मले मात्र गरेको हुन्छ। जव उनीहरूलाई अवसर प्राप्त हुन्छ, वुद्धि र धर्मको नियन्त्रण कमजोर हुन्छ, तव पशु संस्कार या प्रवृत्ति हावी हुने गर्दछ। यस कुरालाई वुझेर नैं मनुले समेत आमा[१५] वहिनी र छोरीका साथमा पनि पुरुषले एकान्तमा वस्नु हुँदैन भनी उपदेश गरेको पाइन्छ। तसर्थ स्त्रीपुरुषमा रहेको पशुसदृश स्वच्छन्द प्रवृत्ति र काम भावनालाई वेद र स्मृति वचनको निर्देश अनुसार विवाहको माध्यमले एक स्त्री र एक पुरुषमा सीमित (नियन्त्रित) गर्न र अनेक धर्मशास्त्रीय नियमको आधारमा उनीहरूको जीवन व्यवस्थित, संयमित र सुदृढ गर्नमा समेत यस संस्कारको प्रमुख उद्देश्य रहेको देखिन्छ।

४. विवाहको चौथो उद्देश्य सन्तानोत्पत्तिको माध्यमले पितृऋणवाट मुक्ति प्राप्त गर्नु हो। शास्त्रीय दृष्टिकोणको आधारमा मनुष्यले जन्म लिंदा ३ ऋण सँगसँगै लिएर आएको हुन्छ[१६]। (१) देवऋण (२) ऋषिऋण (३) पितृऋण। यसमा देवऋण- यज्ञ देवपूजन आदि गरेर, ऋषिऋण- वेदशास्त्रादि अध्ययन गरेर, अनि पितृऋण- पुत्र-पुत्रीको उत्पादन गरेर मात्र उक्त ऋणवाट मुक्त हुन सकिन्छ। किनकि मनुष्य आफ्नो वर्चश्व समाजमा सधैं कायम राख्न चाहन्छ। त्यसकारण ऊ सन्तानोत्पादन गरेर आफ्नो सत्ताको निरन्तरता राख्न र त्यसको पूर्तीका लागि विभिन्न व्रत, कर्म, अनुष्ठान गरेर भए पनि सन्तानोत्पादन गर्नेतर्फ सदैव अग्रसर हुने गर्दछ। अनि अन्तमा सवै कार्यभार आफ्नो सन्तानलाई वुझाई जीवनको उत्तरार्धमा भगवत् आराधना गर्न तीर्थादिको आश्रय लिन्छ र मोक्षतर्फ उन्मुख हुन्छ। जसलाई[१७] मनुल पुष्टि गरेको देखिन्छ भने वेदले[१८] पनि उक्त कुराको समर्थन गरेका पाइन्छ।

---

१५) मात्रा स्वस्रा दुहित्रा वा न विविक्तासनो भवेत्। वलवानिन्द्रियग्रामो विद्वांसमपि कर्षति ॥ (मनु. २/२१५)
१६) ऋणानि त्रीण्यपाकृत्य मनो मोक्षे निवेशयेत्। (मनु.)
१७) अधीत्य विधिवद् वेदान् पुत्रांश्चोत्पाद्य धर्मतः। दृष्ट्वा च शक्तितो यज्ञैर्मनो मोक्षे निवेशयेत् ॥ (मनु. ६/३६)
१८) प्रजातन्तुं मा व्यवच्छेत्सीः। (कृ.यजु.तै. संहिता)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. स्त्री र पुरुष जातिमा मौलिक भेद भएकाले दुवैको प्रवृत्ति र प्रकृतिमापनि मौलिक भिन्नता यथार्थरूपमा रहेको हुन्छ। जसरी मूल प्रकृति परम पुरुष परमात्माको अधीनमा हुन्छिन् भने उनैं (प्रकृति) की अंशभूता स्त्रीजाति पनि पुरुपजातिको अधीनमा रहने व्यवस्था अपनाइएको हो। स्त्री जातिलाई अत्यधिक स्वतन्त्रता दिएमा त्यसको दुष्परिणाम पनि निस्किन सक्ने हुँदा शास्त्रले[१९] उनीहरूको धेरै स्वच्छन्दता र स्वतन्त्रताको विरोध गरेको पनि पाइन्छ। यसका साथै जसरी एक[२०] पांग्रोको रथ चल्न सक्तैन, एउटा पखेटा भएको पंक्षी उड्न सक्तैन, त्यसरी नै पत्नी (स्त्री) ले रहित भएको एक्लो पुरुपले कुनै पनि महत्वपूर्ण कार्य पूर्ण र सशक्तरूपमा गर्न सक्तैन, भनेको पनि भेटिन्छ। स्त्री र पुरुप रथका दुई पांग्रा सरह हुन्छन्। रथ राम्ररी चलाउन दुवै पांग्रा ठीक, दुरुस्त र सृदृढ हुनु अति आवश्यक हुन्छ। त्यसकारण ऋपिहरूले स्त्री र पुरुपको दाम्पत्य जीवन, आरोग्य र सुखी होस् भन्नका निमित्त पनि विवाह संस्कारमा भएका विविध मन्त्र र त्यसको मर्मलाई आत्मसात गर्न सबैलाई प्रेरित गरेका हुन्। जसले गर्दा उनीहरूको एक आपसमा सुमधुर र पवित्र सामञ्जस्य र सुव्यवस्थित जीवनपद्धतिको जग बसाल्न समेत मद्दत गर्नेछ। यी उपर्युक्त शास्त्रीय कर्तव्य नैं विवाहका महत्वपूर्ण उद्देश्य या रहस्य हुन्।

विभिन्न देशमा प्रचलित वैवाहिक कार्य :-

विभिन्न देशमा रहेका सनातन धर्मावलम्वीभन्दा इतर (भिन्न) धर्ममा आस्था एवं विश्वास राख्ने देशमा निम्न वमोजिम विवाह कार्य पूरा गर्ने प्रचलन रहेको देखिन्छ। जो अति संक्षेपमा यस प्रकार दिग्दर्शन गरिन्छ-

१) वेलायतमा विवाह :-

एक समारोहवीच वर-वधूलाई एउटा चर्च (इसाईको मन्दिर) मा उपस्थित गराइन्छ। पादरी (पुजारी) को अगाडि वर-वधूको औंठी या रुमाल साटासाट हुन्छ। वाइवल (धार्मिक ग्रन्थ)को केही अंश सुन्ने कार्य हुन्छ। अनि जीवन पर्यन्त एक आपसको मेलमिलापमा कुनै कमी आउन नदिन वाचावन्धन हुन्छ र अन्तमा वरद्वारा वधूको देव्रे हातमा औंठी लगाउने कार्य सम्पन्न हुन्छ। यस औंठीको माध्यमले म तिमीसँग विवाह गर्छु भन्ने वरको अभिव्यक्ति समेत आउँछ। सवैले ताली पिट्छन् र विवाह सम्पन्न हुन्छ।

---

१९) पिता रक्षति कौमारे भर्त्ता रक्षति यौवने। रक्षन्ति स्थविरे पुत्राः न स्त्री स्वातन्त्र्यमर्हति ॥ (मनु. ९/३)
२०) एकचक्रो रथो यद्वदेकपक्षो यथा खगः। अभार्योऽपि नरस्तद्वदयोग्यः सर्वकर्मसु ॥ (गृहस्थधर्म)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) अष्ट्रेलियामा विवाह :-

यसमा विवाह गर्दा वधूको भाई एउटा बल्दै गरेको मशाल लिई वरको घरमा जान्छ भने वरको भाई पनि वधूको घरमा जान्छ। त्यसपछि विवाह सम्बन्धी अन्य केही साधारण विधि पश्चात् विवाह सम्पन्न हुन्छ।

३) बलगेरियामा विवाह :-

यसमा वर वधूलाई विवाह हुनुभन्दा पहिले एक हप्तासम्म एउटा अध्याँरो कोठामा थुनीदिने गरिन्छ। तत्पश्चात उनी दुवैको सहमतिमा विवाह सम्पन्न गरिन्छ र विवाह पूरा भएको मानिन्छ।

४) जेरुसलममा विवाह :-

यस देशमा विवाहको समयमा वधूको आँखामा पट्टी बाँधी दिने र जवसम्म विवाह कार्य सम्पन्न हुँदैन, आँखाको पट्टी नहटाउने चलन रहेको छ।

५) जापानमा विवाह :-

यहाँका स्त्रीहरूले यद्यपि सेतो कपडा वढी मन पराउँदैनन् ता पनि विवाहको अवसरमा वधूलाई सेतो कपडाको लुगा लगाउने र सिगार्ने चलन रहेको छ। त्यसपछि केही लौकिक विधि गरिन्छ र विवाह सम्पन्न हुन्छ। जापानमा सेतो वस्त्र वधूले लगाउनुको तात्पर्य विवाह हुँदै या भई सकेको जनाउँदछ भने कन्या अर्काकी भईसकेकी भन्ने कुराको संकेत गरेको पनि मानिन्छ।

६) मिश्रमा विवाह :-

यसमा विवाह समाप्ति पर्यन्त वर-वधूले आपसमा विलकुल हेराहेर गर्नु हुँदैन, निषेध गरिएको हुन्छ। जसको पालनामा समेत निकै सचेतता र कठोरताको व्यवहार अपनाइएको पाइन्छ।

७) कोर्यक एवं शवरजातिमा विवाह :-

यसमा उक्त जातिकी विवाहयोग्य कन्याद्वारा उक्त जातिको वरलाई विवाहको प्रथा अनुसार वेतको लट्ठीले आफूले सक्दो पिट्ने गरिन्छ। त्यसमा वरले कुनै प्रतिकार गर्दैन र विवाहपछि हाम्रो दाम्पत्य जीवन यसो गरे सुखी हुन्छ भन्ने जनविश्वासका कारण वरले पिटाई सहने गर्दछ, अनि विवाह सम्पन्न भएको मानिन्छ।

८) तिब्बतमा विवाह :-

यस देशमा विवाहको समयमा वधूलाई वरको जूठो दूध खान दिइन्छ र केही लौकिक विधि विधानपश्चात विवाह सम्पन्न भएको मानिन्छ।

९) मुस्लिम विवाह :-

यसमा विभिन्न उपहारका साथै वधूलाई केही रूपियाँ या असर्फी वरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तर्फबाट दिइने गरिन्छ, र वधूले काजी (मुस्लिम-पुरोहित) द्वारा उक्त वर स्वीकार छ वा छैन भनि सोधेकोमा वधूले उक्त वस्तुका साथै मलाई यो वर स्वीकार छ भनेपछि मात्र दुवैको विवाह हुन्छ, नत्र हुँदैन । अनि काजीले विवाह सम्पन्न भएको घोषणा गर्दछ ।

१०) आर्यसमाजी विवाह :-

उक्त विवाह सनातन (हिन्दू) धर्मावलम्वीको विवाह अनुरूप नैं रहेको हुन्छ । तर त्यसमा वैदिक विधि अनुरूप गणेश पूजनादि कार्य भने गरिदैनन् । यसका अलावा सप्तपदीका समयमा, अग्निपरिक्रमाको अवसरमा एउटा पहलमान (दह्रो मान्छे) हातमा लठ्ठी र काँधमा एउटा पानीको घडा लिएको हुनुपर्ने विधान रहेको छ । त्यो किन त भन्दा अग्नि परिक्रमाको अवसरमा कुनै किसिमले आगलागी भयो भने त्यसले आगोलाई शान्त गर्न सकोस् भन्ने अभिप्रायले त्यस्तो विधान राखिएको हन्छ । अन्य सवै हिन्दू धार्मिक ग्रन्थ अनुसार नै कार्य सम्पन्न गर्ने गरिन्छ र विवाह कार्य सम्पन्न मानिन्छ ।

विवाहका विभिन्न शास्त्रीय प्रकार :-

विवाहको सम्वन्धमा विचार गर्ने क्रममा **महर्षि [२१]याज्ञवल्क्य र मनुल** पनि विभिन्न देशमा बसोवास गर्ने विभिन्न जाति जनजातिका लागि भिन्न-भिन्न ८ प्रकारका विवाह विधिको उल्लेख गरेको पाइन्छ । **मनुस्मृतिमा** विवाहका ८ भेद निम्न लिखित पाइन्छन् ।

ब्राह्मो दैवस्तथैवार्षः प्राजापत्यस्तथासुरः ।
गान्धर्वो राक्षसश्चैव पैशाचश्चाष्टमोधमः ॥ मनु. ३/२१

अर्थात् ब्राह्म, दैव, आर्ष, प्राजापत्य, आसुर, गान्धर्व, राक्षस र पैशाच गरी विवाह ८ प्रकारका हुन्छन् । जसको वर्णन पृथक्-पृथक् रूपमा गरिदैछ-

१) **ब्राह्म विवाह :-** [२२]वेद पढेका, राम्रो आचरण भएका वर (पुरुष)लाई स्वयं निमन्त्रणा गरी उसको विधिवत् सम्मान र पूजन गर्दै वर-वधूलाई वस्त्र-आभूषण (गहना)द्वारा आफ्नो शक्ति र सामर्थ्यले अलंकृत गरी विधिअनुरूप उक्त वरलाई कन्यादान गर्नु नैं धार्मिक 'ब्राह्म' विवाह भनिन्छ ।

---

२१) ब्राह्मोविवाह आहूय दीयते शक्त्यलंकृतः । तज्ज पुनात्युभयतः पुरुषानेकविंशतिम् ॥ (या. स्मृ . १/५८)
यज्ञस्थ ऋत्विजे दैव आदायार्षस्तु गोद्वयम् । चतुर्दश प्रथमजः पुनात्युत्तरजश्च षट् ॥ (या. स्मृ. १/५९)
इत्युक्त्वा चरतां धर्मं सह या दीयतेर्थिने । स कायः पावयेत्तज्जः षट् षड्वंश्यान्सहात्मना ॥ (या.स्मृ. १/६०)
आसुरो द्रविणादानाद्गन्धर्वः समयान्मिथः । राक्षसो युद्धहरणात्पैशाचः कन्यकाछलात् ॥ (या. स्मृ. १/६१)

२२) आच्छाद्य चार्चयित्वा च श्रुतिशीलवते स्वयम् । आहूय दानं कन्यायाः ब्राह्मो धर्मः प्रकीर्तितः ॥ (मनु. ३/२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) **<u>दैव विवाह</u> :–** [२३]ज्योतिष्टोमादि यज्ञ र भागवतादि साप्ताहिक पाठको समाप्तिमा यथायोग्य ऋत्विग् (वृणित ब्राह्मणादि) मध्ये कुनै एकका साथमा वस्त्राभूषणद्वारा अलंकृत गरी गरिने कन्यादान, ऋषिहरूले धार्मिक <u>'दैव' विवाह</u> भनेका छन् ।

३) **<u>आर्ष विवाह</u> :-** [२४]गोमिथुन (गाई-गोरु दुवै) अथवा गाई या गोरुमध्ये एक वस्तु, यज्ञ, धार्मिक अनुष्ठान आदि कार्य सम्पादन गर्ने हेतुले, न कि धन कमाउने उद्देश्यले वरवाट लिई वधूपिताद्वारा शास्त्रीय विधि अनुसार कन्यादन सम्पन्न गर्ने कार्य <u>**'आर्ष' विवाह**</u> भनिन्छ ।

४) **<u>प्राजापत्य विवाह</u> :–** [२५]तिमी दुवै (वर-वधू) एक आपसमा धर्मपूर्वक व्यवहार गर, भनी मान्यजनहरूबाट वस्त्रालंकारद्वारा (दुवैलाई) विभूषितगरी पूजनपूर्वक कन्यादान गर्ने कार्य <u>**'प्राजापत्य' विवाह**</u> भनिन्छ ।

५) **<u>आसुर विवाह</u>**[२६] :- कन्याको आमा, वावु र काका आदि मान्यजन एवं कन्यालाई समेत आफ्नो सामर्थ्य अनुसार पैसा दिई वरद्वारा आफ्नो इच्छाले कन्या (वधू) स्वीकार गरी स्वच्छन्दतापूर्वक व्यवहार चलाउनु <u>"आसुर विवाह"</u> भनिन्छ ।

६) **<u>गान्धर्व विवाह</u>**[२७] :- कन्या र पुरुषको व्यक्तिगत इच्छाको आधारमा परस्पर एक अर्काप्रति आकर्षित भई प्रेम पूर्वक गरिएको आलिंगन र मैथुन सम्वन्धी कार्य पश्चात् गरिने विवाह <u>"गान्धर्व विवाह"</u> भनिन्छ ।

७) **<u>राक्षस विवाह</u>**[२८] :- कन्याका पक्षका व्यक्तिहरूलाई मारेर, काटेर, घर-कटेरो फोरेर, भत्काएर वावु आमाको नाम लिई चिच्याउँदै (रुदै) गरेकी असहाय कन्याको वलपूर्वक घरवाट अपहरण गरी ल्याउने कार्य र त्यसलाई आफूखुसी स्वीकार्ने कार्य <u>**"राक्षस विवाह"**</u> भनिन्छ ।

८) **<u>पैशाच विवाह</u>**[२९] **:–** सुतेकी, रक्सी खाएर मात्तिएकी, मगज विग्रेकी, अशक्त, रोगी कुनै युवतीका साथमा एकान्त समयमा कुनै व्यक्तिले अनैतिक रूपमा मैथुनादि कार्य गरी आफ्नो वनाउँदछ भने त्यो जघन्य पापको कोटीमा पर्दछ

---

२३) यज्ञे तु वितते सम्यगृत्विजे कर्म कुर्वते । अलंकृत्य सुतादानं दैवं धर्म प्रचक्षते ॥ (मनु. ३/२८)
२४) एकं गोभिथुनं द्वे वा वरादादाय धर्मतः । कन्याप्रदानं विधिवद् आर्षो धर्मः स उच्यते ॥ (मनु. ३/२९)
२५) सहोभौ चरतां धर्ममिति वाचाऽनुभाष्य च । कन्याप्रदानमभ्यर्च्य प्राजापत्यो विधिः स्मृतः ॥ (मनु. ३/३०)
२६) ज्ञातिभ्यो द्रविणं दत्त्वा कन्यायै चैव शक्तितः । कन्याप्रदानं स्वाच्छन्द्यादासुरो धर्म उच्यते ॥ (मनु. ३/३१)
२७) इच्छयाऽन्योन्यसंयोगः कन्यायाश्च वरस्य च । गान्धर्वः स तु विज्ञेयो मैथुन्यः कामसंभवः ॥ (मनु. ३/३२)
२८) हत्वा छित्वा च भित्त्वा च क्रोशन्तीं रुदतीं गृहात् । प्रसह्य कन्याहरणं राक्षसो विधिरुच्यते ॥ (मनु. ३/३३)
२९) सुप्तां मत्तां प्रमत्तां वा रहो यत्रोपगच्छति । स पापिष्ठो विवाहानां पैशाचश्चाष्टमोऽधमः ॥ (मनु. ३/३४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र त्यसलाई आठौं "पैशाच विवाह" भनिन्छ। जो अन्य सात विवाहमध्ये सबैभन्दा निकृष्ट र निन्दनीय मानिन्छ।

यसरी उक्त आठ विवाह[30] मध्ये ४ विवाह-ब्राह्म, दैव, आर्ष र प्रजापत्य ब्राह्मणवर्णका लागि राक्षस विवाह, क्षत्रियका लागि र वैश्य-शूद्रका लागि आसुर विवाह स्मृतिले स्वीकारेको देखिन्छ। तर यसका साथै मनु[31] ले अर्को श्लोकमा प्राजापत्य, गान्धर्व र राक्षस विवाहलाई धर्मयुक्त विवाह मानेका छन् भने आसुर र पैशाच विवाहलाई अधर्मयुक्त मानेका छन्। अतः आसुर विवाह र पैशाच विवाह सनातनीले कहिले पनि नगर्नु भनी स्पष्ट रूपमा निर्देशन पनि दिएको देखिन्छ। यसका साथै ब्राह्मण वर्णका लागि उक्त स्वीकृत ४ विवाहमध्ये पनि ब्राह्म विवाह नैं अत्युत्तम मानेको देखिन्छ। त्यसको अनुकरण त्रयीवर्णले समेत गरे उनीहरूको समेत कल्याण हुनुका साथै वैवाहिक जीवन पनि सुखमय हुने देखिन्छ।

यसरी उक्त ४ प्रकारका विवाह[32] (ब्राह्म, दैव, आर्ष र प्राजापत्य) बाट जो सन्तान उत्पन्न हुन्छन् ती ब्रह्मतेजयुक्त र सज्जन हुनुका साथै सुन्दर, सात्त्विक, धनवान्, यशस्वी, पर्याप्त भोग गर्न सक्ने र धार्मिक हुन्छन्। अनि ती सौ वर्षसम्म जीवित रहन्छन्। अन्य ४ प्रकारका विवाह (आसुर, गान्धर्व, राक्षस र पैशाच) बाट क्रूर, मिथ्यावादी, धर्म र वेदको निन्दा गर्ने सन्तान उत्पन्न हुन्छन्। उक्त व्यवस्थामा व्यतिक्रम देखिएमा जन्मजन्मान्तरको पुण्य र पापको कारणले यस्तो भएको भन्ने कुरा बुझ्नु पर्दछ। अविश्वास गर्नु हुँदैन। यसरी प्रशंसित स्त्रीका साथ विवाह गरे राम्रा सन्तान र निन्दित स्त्रीविवाहबाट निन्दित सन्तानको उत्पत्ति हुन्छ। तसर्थ शास्त्रनिन्दित विवाह कहिले पनि बुद्धिमान् व्यक्तिले गर्नु हुँदैन भनी मनुले स्मृति ग्रन्थमा उक्त व्यवस्था क्रम निर्धारण गरेको देखिन्छ। जसलाई **महर्षि याज्ञवल्क्य**[33] ले पनि पूर्णरूपमा समर्थन गर्दै ब्राह्मण वर्णले उक्त प्रशंसित ब्राह्म आदि ४ विवाह मध्ये पनि प्रथम विवाह गर्नु र त्यसमा वरले सजातीया वधूको पाणिग्रहण (दक्षिणहस्ताङ्गुष्ठ ग्रहण) गर्नेकार्य विधिअनुसार अवंश्य गर्नुपर्दछ, भनेको पनि पाइन्छ।

---

३०) चतुरो ब्राह्मणस्याद्यान्प्रशस्तान्कवयो विदुः। राक्षसं क्षत्रियस्यैकमासुरं वैश्यशूद्रयोः ॥ (मनु. ३/२४)
३१) पञ्चानां तु त्रयो धर्म्या द्वावधर्म्यौ स्मृताविह। पैशाचश्चासुरश्चैव न कर्तव्यौ कदाचन ॥ (मनु. ३/२५)
३२) ब्राह्मादिषु विवाहेषु चतुर्ष्वेवानुपूर्वशः। ब्रह्मवर्चस्विनः पुत्रा जायत्ते शिष्टसम्मता : ॥
रूप-सत्त्व-गुणोपेता धनवन्तो यशस्विन :। पर्याप्तभोगा धर्मिष्ठा जीवन्ति च शतं समाः ॥
इतरेषु च शिष्टेषु नृशंसानृतवादिनः। जायन्ते दुर्विवाहेषु ब्रह्मधर्मद्विषः सुताः ॥
अनिन्दितै स्त्री विवाहैरनिन्द्या भवति प्रजा। निन्दितैर्निन्दिता नृणां तस्मान्निन्द्यान्विवर्जयेत् ॥ (मनु. ३/३९-४२)
३३) पाणिर्ग्राह्या सवर्णासु गृह्णीयात् क्षत्रिया शरम्। वैश्याप्रतोतमादद्यात् वेदने त्वग्रजन्मनः ॥ (या.स्मृ. १/६२)
पाणिग्रहण संस्कारः सवर्णासूपदिश्यते। असवर्णास्वयंज्ञेयो विधिरुद्वाहकर्मणि ॥ (मनु. ३/४३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहका अंगहरू :-

नेपाली समाजमा विवाहको अवसरमा विभिन्न लौकिक एवं वैदिक विधि विधान अनुरूप कार्य गर्ने गरिन्छ। जसमा (१) कामकुरो छिन्ने (२) साइत हेर्ने (३) लग्न (साइत) लेखाउने (४) निमन्त्रणा पठाउने (५) जग्गे वनाउने (६) पूर्वाङ्ग (पूजन) गर्ने (७) शाहीपाटा (लग्नपत्र, मांगलिक द्रव्य सहित पत्र वरकहाँ पठाउने) (८) जन्ती अनमाउने (९) भतखौरा पठाउने (१०) वर-वधूको स्वयंवर गर्ने (११) वाग्दान (१२) वरणी (वरको वरण) (१३) कन्यादान (१४) विवाह (१५) लाजाहोम (१६) पाणिग्रहण (वरद्वारा सवर्णास्त्रीको मात्र) (१७) शिलापूजन (१८) अष्टपर्वत पूजन (१९) सप्तपदी सप्तर्षिपूजन (२०) दिनको विहेमा सूर्य र रात्रीको विहेमा ध्रुवतारा वधूलाई देखाउने (२१) हृदयालम्भन (२२) सिन्दूरदान (२३) माहुर (दही मह, घ्यू) खुवाउने (२४) लावा भुट्ने-कौडा खेल्ने (२५) वरवधूलाई ब्राह्मणले आर्शीवाद दिने (२६) पूर्णाहुति (२७) विदाई (सम्धी-सम्धीनी भेट) (२८) वुहारी भित्र्याउने (२९) वरवधूको स्वागत (३०) वहिनीद्वारा वाटो छेक्ने (३१) पूर्व स्थापित घरमा देवताको वर-वधूद्वारा पूजन (३२) सासू-वुहारीद्वारा धान भर्ने, चुल्ठो जोर्ने, घृतधारा गर्ने, वुहारीले सासूलाई ढोग्ने र वुहारीद्वारा ससुरा र अन्य आफन्त मान्यजनको दर्शन भेट (ढोग सगुनका साथ) गर्ने आदि रहेका छन्। विवाहको चौथो दिनमा चतुर्थी कर्म गर्ने तथा विवाहको १६ दिनभित्र वधूको पुनःगृहप्रवेश (द्विरागमन) हुनुपर्ने चलन (व्यवस्था) रहेको छ। त्यसो गरेमा वधूले पुनः माइत जाँदा र घर फर्किदा गृहप्रवेशको साइत हेरिरहनु पर्दैन, भन्ने मान्यता पनि रहेको पाइन्छ।

विवाहका केही शास्त्रीय अंग र संक्षिप्त विधि :-

यसरी विवाह विधिका उक्त वैदिक कार्यमध्ये महत्वपूर्ण (१) वाग्दान (२) कन्यादान (३) विवाह (४) लाजाहोम (५) पाणिग्रहण (६) सप्तपदी (७) सिन्दूरदान र (८) चतुर्थी कर्म रहेका छन्। जसमा केही प्रकाश पारिदैछ।

१) वाग्दान (कुरोछिन्ने/सगाई) :-

यसमा लमीद्वारा वर-कन्या लिने दिने कुरा मिलिसकेपछि कन्याका घरमा वरपक्षका प्रमुख व्यक्तिहरूको उपस्थितिमा वरपक्षवाट "हामीहरू फलानो वरका लागि तपाईकी फलानी कन्या माग्न आएका हौं" भन्ने अभिव्यक्ति पश्चात् कन्यापक्षवाट पनि "हुन्छ, हाम्री कन्या तपाईका फलानो वरलाई दिएँ भन्ने। अव हामी दुवैको अनुकुल विचारगरी, राम्रो दिनपारी कन्यादान लिन दुलहा लिएर जन्ती आउनुहोला" भनी वर पक्षका सवै व्यक्तिको र वरको समेत टीका, पान, मसला र दक्षिणाले समेत स्वागत गरी वरपक्षलाई विदाई गर्ने लौकिकरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलन रहेको छ भने शास्त्रीय विधि पनि यस अनुरूप नैं रहेको देखिन्छ । जसमा दीप, कलश, गणेश पूजन पूर्वक संकल्प गरी-

[34]मर्द सद्दे अपतित दशदोषविवर्जित ।

वरलाई दिन्छु कन्या देवाग्नि-द्विजसम्मुख ॥" भन्दै वरका हातमा कुशसहितको जल दिने । अनि वरलाई वधूपिताले सम्वोधन गर्दै[35] भन्ने-

"कन्या दिएँ वचनले सकार्नु भो तपाईले ।

कन्या हेर्ने विषयमा चिन्ता नगर्नु हजुर्ले ।" तत्पश्चात् वरपक्षका व्यक्ति या वर स्वयं आफैले उक्त कुराको समर्थन गर्दै[36] भन्नुपर्दछ "मुखले कन्या दिनुभयो, मैले पनि सवैको सम्मुख स्वीकारेको छु । वरको विषयमा तपाईहरूले केही चिन्ता गर्नु पर्दैन" । यसपछि वाग्दान या सगाईको काम पूरा भएको मानिन्छ । यसै प्रसंगमा विभिन्न स्थानमा वर-वधूको योग्यता र दोषका विषयमा समेत केहि उल्लेख गरिएको पाइन्छ । जो सवैको जानकारीका लागि (विषयवस्तु) प्रस्तुत गरिदैछ । वरको योग्यताको सम्वन्धमा भनिएको छ[37] राम्रो कुलमा उत्पन्न, सदाचारी, सुगठित शरीर, सुहाउँदो उमेर, पढेको, कमाउने र भैपरिआउने सवै कार्यमा दक्ष यी सप्तगुणले युक्त भएको वरलाई आफ्नी कन्या दिंदा हुन्छ । अन्य कुरामा विचार गर्नु आवश्यक छैन । यसरी नैं वरदोषको प्रसंगमा भनिएको छ- [38] सधैं मात्तिने, पतित, कोढी, नपुंसक, सगोत्री, आँखा नदेख्ने, कान नसुन्ने, मिर्गी (छारेरोग) आदि रोगद्वारा दूषित पुरुष विवाहका लागि अनुपयुक्त (अयोग्य) मानिएका छन् । यसका साथै स्त्री दोषको [39]प्रसंगमा समेत भनिएको छ-दीर्घरोगी, वाङ्गी, दुष्टस्वभाव भएकी, अरुको प्रेम जालमा फँसेकी इत्यादि कुरा कन्यादोष भनिएका छन् । त्यसकारण विवाह[40] कार्य गर्नुभन्दा पहिले दुवै पक्षको सम्पन्नता, दुवैको कुलपरम्परा र गुण दोष आदिको विचार गरेपछि दुवै कुलमा समानता भएमा मात्र विवाह या मित्रता गर्नु उपयुक्त हुन्छ भनी नीतिकारले पनि भनेका छन् । अतः उक्त शास्त्रीय र वैज्ञानिक विधि अनुरूप वर-वधूको छनौट प्रक्रियामा ध्यान पुगेमा सवै (वरवधू) को दाम्पत्य जीवन सुखमय हुने देखिन्छ ।

---

३४) अव्यङ्गेऽपतितेऽक्लीवे दशदोषविवर्जिते । इमां कन्यां प्रदास्यामि देवाग्निद्विजसन्निधौ ॥ (वि. पद्धति पृ.७१)

३५) वाचा दत्ता मया कन्या पुत्रार्थं (आत्मार्थं) स्वीकृता त्वया । कन्यावलोकनविधौ निश्चिन्तस्त्वं सुखीभव ॥

३६) वाचा दत्ता त्वया कन्या पुत्रार्थं)आत्मार्थं) स्वीकृता मया । वरावलोकनविधौ निश्चिन्तस्त्वं सुखीभव ॥

३७) कुलञ्च शीलंच सनाथता च विद्यां च वित्तं च वपुर्वयश्च ।
एतान्गुणान्सप्त विचिन्त्यदेया कन्या बुधैः शेषमचिन्त्यनीयम् ॥ (पञ्चतन्त्र ३/स्मृ.च. १, पृ. ७२)

३८) उन्मत्तः पतितः कुष्ठी तथा पण्ढः स्वगोत्रजः । चक्षुश्रोत्रविहीनश्च तथापस्मारदूषितः ॥
वरदोषाः स्मृता ह्येते कन्यादोषाश्च कीर्तिता ॥ (स्मृ.च. १/पृ. ५९)

३९) दीर्घकुत्सितरोगार्ता व्यङ्गा संसृष्ट मैथुना । दुष्टान्यगतभावा च कन्यादोषाः प्रकीर्तिताः ॥ (नारद पु.स्त्री. ३६)

४०) ययोरेव समं वित्तं ययोरेव समं श्रुतम् । तयोर्मैत्री विवाहश्च न तु पुष्टविपुष्टयोः ॥ (म.भा.आदिपर्व १३१/१०)
समैर्विवाहं कुरुते न हीनैः समैः सख्यं व्यवहारं कथां च ॥ (उद्योगपर्व ३३/११७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसैक्रममा मानव जीवनमा षट्वस्तु कष्टकारक देखिन्छन्, भने छ वस्तु आनन्ददायक पनि हुन्छन् । जसमध्ये कष्टकारक छ वस्तु[४१] यस प्रकार रहेका छन्- (१) नराम्रो स्थानमा वस्नु (२) संस्कारहीन र अकुलिन व्यक्तिको सेवा (३) नराम्रो या सडेको भोजन (४) संधै रिसाउने पत्नी (५) मूर्ख छोरो र (६) विधवा कन्या/छोरी हुनु आदि कुरा आगोविना नै शरीरलाई डढाउने वाला हुन्छन् । तसर्थ यी ६ कुरा गृहस्थी-मनुष्यका लागि कष्टप्रद हुन्छन् । यसरी नै सुखप्रद वस्तु[४२] पनि ६ ओटै रहेका छन् । जो यस प्रकार छन् । (१) धनको सदैव प्राप्ति (२) शरीरमा रोग व्याधि नलाग्नु (३) माया गर्ने पत्नी (४) मीठो/सुसंस्कृत वाणी भएकी श्रीमती (५) आज्ञाकारी छोरो र (६) सार्थक पढाई (विद्या) हुनु यी सवै सांसारिक प्राणीहरूका लागि सुखदायक वस्तु हुन् । मानव जीवनमा यस्ता कुरा भएमा दुवै (पति-पत्नी) को जीवनमा शान्ति र खुशीयाली आउँछ र उक्त कुरा सबै (दम्पती)को जीवनमा प्राप्त भए सबैको भलो हुने देखिन्छ ।

२) कन्यादान :-

पुरुष-वरको वरण गरेपछि वधू पिता-माता इष्टमित्र एवं सम्वन्धीवर्ग सवैले कन्यादान स्थलमा वरवधूको गोडा धुने, उपहार दिने, वरको विधिवत् मधुपर्कद्वारा पूजन गर्ने कार्य सम्पन्न गर्नुपर्दछ । अनि वरद्वारा वधूलाई वस्त्रादि प्रदान गर्ने अनि मन्त्र पढ्ने **"ॐ अलङ्करणमसि भूयोऽलङ्करणंभूयाः** र **"ॐ माङ्गल्यतन्तुनानेन तव सौभाग्य हेतुना । कंठे वध्नामि सुभगे त्वं जीव शरदां शतम् ॥"** अर्थात् अलंकार स्वरूप भएको यौ सौभाग्यसूचक मांगलिक सूत्र (पोते) तिम्रो गलामा लगाईदिछु, यसले तिमीलाई सौ वर्षको उमेर प्रदान गरोस् भन्दै वरले वेहुलीको गलामा पोते/मंगलसूत्र लगाई दिने । कन्यापक्षबाट पनि वरलाई विभिन्न वस्त्रादि सामग्री राखेको वेग दिने । अनि वर-वधूले एक-आपसमा हेराहेर गर्ने । अनि वधूपिताले वरको दाहिने हातमाथि वधूको दाहिने हात राखी वधूको दक्षिणांगुष्ठ समाउँदै विधिअनुरूप कन्यादान संकल्प गर्ने र वर-वधूपक्षका ३/३ गोत्र, प्रवर र नामको उच्चारण गर्दै अन्तमा **"इमां कन्यां प्रजापतिदेवताकां सहधर्माचरणद्वारा त्रिवर्गसाधनार्थं देव-अग्नि-गुरु-ब्राह्मणसन्निधौ पत्नीत्वेन तुभ्यं संप्रददे ।"** भन्दै मंगलध्वनिका साथ उक्त जौ-तिल-अक्षता-कुश र पानीले युक्त भएको कंन्याको (दक्षिणांगुष्ठयुक्त) दाहिने हात शंख समेतै वरका हातमा राखिदिने र मनमनै **"ॐ प्रजापतिः प्रीयताम्"**

४१) कुग्रामवासः कुलहीनसेवा कुभोजनं क्रोधमुखी च भार्या ।
पुत्रश्च मूर्खो विधवा च कन्या विनाग्निना षट् प्रदहन्ति कायम् ॥ (चाणक्यनीति ४/८)

४२) अर्थागमो नित्यमरोगिता च प्रिया च भार्या प्रियवादिनी च ।
वश्यश्च पुत्रोर्थकरी च विद्या षड् जीवलोकस्य सुखानि राजन् ॥ (पञ्चतन्त्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भन्ने । अनि त्यसैवेला ब्राह्मणले लगन गाँठो पार्ने र वधूपिताले हात जोडी वरतिर फर्केर प्रार्थना गर्ने -

कन्यां कनकसम्पन्नां कनकाभरणैर्युताम् ।
ददामि विष्णवे तुभ्यं ब्रह्मलोकजिगीषया ॥
विश्वम्भर सर्वभूत साक्षिण्यः सर्वदेवताः ।
इयं कन्या मया दत्ता पितृणां तारणाय च ॥

वरले पनि "द्यौस्त्वा ददातु पृथिवी त्वा प्रतिगृह्णातु" अर्थात् आकाशले तिमीलाई दिऊन् र पृथिवीले पनि तिम्रो हात थामुन् भन्दै कन्याको हात समाउने र पत्नी स्वीकार्ने । अनि वधूपिताले वरलाई हात जोडी पुनः भन्ने-

"ॐ कन्येयं मत्कुले जाता पालिता वत्सरान् बहुन् ।
तुभ्यं वर ! मया दत्ता पुत्रपौत्रविवर्धिनी ॥" अर्थात् मेरा कुलमा जन्मेकी र आजसम्म पालन-पोषण गरिएकी यी मेरी कन्यालाई पुण्यकार्य र सन्तानवृद्धिका लागि मैले तपाइलाई दिएँ । अतः तपाईले "धर्मे चार्थे च कामे च नातिचरितव्या त्वयेयम्" अर्थात् धर्म, अर्थ कामका साथै अन्य कुनै कार्यमा पनि यिनको उपेक्षा नगर्नुहोला भन्ने । वरले पनि "ॐ नातिचरामि ।" उपेक्षा गर्दिन भन्ने । कन्यादान पछि वधूलाई माईतीले लैजाने र वरपक्षवाट प्राप्त लुगा फेराउने । अनि मण्डपमा केही समयपछि ल्याउने । अनि वरले कन्याको हात या पछ्यौरा समाती भन्ने[४३]- हे कन्ये, तिमी हावा उडे झैं आफ्नो मनलाई उडाई यताउता लगाई रहेकी छ्यौं । त्यस्ती तिमी या तिम्रो मनलाई पूर्वादि ४ दिशा, पवित्र हावा, सुवर्णरथमा घुम्ने सूर्य र कोणस्थ अग्निले अथवा गरुडले फिराई मपट्टि ल्याई दिऊन् भन्दै हे फलानी देवी भनि वधूको नयाँ वोलाउने नाम राख्ने । यसरी कन्यादान सम्वन्धी संक्षिप्त विधि समाप्त हुन्छ ।

३) विवाह :-

विष्णुपुराण[४४] का आधारमा विवाह र विवाद (झगडा) सदैव समान हैसियत भएका व्यक्तिहरूका साथमा गर्नुपर्दछ । त्यसमा पनि द्विजातिको[४५] हकमा आफ्नो जातकी (सवर्णा) कन्याका साथमा विवाह गर्नुपर्दछ भन्ने शास्त्रीय[४६]वचन पनि पाइन्छ र धेरै पत्नी भएतापनि सवर्णा जेठी पत्नीको नैं धार्मिक कार्यमा

---

४३) यदैषा मनसा दूरं दिशोनु पवमानो वा । हिरण्यपर्णोवैकर्ण्यः स त्वा मन्मनसां करोतु ॥ श्री.....देवी इति ।
४४) विवाहश्च-विवादश्च तुल्यशीलैर्नृपेष्यते । (वि.पु. ३/१२/२२)
४५) सवर्णाग्रेद्विजातीनां प्रशस्ता दारकर्मणि ॥ (मनु. ३/१२)
४६) सत्यामन्यां सवर्णायां धर्मकार्यं न कारयेत् ॥ (या.स्मृ. १/८८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधिकार रहन्छ भनि या.स्मृ. ले पनि स्पष्ट पारेको देखिन्छ। [४७]कन्या पनि श्रेष्ठ कुलमा उत्पन्न भएकी हुनुपर्ने र नीच कुलमा उत्पन्न भएकीरूपवती सुलक्षणा कन्या भएपनि विवाहका लागि उपयुक्त नहुने शास्त्रले ठहराएको देखिन्छ। यसरी उक्त शास्त्रीय वचन अनुरूप रहेकी कन्याका साथमा कन्यादान कार्य समाप्त भएपछि वरवधू दुवै यज्ञमण्डपमा आउने गर्दछन् र एक-आपसमा पुरोहितको आज्ञा अनुरूप हेराहेर गर्ने गर्दछन्। त्यसमा वरले[४८]भन्दछ- हे कन्यके, तिमी शान्तदृष्टि भएकी, पतिको काम नविगार्ने, पशुको या आफूमा आश्रितहरूको राम्रो हेरचाह गर्ने, प्रसन्नताले युक्त भएकी, तेजिली, सुपुत्र/सुकन्या पाउने, अग्न्यादि देवी देवताहरूको पूजनादिको चाहना गर्ने, आफू पनि खुशी हुने र हामी एवं हाम्रा आश्रितजन र पशुहरूलाई पनि सन्तुष्ट पार्न सक्ने र गुणी पनि छौ। हे कन्ये, [४९]तिमीलाई पहिले सोमले, अनि गन्धर्वले, अनि अग्निले पनि क्रमशः रक्षकरूपमा तिम्रो पालन गर्दै आएका थिए। अव अहिले मनुष्य जातिमा तिम्रो चौथो रक्षक/पतिकोरूपमा म प्राप्त भएको छु। तसर्थ तिम्रा साथमा मेरा सवै कामनाहरू पूर्ण हउन्। त्यसमा पूषा देवताले हाम्रो मार्ग प्रशस्त गरुन् भन्दै वर-वधूले अग्निप्रदक्षिणा गर्ने र वरले वधूसहित स्वयं आफ्नो अभिषेक पनि गर्ने। अनि ब्राह्मणद्वारा विभिन्न हवनादि कर्म गरेपछि लाजाहोम गर्ने। लाजाहोमको समयमा वरले वधूलाई स्पर्श गर्ने (समाउने) अनि वधूभाइले शमीको पातहरू मिसाएर पहिले नै ठिक पारिराखेको लावामा अलिकति घिउ छकिर्ने र त्यसलाई वधूले नाङ्लोमा ४ थुप्रा लगाउने। अनि पहिलो थुप्रोको फेरी तीन भाग लगाउने। अनि ती तीन भागमध्ये एक-एक भाग क्रमैसँग अञ्जुलीले झिकेर दाहिनेपट्टीवाट वधू भाईले वधूलाई दिने। अनि वधूले पनि उक्त लावा अञ्जुलीमा एक-एक भाग लिएर अग्निमा आहुती दिने, भनिएको छ। यस्तै कतै वधूभाइको हातवाट लावा लिंदा वरको हातमाथि हाफ्नो हात राखेर वधूले अञ्जुली थाप्ने र सो अग्निमा आहुती दिने भनिएको पाइन्छ भने कतै वधूले नैं भाइको हातवाट लावा लिई तीनभाग लगाई आहुती दिनु भन्ने पनि लेखिएको पाइन्छ। जसमा विभिन्न मन्त्रको उच्चारण गर्दै लावा प्रज्वलित हवन कुण्डमा होम गर्नुपर्दछ।

---

४७) वरयेत् कुलजां प्राज्ञो विरूपामपि कन्यकाम्। सुरूपां सुनितम्वाञ्च नाकुलीनां कदाचन ॥ (ग.पु. आचा. ११०/५)
वरयेत् कुलजां प्राज्ञो विरूपामपि कन्यकाम्। रूपवतीं न नीचस्य विवाहः सदृशे कुले ॥ (चा. १ /१४)

४८) ॐ अघोर चक्षुपतिघ्न्येधि शिवा पशुभ्यः सुमनाः सुवर्चाः। वीरसूर्देवकामा स्योना शन्नो भव द्विपदे शं चतुष्पदे ॥ (ऋ.)

४९) सोम प्रथमो विविदे गन्धर्वो विविदऽउत्तरः। तृतीयोऽग्निष्टे पतिस्तुरीयस्ते मनुजा : ॥
सोमोददद् गन्धर्वाय गन्धर्वोददग्नये। रयिं च पुत्रांश्चाददग्निर्मह्यमथोऽइमाम् ॥ (ऋग्वेद)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) लाजाहोम (अग्नि .प्रदक्षिणा) :-

वधूले आफ्ना पतिको दीर्घायुको कामना गर्दै प्रत्येक पटक वेद मन्त्र पढी अग्नि प्रदक्षिणा गर्दै आहुती दिने कार्य गर्नु पर्दछ। मन्त्रको भाव यस प्रकार रहेको[५०] छ- हे देव, पतिको साथमा मेरो विछोड कहिले पनि नहोओस् भन्ने कामनाका साथ म अग्निस्वरूप अर्यमाको पूजन गर्दै अग्निमा पहिलो लाजा आहुती प्रदान गर्दछु। अगाडि दोस्रोमा वधू फेरी भन्दछिन्- हे देव, मेरा स्वामी आयुष्मान् होउन्, मेरा कुटुम्वहरूको (सवैतिरवाट) वृद्धि होओस्। अनि तेस्रो लावाको आहुतिमा पुन भन्दछिन्-हे स्वामी, तपाईको समृद्धिका लागि म यी लावा अग्निमा चढाउँछु। यसवाट अग्निदेवले यो हाम्रो पारस्परिक अनुरागको सुमधुर सम्वन्धलाई अनुमोदन गर्दै थप स्वीकृति प्रदान गर्नु हुनेछ, इत्यादि।

५) पाणिग्रहण :-

पाणिग्रहणमा (वरद्वारा वधूको दाहिने हातको वूढी औंला समाउँदै) भन्ने गरिन्छ-हे [५१]कन्ये, म तिम्रो सौभाग्यका निम्ति यो तिम्रो हातको वुढी औंला समाउँदछु, जसवाट तिमी मेरा साथमा वूढी हउञ्जेल वाँची रहनेछौं। किनकि भग, अर्यमा र सविता देवताहरूले (घर सम्हालेर गृहस्थी थाम्ने) गृहिणीको रूपमा तिमीलाई मेरो हातमा दिएका छन्। म गृहिणी नभएको छु, तिमी लक्ष्मी स्वरूप छ्यौ। अर्थात् तिमी अविवाहित कन्या हौ भने म अविवाहित पुरुष हुँ। फेरी म आकाशजस्तो छु, तिमी पृथिवी सदृश छ्यौ। त्यसकारण यस्ता सवै अंगपूर्ण नभएका अविवाहित (कन्या-कुमार) हामी दुवै वर-वधू परस्पर विवाह गरौं र एकआपसमा मिलेर गर्भाधान गरौं, सन्तान उत्पन्न गरौं र धेरै छोरा-छोरी पाऔं। यसरी उत्पन्न भएका ती हाम्रा सन्तानहरू चिरायू होउन्। हामी पनि एकआपसमा एक अर्काको सारै प्यारो अर्थात् परस्पर राम्रो प्रीति भएका (हितचित्त मिलेका), तेजिला र असल मनोवृत्ति सम्पन्न हुनुका साथै खूव मिलेका र एक सयवर्षको अवधिसम्म नै राम्रो देख्ने, सुन्ने र वाँच्ने होऔं। यसरी वरले भनेपछि वधूल

---

५०) ॐ अर्यमणं देवं कन्याऽअग्निमयच्छत। स नो अर्यमा देवः प्रेतो मुञ्चतु मा पतेः स्वाहा॥ (इदमर्यम्णे नमम।
इयं नार्युपब्रूते लाजानावपन्तिका। आयुष्मानस्तु मे पतिरेधन्तां ज्ञातयो मम स्वाहा॥ इदमग्नये नमम॥
इमाँल्लाजानावपाम्यग्नौ समृद्धिकरणं तव। मम तुभ्यं च संवनन ६ं तदग्निरनुमन्यतामिय स्वाहा॥ (ऋग्वेद्)

५१) ॐ गृभ्णामि ते सौभगत्वाय हस्तं मया पत्यां जरदष्टिर्यथाऽऽसः।
भगोऽअर्यमा सविता पुरन्धिर्मह्यं त्वाऽऽदुर्गार्हपत्याय देवाः॥
अमोऽहमस्मि सा त्व ६ं सा त्वमस्यमोऽअहम्। सामाहमस्मि ऋक् त्वं द्यौरहं पृथिवी त्वम्॥
तावेहि विवहावहै सहरेतो दधावहै। प्रजां प्रजनयावहै पुत्रान्विन्दावहै वहून्॥
ते सन्तु जरदष्टयः सम्प्रियौ रोचिष्णू सुमनस्यमानौ। पश्येम शरदः शतं जीवेम शरदः शत ६ं शृणुयाम शरदः शतम् (ऋ.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिलाआरोहण गर्ने [५२]जसमा वरले कन्यालाई शिलासदृश स्थिर हुने कामना गरिएको छ भने आफ्ना विपक्षीहरूलाई थिचेर, किचेर तिनलाई दवाएर वस भन्ने कामनाका साथ वरद्वारा प्रार्थना गरिएको हुन्छ। यस्तै सरस्वतीदेवीसँग दाम्पत्य जीवन सुखमय होओस् भन्ने कामनाका साथ प्रार्थना गरिएको कुरा पनि मन्त्रले स्पष्ट पारेको छ। अनि क्रमशः शिला पूजन, र सुमेरु, शिखिर, उदयाचल, मरुद, विन्ध्याचल, हिमाञ्चल, वैराट र शारदपर्वत गरी अष्टपर्वतपूजनका साथ पाणिग्रहण विधि पूर्ण हुन्छ।

६) <u>सप्तपदी</u> :-

सप्तपदीको तात्पर्य सात पाइला हिड्नु हो। यसमा वर-वधूले एक आपसमा वाचा-वन्धन पनि गर्ने गर्दछन्। हाम्रो नेपाली समाज र अन्य भारतीय समाजमा यसका मन्त्र र वचनमा समेत केही भिन्नता रहेको पाइन्छ। नेपाली समाजमा विवाहको अवसरमा वेदीको उत्तरपट्टि एउटा वस्त्र ओछ्याउने गरिन्छ र त्यसमा सिन्दूर, अवीर, केसरीले दक्षिणदेखि उत्तरसम्म लहरै सातओटा मण्डल (सीमारेखा) वनाउने र अनि वरले क्रमैसँग मन्त्र पढ्दै वधूलाई ती मण्डल/सीमारेखामा मण्डलै पिच्छे एक-एक गरेर क्रमशः दाहिने, दाहिने पाउ अघिल्तिर सारेर टेक्न लगाउँदै सात पाइला उत्तरतिर क्रमशः हिडाउँने चलन रहेको छ भने अन्यत्र यस अवसरमा उक्त कार्य गर्दै वधूले आफ्ना वर-पतिवाट विभिन्न प्रकारको प्रतिज्ञा (वचन) पूर्णताको कामना गरेको पनि पाइन्छ। जसको केही झलक संक्षिप्तरूपमा तल वर्णन गरिदैछ -

सनातनी (हिन्दू) समाजमा सप्तपदीको अवसरमा वधूले क्रमशः एक-एक दक्षिण पाद अगाडि वढाउने क्रममा वरले भन्दछ- (१) एकमिषे विष्णस्त्वा नयतु (२) द्वे ऊर्जे विष्णुस्त्वा नयतु (३) त्रीणि रायस्पोषाय विष्णुस्त्वा नयतु (४) चत्वारि मयोभवाय विष्णुस्त्वा नयतु (५) पञ्च पशुभ्यो विष्णुस्त्वा नयतु (६) षड् ऋतुभ्यो विष्णुस्त्वा नयतु (७) ॐ सखे, सप्तपदा भव सा मामनुव्रता भव, विष्णुस्त्वा नयतु। अर्थात् पहिलो पाउदेखि सप्तम पाउसम्म क्रमशः (१) अन्नवृद्धिका निम्ति (२) वलका निम्ति (३) धनका निम्ति (४) सुखप्राप्तिका निम्ति (५) पशुपालनका निम्ति (६) ऋतुसमय प्राप्तिका निम्ति र (७) हे संगिनी तिमी सप्तपदा, सातै पाइलामा मसँग घनिष्ठ होऊ। साथी होऊ र मँसँग संधै हितचित्त मिलाई मेरो धर्म र कर्ममा अडिग रहनेवाली होऊ आदि कुरा वरद्वारा भन्ने गरिन्छ भने

---

५२) ॐ आरोहेममश्मानमश्मेव त्व ६ स्थिरा भव। अभितिष्ठ पृतन्यतोऽववाधस्व पृतनायतः॥ सरस्वति प्रेदभव सुभगे वाजिनीवति। यां त्वा विश्वस्यभूतस्य प्रजायामस्याग्रतः॥ (ऋग्.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भारतीय समाजमा वधूले उक्त समयमा प्रत्येक दायाँ पाऊ अगाडि वढाउने क्रममा उक्त कुराको प्रत्युत्तर दिंदै विभिन्न वचन (वरदान)वरवाट लिने पनि गरेको देखिन्छ। जसको संक्षेपमा भावार्थ यसप्रकार रहेको छ -

हे पतिदेव, तीर्थ, [५३]व्रतोद्यापन, यज्ञदानादि कर्म, हव्यदानद्वारा देवपूजन, कव्यदानद्वारा पितृपूजन, कुटुम्वको सुरक्षा र पालन, पशुपालन, आयव्यय सम्वन्धी कार्य, देवालय, वगैंचा, तलाऊ आदिको निर्माण, स्वेदश या परदेशमा गरिने क्रय-विक्रय आदि जुनसुकै काम तपाईले गर्नु हुनेछ, ती सवै काममा म तपाईकी वाम-अर्धाङ्गिनी भई सहयोगी हुँदै काम गर्नेछु। यसका साथै तपाईले कहिले पनि म वाहेक अन्य कुनै स्त्रीको उपभोग गर्नुहुने छैन, भन्ने कुराको वचन (प्रतिज्ञा) पनि लिन चाहन्छु।

यसरी नैं सप्तपदीको क्रममा अन्यत्र यस्तो वधू वचन पनि पाइन्छ। उनी भन्दछिन्-[५४]हे महाशय, धन-धान्य, मिष्टान्न आदि जो घरमा छ ती सवै मेरो अधीनमा हुनेछ। म सदैव मधुर वोल्ने, आफ्ना इष्टमित्र सम्वन्धीको रक्षा र हेरचाह गर्ने, दुःखमा कहिले नआत्तिने, सुखमा कहिले नमात्तिने, सदैव प्रसन्न रहनेछु। पतिव्रताको धर्म **"आर्तार्ते मुदिते हृष्टा प्रोषिते मलिना कृशा। मृते म्रियेत सा पत्यौ सा स्त्री ज्ञेया पतिव्रता॥"** को अनुसरण गर्दै तपाईमा

---

५३) तीर्थव्रतोद्यापनयज्ञदानं मया सह त्वं यदि किन्नु कुर्या:।
वामाङ्गमायामि तदा त्वदीयं जगाद वाक्यं प्रथमं कुमारी॥
हव्यप्रदानैरमरापितृंश्च कव्यप्रदानैर्यदि पूजयेथा:।
वामाङ्गमायामि तदा त्वदीयं जगाद कन्या वचनं द्वितीयम्॥
कुटुम्वरक्षाभरणे यदि त्वं कुर्या: पशूनां परिपालनं च।
वामाङ्गमायामि तदा त्वदीयं जगाद कन्या वचनं तृतीयम्॥
आयव्यये धान्यधनाधिकानां पृष्ट्वा निवेशं च गृहे निदध्या:।
वामाङ्गमायामि तदा त्वदीयं जगाद कन्या वचनं चतुर्थम्॥
देवालयारामतडाग-कूप वापीर्विदध्या यदि पूजयेथा:।
वामाङ्गमायामि तदा त्वदीयं जगाद कन्या वचनं च पञ्चमम्॥
देशान्तरे वा स्वपुरान्तरे वा यदा विदध्या: क्रय-विक्रयौ त्वम्।
वामाङ्गमायामि तदा त्वदीयं जगाद कन्या वचनं च षष्ठम्॥
न सेवनीया परपारकीया त्वया भवोद्भाविनि कामिनीति।
वामाङ्गमायामि तदा त्वदीयं जगाद कन्या वचनं च सप्तमम्॥

५४) धनं धान्यं च मिष्टान्नं व्यञ्जनाद्यं च यद्गृहे। मदधीनं च कर्तव्यं वधूराद्ये पदे वदेत्॥१॥
कुटुम्वं रक्षयिष्यामि सदा ते मञ्जुभाषिणी। दुःखे धीरा सुखे हृष्टा द्वितीये सा व्रवीद्वच:॥२॥
पतिभक्तिरता नित्यं क्रीडिष्यामि त्वया सह। त्वदन्यं न नरं मंस्ये तृतीये सा व्रवीद्वच:॥३॥
लालयामि च केशान्तं गन्धमाल्यानुलेपनै:। काञ्चनैर्भूषणैस्तुभ्यं तुरीये सा पदे वदेत्॥४॥
आर्ते आर्ता भविष्यामि सुखदुःखविभागिनी। तवाज्ञां पालयिष्यामि पञ्चमे सा पदे वदेत्॥५॥
यज्ञे होमे च दाने च भविष्यामि त्वया सह। धर्मार्थकामकार्येषु वधू: षष्ठे पदे वदेत्॥६॥
अत्रांशे साक्षिणो देवा मनोभावप्रवोधिन:। वञ्चनं न करिष्यामि सप्तमे सा पदे वदेत्॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैं पूर्ण आश्रित (समर्पित) भई विहार आदि कार्य गर्नेछु । तपाई बाहेक अन्य कुनै परपुरुषलाई पुरुष (पति) मान्ने छैन । गन्ध, माला, सुगन्धित द्रव्य र आभूषणादिद्वारा तपाईलाई सदैव प्रसन्न तुल्याउने छु । म सदैव तपाईको दु:खमा दु:खी र सुखमा सुखी हुनेछु र तपाईको आज्ञाको सदैव पालना गर्नेछु । यज्ञ, दान, होम एवं अन्य सम्पूर्ण धर्म, अर्थ, काम सम्बन्धी सवै कार्यमा सदैव तपाईका साथमा रहनेछु । मेरा यी प्रतिज्ञाहरूमा अन्तर्यामी परमात्मा र सवै देवगण साक्षी हुनेछन् । म तपाईलाई कहिले पनि ठग्ने छैन इत्यादि वचन (प्रतिज्ञा) विवाहमा वधूद्वारा गरिन्छन् र समाजले पनि वधूलाई यसको पालना गर्न जोड दिने गर्दछ । यी वचन (प्रतिज्ञा) वास्तवमा वडा नैं उपयोगी र विवाहको मर्मलाई अभिव्यक्त गर्ने महत्वपूर्ण अंगको रूपमा सवैखाले महिलाहरूले लिनु पर्ने देखिन्छ । किनकि यी वेद शास्त्रद्वारा निर्दिष्ट वचन हुन् । अहिलेका नेताद्वारा व्यक्त गरिएका कपोलकल्पित कुरा होइन् । यसरी सप्तपदीको अवसरमा वधूद्वारा प्रतिज्ञा गरी वरप्रति समर्पित भएपछि सन्तुष्ट वरले वधूलाई निम्न मन्त्र पढ्दै स्वीकार गर्दछ । हे देवि[५५] तिमी आफ्नो हृदय (मन) मेरा काममा लगाऊ, आफ्नो चित्त मेरो चित्त अनुरूप वनाउ र मेरो वचनको पालना गर्ने होऊ । प्रजापतिले तिमी र मलाई (हामी दुवैलाई) प्रसन्नता प्राप्तिका लागि आर्शिवादका साथै अनुग्रह गरुन् । तिमी, सदैव पतिव्रता, धर्मपरायणा, सदैव म प्रति हित्तचित्त (मन) लगाउने, मेरो आज्ञानुसार सदैव चल्ने र आफ्नो प्रतिज्ञाअनुसार काम गर्न सदैव तत्पर रहने होऊ इत्यादि । अनि सप्तर्षि पूजन गरिन्छ र दिनको विहे भए वधूलाई सूर्य र रात्रिको विहे भए ध्रुवताराको दर्शन गराइन्छ । जसको तात्पर्य वधू सूर्यजस्ती तेज सम्पन्न र ध्रुवजस्ती जीवनमा अटल भएर रहन सकुन् भन्ने भावना पनि रहेको हुन्छ ।

७) सिन्दूरदान (सिन्दूर हाल्ने) :-

यसमा वर-वधू दुवै पट्टिका व्यक्तिले सिन्दूरे दुईओटा सेतोवस्त्र (धोती) ५ मिटर ल्याउने र वधू पट्टिको वस्त्र तल र वरपक्षको धोती माथीपारी फिजाएर खप्टिने र ईशान दिशाको कलशदेखि दक्षिण दिशामा बसेकी वधूको सिउँदो या निधारसम्म पुऱ्याएर टम्मसँग मिलाएर समाति राख्ने । अनि वरले सिन्दूरको वट्टा खोली हातमा लिने र क्रमैसँग दीयो, कलश, गणेश आदि देवता र यज्ञमा स्थापित देवता, अग्नि, सूर्यलाई चढाई अलिकति तलमाथि समेत अन्य द्यौ-द्यौतालाई चढाई

५५) ॐ मम व्रते ते हृदयं दधामि मम चित्तमनुचित्तं तेऽस्तु ।
मम वाचमेकमना जुषस्व प्रजापतिष्ट्वा नियुनक्तु मह्यम् ॥ (ऋग्.)
मदीय चित्तानुगतं च चित्तं सदा ममाज्ञा परिपालनं च ।
पतिव्रता धर्मपरायणा त्वं कुर्याःसदा सर्वमिमं प्रयत्नम् ॥ (धर्मशास्त्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनमनै आफ्नो इष्टदेवता, कुलदेवतालाई सम्झी दाहिने हातले ईशान कलशदेखि नटुटाईकन कपडामाथि सिन्दूरको रेखा (धारा) लगाउँदै लगेर मंगलध्वनीका साथ विनियोगपूर्वक मन्त्र पढ्दै तीन पटक वधूको माथ (सिउँदो)मा सिन्दूर हाल्ने कार्य गर्दछन् । मन्त्रको भावार्थ यसप्रकार रहेको छ - [५६]"हे देवता हो, यी वधू मंगलमयी-साह्रै लच्छिनकी होउन् । तपाईहरू यहाँ आएर हेरेर यिनलाई अखण्ड सौभाग्य दिएर जानुहोस् । तपाईहरू कहिल्यै पनि यिनीसँग विमुख नहुनुहोला, ध्यान राख्नुहोला ।" इत्यादि भन्दै वधूको सिउँदोमा सिन्दुर हाल्ने र निधारमा एक ट्याप सिन्दुरको टीको समेत लगाईदिने र बाँकी सिन्दूर वट्टा/झोली सवै वधूका हातमा दिने कार्य वरले गर्नुपर्दछ । अनि वरले वधूलाई जुरुक्क उठाई ठाउँ सार्नुपर्दछ र आफ्ना वामभागमा वसाली वामाङ्गी वनाउनू पर्दछ । सिन्दूरदान माइती पक्षले नहेर्ने प्रथा पनि रहेको छ । तत्पश्चात् माहुर खुवाउने (दहि-घिउ र मह चटाउने), लावा भुट्ने, द्यूतक्रीडा गर्ने र पुरोहितले विभिन्न आर्शीवादात्मक श्लोक पढ्दै पश्चिमतर्फ फर्केर श्लोकै पिच्छे वरलाई अनि वधूलाई पालैपालोसँग निधारमा रातो दहि अक्षताको टीका र दूवो लगाई दिने र आशीर्वाद दिई विभिन्न वैवाहिक विधिको बाँकी अंग पूरा गर्नुपर्दछ ।

८) चतुर्थीकर्म :-

विवाहको चौथो दिन गरिने हवन पूजनादि कार्यलाई 'चतुर्थीकर्म' भन्ने चलन रहेको छ । तर धेरैजसो स्थानमा कन्यादान पछि दुलहीपट्टिको यज्ञशालामा नैं उक्त कार्य त्यसैदिन सिध्याउने पनि गरिन्छ । तर वास्तवमा चतुर्थी कार्य विवाहको चौथो दिनमा वरको आफ्नै घरमा नैं गर्नुपर्ने हुन्छ । तसर्थ त्यससम्वन्धी केही विधान संक्षिप्तरूपमा वर्णन गरिन्छ ।

आफ्नैं घरमा चतुर्थीकर्म गर्ने प्रसंगमा वरवधूले विहान सवेरै उठ्ने दिदीवहिनी या सौभाग्यवती स्त्रीहरूको हातवाट वुकुवा लगाईकन पानीको धारोमा वसी या कुनै तीर्थमा गई नुहाउने, शुद्धवस्त्र धारण गर्ने, चतुर्थी कर्मविधि अनुरूप विभिन्न हवनादि कर्म पूरा गर्ने । अनि वरले वधूलाई अभिषेक गर्ने र मन्त्र पढ्ने । जसमा भनिएको छ- हे वामाङ्गि[५७], कन्ये, तिम्रो शरीरमा पति, सन्तान, पशु, घर र यश नाशगर्ने जुन घृणित अंगदोप (कुलक्षण) रहेका छन्, ती सवैलाई यस अभिपेकोदकले नाश गरोस् र (जार) उपपति सम्वन्धी कुनै पूर्व जन्मको दोष छ

५६) सुमङ्गलीतिमन्त्रस्य प्रजापतिर्ऋषिरनुष्टुप् छन्दो लिङ्गोक्ता देवता वध्वा अभिमन्त्रणे विनियोगः ॥
ॐ सुमङ्गलीरियं वधूरिमा ॐ समेत पश्यत । सौभाग्यमस्यै दत्त्वा याथास्तं विपरेतन ॥ (ऋग्.)

५७) ॐ या ते पतिघ्नी, प्रजाघ्नी, पशुघ्नी, गृहघ्नी निन्दिता तनू : ।
जारघ्नीं तत एनां करोमि । सा जीर्य त्वं मया सह....नाम्नि, देवि ॥ (ऋग्.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भने त्यसको नाश गर्नुका साथै यस मन्त्र शक्तिको माध्यमले तिमीलाई निर्दोषरूपमा परिणत गराई देओस् । यसरी निर्दोष भएकी तिमी मेरा साथमा सुख पूर्वक वस्दै बूढी होउञ्जेलसम्म बाँच ।

अनि वधूलाई वरको जूठो खुवाउने विधि पनि गरिन्छ । मन्त्रको विनियोग र भावार्थ यस प्रकार रहेको छ । [५८]**"प्राणैस्ते"** इत्यादि यजुर्मन्त्रका ऋषि प्रजापति र देवता वधू हुन् । यसको हुतशेष (स्थालीपाक, शेषभोजन) कसार खुवाउने काममा विनियोग गरिन्छ । यसरी मन्त्र पढ्दै एक-एक कसार, मिठाई आदिको टुक्रा टोक्दै वरले वधूलाई खान दिनुपर्दछ र भन्नुपर्दछ -ॐ प्राणैस्ते प्राणान् सन्दधामि । अस्थिभिस्ते अस्थीनि सन्दधामि । मांसैस्ते मांसानि संदधामि । त्वचा ते त्वचं सन्दधामि । अर्थात् म आफ्नो शरीरमा रहेको प्राण, हाड, मासु र छाला तिम्रो क्रमशः प्राण, हाड, मासु र छालाका साथमा मिलाई एक गराउँदछु इत्यादि । अनि वरले वधूको हृदयालम्भन गर्नु पर्दछ । हृदयालम्भन भनेको वधूहृदयको स्पर्श हो । मन्त्रको भाव यस प्रकार रहेको छ- हे सीमन्तिनि[५९] वधू, तिम्रो चित्त जो आकाशका चन्द्रमामा गढेको छ, त्यो म जान्दछु । उसले (तिम्रो हृदयले) मलाई वुझोस् । यसरी एक आपसमा सम्पूर्ण शरीरका अंग र हित्तचित्त मिलेका हामी दुवै राम्रोसँग देख्ने, सुन्ने हुँदै सय-सय वर्षसम्म बाँचौं । यसरी उक्त हृदयालम्भन गरी वैदिक विधि विधानपूर्वक पूर्णाहुती, गोदानकर्म यथानिर्दिष्ट स्थानमा गरी घृतच्छाया, ब्राह्मण दक्षिणा आदि कार्य पूर्ण गर्नुपर्दछ र अन्तमा क्षमा प्रार्थना गर्नुपर्दछ । तत्पश्चात ब्राह्मणले वरवधूलगायत सबैलाई टीका लगाई आशीर्वाद दिनुपर्दछ । अनि वधूले वरको पाऊ धोई चरणामृत लिने र गोडामा ढोगिदिने चलन पनि रहेको छ । यसरी संक्षेपमा विवाहको चौथो दिन चतुर्थीकर्म उक्त तरिकाले सम्पन्न गरिन्छ र विवाह सम्वन्धी सम्पूर्ण कार्य पूर्ण हुन्छ ।

स्त्री-पुरुष धर्म (कर्तव्य) विचार :-

यद्यपि स्त्री-पुरुष परमात्माका दुई पाटा हुन् । दुवै प्रकृति-पुरुष स्वरूप हुन् । यिनै क्रमशः विभिन्न देवयोनिमा भ्रमण गर्नुका साथै उद्‌भिज्ज, अण्डज, स्वदेज र जरायुज योनिमा भ्रमण गर्दै मनुष्ययोनिमा पनि आईपुगेका हुन् । मनुष्ययोनि र पशुयोनिमा केवल धर्म या कर्तव्यको मात्र भेद छ । स्त्री-पुरुष दुवै वैवाहिक जीवनमा बाँधिनुभन्दा पहिले दुवैको आपसी समागमजनित कार्य

---

५८) ॐ प्राणैस्त इत्यादेर्यजुषः प्रजापतिर्ऋषिर्वधूर्देवता हविप्राशने विनियोगः ॥

५९) ॐ यत्ते सुसीमे हृदयं दिवि चन्द्रमसि श्रितम् । वेदाहं तन्मां तद्विधात् पश्येम शरदः शतं जीवेम शरदः शतं शत ♂ श्रृणुयाम शरदः शतम् ॥ (ऋग्.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस संस्कृतिमा पाप सम्भिन्छ र विवाहसंस्कार नगरी भएको दुवैको समागम जनित सम्बन्ध समाजले पनि गर्हित मान्दछ। यदि धर्म-शास्त्रविहित कर्त्तव्यको पालना गरिएन भने मनुष्य र पशुमा केही अन्तर हुँदैन। किनकि विद्वान्[६०]ले आहार, निद्रा, डर र मैथुन क्रिया दुवै (मान्छे-पशु) मा समानरूपले मानेका छन् भने धर्म (ज्ञान) विशेपरूपमा मनुष्यमा मात्र हुन्छ। अतः मान्छे अन्य प्राणीभन्दा श्रेष्ठ (उत्तम) ज्ञानको कारण मानिन्छ। त्यसकारणले उनै परमात्माका अंशभूत भएका मनुष्यप्राणीका लागि स्त्री पुरुषको कर्तव्यसमेत शास्त्रले निर्धारण गरेको पाइन्छ। जसमध्ये स्त्री धर्म या कर्तव्य यस प्रकार रहेको छ।

स्त्री धर्म (कर्तव्य) विचार :-

स्त्री-पुरुषकी अर्धाङ्गिनी हो। स्त्रीविना पुरुपको घर व्यवस्थितरूपमा चल्न सक्तैन। देवीहरूमा सर्वोच्च शक्तिशालिनी ब्रह्माकी ब्रह्माणी, विष्णुकी लक्ष्मी, शिवकी पार्वतीले समेत आ-आफ्ना पति (स्वामी) प्रति कर्तव्य र मर्यादाको पालना गरेको हामीले विभिन्न श्रुति, उपनिपद्, पुराण आदिमा पढ्दै एवं विभिन्न विद्वान्हरूको मुखबाट पनि सुन्दै आएका छौं। त्यस्ता शास्त्रीय कुराप्रति यद्यपि अहिले कलिको प्रभावका कारण केही ह्रास आएको देखिन्छ। तर ती ऋषि प्रणित वेद-उपनिषद्-स्मृति-पुराणका वाक्यहरू यथार्थ र सार्थक हुन् भन्ने कुरा अनुभव गरेका विद्वान् व्यक्तित्वले मात्र बुभ्न सक्तछन्। तसर्थ स्त्रीकर्तव्य सम्बन्धी केही कुरा सर्वसाधारणका लागि यहाँ राख्ने प्रयास गरिएको छ।

श्रीमद्भागवत् अनुसार[६१] पतिको सेवा गर्नु, उनको अनुकूल हिड्नु, पतिका इष्टमित्र/सम्बन्धीहरूलाई यथायोग्य सेवा सत्कारद्वारा प्रसन्न तुल्याउनु, सदैव पतिको नियम-व्रतको रक्षा गर्नु आदि कार्य स्त्री कर्तव्य हुन्। अनि कुचो लाउने, खाना पकाउने र आफ्नो शरीरलाई सदैव सुन्दर र स्वच्छ तुल्याउने कार्य पनि स्त्री कर्तव्य अन्तर्गत नैं पर्दछन्। यसरी नैं आफ्ना पतिको सानो ठूलो सदिच्छा (आवश्यकता) लाई यथासक्य समयमा नैं बुझी पूरागर्ने, विनयी, संयमी, सत्यवादी र मधुरभापिणी हुने आदि स्त्रीका गुण हुन्। जो साध्वी स्त्रीमा हुनुपर्दछ। यस्तै

---

६०) आहार-निद्रा-भय-मैथुनञ्च सामान्यमेतत् पशुभिर्नराणाम्।
धर्मो हि तेषामधिको विशेपो धर्मेण हीनाः पशुभिः समाना ॥ (हितोपदेश)

६१) स्त्रीणां च पतिदेवानां तच्छुश्रूपानुकूलता। तद्बन्धुष्वनुवृत्तिश्च नित्यं तद्व्रतधारणम् ॥
संमार्जनोपलेपाभ्यां गृहमण्डलवर्तनै :। स्वयं च मण्डिता नित्यं परिमृष्ट परिच्छदा ॥
कामैरुच्चावचैः साध्वी प्रश्रयेण दमेन च। वाक्यैः सत्यैः प्रियैः प्रेम्णा काले-काले भजेत् पतिम् ॥
सन्तुष्टालोलुपा दक्षा धर्मज्ञाः प्रियसत्यवाक्। अप्रमत्ताः शुचिः स्निग्धा पतिं त्वपतितं भजेत् ॥
यां पतिं हरिभावेन भजेच्छ्रीरिव तत्परा। हर्यात्मना हरेर्लोके पत्या श्रीरिव मोदते ॥ (भा. ७/११/२५-२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जे मिल्यो त्यसमा सन्तुष्ट हुने, लालची नहुने, सबै कार्यमा दक्ष र चतुरी हुने, पति दुष्ट र पतित (स्वेच्छाचारी) नभएमा त्यसका साथमा प्रसन्नतापूर्वक समागम गर्ने आदि कार्य पनि स्त्रीधर्म मानिन्छन् । यसरी जुन स्त्रीले पतिको (लक्ष्मीले भगवान विष्णुको सेवा गरे झैं) सेवा गर्दछे भने त्यसको आफ्ना पतिकासाथ अन्तमा वैकुण्ठलोकको वास हुन्छ, भनिएको पाइन्छ ।

यस्तै **याज्ञवल्क्य स्मृति** अनुसार[६२] पतिको अनुकूल हुँदैं धर्मकार्यमा तत्पर हुने, राम्रो आचरणमा रही इन्द्रियहरूलाई आफ्नो वशमा राख्ने स्त्रीले यस लोकमा कीर्ति (राम्रो नाम) पाउँछे भने परलोकमा समेत उत्तम गति प्राप्त गर्दछे । यसैक्रममा स्त्रीको राम्रो आचरण र मर्यादाको सम्वन्धमा शंखस्मृतिमा समेत शंखको बचन यस प्रकार रहेको पाइन्छ, जसमा भनिएको छ– पति अथवा आफ्नो मान्यजनको आज्ञा नलिई घरवाट वाहिर जानु हुँदैन । पछ्यौरा नओढी र शरीरको अन्य आवश्यक अंग नछोपी हिड्नु हुँदैन । हिड्दा कुद्नु हुँदैन । परपुरुष (नचिनेको मान्छे) सँग धेरै वोल्नु हुँदैन । व्यापारी-संन्यासी-वैद्य र वृद्ध व्यक्तिसँग कुराकानी गर्दा हुन्छ । लुगा लगाउँदा नाइटो नदेखिने गरी लगाउनुपर्दछ । घाटीदेखि गोलिगाँठा छोप्ने गरी लाउनु पर्दछ । स्तनलाई देखाउनु हुँदैन, वरु ढाक्नु पर्दछ । उच्च स्वरले हाँस्नु हुँदैन । हाँस्दा मुख छोपी या मुसुक्क हाँस्नुपर्दछ । पति र उनका सम्वन्धीहरूको यथायोग्य सत्कार गर्नुपर्दछ, द्वेष (रीस) गर्नु हुँदैन । वेश्या, जुवाखेल्ने स्त्री, संन्यासिनी, कुटुनी, चरित्रहीन आदि स्त्रीहरूको साथमा वढि हेलमेल र वसोवास गर्नु हुँदैन इत्यादि । यिनीहरूको संसर्गले कुलीनस्त्रीहरू पनि चरित्रभ्रष्ट हुन सक्तछन्[६३] । तसर्थ कुलीन घरानाकी महिलाहरूले यसवाट आफूलाई वचाउनु पर्दछ ।

यसरी नै धर्मशास्त्रको सार खिची नीतिशास्त्रले समेत स्त्रीधर्मको वारेमा उपदेश दिएको पाइन्छ । जसमा भनिएको छ- हे छोरी,[६४] गृहपति (श्रीमान) टाढा (वाहिर) वाट आउँदा तिमीले उठेर स्वागत गर्नू, उनले वोल्दा नम्र भई सुन्नू, उठेर उनको चरणस्पर्श गर्नू, सत्कार एवं शुश्रूषा (पाउ मिच्ने आदि कार्य) आवश्यकता अनुसार आफ्नै हातले गर्नू, श्रीमान् सुतेपछि सुत्नू र उनीभन्दा पहिले उठी सुत्नेखाट आदिको तन्ना मिलाई सक्नू इत्यादि व्यवहार सनातन धर्मी

---

६२) पतिप्रियहिते युक्ता स्वाचारा विजितेन्द्रिया । सेह कीर्तिमवाप्नोति प्रेत्य चानुत्तमां गतिम् ॥ (या.स्मृ. १/८७)

६३) नानुक्ता गृहान्निर्गच्छेत् । नानुत्तरीया न त्वरितं व्रजेत् । न परपुरुषमभिभाषेत ।
<u>अन्यत्र</u>- वणिक्-सन्यासी-वैद्य-वृद्धवर्ज्यम् । न नाभिं दर्शयेत् । आगुल्फाद्वासः परिदध्यात्, इत्यादि ॥

६४) अभ्युत्थानमुपागते गृहपतौ तद्भाषणे नम्रता,
तत्पादार्पित दृष्टि-रर्चनविधिस्तस्योपचर्या स्वयम् ।
सुप्ते तत्र'शयीत तत्प्रथमतो जह्याच्च शैय्यामिति,
प्राच्यै पुत्रि ! निवेदितः कुलवधूसिद्धान्तसारागमः ॥ (नीति वाक्य)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुलवधूले गर्ने कर्तव्य हुन् र यही नै कुलवधूले गर्नुपर्ने आचारको सारतत्त्व पनि हो, भनी प्राचीन ऋषिहरूको भनाई पनि यस्तो रहेको पाइन्छ । यस्तै कविवर भासले पनि आफ्नो ग्रन्थ प्रतिमा नाटकमा "भर्तृनाथा हि नार्यः" भनी विवाहिता स्त्रीका लागि उनीहरूको लोग्ने नैं सबैथोक हुन्छ भनी ध्यानाकर्षणसमेत गराएको देखिन्छ ।

अन्यत्र महाकवि कालिदासको अभिज्ञान शाकुन्तलमा समेत महर्षि कण्वले आफ्नी पोष्यपुत्री शकुन्तलालाई पतिगृह पठाउने क्रममा उनलाई दिएको उपदेश पनि कुलीन स्त्रीहरूका लागि अतिव उपयोगी रहेको देखिन्छ । जसमा कण्व ऋषि शकुन्तलालाई अर्ति दिंदै भन्नुहुन्छ[६५] हे पुत्रि, तिमीले पति गृहमा गएर आफ्ना सासु-ससुरा, पति र तिनका मान्यजनप्रति सदैव सेवा, सत्कार गर्ने काम गर्नू र सबैकी हाई-हाई हुनू । यदि कतै सौता भएपनि उनीसँग राम्रो व्यवहार गरी मिलेर वस्नू । यदि कुनै कारणवश श्रीमान् रिसाएर कठोर वचन भनिहाले पनि आफूलाई ढुंगा सरह कठोर वनाई ती कठोर वचनलाई सहनू, कुरो नफर्काउनू र पतिको मनअनुकूल चल्दै सबैको मन जित्ने काम गर्नू । अरु सबै भाग्यमाथि छोडिदिनू । यसरी उक्त रीतिले कार्य गरेमा तिमी वास्तविक गृहिणी (गृहलक्ष्मी) को पदवीमा पुग्नेछौ, यसको विपरीत गरेमा तिम्रो र यस ऋषिकुलको समेत दुर्नाम हुनेछ । अतः तिमीले शास्त्रविहित काम गर्नू, भनी उपदेश दिएको पाइन्छ । उक्त श्लोकको भावलाई कुनै कविले शार्दूलविक्रीडित छन्दमा नेपाली भाषामा पनि यसरी व्यक्त गरेको पाइन्छ -

सासूको ससुरा र मान्यजनको आफ्ना पतीदेवको
सेवागर्नु र सौतिनीजनमहाँ प्यारी सबैकी हुनू ।
स्वामीका रिसका कठोर ती बचन् ढुंगासरी भै सहू
जे भन्छन् उही सर्सरी गरिगरी प्यारी सबैकी हऊ ॥

त्यस्तै आशुकवि शम्भुप्रसाद ढुङ्गेलले पनि आफ्नो शकुन्तला नाटिकामा उक्त स्त्री कर्तव्यलाई यसरी व्यक्त गरेको पाइन्छ -

"सेवा गर्नु सदैव मान्यजनको राख्नू रिझाई पति,
गर्नू प्रेम सपत्निमा प्रिय बुझी ईर्ष्या नराख्नू रती ।
बोल्नु नम्र भएर द्वेष नलिनू कोही हवस् ता पनि
वत्से ! याद रहोस् भई कुलवधू यै पर्छ गर्नू भनी ॥"

---

६५) शूश्रूषस्व गुरुन् कुरु प्रियसखीवृत्तिं सपत्नीजने,
भर्तुर्विप्रकृताऽपि रोषणतया मा स्म प्रतीपं गमः ।
भूयिष्ठं भव दक्षिणा परिजने भाग्येस्वनुत्सेकिनी,
यान्त्येवं गृहिणीपदं युवतयो वामाः कुलस्याधयः ॥ (अभि.शा.४अंक/२०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै प्रसंगमा आजकलका केही आधुनिक अग्रगामी महिलाका क्रियाकलापवारे केही चर्चा गर्न आवश्यक देखिन्छ र यसलाई शास्त्रीय ग्रन्थका आधारमा सुझावकारूपमा लिन पनि अनुरोध छ। यद्यपि आजका आधुनिक महिलाहरू विदुषी, स्वच्छ र निकै नैं जोशिला एवं नारी-पुरुष समानताको कुरा गर्दै हिंडेका देखिन्छन् । तर केही महिला हाम्रो आदर्श 'व्रह्म विवाह' मा सप्तपदीको समयमा प्रतिज्ञा गरिएका विचार, भावना र कर्तव्यप्रति विमुख, उदासीन र आलोचक पनि भएका देखिन्छन् । नेतृत्वतहसम्म पुग्नसक्ने केही महिलाहरूमा अहंभावको उदय प्रचूर मात्रामा वढेको पाइन्छ। अनि आफूले वाहिर अभिव्यक्त गरेका विचार, भावना, क्रियाकलाप आदि व्यवहारलाई सनातन एवं शास्त्रीय भावना विपरीत भएता पनि आ-आफ्ना घरमा समेत लागू गर्न पछि नपर्ने देखिन्छन् । अधिकार प्राप्तिमा नारीले पुरुष वरावर हक प्राप्त गर्नुपर्दछ भन्दछन्, तर जव कर्तव्यको कुरा आउँछ त्यतिवेला, आनाकानी गर्ने, पछिसर्ने तथा यस्ता धेरै परिश्रम गर्नु पर्ने काम हामी महिलाले गर्ने हो र ? यो त पुरुषको कार्य पो हो भनी तर्किने र वेलावेलामा उपदेश दिने पनि गर्दछन् । यतिमात्र हैन, कतै-कतै त आफूले भनेको काम हुनैपर्ने, भएन भने झगडा गर्ने तथा अनशनमा वस्ने एवं आफूले विराएको भए पनि गल्ती कुनै पनि हालतमा स्वीकार नगर्ने प्रवृत्ति पनि केही आधुनिक महिलामा अहिले पनि कतै-कतै विद्यमान रहेको अवस्था देखिन्छ। तसर्थ उनीहरूले एउटा कुरोमा अवश्य विचार पुऱ्याउनु पर्ने हुन्छ। के त भने ? कुनै पनि पुरुषको उन्नतिमा कुनै महिला या पत्नीको महत्वपूर्ण भूमिका र योगदान रहेको हुन्छ। घरलाई स्वर्ग या नर्क तुल्याउनमा स्त्रीको महत्वपूर्ण हात हुन्छ। आफ्ना पतिको हरेक सत्कार्यमा सहयोग गर्दा नारी (पत्नी) स्वयंको उन्नति भएको (लुकेको) हुन्छ। यदि कुनै श्रीमान्को उन्नति भयो भने श्रीमतीको उन्नति स्वतः नैं हुने गर्दछ। जसका प्रशस्त उदाहरणहरू अहिले पनि देखिने गर्दछन् । यसको विपरीत श्रीमान्को कार्यमा सहयोग नदिई उनको अवनति या अधोगति दुर्भाग्यवश भयो भने श्रीमतीले पनि विभिन्न प्रकारका अप्ठ्यारा समस्याहरूको सामना गर्नुपर्ने हुन्छ। जसले उनीहरूको आर्थिक, सामाजिक, राजनैतिक प्रतिष्ठामा समेत आघात पुग्न जान्छ। यस्ता कुरा आजकलका कामकाजी आधुनिक महिलाहरूले पनि ध्यान दिनुपर्ने देखिन्छ। यसरी दुवैको उन्नति र अवनतीमा नैं उनीहरूको प्रतिष्ठा, प्रोन्नती र वर्वादी निहित हुन्छ। अवनती भएमा घर नै वरवाद हुन्छ। अन्तमा आरोप, प्रत्यारोपमा नैं दिन विच्छन् । अनि पूरै जिन्दगी वोझ स्वरूप हुन पुग्दछ। तसर्थ कुनै पनि पत्नीले उक्त कुरामा ध्यान दिई आ-आफ्ना पतिको आयको परिधीभित्र रही खर्च गर्ने र भौतिक सुख सुविधाको उपभोग गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वानी वसाल्नु पर्दछ । कमाऊ महिलाले पनि सहमतीको आधारमा खर्च गर्ने वानी वसाल्नुपर्दछ । कहीं कतै अल्मलियो भने हाम्रा मार्गदर्शक शास्त्र, पुराण, उपनिषद् ग्रन्थ आदिको अनुकरणीय वाटोलाई अंगाल्नु पर्दछ । यसो गरेमा कुनै अनैतिक कार्य र दुष्ट आचरणतिर मन जादैन, गए पनि उक्त ग्रन्थमा वर्णित घटनाक्रमका आधारमा मन परिवर्तित हुन जान्छ र मन, कर्म एवं वचनले पनि उक्त कुरा अनुसरण गरेमा सद्कार्यतिर मन फर्किन्छ । यसरी नैं कुनै कुलीन घरकी गृहिणीको वोली र व्यवहारमा शालीनता, कार्यमा पटुता र कुनै नराम्रोकार्य भूलवश भैहाल्यो भने लज्जापूर्वक क्षमायाचना गर्ने प्रवृत्ति र नम्र स्वभाव गुण मानिन्छन् भने यसको विपरीत अपराध गरिकन पनि उक्त दोष स्वीकार नगर्ने वरु लड्ने, भिड्ने र अन्तमा मारपीटमा समेत उत्रिने प्रवृत्ति अवगुणको कित्तामा पर्दछन् । तसर्थ नीतिशास्त्रले समेत **"सलज्जा गणिका नष्टा निर्लज्जाश्च कुलाङ्गना"** भनी स्त्रीले कुलीन नारीसरह आचरण गर्नु पर्दछ । अकुलीन (वेश्या) सरह होइन, भनी मार्गदर्शनका साथै सचेत तुल्याएको पाइन्छ ।

यस्तै स्त्रीहरूद्वारा[६६] गरिने व्रत, उपवास आदि कार्य घरमा सरसल्लाह गरी पतिको अनुमति लिईकन गरे मात्र राम्रो हुन्छ । आफूखुशी गर्नु हुँदैन, भनी शास्त्रले पनि निर्दिष्ट गरेको पाइन्छ । यसका साथै कुनै पनि अविवाहित या विवाहित महिलाले घरवाट वाहिर जाँदा घरका परिवारलाई जानकारी दिई या कसैलाई साथमा लिईकन निस्कनु पर्दछ । यसो गर्दा समाजमा आईपर्ने विभिन्न महिलाप्रतिका सुरक्षा सम्वन्धी अप्ठ्यारा समस्यावाट उनीहरूलाई वच्न सजिलो हुन्छ । तसर्थ यस्ता कार्यमा विचार पुऱ्याए महिला स्वयंको नै कल्याण हुने स्पष्ट देखिन्छ । यस्तै स्त्री सम्वन्धी अनेक कर्तव्य छन् जो संक्षेपमा यहाँ वर्णन गरिएका हुन् ।

पुरुष धर्म (कर्तव्य) विचार :-

पुरुषधर्म या कर्तव्य अनेक छन् । पुत्रकोरूपमा मातृपितृ सेवा, अध्ययन, विभिन्न धार्मिक कार्य, सामाजिक, एवं नैतिक व्यवहार आदि छन् भने गृहस्थाश्रममा प्रवेश गरेपछि केही गृहस्थी व्यवहार, धर्म र कर्तव्य थप हुन जान्छन् । त्यस्तै पुरुष वावु भएमा पुत्र-पुत्रीप्रतिको कर्तव्य हुन्छ भने वृद्धावस्था प्राप्त भएपछि विभिन्न

---

६६) नास्तिस्त्रीणां पृथग्यज्ञो न व्रतं नाप्युपोषणम् । पतिं शूश्रूषते येन तेन स्वर्गे महीयते ॥ (मनु. ५/१५)
पित्रा भर्त्रा सुतैर्वापि नेच्छेद्विरहमात्मनः । एषां हि विरहेण स्त्री गहर्ये कुर्यादुभे कुले ॥ (मनु. ५/१४९)
यः प्रीणयेत् सुचरितैः पितरं स पुत्रो यद् भर्तुरेवहितमिच्छति तत् कलत्रम् ॥
तन्मित्रमापदि सुखे च समक्रियं यदेतत्त्रयं जगति पुण्यकृतो लभन्ते ॥ (नीति.६८)
पत्युराज्ञां विना नारी उपोष्य व्रतधारिणी । आयुष्यं हरते भर्तुः सा नारी नरकं व्रजेत् ॥ (चा.नी. १७/१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पारिवारिक व्यवहारवाट मुक्त हुँदै धार्मिक कार्यप्रति अग्रसर भई भगवान्को आराधना गर्नुपर्ने हुन्छ। तसर्थ पुरुष धर्मको क्षेत्र अत्यन्त व्यापक छ। अतः प्रकरण प्राप्त पुरुष धर्म या कर्तव्यवारे केही दिग्दर्शन यहाँ गरिन्छ। यद्यपि स्कन्द पुराणमा भनिएको छ[६७] जुन घरमा पतिवाट पत्नी र पत्नीवाट पति एक आपसमा सन्तुष्ट र प्रसन्न हुन्छन्। त्यस घरमा संधै आनन्दको वातावरण हुन्छ। जसलाई लक्ष्मीप्रसाद देवकोटाले पनि मुनामदनमा-

"हातका मैला सुनका थैला के गर्नु धनले।
साग र सिस्नु खाएको बेस आनन्दी मनले॥" भन्दै भ्याउरे छन्दमा यसरी आफ्नो भाव व्यक्त गरेको पाइन्छ। त्यसरी नै मनुस्मृतिमा पनि भनिएको छ-

८.न. २३२६३

"सन्तुष्टो भार्यया भर्त्ता भर्त्रा भार्या तथैव च।
यस्मिन्नेव कुले नित्यं कल्याणं तत्र वै ध्रुवम्॥' अर्थात् जहाँ जुन कुलमा (घरमा) पत्नीवाट पति र पतिवाट पत्नी दुवै सन्तुष्ट हुन्छन् त्यस कुलमा संधै नैं राम्रो र कल्याण कारक वातावरण हुन्छ। यो सन्तुष्टि तव नैं संभव हुन्छ, जव पति-पत्नीले एक आपसमा केही शास्त्रीय एवं वैज्ञानिक विधि अपनाउनुको साथै विवाहमा गरिएका प्रतिज्ञाको पूर्ण पालना गरेका हुन्छन्। त्यसमा तलमाथि (विपरीत) भएमा दुवैतर्फ समस्या उत्पन्न हुन्छन् र मनमुटाव वढ्दै जान्छ।

यसैप्रसंगमा अर्को विचारणीय कुरो कन्यादानको छ। कन्यादानको तात्पर्य कान्यको दान संकल्प गरी वरलाई दिनु हो। त्यहाँ 'वरदान'को कुरो छैन। यसरी प्राप्त वस्तुको वरले शांस्त्रको मर्यादामा रही कर्तव्याकर्तव्यको आधारमा उपयोग र उपभोग गर्न सक्ने व्यवस्था रहेको छ। वरले पनि त्यस्ती कन्याको चाहना गरेको हुन्छ जो सुन्दरी (हेर्दामा राम्री) होस्, आफ्नो अनुकूल चल्ने, विष्णुको पत्नी लक्ष्मी सरह सुशील र सद्गुण सम्पन्न भएकी होस् र अन्तमा यस नश्वर संसारवाट पार लगाउन सक्ने एवं हरेक कार्यमा सहयोगीको भूमिका निभाउनेवाली होओस्। जसलाई दुर्गा सप्तशतीका श्लोकले समेत पुष्टि गरेको पाइन्छ। जसमा भनिएको छ-

"पत्नीं मनोरमां देहि मनोवृत्तानुसारिणीम्।
तारिणीं दुर्गसंसार सागरस्य कुलोद्भवाम्॥ इति।"

अब पति (पुरुष) को कर्तव्यवारे केही थप कुरा यहाँ प्रस्तुत गरिन्छन्–

वधूको पाणिग्रहण संस्कार गरी विवाह पद्धतिमा उल्लेखित विधि

---

६७) यत्र तुष्यति भर्त्रा स्त्री स्त्रिया भर्ता च तुष्यति। तत्र वेश्यनि कल्याणं सम्पद्येत पदे पदे॥
(स्क.पु.पू./४०/६०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधानपूर्वक घर भित्र्याएकी वधू (स्त्री) पतिको सम्पूर्ण कार्यकी अधिकारिणी हुन्छिन् । अनि पतिगृह स्वामिनी पनि हुन्छिन् । उनको संरक्षण गर्नु, पतिको उत्तरदायित्व हुन्छ । शैशव[६८] अवस्थामा पिताको र वृद्धावस्थामा छोराको कर्तव्य स्त्रीको संरक्षण गर्नुपर्ने हुन्छ भने यौवनावस्थामा पतिले पत्नीको सुरक्षा गर्नुपर्ने हुन्छ । स्त्री (पत्नी) को भरण-पोषण[६९] र संरक्षण गर्न नसक्ने पुरुषले पति, स्वामी, मालिक आदि नामको सार्थकतालाई वहन गर्न सक्दैन । वास्तविक पुरुष या पतिले आफ्ना सन्तान, बन्धुबान्धवको सुरक्षा र भरणपोषण गर्नु पर्ने पनि हुन्छ । पतिका लागि पत्नी घरमा लक्ष्मीस्वरूपा, मन्त्रणा (सल्लाह) मा मित्ररूपा हुन्छिन् । यस्तै धर्म, अर्थ काममा मात्र नभई मोक्षको साधनमा समेत पत्नीलाई प्रमुख स्थानमा शास्त्रले राखेको छ । पतिले विवाहमा प्रतिज्ञा गरे अनुरूप राम्रा कार्य पत्नीको प्रतिकूल हुने गरी कहिले पनि आचरण (व्यवहार) मा ल्याउनु हुँदैन । किनकि घरको सुख, शान्ति, आनन्द सबै पत्नी सन्तुष्ट भएमा मात्र रहन्छन् । तसर्थ पतिको प्रमुख कर्तव्य आफ्नी विवाहिता एक पत्नीमा नैं पूर्ण सन्तुष्टिका साथ रहनु नैं राम्रो हुन्छ । यस विषयमा महर्षि गर्गको भनाई पनि यस्तो रहेको छ[७०] हे वत्स, जुन घरमा सद्गुण सम्पन्न नारीको सुखपूर्वक वास (निवास) हुन्छ, त्यस घरमा लक्ष्मीको सदैव निवास हुन्छ । करोडौं देवताहरूले पनि त्यस घरलाई कहिल्यै छोड्दैनन् । तसर्थ पुरुषले सदैव स्त्री (पत्नी) लाई सन्तुष्ट पार्ने प्रयास गर्नुपर्दछ । दम्पतीमा पारस्परिक झैंझगडा कथंचित् भएमा आफ्ना कुटुम्ब, सम्बन्धी र प्रशासनिक निकायमा समेत कुरो भरसक पुऱ्याउनु हुँदैन, आफै मिलाउनु पर्दछ । अनुचित कार्य गर्ने स्त्री दण्डनीया हुन्छिन् । मनुस्मृति[७१] अनुसार गुरुले शिष्यलाई दण्ड दिए झैं पतिले पत्नीलाई दण्ड दिन सक्दछ । तर अनुचित (निन्दनीय) कार्य प्रमाणित भएको हुनुपर्दछ । यद्यपि शास्त्रले पत्नीलाई पुरुषको आधा भाग भनी स्वीकारेको छ । अपरार्कमा[७२] वृहस्पतिको वचनले समेत यस कुराको पुष्टि गरेको पाइन्छ ।

यसरी नैं[७३] पतिको अनुकूल आचरण गर्ने, दुष्ट (खराब) वचनको प्रयोग कहीं पनि नगर्ने, सर्वकार्यपटु, साध्वी र सन्तानले युक्त भएकी पत्नीलाई यदि कुनै

६८) पिता कौमारकाले च सदा पालनकारकः । भर्ता मध्ये सुतः शेषे त्रिधाऽवस्था सुयोषिताम् ॥ (व्र.वै.पु.ग.४/६)
६९) पिता माता गुरुर्भार्या शिशुश्चानाथ बान्धवाः । एते पुंसा नित्य पोष्या इत्याह कमलोद्भवः ॥ (व्र.वै.कृष्ण ६०/५)
७०) यद्गृहे रमते नारी लक्ष्मीस्तद् गृहवासिनी । देवताः कोटिशो वत्स ! न त्यजन्ति गृहं हि तत् ॥ (गर्ग ऋषि)
७१) भार्या पुत्रश्च दासश्च प्रेष्यो भ्राता च सोदरः । प्राप्ता पराधास्ताड्या स्यु रज्ज्वा वेणुदलेन वा ॥
पृष्ठतस्तु शरीरस्य नोत्तमाङ्गे कथञ्चन । अतोऽन्यथा तु प्रहरन् प्राप्तः स्याच्चौरकिल्विषम् ॥ (मनु. ८/२९९-३००)
७२) आम्नाये स्मृतितन्त्रे च लोकाचारे च सूरिभिः । शरीरार्धं स्मृता भार्या पुण्यापुण्यफले समा ॥ (अपरा. पृ. ७४०, वृहस्पति)
७३) अनुकूलामवाग् दुष्टां दक्षां साध्वीं प्रजावतीम् । त्यजन् भार्यामवस्थाप्यो राज्ञा दण्डेन भूयसा ॥ (नारद. स्त्रीपु. ९५)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविवेकी पुरुष (पति) ले अकारण छोड्दछ (सम्वन्ध विच्छेद गर्दछ) भने त्यस्ता पुरुषलाई प्रशासनले ठूलो दण्ड दिनु पर्दछ। अतः यस्तो कार्य पुरुषले कदापि गर्नु हुँदैन भनी शास्त्रमा पुरुषलाई सचेत तुल्याएको पनि देखिन्छ। यसरी नै[७४] अन्य स्थलमा वालक र स्त्रीलाई धेरै माया र धेरै दण्ड दिनु अनुचित मानिएको छ। वरू उनीहरूलाई क्रमशः विद्याध्ययन र स्वगृहकार्यमा नियुक्त गर्नुपर्दछ भन्ने नीतिशास्त्रको वचन समेत रहेको पाइन्छ। यस्तै[७५] आफ्नी मायालु पत्नीको या अरू कसैको भनाइको आधारमा मात्र विचारै नगरी (नठम्याई) भाइ-वुहारी, सौता (अर्की पत्नी), आमा, छोरी या वहिनीको अपराधको छिनोफानो गर्नु हुँदैन। त्यसमा धेरै गम्भीर विचार पुऱ्याउनु पर्दछ। यी सवै पुरुष कर्तव्यभित्र पर्दछन्। यस्तै स्त्रीको सुरक्षा गर्ने प्रसंगमा मनुको उक्ति उल्लेखनीय छ–

सूक्ष्मेभ्योऽपि प्रसंङ्गेभ्यः स्त्रियो रक्ष्या विशेषतः।
द्वयोर्हि कुलयोः शोक मावहेयुररक्षिताः ॥ ९/५॥ विभिन्न नराम्रो अवसरवाट प्रयत्नपूर्वक स्त्रीलाई वचाउनु पर्दछ। किनकि स्त्री असुरक्षित या भ्रष्ट भएमा पिता र पति दुवैको कुल दुःखी र सन्तप्त हुन्छन्। त्यसरी नै पुनः भनिएको छ–

स्वां प्रसूतिं चरित्रं च कुलमात्मानमेव च।
स्वं च धर्मं प्रयत्नेन जायां रक्षन्हि रक्षति ॥ मनु.९/७। जसअनुसार यत्नपूर्वक स्त्रीको सुरक्षा गर्ने पतिले आफ्नो सन्तान, आचरण, कुल, आत्मा र धर्म यी सवैको रक्षा गर्दछ। तसर्थ पुरुषको कर्तव्य अन्तर्गत स्त्रीलाई हरेक नराम्रा परिस्थिति (कार्य) बाट बचाउनु पर्ने पनि हुन्छ। किनकि जाया या पत्नी भनेकी पुरुष (पति)की अर्धाङ्गिनी हो र पुत्ररूपमा उसै स्त्रीबाट उत्पन्न हुने पतिको स्वयं अर्को विम्व (आत्मा) स्वरुप पनि हो। जसलाई मनुले पनि पुष्टि गर्दै भन्दछन् -

"पतिर्भार्यां संप्रविश्य गर्भो भूत्वेह जायते।
जायायास्तद्धि जायात्वं यदस्यां जायते पुनः॥" मनु.९/८।

तसर्थ स्त्रीको सुरक्षा गर्नु नैं पुरुषका लागि स्वयंको आत्मरक्षा गर्नु सरह हुन्छ भन्ने कुरामा समेत सवैले विचार पुऱ्याउनु पर्ने देखिन्छ।

यसैक्रममा युवावस्थातिर अग्रसर प्रत्येक युवतीको प्रतिमहिना मासिक धर्म हुने गर्दछ। जसलाई रजस्वला या रजवती भनिन्छ। यसरी रजस्वला

७४) न वालं न स्त्रियं चाति लालयेत्ताडयेन्न च। विद्याभ्यासे गृहकृत्ये तावुभौ योजयेत्क्रमात् ॥ (शुक्रनीति ३/९८-९९)

७५) न प्रिया कथितं सम्यक् मन्यतानुभवं विना ॥ अपराधं मातृस्नुषा भ्रातृपत्नीसपत्निजम् ॥ (शु.नी. ३/१६५/६६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएमा[७६] रजस्वला भएको पहिलो दिन चाण्डाली, दोस्रो दिन ब्रह्मघातिनी, तेस्रो दिन धोविनी जस्ती क्रमशः अस्पृश्य हुँदै चौथो दिन केवल पतिको र अन्य सर्वसाधारणको स्पर्शास्पर्शको लागि मात्र स्त्री शुद्ध हुने विधान शास्त्रले गरेको देखिन्छ। अन्य गमनादि कार्य र देव[७७] पितृ कार्यका लागि चोखिन रजस्वला भएको ५ दिन हुनैं पर्दछ जसलाई अत्रि, पाराशर, अंगिरा र आपस्तम्व स्मृतिले समेत पुष्टि गरेको पाइन्छ। यस्तै **शंखस्मृति-अग्निपुराण-ब्रह्मवैववर्त्तपुराण र स्कन्द पुराणमा** समेत देवपितृ कार्यका लागि रजस्वलाको शुद्धिको विषयमा पर्याप्त प्रकाश पारिएको देखिन्छ। मनले पनि **"तासामाद्याश्चतस्रस्तु निन्दितैकादशी तथा ॥ ३/४७"** मा भनेको पाइन्छ। त्यस्तै रजस्वला स्त्रीको सन्दर्भ रजसँग सम्वन्धित भएकाले यदि रजस्राव ५ दिनपछि पनि निरन्तररूपमा भईरह्यो भने स्त्रीले देवपूजन र पितृश्राद्धका निम्ति सप्ताहपर्यन्त शुद्धिका लागि वार्नु (पर्खनु) पर्दछ। अर्थात् रजस्राव भईरहेका ७ दिनभन्दा पहिले देवपूजन र पार्वण श्राद्ध इत्यादि कार्य घरमा उनका पतिले पनि गर्नु हुँदैन र स्त्रीले समेत त्यसमा सहभागी हुनुहुँदैन भनी **"हेमाद्रिभिन्न[७८] सर्वनिवन्धसिद्धान्त"** को आधारमा उक्त विषय **निर्णयसिन्धुमा** उल्लेख गरिएको पाइन्छ। ४ दिनपछि रजोदर्शन नभएमा (रोकिएमा) ५ वाँ दिनमा नै स्त्री देव पितृकार्यका लागि योग्य हुन्छिन्। यसै प्रसंगमा तेजस्वी सन्तान[७९] चाहने व्यक्ति (पुरुष) ले स्त्री (पत्नी) का साथ एक पात्रमा भोजन गर्नु हुँदैन, भनिएको छ। दिनमा[८०] र दुवै सन्ध्यामा स्त्रीसहवास गर्नु हुँदैन र रजस्वला स्त्रीका साथमा रजशुद्धिको ५ दिनभन्दा पहिले समागम पनि गर्नु हुदैन भन्ने शास्त्रको निर्णय रहेको छ। यसलाई अटेरगरी उक्त कार्य गरेमा अनेक जन्मसम्म दरिद्र, रोगी, बुद्धि, तेज, वल, दृष्टि र शक्तिलेहीन हुनुका साथै आयुक्षीण भई मृत्युको मुखमा समेत व्यक्ति चाँडै पुग्दछ। त्यसकारण उक्त

---

७६) प्रथमेऽहनि चाण्डाली द्वितीये ब्रह्मघातिनी। तृतीये रजकी प्रोक्ता चतुर्थेऽहनि शुद्ध्यति ॥ (पाराशर ७/२०

७७) शुद्धा भर्तुश्चतुर्थेऽन्हि स्नानेन स्त्री रजस्वला। दैवे कर्मणि पित्र्ये च पञ्चमेऽहनि शुद्ध्यति ॥ (शंखस्मृति.१६/१७)
स्नाता स्त्री पञ्चमे योग्या दैवे पित्र्ये च कर्मणि ॥ (अग्निपु. १५६/१३)
शुद्धा भर्तुश्चतुर्थेऽन्हि न शुद्धा देवपैत्रयोः। दैवे कर्मणि पैत्रे च पञ्चमेऽन्हि विशुद्ध्यति ॥ (ब्र.वै.ग. २८/४)
संशुद्धा स्याच्चतुर्थेऽन्हि स्नाता नारी रजस्वला। दैवे कर्मणि पित्र्ये च पञ्चमेऽहनि शुद्ध्यति ॥ (स्क.पु.२०६/५१)

७८) सप्ताहात् पितृदेवानां भवेद्योग्या व्रतार्चने। (नि.सि.श्राद्ध पृ.सं. ७३०)

७९) भार्यया सह नाश्नीयात् अवीर्यवदपत्यं भवतीति वाजसनेयके विज्ञायते ॥ (वशिष्ठस्मृति १२/२९)

८०) दिवसे सन्ध्ययोर्निद्रां स्त्रीसंभोगं करोति यः। सप्तजन्म भवेद्रोगी दरिद्रः सप्तजन्मसु ॥ (ब्र.वै. २२१/४२)
प्राणं वा ऐते प्रस्कन्दन्ति ये देवा रत्या संयुज्यन्ते ॥ (प्रश्नो. १/१३)
दिवाभिगमनं पुंसामनायुष्यं परं मतम् ॥ (स्क.पु./ब्र.पु. ६/३५)
रजसाभिप्लुतां नारीं नरस्य ह्युपगच्छतः। प्रज्ञा तेजो बलं चक्षुरायुश्चैव प्रहीयते ॥ (मनु. ४/४१)
रजस्वलां प्राप्तवतो नरस्यानियमात्मनः। दृष्ट्यायुस्तेजसां हानिरधर्मश्च ततो भवेत् ॥ (सुश्रुत. २४/१२२)
रजस्वला स्त्रीगमनमेतन्नरककारणम् ॥ (ब्र.वै.,ब्रह्म.२७/४०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्यको निषेध गरिएको हो । त्यस्तै कुनै[८१] स्त्रीको वलात्कार भएमा उक्त स्त्रीलाई पतिले त्याग गर्नु हुँदैन किनकि ती स्त्री पुनः रजस्वला भएमा स्वतः शुद्ध हुन्छिन् । जसलाई **स्कन्दपुराण, वशिष्ठस्मृति** र **अत्रि संहिता**का वचनले समेत पुष्टि गरेका छन् । यसरी नै जुन पुरुषले निर्दोष, सुशिला पत्नीको युवावस्थामा अकारण त्याग गर्दछ त्यसले सात जन्मसम्म स्त्रीयोनिमा जन्मिनु पर्दछ र वारम्वार अनेक जन्मसम्म विधवा हुनु पर्दछ । तसर्थ पुरुषले त्यस्ता कार्य कहिले पनि गर्नु हुँदैन, भनी पुरुषको कर्तव्याकर्तव्यवारे विभिन्न स्थानमा यस्तो प्रकरण पनि प्राप्त हुन्छ ।

त्यस्तै ब्राह्मण[८२] क्षत्रीय-वैश्य र शूद्र जातिका स्त्री-पुरुषले आ-आफ्नो जाति र कुलमा नै विवाह गर्नु उत्तम (उपयुक्त) मानिएको छ । र यसको पुष्टिमा तत्-तत् जातिका स्त्री-पुरुषले आ-आफ्ना जातका स्त्री-पुरुपका साथमा विवाह गर्नू, भनी **नारदपुराण**मा समेत भनिएको पाइन्छ । यसरी विवाह[८३] गर्दा आफूभन्दा उमेरमा २, ३, ५ वर्ष कम भएकी, आफ्नो शरीरभन्दा केही होची कन्याका साथमा विवाह गर्ने विधान शास्त्रमा गरिएको छ भने अन्यत्र **मनुस्मृतिमा**[८४] न धेरै मोटी, न पातली, न धेरै अग्ली, न होची, आफूभन्दा उमेरमा ठूली, अंगप्रत्यङ्ग कुरूप भएकी र धेरै झगडा गर्न मन पराउने स्वभाव (वानीले) युक्त भएकी कन्याका साथमा पुरुषले विवाह गर्नु हुँदैन, भनी उसलाई सचेत पनि गराएको देखिन्छ । त्यहीं **मनुस्मृतिमा** नैं[८५] पुनः अन्य स्थलमा भनिएको छ-राम्रो शुभअंगले युक्तभएकी, राम्रो (शुभ) नाम भएकी, हाँस र हाथीको सदृश हिंडाई (चाल) भएकी, सूक्ष्म (पातला) रौं, राम्रा-राम्रा मिलेका दाँत र कोमल शरीरले युक्त भएकी कन्याका साथमा विवाह गर्नु उपयुक्त हुन्छ भनिएको पनि पाइन्छ । यसरी पत्नी प्राप्तगरेको (विहेको) दिनदेखि **"दारसंग्रहानन्तरं त्रिरात्रं, द्वादशरात्रं, षड्रात्रं वा संवत्सरं ब्रह्मचारी स्याताम् इति" गृह्यस्मृतिकार**को वचनको आधारमा सकभर १ वर्ष, त्यो नसके १२ रात्री, त्यो नसके ६ रात्री, त्यो पनि नसके तीन रात्रीपर्यन्त चाँहि अवश्य नैं वर-वधू (दुवैले) ब्रह्मचर्यको पालना गर्दै समागम लगायत कार्य नगर्नू, भनेको पनि पाइन्छ । तसर्थ नव वर-वधूले आत्मकल्याणार्थ उक्त कुरामा ध्यान पुऱ्याउन आवश्यक देखिन्छ । यस्ता शास्त्रीय कुरामा वैज्ञानिकता लुकेको हुन्छ भन्ने कुरो वुझ्न आवश्यक हुन्छ । वरु उक्त अवधीमा एक-आपसमा कुरा

---

८१) स्वयं विप्रतिपन्ना वा यदि वा विप्रवासिता । वलात्कारोपभुक्ता वा चोरहस्तगताऽपि वा ॥
न त्याज्या दूषिता नारी नास्यास्त्यागो विधीयते । पुष्पकालमुपासीत ऋतुकालेन शुद्ध्यति ॥ (व.स्मृ. २८/२-३)

८२) ब्राह्मण-क्षत्रिय-विशां-शूद्राणां च परिग्रहे । सजातिः श्रेयसी भार्या सजातिश्च पतिस्त्रिया ॥
ब्राह्मणस्यानुलोम्येन स्त्रियोऽन्या स्त्रिय एव तु ॥ (नारद पु.स्त्री. पु. ४-५)

८३) वयोधिकां नोपयच्छेत् दीर्घां कन्यां स्वदेहतः । स्ववर्षाद् द्वित्रिपञ्चादिन्यूनां कन्यां समुद्वहेत् ॥ (वर्णा.धर्म.पृ. १२५)

८४) नाति स्थूलां नातिकृशां न दीर्घां नातिवामनाम् । वयोधिकां नाङ्गहीनां न सेवेत्कलहप्रियाम् ॥ (मनु. ३/९०)

८५) अव्यङ्गाङ्गीं सौम्यनाम्नीं हंस-वारण-गामिनीम् । तनुलोम-केशदशनां मृद्वङ्गीमुद्वहेत् स्त्रियम् ॥ (मनु. ३/१०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्ने, एक-अर्कालाई वुझ्ने र माया-प्रीतिका कुरा गर्दै आफ्नो भविष्यको कार्ययोजना वनाउने कार्यतर्फ वढी ध्यान केन्द्रित गर्नु राम्रो हुन्छ ।

यसरी वेद, शास्त्रमा वर्णित स्त्री-पुरुषको धर्म सम्वन्धी अवधारणा संक्षेपमा प्रस्तुत गरिएको छ । सनातन धर्मानुयायी सवै व्यक्ति जसले ईश्वरको सत्ता स्वीकार्दछन्, आफूलाई आस्तिकको कित्तामा पार्दछन् भने, त्यस्ता व्यक्तिले उक्त अवधारणा अनुरूप नैं कार्य गर्नुपर्ने हुन्छ । नत्र ती विधर्मी कहलाउँछन् । यसरी वेद, शास्त्रका वचन नमान्ने र त्यसको निन्दा गर्ने व्यक्तिलाई विद्वान्हरूले नास्तिक भनेका छन् । अनि त्यस्ता व्यक्तिलाई सवै शास्त्रीय (वैदिक) विधि र कार्यवाट वहिष्कृत गर्नुपर्दछ भनेको पनि पाइन्छ-

"योऽवमन्येत ते मूले हेतुशास्त्राश्रयाद्विजः ।

स साधुभिर्वहिष्कार्यो नास्तिको वेदनिन्दकः ॥" अतः यस्ता प्रशंसनीय कार्यमा सनातनी (हिन्दू) धर्मावलम्वीहरूका सन्ततिका साथै अन्य धार्मिक व्यक्तित्वहरूको ध्यान आकृष्ट हुन पनि आवश्यक देखिन्छ ।

विवाह संस्कारको वैज्ञानिक आधार :-

सनातन (हिन्दू) धर्मावलम्वीहरूको विवाह संस्कारको आधार वैज्ञानिक धरातलमा रहेको कुरा राम्ररी हेर्न र अनुभव गर्न सकिन्छ । जसमा विवाहको कामकुरो छिन्नेदेखि लिएर (विवाहपछि) चतुर्थी कर्मपर्यन्तका विधिहरू व्यवस्थित रूपमा राखिएका देखिन्छन् । उक्त संस्कारमध्ये कन्यादान, विवाह, पाणिग्रहण, सप्तपदीका विभिन्न प्रतिज्ञा, वधूवचन, सिन्दूर हाल्ने कार्य र चतुर्थी कर्ममा प्रयुक्त वैदिक मन्त्र एवं शास्त्रीय विधिहरू समेत वैज्ञानिकतामा आधारित रहेका देखिन्छन् । विवाह संस्कारको वास्तविक उद्देश्य आनन्द प्राप्त गर्नु मात्र नभई सन्तति उत्पादन गर्नु रहेको हुन्छ । यो आजकालका वैदेशिक युवापीढीको आपसी सम्वन्ध मात्र जस्तो हुदैन । यो त हाम्रो शास्त्रीय/वैदिक धारणा अनुसार जन्म-जन्मान्तरको सम्वन्धमा आधारित हुन्छ । यसमा गर्भको शुद्धिको विषयमा वडो ध्यान राखिन्छ । तसर्थ शास्त्रले भरसक दोस्रो विवाह कन्याको गर्नु हुँदैन भनेको छ । गर्नु परे पनि केही विशेष विधि (समस्या) उत्पन्न भएमा गर्नुपर्दछ ।

"नष्टे मृते प्रव्रजिते क्लीवे च पतिते पतौ ।

पञ्चस्वापत्सुनारीणां पतिरन्यो विधीयते ।" यी व्यवहार आपत्तीकालमा मात्र गर्नुपर्दछ, अन्य समयमा हैन भनी शास्त्रले सचेत तुल्याएको पनि देखिन्छ । तर त्यस्ता पुनः गरिएका स्त्रीविवाह निकृष्ट मानिन्छन् सजातीय विवाह गरिएता पनि ती उपयुक्त मानिदैनन् । त्यस्तै स्मृतिमा **"न द्वितीयश्च साध्वीनां क्वचिद् भर्तोपदिश्यते ।"** साध्वी स्त्रीको दोस्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाह हुँदैन भन्ने कुरो पनि दृष्टिगोचर हुन्छ। त्यस्तै कन्याको विवाह एकपटक मात्र हुन्छ। "सकृत्प्रदीयते कन्या हरंस्तां चोरदण्डभाक्" भनी स्मृतिले समेत भनेको पाइन्छ। तसर्थ दोस्रो विवाह केवल इन्द्रिय सुखको लागि मात्र गरिएको मानिन्छ। यसरी गरिएको दोस्रो विहे विवाह संस्कार अन्तर्गत पर्दैन र स्त्रीगर्भसमेत दूषित भएको मानिन्छ। जसले वर्णसंकरतालाई वढाउँछ।

आजकल केही आधुनिक व्यक्तिहरू भन्ने गर्दछन्। जव स्त्रीको मृत्यु भएमा पुरुषले अर्को विवाह गर्नु हुन्छ भने स्त्रीले पनि पति मर्दा अर्को विवाह किन गर्नु हुदैन ? जसमा विद्वान्हरूको भनाई यस्तो रहेको छ। जव कुनै पुरुषकी पत्नी मर्दछ भने उसले अर्को विवाह गरेमा पनि उसका पहिलेका सन्तान आफ्नै कुल गोत्रमा रहेर आफ्नै पिताद्वारा पालित र रक्षित भएका हुन्छन् र उनीहरुको आ-आफ्नो पैतृक सम्पत्ति पनि सुरक्षित रहेको हुन्छ। तर पतिको मृत्यु भएमा स्त्री यदि आफ्ना लालाबाला छोडी पोइल जान्छे या अर्को विहे गर्छे भने ती वच्चाहरू अनाथ हुन्छन् र उनको पालन पोषणमा पनि समस्या उत्पन्न हुन्छ। यदि उक्त स्त्रीले वच्चाहरू आफ्नै साथमा लिई जान्छे भने उनको यस गोत्र र कुलवाट सम्वन्ध विच्छेद हुन्छ र पैत्रिक सम्पत्तिवाट पनि ती वालवालिका वञ्चित हुन पुग्दछन्। दोस्रो पतिका घरमा गएकी उक्त स्त्रीको प्रथम पुरुषवाट उत्पन्न सन्तानले न माया नै पाउँछन्, न अंश नैं। यसको अतिरिक्त उनको विवाह गर्नुपर्दा समेत दुवै कुलका ३/३ पुस्ते गोत्र, नाम उच्चारण गर्नुपर्ने हुँदा शास्त्रीय विधानतः समस्या उत्पन्न हुने स्पष्ट देखिन्छ। यसले गर्दा ती वच्चाहरूले भविष्यमा ठूलो कठिनाईको सामना गर्नुपर्ने देखिन्छ। त्यस्तै कुनैस्त्री रुग्ण (अस्वस्थ) र सन्तानोत्पादनमा असमर्थ भएमा स्त्रीका अनुमती लिई पुरुषको अर्को विहे गर्ने अनुमति शास्त्रले दिएको छ। जसले गर्दा आधुनिक व्यक्तिहरू स्त्रीप्रति घोर अत्याचार र अन्याय भएको ठान्दछन्। यदि पुरुषले अर्को विवाह गर्न सक्तछ भने स्त्रीले अर्को पतिका लागि विवाह किन गर्न सक्तिन ? किनकि नारी पुरुष आपसमा समान छन्। सवैको अधिकार समान छ इत्यादि। यसमा विद्वान्हरूको भनाई यसप्रकार रहेका छ - स्त्री-पुरुषमा प्राकृतिक भेद पनि हुन्छ। एक पुरुषले एक वर्षमा अनेक स्त्रीवाट अनेक सन्तान जन्माउन सक्तछ भने एक स्त्रीका लागि एक वर्षमा एक पटक मात्र सन्तान जन्माउन सक्ने योग्यता रहन्छ। तसर्थ एक पुरुषले शास्त्रको मर्यादामा रही दोस्रो विवाह गर्न सक्तछ। यसको तात्पर्य पुरुषले वहुविवाह गर्नु पर्दछ भनी उनीहरूलाई प्रोत्साहित गर्न खोजिएको हैन। किनकि पुरुषका लागि पनि दोस्रो विवाह क्लेश बढाउने, प्रसन्नता हटाउने र व्यर्थ खर्च वढाउनेवाला हुन्छ। तसर्थ कुनै व्यक्तिलाई सन्तान नभएको अवस्थामा पितृऋण विमोचन एवं वंश चलाउनका लागि मात्र शास्त्रले यस्तो अनुमति दिएको वुझ्नुपर्दछ। कन्यादान र विवाहको विषयमा त शास्त्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारणा झन् स्पष्ट रहेको देखिन्छ -

"सकृदंशो निपतति सकृत्कन्या प्रदीयते ।
सकृदाह ददानीति त्रीन्येतानि सतां सकृत् ॥" अर्थात् अंश, कन्यादान र वचन एकपटक मात्र दिइन्छ। यस्तो विद्वान्‌को भनाई रहेको छ। यसको अतिरिक्त स्त्रीको सन्तानोत्पादन गर्ने गर्भ एउटै हुन्छ। त्यसमा विभिन्न व्यक्तिद्वारा गमन गर्दा गर्भाशय दूषित हुन जान्छ र सन्तान वर्णशंकर उत्पन्न हुन्छन्। त्यसकारण पनि कुनै विवाहित स्त्रीको दोस्रो विवाहको निषेध गरिएको हो न कि स्त्रीप्रति कुनै भेदभावका कारण शास्त्रहरूले यस्तो व्यवस्था अपनाएको हो भन्ने कुरो पनि आजका आधुनिक व्यक्तित्वहरूले वुझ्नु पर्ने देखिन्छ। यी कुरा विधवा विवाहको सम्वन्धमा गरिएका हुन्।

त्यस्तै आजकल अन्तरजातीय विवाह, प्रेम विवाह र पैशाच विवाह धेरै प्रचलनमा आएका देखिन्छन्। जसमध्ये अन्तरजातीय विवाह र प्रेम विवाहलाई आधुनिक विद्वानले समेत राम्रो मान्न थालेका छन्। राजनैतिक नेतृत्ववर्ग यसको गुणगानमा थप अगाडि देखा परेका छन्। तर शास्त्रले यस्ता विवाहलाई निम्नस्तरको मानेको छ। ब्राह्मणका लागि त पूर्ण निषेध गरिएको छ। यस्ता विहेमा धार्मिक भावना, कुल परम्परा, संस्कृतिको पकड नगण्य मात्रामा रहेको हुन्छ। यस्ताखाले स्त्री-पुरुष स्वतन्त्र र स्वच्छन्द विचरण तथा आत्मसन्तुष्टि मात्र आफ्नो परम लक्ष्य ठान्दछन्। जसले गर्दा स्त्री पुरुपको आ-आफ्नो धर्म, कर्तव्य, कुल परम्परा नष्ट हुन्छ। यसै प्रसंगमा गीतामा अर्जुनले भगवान् श्रीकृष्णसँग जिज्ञासा राखेको प्रसंग यस्तो छ, अर्जुन भन्दछन्-[८६] हे कृष्ण, कुलको नाश भएमा सनातन कुलधर्म नष्ट हुन्छ। धर्म नष्ट भएमा कुलपापले घेरिन्छ। कुलपापी भएमा त्यसमा रहेकी स्त्रीहरू दूषित हुछिन्। अनि वर्ण शङ्करता उत्पन्न हुन्छ। यही वर्णशङ्करताले उक्त कुललाई पथभ्रष्ट र पतित वनाउन मद्दत गर्दछ र अन्तमा स्त्री-पुरुपलाई नरकमा समेत पुऱ्याउँदछ इत्यादि। तसर्थ अहिलेका अन्तरजातीय विवाह र प्रेम विवाह आदि शास्त्रका दृष्टिमा नराम्रा मानिएका हुन्। तसर्थ उक्त विवाहको शास्त्रीय पक्ष अहिले पनि विज्ञानको कसीमा खह्रो देखिन्छ।

यसरी नैं विवाहको मूल लक्ष्य सन्तानोत्पादन गरी पितृऋणवाट मुक्त हुनु हो। सन्तानोत्पत्ति पुरुष र स्त्रीको वीर्य र रजको आपसी संमिश्रणको आधारमा हुने गर्दछ। "ऋतुः स्वाभाविक स्त्रीणां रात्रयः षोडशः स्मृताः ॥" अनुसार रजोदर्शनको दिनदेखि १६ रात्रीपर्यन्त स्त्रीका साथमा गमनकाल मानिएको छ। त्यसमा "तासामाद्याश्चतस्त्रस्तु निन्दिता" भनी उक्त १६ रात्रीमध्ये प्रथम ४ रात्रीमा

८६) कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः । धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥ (गीता) अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियाः । स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसंकर : ॥ संकरो नरकायैव कुलघ्नानां कुलस्य च । पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रिया : ॥ दोषैरेतै कुलघ्नानां वर्णसंकरकारकै । उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वता : ॥ (गीता १/४०-४३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्त्रीगमन निषेध गरिएको छ। अन्य अवशिष्ट १२ रात्रीमध्ये केही पर्व एवं निन्दित रात्रीलाई[८७] छाडी सम रात्रीमा स्त्री समागम गरे छोरो र विषम रात्रीमा गमन गरे छोरी उत्पन्न हुन्छिन्। "युग्मासु पुत्राः जायन्ते स्त्रियोऽयुग्मासु रात्रिषु" भनिएको छ। यसको अतिरिक्त स्त्री र पुरुषको रज-वीर्य थपघट समान र अल्प भएमा पनि सन्तानोत्पत्तिमा विभिन्नता हुने गर्दछ। किनकि पुरुषको वीर्य स्त्रीको रजभन्दा शक्तिशाली भएमा पुत्र, स्त्रीको रज पुरुषतत्वभन्दा शक्तिशाली भएमा पुत्री, दुवैको मात्रा समान भएमा नपुंसक सन्तान या छोरा-छोरी (जोडी सन्तान) र दुवैको तत्त्व आवश्यकताभन्दा घटी भएमा गर्भ नैं नरहने या गर्भ तुहिएर जाने गर्दछ। जसलाई स्मृतिमा यसरी भनिएको छ-

"पुमान्पुंसोऽधिके शुक्रे स्त्री भवत्यधिके स्त्रियाः।
समेऽपुमान्पुंस्त्रियौ वा क्षीणेऽल्पे च विपर्ययः॥"

तसर्थ गृहस्थले यस्ता शास्त्र निर्दिष्ट वैज्ञानिक आधार अपनाएमा स्वयं उनीहरूको कल्याण हुने देखिन्छ। यस्तै अहिलेका नारीहरू पुरुष सरह समान अधिकारका लागि विभिन्न स्थानमा आ-आफ्ना संघ-संगठनमार्फत विभिन्न नारा लगाउँदै चर्को स्वरमा भाषण गरिरहेका देखिन्छन्। उक्त कार्यका लागि तलदेखि संसदसम्म क्रियाशील छन्। अधिकारका साथमा कर्तव्य पनि रहेको हुन्छ, कर्तव्यका स्थान पहिलो र अधिकार स्थान दोस्रो बुझ्नु पर्दछ। जसलाई शायद उनीहरूले बिर्सेका छन् जस्तो लाग्दछ। किनकि अधिकारभन्दा कर्तव्यको मात्रा धेरै भएमा अधिकार मागिरहनु पर्दैन, स्वतः पाइन्छ। तर कहिलेकाही ध्यानाकर्पर्ण गराउनु आवश्यक पर्दछ। यद्यपि स्त्रीको शरीरमा पुरुषतत्त्व (शुक्र) भन्दा नारी रजको अधिकता रहेको हुन्छ। पुरुष तत्व शुक्रले हड्डी, मांस, मंज्जा, केश, दारी स्याना-स्याना कपाल, नङ, दाँत, हड्डीभित्रको मासी, धमनी र वीर्य इत्यादि स्थिर[८८] (दृढ) भाग उत्पन्न गर्दछ भने स्त्री/मातृत्त्वशक्ति-रजवाट मांस, शोणित, (रगत) वोसो, मज्जा, हृदय, नाभि, लीभर, प्लीहा, स-साना नसा र गुदद्वार आदि मृदु (कोमल) भाग उत्पन्न हुन्छन् जसलाई सुश्रूत संहिताका वचनले पुष्टि गरेको देखिन्छ।

त्यसकारण रजभन्दा वीर्य (शुक्र)को मात्रा आधिक भएमा मजवुत हड्डीले युक्त शरीर भएको पुत्रको उत्पत्ति हुन्छ। यसको विपरीत मांस मज्जाले युक्त भएको स्त्रीतत्व (रज)को अधिकतावाट निर्मित स्त्रीशरीर, पुरुष शरीरभन्दा केही मात्रामा कम शक्तिशाली हुन्छ। दुवैले आ-आफ्नो प्रकृति अनुरूप रहेर प्राकृत नियमको पालना गर्नु

---

८७) षोडशर्तु निशाः स्त्रीणां तस्मिन्युग्मासु संविशेत्। ब्रह्मचर्येण पर्वाण्याद्याश्चतस्रस्तु वर्जयेत्॥ (या.स्मृ. १/७९)
अमावास्यामष्टमीं च पौर्णमासीं चतुर्दशीम्। ब्रह्मचारी भवेन्नित्यमप्युतौ स्नातको द्विज॥ (मनु. ४/१२८)

८८) गर्भस्य, केश-श्मश्रु-लोमा-स्थि-नख-दन्त-सिरा-स्नायु-धमनी-रेतःप्रभृतीनि-स्थिराणि पितृजानि। एवं मांस-शोणित-मेदो-मज्जा-हृन्नाभि-यकृत्-प्लीहा-न्त्र-गुदप्रभृतीनि-मृदूनि मातृजानि॥
(सुश्रुत-शारीरस्थान ३१, पृ.सं. २७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नैं पर्दछ। त्यसमा कुनै व्यक्तिक्रम पहिले पनि थिएन र अव पनि हुन सक्दैन। तसर्थ पुरुषवीर्यको अधिकताले निर्मित पुरुषशरीरको तुलनामा नारीरजको अधिकतावाट निर्मित स्त्रीशरीर अपेक्षाकृत कम शक्तिशाली हुने हुँदा नारीशरीर, पुरुषशरीरभन्दा केही कमजोर प्राकृतिक रूपमा नैं रहन्छ। तर कतै-कतै अपवाद पनि देखिन सक्तछ। तसर्थ नारीका विभिन्न नाममध्ये अवला, कोमलांगी, सुकुमारी आदि नाम उक्त तत्वको कमीका कारण राखिएका हुन्। त्यसकारण जति कठोर काम पुरुषशरीरवाट हुन सक्तछ, नारीशरीरवाट हुन गाह्रो छ। किनकि प्रकृतिले नै उनीहरूको शरीर त्यस्तो कोमल बनाएको छ। तसर्थ प्राचीन धर्मशास्त्रदेखि श्रुति स्मृतिमा समेत स्त्रीको अर्को नाम अवलाको प्रयोग यस अर्थमा गरिएको हो। न कि होच्याउने, तलपार्ने र नारीको मानमर्दन गर्ने हिसावले उक्त नाम प्रयोगमा ल्याईएको हो। नारीको सम्वन्धमा शास्त्रीय चिन्तन सिद्धान्ततः यस्तो उत्कृष्ट स्तरको रहेको पाइन्छ। शास्त्रमा भनिएको छ-

"यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः।

यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफलाः क्रियाः॥" जहाँ नारीको पूजा, सत्कार हुन्छ त्यस स्थान/घरमा देवताहरूको वास हुन्छ। जहाँ उनीहरूको सत्कार सम्मान गरिदैन त्यहाँ गरिएका सवै कार्य व्यर्थ र निष्फल हुन्छन्। अतः स्त्रीहरूको अनादर कहिले पनि गर्नु हुदैन। यस्तै प्रत्येक ठूला-ठूला यज्ञ, पाठ पूजाको अवसरमा र प्रत्येकशारदीय एवं वार्षिक नवरात्रमा समेत कन्या (कुमारी) को पूजा गर्ने विधान शास्त्रमा समेत उल्लेख गरिएको पाइन्छ। कन्यापूजनमा २ वर्षदेखि १० वर्षसम्मकी कन्याको पूजन उत्तम मानिएको छ। एक वर्षकी कन्याको पूजन हुँदैन। रजस्वला भएपछि पनि कन्याकोरूपमा उनीहरुको पूजन त्यति राम्रो मानिदैन, वरु विवाहपश्चात् सौभाग्यवती स्त्रीकोरूपमा उनीहरूको पूजन हुन्छ। जसलाई देवी[८९] भागवत्का श्लोकले पुष्टि गरेको र प्रत्येक कन्याका अलग अलग नाम उमेरको आधारमा निर्धारित गरेको पनि पाइन्छ। यसकारण कन्याका साथै सौभाग्यवती (विवाहिता) स्त्रीको पूजनमा पनि हाम्रा प्राच्यग्रन्थ अति उदार छन्, भने स्त्रीजाति पूजनार्ह हुन् भन्ने कुरामा दृढ पनि देखिन्छन्।

त्यसरी नैं "जामयो यानि गेहानि शपन्त्यप्रतिपूजिताः।

तानि कृत्याहतानीव विनश्यन्ति समन्ततः॥" अर्थात् जुन घरमा स्त्री, मातृशक्ति, वैनीहरू अपमानित र दुःखी हुन्छन् अनि श्राप दिन्छन्, त्यो घर

---

८९) एकवर्षा न कर्तव्या कन्या पूजाविधौ नृप। परमज्ञा तु भोगानां गन्धादीनां च वालिका॥
कुमारिका तु सा प्रोक्ता द्विवर्षा या भवेदिह। त्रिमूर्तिश्च त्रिवर्षा च कल्याणी चतुरव्दिका॥
रोहिणी पञ्चवर्षा च षड्वर्षा कालिका स्मृता। चण्डिका सप्तवर्षा स्यादष्टवर्षा च शाम्भवी॥
नववर्षा भवेद् दुर्गा सुभद्रा दश वार्षिकी। अतः ऊर्ध्वं न कर्तव्या सर्वकार्यविगर्हिता॥ (दे.भा. ३/२६/४०-४३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न मन्त्रतन्त्रको प्रयोगले समाप्त भए झैं सवैतिरवाट नष्ट हुन्छ। तसर्थ त्यस्ता आफ्ना घरका कुलवधू, स्त्री, कन्या लगायत अन्य माननीया स्त्रीहरूको सदैव यथाशक्ति वस्त्र-गहना, पैसा र भोजनादिद्वारा समय-समयमा विशेष आदरपूर्वक सत्कार गर्नुपर्दछ। यसो गरेमा उक्त घरको सुख, शान्ति र समृद्धि वढ्नुका साथै गृहस्थ पुरुषमाथि भगवान्‌को असीम कृपा वनी रहन्छ।

निष्कर्ष:-

यसरी "वैवाहिको विधिः स्त्रीणां मौञ्जीबन्धनमिष्यते।" स्त्रीहरूको विवाह सम्वन्धी संस्कार ब्राह्मणादि त्रयीपुरुष वर्णको उपनयन कर्म गरे जस्तै कर्म चलाउने संस्कार भएकाले सुसंस्कृत स्त्री-पुरुष दुवैले उक्त शास्त्रोक्त वैज्ञानिक विधि अपनाएमा सवै गृहस्थको कल्याण हुनेछ भन्ने कुरोमा विश्वास गर्न सकिन्छ। तसर्थ प्रत्येक सनातनी लगायत अन्य धर्मावलम्वीले समेत उक्त शास्त्रीय एवं वैज्ञानिक विवाह पद्धतिको अनुसरण गरेमा उनीहरूको जीवन पनि समृद्ध र सुखमय हुनेछ भन्दै तलको सूक्ति वचनका साथ यो विवाहको शास्त्रीय र वैज्ञानिक महत्त्व र आधार प्रकरण यही समाप्त हुन्छ।

आदौ धर्मधुरन्धरा कुटुम्बनिचये क्षीणे च सा धारिणी,
विश्वासे च सखी हिते च भगिनी लज्जावशाच्च स्नुषा।
व्याधौ शोकपरिवृते च जननी शय्यास्थिते कामिनी,
त्रैलोक्येऽपि न विद्यते भुविनृणां भार्यासमो बान्धवः॥ अस्तु।

कस्तै स्वच्छ पतिव्रता किन नहोस् छाडेर आफ्नो पति
छोरी माइतमा रहे जनहरू सन्देह गर्छन् अति।
स्वामीकी प्रियहोस् कि या त नहवोस् आई घरैमा रहोस्
यस्मै माइति छन् खुशी, बरु सधैं आपत्ति तेस्ले सहोस्॥
(शकुन्तला नाटिकाबाट)

❖

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चम कोपिला

गुरु, विद्यार्थीजीवन, केही विसंगति र सुधारका उपायहरू

ब्रह्मानन्दं परमसुखदं केवलं ज्ञानमूर्तिं
द्वन्द्वातीतं गगनसदृशं तत्त्वमस्यादिलक्ष्यम् ।
एकं नित्यं विमलवचनं सर्वधीसाक्षिभूतं
भावातीतं त्रिगुणरहितं सद्‌गुरुं तं नमामि ॥

प्राच्य विद्याको आधारमा- विद्यते अनया इति विद्या । अर्थः प्रयोजनं अस्ति यस्य इति अर्थी । विद्यायाः + अर्थी = विद्यार्थी (विद्या + ङस् + अर्थिन् + सु) व्युत्पत्ति लभ्य अर्थ प्राप्त हुन्छ । जसको अर्थ विद्याव्यसनी, पढ्ने व्यक्ति या पढाईका लागि निरन्तर लागिरहने हुन्छ । विद्यार्थीको पढ्ने आयु सीमा शैशवावस्था (३) देखि २५-३० वर्षको अवधिसम्म मानिन्छ । तर पूर्वीय दर्शनमा २५ वर्षसम्म पढ्ने उमेर तोकेको देखिन्छ । यद्यपि व्यक्तिको अनुसन्धान कार्य जीवनभरी नैं चलिरहन्छ । अहिले विद्यार्थीले अध्ययन गर्ने स्कुल, कलेज अनेक प्रकारका देखिन्छन्- सार्वजनिक (सरकारी) र निजी । अनि कतै साधारण, संस्कृत एवं वहुभाषी पनि देखिन्छन् । मा.वि. तहसम्मको विद्यालय (स्कूल)हरूमध्ये सरकारी विद्यालयमा साधारण स्कुल र संस्कृत विद्यालय पर्दछन् भने संस्कृत विद्यालयतर्फ साधारण संस्कृत विद्यालय र वेद विद्याश्रम पाठ्यक्रममा आधारित विद्यालय पर्दछन् । त्यसरी नैं संस्थागत (निजी) विद्यालयहरूमा अंग्रेजी एवं नेपाली माध्यमले पढाउने वोर्डिङ्ग स्कुल, गुरुकुल आश्रमका स्कुल, मदारसा, एसओएस वालग्राम आदि पर्दछन् । यसरी नैं गुरुकुलमा पतञ्जली योग आश्रम, वेद विद्याश्रम, ऋपिकुल विद्यापीठ र प्रा.वि. मा आधारित संस्कृत माध्यमका विद्यालय पनि पर्दछ ।

यसै क्रममा उच्च शिक्षातर्फका महाविद्यालय (कलेज) पनि अर्धसरकारी र स्वतन्त्र स्वायत्त संस्था गरी दुई किसिमका देखिन्छन् भने कतै-कतै तीन किसिमका र कतै-कतै सरकारी अर्धसरकारी (स्वतन्त्र स्वायत्त संस्था) सार्वजनिक र निजी गरी ४ किसिममा देखिन्छन् । सरकारीतर्फ त्रि.वि.द्वारा सञ्चालित महाविद्यालय, सम्वन्ध प्राप्त कलेज (क्याम्पस) र निजीमा प्राइभेट रूपमा सञ्चालित विभिन्न १०+२ विद्यालय समेत पर्दछन् । यस्तै निजीमा काठमाडौं विश्वविद्यालय, उच्च मावि र मुनाफामुखी विभिन्न वोर्डिङ्ग स्कुल पर्दछन् । यसवाहेक स्वतन्त्र स्वायत्त संस्थाका रूपमा रहेका पोखरा विश्वविद्यालय, पूर्वाञ्चल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विश्वविद्यालय र यस अन्तर्गतका विभिन्न प्राविधिक महाविद्यालयहरू पर्दछन् । वहुभाषिकमा विभिन्न भाषाको पढाई हुने सरकारी र प्राइभेट बाहेकका व्यवसायीक विद्यालय पर्दछन् । यसरी नैं नेपाल सं.वि. दाङ्द्वारा सञ्चालित विभिन्न तहका स्वायत्त सरकारी महाविद्यालय र निजी लगानीमा सञ्चालित सम्वन्धन प्राप्त "महेश संस्कृत गुरुकुल विद्यापीठम्" र श्री संस्कृत विद्यापीठ, धरान-१४ जस्ता संस्कृततर्फका महाविद्यालय समेत पर्दछन् ।

उपर्युक्त विभिन्न सरकारी एवं गैरसरकारी विद्यालय, महाविद्यालयमध्ये सर्वसाधारण जनताको दृष्टिमा संस्कृततर्फका विद्यालय, गुरुकुल आश्रम एवं वेद विद्याश्रमका विद्यालय (स्कुल, कलेज) र त्यसमा पढ्ने विद्यार्थीवर्ग पूर्वीय दर्शनका अत्यन्त निकट मानिन्छन् भने त्रि.वि.को कीर्तिपुरस्थित संस्कृत विभागवाहेक अन्य साधारण विद्यालय, महाविद्यालय तथा १०+२ विद्यालय एवं प्राइभेट रूपमा सञ्चालित स्कुल, कलेजमा समेत प्रायशः संस्कृतको अध्ययन-अध्यापनको व्यवस्था नहुने भएकाले त्यस्ता विद्यालयका विद्यार्थी पूर्वीय दर्शनको पृष्ठभूमिमा विकसित भएता पनि प्राच्य विद्या एवं संस्कृतिवाट अलिक टाढा मानिन्छन् । किनकि हाम्रा पूर्वीय दर्शन, वेद, वेदाङ्ग, उपनिषद, पुराण, धर्म, आचार, नीतिआदिका ग्रन्थ संस्कृतमा नैं भेटिन्छन् । सम्पूर्ण विषयवस्तुको सारसंक्षेप समेटिएको महाभारत, रामायण आदि गरिएका ग्रन्थ संस्कृतमा नैं छन् र "[1] जुन कुरो यसमा छ त्यो सर्वत्र छ । जुन विषयवस्तु यहाँ छैन त्यो कही पनि पाइदैंन" भन्ने स्पष्टोक्ति समेत महाभारतको सम्वन्धमा पाइन्छ ।

यसरी पूर्वीय दर्शनका निकट एवं केही टाढा मानिनें सरकारी एवं गैरसरकारी विद्यालयमा अध्ययन गर्ने अधिकांश विद्यार्थी र केही गुरुमा समेत हुनुपर्ने शिष्टता, नम्रता, नैतिक मूल्य र मान्यतामा क्रमशः ह्रासोन्मुख प्रवृत्ति वढ्दै गएकाले हाम्रा पूर्वीय दर्शनका आचार्य, ऋषि एवं प्राज्ञ विद्वत्वर्गवाट समय-समयमा प्रस्तुत विचार, उपदेश एवं दृष्टिकोण विभिन्न विद्यार्थी वर्ग एवं सवैको कल्याणार्थ यो लेख कार्यपत्रको रूपमा प्रस्तुत गरिएको हो । यसमा रहेका विषयवस्तु अधिकांश विद्वतवर्गद्वारा उपयुक्त ठानेकोले पुस्तकको रूपमा आउने कार्यमा अग्रसर हुँदैछ । तसर्थ यसमा सर्वप्रथम गुरुतत्त्वविवेचन, गुरु लक्षण, गुरु महिमा, विद्यार्थी लक्षण, विद्यार्थी नियम, विद्यार्थी कर्तव्याकर्तव्य र सुधारका उपायहरूवारे हाम्रा पूर्वीय दर्शनमा पाइने विचार प्रस्तुत गरिने क्रममा सर्वप्रथम गुरुतत्त्ववारे केही जानकारी यस प्रकार रहेको छ ।

---

१) धर्मे अर्थे च कामे च मोक्षे च भरतर्षभ । यदिहास्ति तदन्यत्र यन्नेहास्ति न तत् क्वचित् ॥ (महा.आदि.६२/५३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुतत्त्व विवेचन :-

गृ सेचने। गिरति सिंचति ज्ञानवारिणा शिष्यहृदयक्षेत्रम् इति गुरुः। यसरी नैं गुरुलाई शिवस्वरूप पनि मानिएको छ। जसलाई मुण्डमाला[२] तन्त्रले स्पष्ट गर्दै भनेको छ-"गुरु शिव हुन्, गुरुद्वारा नैं सर्वार्थ सिद्धि प्राप्त हुन्छ। गुरु नैं अन्तिम तत्त्व हुन् भने सम्पूर्ण संसार गुरुमय नैं रहेको देखिन्छ, भनिएको छ। **"गुकारस्तमसि प्रोक्तो रुकार स्तन्निवर्तक"** 'गु' शव्दले अन्धकारलाई जनाउँदछ भने 'रु' शव्दले त्यस अन्धकारलाई हटाउनेवाला जनाउँदछ। यसर्थमा गुरु शव्दले शिष्यमा रहेको अज्ञानरूपि अन्धकारलाई हटाई उसको मनलाई ज्ञानको प्रकाशले भरिदिने व्यक्तित्वलाई बुझाउँछ। गुरु पनि तीन किसिमका हुन्छन्। **(१) कुलगुरु (२) विद्यागुरु र (३) धर्मगुरु**। एक परिवारको गुरु कुलगुरु हुन्छ। पैतृक रूपमा उक्त परिवारका व्यक्तिहरू उनका शिष्य वन्दै जान्छन्। विद्यागुरुवाट ज्ञान अथवा शिक्षा ग्रहण गर्ने गरिन्छ भने धर्मगुरुवाट धर्म विशेषको दीक्षा (मन्त्र) प्राप्त गर्ने वा सुन्ने गरिन्छ। उक्त तीन प्रकारका[३] गुरुसित कुनैं पनि प्रकारको शत्रुता, द्रोह आदि गर्नु हुँदैन, भनिएको छ। जसको पुष्टि निरुक्तकार **श्री यास्काचार्य[४]** प्रणीत मन्त्रले पनि गरेका छन्। पहिलेका गुरुवर्ग मेधावी, मन्त्र शास्त्रका ज्ञाता र त्यसको यथायोग्य प्रयोगकर्ता पनि हुने गर्दथे। जसको प्रभावका कारण ठूला-ठूला चक्रवर्ती सम्राट् समेत उनीहरूको निर्देशनमा चल्दथे र उनको आज्ञा अनुसार नैं सवै कार्य गर्दथे। उनीहरू त्रिकालदर्शी, भूत, भविष्य एवं वर्तमान कालका ज्ञाता हुने गर्दथे। तर अहिले कलि प्रभावको कारण गुरुहरूमा रहेको तप-शक्ति, मन्त्र-शक्ति र ज्ञान-शक्ति आदि क्रमशः उत्तरोत्तर ह्रास हुँदै (घट्दै) गएकाले र अधिकांश गुरुवर्ग अर्थप्रति धेरै मात्रामा आसक्त हुनुका साथै निर्धारित कर्म पनि कसै-कसैले नगरेकाले उनीहरूको प्रभाव कम भएको हो। यसको सुधारका लागि अहिले पनि यदि चारवर्ण मध्ये श्रेष्ठ ठहरिएका गुरुहरूले वेद शास्त्र सम्मत कार्य गर्ने र ध्यान, जप-तप आदितिर केही विशेष मात्रामा मन लगाउने र राम्रो कर्म गर्ने हो भने त्यो शक्ति धेरथोर मात्रामा अवश्य प्राप्त गर्न सकिन्छ। तर अहिलेको कलिकालमा त्यसतर्फ मन लगाउन असम्भव त नभनौं, कठिन अवश्य छ। त्यस्ता अवरोधलाई हटाउन सक्नुपर्दछ। किनकि अहिले पनि पवित्र तीर्थस्थलमा, सिद्धभूमिमा र पहाडका कन्दरामा त्यस्ता सिद्ध महापुरुष एवं

---

२) गुरुदेव शिवः साक्षात् गुरुः सर्वार्थसाधकः। गुरुरेव परं तत्त्वं सर्वं गुरुमयं जगत्। (मुण्डमाला तन्त्र)
गकारः सिद्धिदः प्रोक्तो रेफःपापस्य हारकः। उकारो विष्णुरव्यक्तस्त्रितयात्मा गुरुः परः॥ (तन्त्रसार)

३) य आवृणोत्यवितथेन कर्णावदुःखं कुर्वन्नमृतंसम्प्रयच्छन्।
तं मन्येत पितरं मातरं च तस्मै न द्रुह्येत् कतमच्च नाह॥ (श्री यास्क- निरुक्त)

४) अध्यापिता ये गुरुमाद्रियन्ते मनसा वाचा कर्मणा मौनतश्च।
यथैव ते न गुरोर्भोजनीयास्तथैव तान्न भुनक्ति श्रुतं तत्॥ (श्री यास्क-निरुक्त)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्ग निर्देशक गुरुहरू अझै पनि व्यक्तिको पुण्य उदय भएको वेलामा भेटिने गर्दछन् र कतिपय व्यक्तिको समस्या समाधान वेला-वेलामा भएको हामीले सुन्दै र देख्दै पनि आएका छौं ।

"शिष्या: यदुत्कर्षमवाप्नुवन्ति प्रभाव एवैष गुरोरमोघः", छत्रपति साम्राज्यम् अनुसार सद्गुरुको प्रभाव यस्तो हुन्छ कि यदि तपस्वी गुरुले मनले आशीर्वाद दिएकोमा[५] उक्त शिष्यलाई शास्त्र तत्कालै श्रम कम गर्दा पनि स्वतः सिद्ध हुन्छ । शिष्यले नचाहे पनि शास्त्रले नैं त्यस्ता पुण्यशाली शिष्यलाई छोड्दैनन् । यस्तो हुन्छ सद्गुरुको कृपा । यसै प्रसंगमा श्रीमद्भागवत्[६] मा पनि भनिएको छ । जव समर्थ गुरु भित्रैवाट प्रसन्न भई गद्गद् हुनुहुन्छ, त्यतिवेला गुरुले शिष्यलाई गुह्यभन्दा गुह्य कुरा नदिने त प्रश्नैं उठ्दैन । तर अहिलेका शिष्यवर्गमा गुरुहरूलाई प्रसन्न पारी शास्त्र आदिमा रहेका कुरा लिन खोज्ने परिपाटी छैन । अहिले त शास्त्रीय ज्ञानका सवै कुरा लुटेर लिने, धम्क्याई लिने शैली (परिपाटी)को विकास भईरहेकोले पनि विभिन्न देशको यस्तो दुर्दशा भईरहेको छ । वेद, शास्त्र, धर्म, कर्मका सवै वचन व्यर्थ हुन् भन्ने उद्घोषण र क्रियान्वयन क्रमशः दिनानुदिन वढ्न थालेको छ । तर त्यस्ता अज्ञानी शिष्यलाई थाहा छैन कि यस्तो दुरावस्था हिरण्यकशिपु, हिरण्याक्ष, कंस देखि लिएर भारतमा यवनकाल, ब्रिटिशकाल हुँदै वर्तमान कालमा नेपाल राष्ट्रमा समेत केही मात्रामा यत्रतत्र देखा परिरहेको भएता पनि यस्तो अवस्था धेरै समयसम्म रहँदैन । यसले विश्राम पाउँछ र विधिको शासन स्थापित हुन कर लाग्छ । यसमा पनि केही तलमाथि भएमा प्रकृतिले नैं स्वयं सन्तुलन मिलाउँछिन् । अन्तमा व्यवस्थित मार्ग र व्यवस्थित सनातन दर्शन अंगाल्न सवैले वाध्य हुनैं पर्दछ । यसरी कल्पनाको दुनियाँमा घुमेर केही तत्त्व हाँसिल हुनेवाला छैन । तसर्थ हाम्रा ऋषिमुनिहरूले देखाएको वाटोमा अन्ततः हिड्नु नैं पर्दछ । अर्को कुनैं विकल्प छैन । यसमा विद्रोह गऱ्यो भने उ स्वयं नासिन्छ । त्यसकारण अव आउने समय सुखद हुनेछ भन्ने कुरामा ढुक्क हुँदै विश्वास एवं आशाका साथ सद्कार्यको थालनी गर्नुका साथै विभिन्न तत्त्वद्रष्टा ऋषिमुनिहरूको अमूल्य वचनको अनुसरण गर्दै अगाडि वढ्नु नैं अहिलेका जनताका लागि श्रेयस्कर मार्ग हुन्छ भन्ने कुरा वुझ्न पनि अति आवश्यक देखिन्छ ।

यद्यपि आजकलका गुरुवर्ग जसलाई आधुनिक भाषामा 'सर' भन्ने चलन छ । त्यस्ता 'सर'हरूलाई गुरु भन्यो भने उनीहरू आफ्नो पद घटेको जस्तो अनुभव गर्दछन् । अर्थात् 'सर' शव्द उन्नतिको सूचक र 'गुरु' शव्द अवनतिको

५) अधिगच्छति शास्त्रार्थः स्मरति श्रद्दधाति च । यत्कृपावशतस्तस्मै नमोऽस्तु गुरवे नमः ॥ (गुरुतत्त्व विमर्शः)
६) ब्रूयुः स्निग्धस्य शिष्यस्य गुरवो गुह्यमप्युत ॥ (भा. १/१/८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूचकको रूपमा उनीहरु (आधुनिक 'सर')ले लिने गरेको पनि देखिन्छ। त्यस्तै अहिलेका केही आधुनिक गुरु 'सर' हरूमा ट्यूसन पढाउने परिपाटी अत्यधिक रूपमा चलेको र विहानदेखि रातीसम्म तनमतका साथ एक चित्त भई लागिपरेका देखिन्छन्। त्यसमा निश्चित समयमा कोर्ष पूरा गरिदिने र शुल्क लिने चलन पनि अहिले प्रशस्त मात्रामा चलेको देखिन्छ। यस कुरोलाई देखेर कुनैं कविले यस्तो भनेका छन् :

बहवो गुरवः सन्ति शिष्यवित्तापहारकाः। बिरला गुरवः सन्ति शिष्यसन्तापहारकाः॥

यो उद्‌गार आजकलका केही आधुनिक 'सर'हरूको क्रियाकलापका आधारमा नैं व्यक्त भएको हुनुपर्दछ। हाम्रा प्राच्य धार्मिक ग्रन्थहरूले **"गुरवे दक्षिणादानं न शुल्कदानम्"** भनी शुल्क (द्रव्य)को निषेध गरेको पाइन्छ भने श्रीमद्‌भागवत्‌मा पनि **"गुरवे दक्षिणां दत्त्वा स्नायाद् गुर्वनुमोदितः। ११/१७/३७॥** भनी गुरु दक्षिणाको उल्लेख गरेको पाइन्छ, शुल्कको हैन। अतः उक्त कुराले पनि गुरुवर्गलाई शिष्यले पढेवापत केही मात्रामा दक्षिणा द्रव्य दिनुपर्दछ भन्ने कुराको पुष्टि गरेको देखिन्छ तर उक्त दक्षिणा पढाई समाप्त गरी घर फर्किने वेलामा मात्र शिष्यले दिनुपर्दछ भन्ने कुरा समेत पाइन्छ। तर अहिले समय वदलिएको छ। यस्ता कुराको स्वरूपमा पनि केही परिवर्तन भएको छ र दक्षिणा, वेतन (तलव) को रूपमा परिवर्तित भएको छ।

गुरु शिष्य सम्वन्धको वारेमा केही चर्चा गर्नुपर्दा हाम्रा अगाडि भिल्ल पुत्र एकलव्यको कुरो आउँछ, जसले द्रोणाचार्यको मूर्ति स्थापित गरी उनलाई मन, वचन, कर्मले समेत गुरु मानी, साह्रै लगन र परिश्रमका साथ धनुर्विद्याको अभ्यास गरेको र अन्तमा पाण्डुपुत्र अर्जुनभन्दा श्रेष्ठ भएको उदाहरण पनि हाम्रो सामु छ भने अर्कातिर मीमांसा शास्त्रमा प्रखर विद्वान् कुमारिल भट्ट र प्रभाकर भट्टको उदाहरण पनि हाम्रो अगाडि देखिन्छ। यद्यपि कुमारिल भट्ट-गुरु थिए भने प्रभाकर भट्ट-शिष्य। तर दुवैमा संधैभरि कुनैं न कुनैं विषयमा शास्त्रार्थ भई नैं रहन्थ्यो। वरू गुरुले उत्तर दिन नसकी "लौ आज भयो, यसको उत्तर भोली दिउँला" भन्ने गर्दथे। तर प्रभाकरले आफ्नो मर्यादाको उल्लंघन कहिले पनि गर्दैनथे र गुरुलाई अप्ठ्यारो परेको अवस्थामा संधै सहयोगीको भूमिका निभाउने कार्य नैं गरिरहन्थे। गुरु शिष्यमा यस्तो जुहारी चलि नैं रहन्थ्यो। तर यो सव देखेर एकदिन गुरुपत्नीलाई असह्य नैं भयो र उनले पतिलाई क्रुद्ध हुँदै भनिन् "मलाई त साह्रै लाजमर्दो भइसक्यो। तपाई संधै आफ्नो चेलोवाट शास्त्रार्थमा हार्नुहुन्छ। तपाईसँग जति विद्या थियो त्यो सवै तपाईको शिष्यले ग्रहण गरिसकेको छ र तपाईभन्दा ठूलो विद्वान् भईसकेको छ।" त्यो कुरा सुनेर कुमारिल भट्ट हाँस्दै भन्दछन्-"प्रिये, यो शिष्य मेरो परमभक्त छ। जसरी आफ्नो सानो बालकवाट हार्दा पिता प्रसन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् त्यस्तै मलाई पनि प्रभाकरवाट हार्दा आनन्द आउँछ।" तर गुरुपत्नीलाई यस कुरामा विश्वास भएन र उनले फेरी भनिन्- यो त **"हरूवा गोरूको छेरूवा दाऊ"** जस्तै हो। म हेर्दैछु संधै त्यसले शास्त्रार्थमा तपाईलाई निरुत्तर पारिदिन्छ। यो कुरालाई सुनेर गुरु कुमारिल भट्टले भने-"हेर, प्रिये, त्यसले शास्त्रार्थमा जति मलाई आफ्नो तर्कद्वारा निरुत्तर पारे पनि त्यही व्यक्ति पछि मेरो सिद्धान्तको संस्थापक हुनेछ। नपत्याए हेर" भन्दै गुरुवरले प्राणलाई ब्रह्मरन्ध्रमा पुऱ्याई निचेष्ट भएर भुईमा सुते र मरेको नाटक गरे। गुरुपत्नी पनि विलौना गर्न थालिन्। केही समयपछि शिष्य प्रभाकर पनि आईपुगे र गुरुको मृत्युले उनलाई पनि मर्माहत पाऱ्यो र उनी पनि अझ वढी रुन थाले। यसमा गुरुपत्नीले भनिन्- "ए प्रभाकर तँ किन रुन्छस् ? तैले त गुरुवाट सवै विद्या पढि सकिस्। गुरुलाई समेत शास्त्रार्थमा वारम्वार हराई सकिस्। अव त तलाई गुरुको कुनैं आवश्यकता नहुनु पर्ने हो नि।" यसमा शिष्य प्रभाकर उत्तर दिन्छन्-"गुरुमाता तपाई साह्रै सोझी हुनुहुन्छ। गुरुसँग रहेको विद्याको त आरपार केही थाहा पाईदैन। उहाँले केवल यस शिष्यले मसँग कत्तिको तर्क गर्न सक्दोरहेछ भनी वारम्वार मेरो परीक्षा लिने र मलाई प्रोत्साहित गर्ने काम मात्र गर्नुभएको हो। उहाँ त मलाई शास्त्रार्थमा संधै विजयी वनाई मेरो मुखलाई हेर्दै प्रसन्न हुने गर्नुहुन्थ्यो। यो सवै कुरो मलाई थाहा छ। गुरुको ममाथि असीम माया र कृपा भएकाले मात्र यस्तो देखिन गएको हो।" इत्यादि कुरा गर्दै प्रभाकरले गुरुको सिद्धान्त अनुरूप नैं सम्पूर्ण ऊर्ध्वदैहिक क्रियाकर्म आदि सम्पन्न गरे र अन्तमा गुरुको दाहसंस्कार गर्ने वेला आयो। त्यतिवेला गुरु कुमारिल जुरुक्क उठे् र भने "प्रभाकर, जितं मया जितम्" - प्रभाकर, मैले तँलाई जिते, जितें। त्यसको प्रत्युत्तरमा प्रभाकर भन्दछन् "भो गुरो, मृत्वा जितं तदा किं जितम्" गुरुवर, मरेर जित्नु भयो त कुन ठूलो पुरुषार्थ गर्नुभयो" इत्यादि कुरा गर्दै दुवैले एकआपसमा अंकमाल गरे। यस्तो थियो हाम्रा पूर्वसमयका गुरु शिष्यको आदर्श सम्वन्ध र प्रेम। यसरी आफ्ना गुरुसँग कुनै विषयमा मत-मतान्तर भएता पनि गुरुको मान मर्यादा कायम राख्न शिष्य प्रभाकरले केही कुरामा मत-मतान्तर भएता पनि गुरुले अपनाएको सिद्धान्तअनुसार नैं सवै कार्य सम्पन्न गरी गुरुको प्रतिष्ठामा कुनैं आँच आउन दिएनन्। यस्तो प्रेम, आत्मीयता त्यतिवेलाका गुरु शिष्यमा हुने गर्दथ्यो। त्यस्तै गुरु शिष्य सम्वन्धको अनुकरणीय आदर्शका उदाहरणहरूमध्ये सान्दीपनि-कृष्ण सुदामाको, धौम्य-आरूणिको र धौम्य-उपमन्युको पनि रहेका छन्। जसको अनुसरण गरेमा विद्यार्थी लाभान्वित हुनेछन्। तर आजकल यस्ता अनुकरणीय उदाहरण विरलै मात्र पाईने गर्दछन्। किनकि कलिको प्रभाव वढ्दो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरु लक्षण :-

"गृणाति, उपदिशति धर्ममिति गुरुः । गिरत्यज्ञानमिति गुरुः ।" अर्थात् जसले धर्मको उपदेश गर्न सक्तछ । अज्ञानरूपि अन्धकारलाई नष्टगरि ज्ञानको ज्योतिले सबैलाई प्रकाशित गराउँछ त्यस्ता विद्वान्लाई "गुरु" शव्दले विभूषित गरिन्छ । यसरी [७] "गु" शव्दले अन्धकार-अज्ञान र "रु" शव्दले त्यसको नाश-समाप्ति जनाउँदछ । अतः शिष्यको अज्ञानरूपी अन्धकारको नाश गर्ने व्यक्तिलाई गुरु भनिन्छ ।[८] गर्भाधानदेखि अन्त्येष्टि पर्यन्त विभिन्न कार्य शास्त्रोक्त विधि-विधान अनुरूप कार्य गर्ने/गराउने व्यक्ति गुरु कहलाउँछ । यसको अतिरिक्त[९] वेद-वेदाङ्ग, काव्य, शास्त्र आदि विषय शास्त्रीय विधान अनुरूप पढाउने, अध्यापनद्वारा आर्जित पैसाले आफ्नो र परिवारको भरणपोषण गर्ने व्यक्ति पनि गुरु, आचार्य, उपाध्याय या अंग्रेजी भाषामा 'सर' कहलाउँछन् । शङ्कराचार्यको मत[१०]मा - शिष्यको हृदयभित्र रहेको अविद्याको ग्रन्थीलाई खोली विद्याको दीपक उसको मनमा प्रज्वलित गर्ने व्यक्तित्व गुरु तत्वले सुसम्पन्न हुने गर्दछ ।

गुरु महिमा :-

मातापिताले पुत्र (शिष्य)को शरीर मात्र उत्पन्न गराउँछन् । तर आचार्य या गुरुले त्यस्ता शिष्यलाई ज्ञानी वनाउँछन् । तसर्थ गुरु-आमावुवाभन्दा श्रेष्ठ हुन्छन्" महाभारतमा[११] भनिएको छ । [१२]अज्ञानको भूँमरीमा परेका शिष्यलाई ज्ञानको ज्योतिद्वारा पथ प्रदर्शन गर्ने काम गुरुवाट हुने भएकोले गुरुवर्ग आदरणीय हुन्छन्, त्यसरी नैं [१३]गुरुलाई ब्रह्मा, विष्णु, रुद्र एवं साक्षात् परव्रह्म स्वरूप मानिएको छ । मन्त्र महार्णवमा[१४] समेत गुरुवारे यस्तो भनिएको छ-जो नित्य नैमित्तिक वेदशास्त्र निर्देशित कर्म गर्दछन्, शास्त्र निषेधित कार्यवाट टाढा रहन्छन्, भगवत् कृपावाट जो पाइन्छ त्यसमा सन्तुष्ट हुने र सवैको गुण-दोष केलाउन सक्ने हुन्छन् ती विद्वत्वर्ग नैं गुरु शव्दद्वारा विभूषित हुन्छन् । त्यसकारण त्यस्ता (गुरुवर्ग) तीन[१५] आँखाले रहित भएका शिव, चार हात नभएका विष्णु र ४ मुखल

७) गुशब्दस्त्वन्धकारः स्यात् रुशब्दस्तन्निरोधकः । अन्धकारनिरोधित्वाद् गुरुरित्यभिधीयते ॥ (आचारग्रन्थ)

८) निषेकादीनि कर्माणि यः करोति यथाविधिः । सम्भावयति चान्नेन स विप्रो गुरुरुच्यते ॥ (म.स्मृ. २/१४१)

९) एकदेशं तु वेदस्य वेदाङ्गान्यपि वा पुनः । योऽध्यापयति वृत्यर्थमुपाध्यायः स उच्यते ॥ (म. स्मृ. २/१४२)

१०) अविद्या हृदयग्रन्थिवन्धमोक्षो यतो भवेत् । तमेव गुरुरित्याहुर्गुरुशब्देन योगिनः ॥ (सर्ववेदान्त संग्रहः)

११) शरीरमेव सृजतः पितामाता च भारत । आचार्य शिष्टा जातिः सा दिव्या सा चाऽजराऽमरा ॥
गुरुर्गरीयान् पितृतो मातृतश्चेति मे मतिः ॥ (महाभारत)

१२) अज्ञानतिमिरान्धस्य ज्ञानाञ्जन शलाकया । चक्षुरुमीलितं येन तस्मै श्रीगुरवे नमः ॥ (आचारग्रन्थ)

१३) गुरुर्ब्रह्मा गुरुर्विष्णुः गुरुर्देवो महेश्वरः । गुरुः साक्षात् परव्रह्म तस्मै श्रीगुरवे नमः ॥ (आचारग्रन्थ)

१४) नित्य नैमित्तिके काम्ये रतः कर्मण्यनिन्दिते । यदृच्छालाभ सन्तुष्टो गुणदोष विभेदकः ॥
इत्यादिल्क्षणोपेतः श्रीगुरुः कथितं प्रिये । (मन्त्रमहार्णव पूर्वखण्ड, पृ.सं. १)

१५) अत्रिनेत्रः शिव साक्षादचतुर्वाहुरच्युतः । अचतुर्वदनो ब्रह्मा श्रीगुरुः कथित प्रिये ॥ (म.म. पूर्वखण्ड)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहित भएमा ब्रह्मा सदृश हुन्छन् । तसर्थ गुरु सबैका लागि पूजनीय हुन्छन् । अतः गुरुलाई प्रणाम गर्नुपर्दछ ।

गुरु परीक्षण :-

योग्य शिष्यले पनि उक्त वेदशास्त्र[१६] निर्देशित कार्य गर्ने कर्मनिष्ठ एवं विभिन्न जप, होम, ध्यान पूजन कार्य गर्न जान्ने, विभिन्न प्रकारका शास्त्रसम्मत ज्ञान उपदेश दिन सक्ने र विभिन्न वैदिक मन्त्रलाई शुद्ध उच्चारण गरी पढाउन सक्ने, सच्चरित्र, सद्विवेकी विद्वान् गुरुको परीक्षा गरी शिष्यत्व स्वीकार गर्नुपर्दछ । नत्र **"अन्धा गुरु चौपट चेला दोनों नरकमें ठेलमठेला ।"** अनुरूप दुवैको दुर्गति हुन्छ । तसर्थ शिष्यले गुरुको वारेमा यथार्थ वुझी शूद्र र स्त्री वाहेकका विद्वान्लाई गुरु वनाएमा विद्यार्थीवर्गको भलो हुन्छ भनी मन्त्रमहार्णव पूर्वखण्डका श्लोकले समेत पुष्टि गरेको पाइन्छ । तसर्थ गुरुको पनि पात्रापात्र विचार गर्नु उपर्युक्त देखिन्छ । त्यसरी नैं "शिष्यले वेद एवं धर्मशास्त्रका साथ अन्य कार्यमा समेत समर्थ गुरुवाट विद्याध्ययन गर्नुपर्दछ" भनी श्रीमद्भागवत्[१७]ले समेत शिष्यको ध्यानाकर्षण गराएको पाइन्छ ।

विद्यार्थी (शिष्य) लक्षण :-

शिष्य, छात्र, अन्तेवासी आदि विद्यार्थीका पर्यायवाची शब्द हुन् । इनका लक्षण यसरी व्यक्त गरिएका छन्- "[१८]कागको जस्तो चेष्टा, बकुल्लो जस्तो ध्यान लगाउने, कुकुर जस्तो कम निद्रा भएको, अल्प आहार गर्ने र घरभन्दा टाढा बसी अध्ययन गर्ने व्यक्तिलाई विद्यार्थी भनिन्छ । अरू पनि [१९]गुरुको अनुशासनमा बस्ने, गुरुको सान्निध्यमा रमाउने र गुरुको आज्ञालाई कहिले पनि उपेक्षा नगर्ने व्यक्ति शिष्य कहलाउन योग्य हुन्छ ।

विद्यार्थी परीक्षण :-

सद्गुरुले पनि विद्यार्थी सच्चरित्र छ, छैन । कत्तिको ज्ञानी छ, पढाएकोपाठ कत्तिको तैयारी गर्दछ आदि कुराको वडो सावधानीपूर्वक निरीक्षण गर्नुपर्दछ ।

---

१६) शिष्योऽपि लक्षणैरेतैः कुर्याद् गुरुपरीक्षणम् । आनंदाद्यैर्जपैः स्तोत्रैर्ध्यानहोमार्चनादिषु ॥
ज्ञानोपदेशसामर्थ्यं मन्त्रशुद्धमपीश्वरम् । वोधकत्वं च विज्ञाय शिष्यो भूयान्न चान्यथा ॥
शूद्राणां च तथा स्त्रीणां गुरुत्त्वं न कदाचन । योग्यमाद्यं गुरुं त्यक्त्वां शिष्यः शूद्रं क्रियाविदम् ॥
गुरुं समाश्रयेदन्यं यः प्रयाति स दुर्गतिम् ॥ मन्त्र महार्णव १/४३-४४, ५०

१७) तस्मात् गुरुं प्रपद्येत जिज्ञासुः श्रेय उत्तमम् । शाब्दे परे च निष्णातं ब्रह्मण्युपशमाश्रयम् ॥ भा. ११/३/२१

१८) काकचेष्टा वकोध्यानं श्वान-निद्रा तथैव च । अल्पहारी गृहत्यागी विद्यार्थी पंचलक्षणम् ॥ (नीतिग्रन्थ)

१९) गुरुणा शासितुं योग्यः अन्तेवासी च सर्वदा । गुरोराज्ञाकरो नित्यं सः शिष्य इति कथ्यते ॥ (नीतिग्रन्थ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किनकि शास्त्रले[२०] दुष्ट प्रकृतिका, वेदशास्त्रादिका वचन प्रतिकूल चल्ने, नैतिकताले रहित भएका छात्र-छात्रालाई भरसक नपढाउनु भनेकाले योग्य गुरुले उक्त प्रकारका विद्यार्थीलाई भरसक १ वर्ष अथवा ६ महिना या कमसेकम ३ महिना आफ्नो साथ या शिक्षण संस्थामा राखी उनीहरूको वानी हेर्ने, नराम्रो भए सुधार्ने र उनीहरूलाई राष्ट्रको योग्य नागरिक वनाउने प्रयास गर्नुपर्दछ। यति गर्दा पनि त्यस्ता विद्यार्थीको रहनसहन, व्यवहारमा समेत केही सुधार नदेखिएमा त्यस्ता विद्यार्थीलाई शिक्षण संस्था या घरमा राखी अध्ययन अध्यापन गराउन उपयुक्त हुँदैन। यसका अतिरिक्त अर्थका लोभी, संधैभरि द्रव्यको संकलनमा मात्र लागि पर्ने, ईर्ष्यालु स्वभाव भएका, स्थिर चित्त नभएका, गुरुप्रति श्रद्धा र भक्ति नराख्ने साथै गुरुप्रति आदर सत्कारको भाव नभएका एवं गुरुको सेवा सुश्रूषाप्रति नकारात्मक भाव समेत राख्ने विद्यार्थी, परीक्षणमा उपयुक्त नठहरिने हुन्छन्। जसलाई महाभारत एवं मन्त्रमहार्णव नामक ग्रन्थले समेत ती विद्यार्थी विद्या पढाउन उपर्युक्त हुँदैनन् भन्ने कुराको पुष्टि गरेकाले त्यस्ता विद्यार्थी अध्ययन अध्यापनका लागि योग्य नठहरिने देखिन्छन्। तसर्थ त्यस्ता प्रवृत्तिका विद्यार्थीले आ-आफ्नो वानी, व्यवहार सुधार्न अति आवश्यक देखिन्छ। त्यस्तै मूर्ख शिष्य[२१] दुष्टा स्त्रीलाई समेत उक्त कार्यवाट वञ्चित गर्दा हुन्छ भन्ने कुराको उल्लेख पनि पाइन्छ।

विद्यार्थी भेद :-

विद्यार्थीका चार भेद सामान्यतः देखिन्छन्। त्यसमा (१) **शिष्य** हो। यसको व्युत्पत्ति परक अर्थ - शाशितुं योग्यः-शिष्य हुन्छ। जो अनुशासन प्रिय हुन्छ। (२) **छात्र** हो। जसको व्युत्पत्ति लभ्यअर्थ-गुरोर्दोपाणामावरणं छत्रम्, तच्छीलमस्य इति छात्रः। अर्थात् गुरुको दोषलाई लुकाई उनको यशलाई फैलाउने व्यक्ति, छात्र कहलाउँछ। (३) **विद्यार्थी** हो। जसको अर्थ-विद्यामर्थयते तच्छीलः-विद्यार्थी। अर्थात् गुरुवाट विद्या प्राप्तिका लागि सदैव याचना गर्ने व्यक्ति विद्यार्थी कहलाउँछ भने (४) **अन्तेवासी** हो। जसको अर्थ-अन्ते गुरुसमीपे वसति तच्छीलः-अन्तेवासी। अर्थात् गुरुको सन्निकटमा या घरमा वस्ने त्यही विद्याध्ययन गर्ने, गुरुसेवामा सदैव तत्पर रहने, गुरुसँग पाठ लिई त्यसमा चिन्तन मनन गरी उक्त पाठमा उठेका शंकाको समाधानार्थ जिज्ञासा राख्ने र गुरुप्रति पूर्ण समर्पणको भाव

---

२०) ज्ञानेन क्रियया वाऽपि गुरुः शिष्यं परीक्षयेत्। संवत्सरं तदर्द्धं वा तदर्द्धं वा प्रयत्नतः॥
न देयमर्थलुब्धाय पिशुनायास्थिराय च। भक्तिश्रद्धा विहीनाय शुश्रूषा विमुखाय च॥ (मन्त्रमहा. १/५१)
नाशिष्ये संप्रदातव्यो नाव्रते नाकृतात्मनि। एते शिष्यगुणाः सर्वे विज्ञातव्या यथार्थतः॥
नापरीक्षित चारित्रे विद्या देया कथंचन। यथा हि कनकं शुद्धं चापच्छेदनिकर्षणैः॥
परीक्षेत तथा शिष्यानीक्षेत्कुल गुणादिभिः॥ (म.भा.शा.पर्व ३२८/४५-४७)

२१) मूर्खशिष्योपदेशेन दुष्टास्त्री भरणेन च। दुःखितै संप्रयोगेण पण्डितोऽप्यवसीदति॥ (चा.नी. १/४)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत राख्ने व्यक्ति (शिक्षार्थी) नैं अन्तेवासी कहलाउँछ। अन्तेवासी (शिष्य) नैं वास्तवमा विद्यार्थी पदको सार्थकतालाई धारण गर्नेवाला हुन्छ।

विद्याको उद्देश्य :-

"प्रयोजनमनुद्दिश्य न मन्दोऽपि प्रवर्त्तते।" अर्थात् कुनैं लक्ष्य या प्रयोजन विनाको काममा वुद्धिमान्को त कुरै छाडौं मूर्खको पनि मन जाँदैन। तसर्थ प्राच्य विद्यामा यसको उद्देश्य यस्तो रहेको देखिन्छ।[२२] धर्म, अर्थ, काम, मोक्ष ४ पुरुषार्थ र विभिन्न शिल्पादि कला आदिमा दक्षता प्राप्त गर्नु नैं विद्याध्ययनको प्रयोजन हुन्छ। अन्यत्र[२३] विद्याध्ययनको प्रयोजन परमानन्दको प्राप्ति गर्नुपर्दछ। तसर्थ विद्याव्यसनीले सर्वप्रथम विनयी, तत्पश्चात् विद्याको लागि अधिकारी (सत्पात्र), त्यसवाट धन प्राप्ति, अनि धार्मिक अनुष्ठान गर्दै अन्तिम लक्ष्य सुख (आनन्द) को प्राप्ति गर्नु हो। यी सवै सुख प्राप्तिका सोपान (सिढी) हुन्, जसमा क्रमशः चढ्दै (हिंड्दै) जानुपर्दछ र अन्तमा मात्र लक्ष्य प्राप्ति गर्न सकिन्छ भनी शास्त्रमा उल्लेख गरिएको पाइन्छ। यसको अतिरिक्त १२ वीं शताव्दीका आचार्य[२४] **मम्मटले** पनि विद्याको उद्देश्यमा प्रकाश पार्दै आफ्नोग्रन्थ **काव्यप्रकाशमा** विद्या-यश प्राप्तिका निम्ति, अर्थ (धन) का लागि, "राम जस्तो मर्यादित आचरण गर्नुपर्दछ, रावण जस्तो हैन" जस्ता व्यवहारिक ज्ञानका लागि, अनर्थ निवारणका लागि, अलौकिक आनन्द प्राप्तिका लागि तथा कान्तासम्मित आकर्षक उपदेशको प्राप्तिका साथै विभिन्न नैतिक, धार्मिक एवं रसिक विषयवस्तु आदिको जानकारीका लागि पनि प्राप्त गरिन्छ, भनेका छन्।

विद्या विघ्नकारक विषय :-

धरै जुवा खेल्ने वानी[२५] कितावको सेवा (श्रृङ्गार) मात्र गर्ने तर किताव नपढ्ने, नाटक, सिनेमा अथवा मनोरञ्जनका साधनप्रति वढी चासो राख्ने, स्त्री जातिप्रति धेरै आकर्षित हुने, संधैभरि पढ्ने वेलामा आलस्यले युक्त हुने, किताव हातमा लियो कि निदाउने आदि गरिएका विषयहरू विद्यार्थीवर्गकालागि विघ्न उत्पन्न गर्नेवाला हुन्छन्। तसर्थ सचेत विद्यार्थीहरूले यस्ता वस्तुबाट टाढा रहनुपर्दछ र यसप्रति आसक्त हुनु हुँदैन। त्यसरी नैं कुनैं-कुनैं विद्यार्थी कक्षामा गुरुको सम्मुख उपस्थित नहुने, नपढ्ने तर परीक्षाको समयमा आफू खुसी पढ्ने, अनि परीक्षा पास गर्ने उद्देश्यले मात्र पढ्ने गर्दछन्। त्यस्ता विद्यार्थीप्रति लक्षित

२२) धर्मार्थकाममोक्षेपु वैचक्षण्यं कलासु च। करोति कीर्तिं प्रीतीं च साधुकाव्यनिपेवणम्॥ (काव्यालङ्कार-भामह)
२३) विद्या ददाति विनयं विनयाद्याति पात्रताम्। पात्रत्वाद् धनमाप्नोति धनाद् धर्मःततः सुखम्॥ (आचारग्रन्थ)
२४) काव्यं यशसेऽर्थकृते व्यवहारविदे शिवेतरक्षतये। सद्यः परनिर्वृतये कान्तासम्मिततयोपदेशयुजे॥ (का.प्र.१ उ.)
२५) द्यूतं पुस्तकसुश्रूषा नाटकासक्तिमेव च। स्त्रियस्तन्द्री च निद्रा च विद्याविघ्नकराणि षट्॥ (आचार ग्रन्थ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दै **स्मृति चन्द्रिका**[२६] मा भनिएको छ-त्यस्ता व्यक्तिहरू नाठोको सम्पर्कबाट उत्पन्न सन्तान झैं श्री र विद्यातत्त्वले रहित भई शोभाहीन हुन्छन् । अर्थात उनीहरूको त्यसमा दखल हुँदैन । तसर्थ विद्यार्थीले भरसक कुनैं पनि पुस्तकको ज्ञान गुरुमुखबाट लिनुपर्दछ नत्र त्यो जीवनमा पूर्ण सफल हुँदैन ।

विद्यार्थी नियम :-

नियम विनाको कुनैं पनि काम व्यवस्थित हुँदैन, स्वेच्छाचारी हुन्छ, विना लगामको घोडा जस्तो जहाँ मन लाग्यो त्यही जान्छ र जे मन लाग्यो त्यही गर्दछ । तसर्थ विद्यार्थीमा पनि स्वच्छन्दताको विकास नहोस् भनी हाम्रा त्रिकालदर्शी अग्रज मनीषीहरूले विद्यार्थी वर्गको हितकालागि केही नियम बनाएका देखिन्छन् । ती यस प्रकार रहेका छन् -

१. सदाचारी हुनु :-

"सद्गुणानां आचारः सदाचारः कथ्यते" अनुरूप ऋषि प्रणित नियम अपनाउनु, उनको निर्देशनलाई आफ्नो जीवनमा ढाल्नु, शास्त्र निर्देशित व्यवहार गर्नु आदि कार्य सदाचारको परिधिमा पर्दछन् । तसर्थ आचारग्रन्थमा भनिएको छ- [२७]विद्या प्रदान गर्ने गुरुवर्गको सम्मान गर्नु, आज्ञाको पालना गर्नु, उनको विपरीत नहुनु, गुरु कक्षामा आएको अवस्थामा उठेर सम्मान गर्नु, आज्ञा अनुरूप आ-आफ्नो स्थानमा बस्नु, गुरुले बस्दै आएको स्थान (ठाउँ) कुर्सी, खाट, ओछ्यान आदिमा कदापि नबस्नु, नसुत्नु, गुरुसँग कहिले पनि छलकपटका कुरा नगर्नु, सबै सत्य तथ्य कुरो गुरुसंग भन्नु आदि । यस्तो गरेमा त्यस छात्रको यो लोक र परलोक दुबै सुधिन्छ । यसरी नैं अगाडि भनिएको छ- [२८]अरुको दोष नहेर्नु आफ्नो कर्तव्यको पालना गर्नु, लोभीमाथि पनि दयाको भाव राख्नु र संधै मीठो बोल्नु, उपकारी मित्रको प्राण दिएर पनि प्रत्युपकार गर्नु, सद्व्यवहारको पालना गर्नु, अतिथि सत्कार गर्नु, आफ्नो समृद्धिमा घमण्ड नगर्नु, अर्काको उन्नतिमा इर्ष्या

---

२६) पुस्तकं प्रत्ययाधीतं नाधीतं गुरु सन्निधौ । भ्राजते स सभामध्ये जारगर्भ इव स्त्रियः ॥ (स्मृ.च. १ पृ.सं. ५२)

२७) विद्याव्रतप्रदं नित्यं गुरुं दैवतमित्यपि । तन्मुखाद्धि तदा तस्य निःश्रेयससमागमः ॥
सदा तदुक्तकारी स्यात् न स्यात्तच्छासनातिगः । तिष्ठेत् तिष्ठत्सु गुरुषु नचासीत तदग्रतः ॥
न शयीत तदासीने कुर्वीत वचनान्यपि । नलङ्घयीत वचनं गरोः कृत्ये यतेत च ॥
निवेद्य गुरवे सर्वं कुर्यादादौ हिताहितम् । यशश्च विपुलं लब्ध्वा सदाचार प्रवर्त्तनम् ॥
पुत्रपौत्रश्रिया जुष्टः पुण्यां गतिमवाप्नुयात् ॥ (आ.ग्र)

२८) अनिन्दा परकृत्येषु स्वधर्मपरिपालनम् । कृपणेषु दयालुत्वं सर्वत्र मधुरा गिरः ॥
प्राणैरप्युपकारित्वं मित्रायाव्यभिचारिणे । गृहागते परिस्वङ्ग शक्त्या दानं सहिष्णुता ॥
स्वसमृद्धिस्वनुत्सेकः परवृद्धिस्वमत्सरः । नान्योपतानि वचनं मौनं व्रतचरिष्णुता ॥
इति पथि विनिवेशितात्मनो रिपुरपि गच्छति साधु मित्रताम् ।
तदवनिपतिमत्सरादृते विनयगुणेन जगद्वशीभवेत् ॥ (आ.ग्र.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नगर्नु आदि आचारको पालना गरेमा शत्रु पनि मित्र बन्दछन् र (नम्र) विनयद्वारा सम्पूर्ण संसार आफ्नो वशमा पार्न सकिन्छ। अतः विद्यार्थीले सदाचारी तथा विनयी हुन अति आवश्यक देखिन्छ।

२. चरित्रवान् हुनु :-

विद्यार्थीको दोस्रो कसौटी चरित्रवान् हुनु हो। सच्चरित्र हुनका लागि ब्रह्मचर्यको पालना अति आवश्यक हुन्छ। किनकि **"ब्रह्मचर्येण तपसा देवा मृत्युमपाघ्नतः"** भनी ऋगवेदमा समेत उल्लेख गरिएको पाइन्छ। चरित्रवान्ले धनप्रति धेरै आसक्त हुनु हुँदैन। भनिएको छ [२९] - वित्त र वृत्त दुवैमा धेरै अन्तर छ। किनकि वित्त (धन) आउँछ जान्छ, तर वृत्त (चरित्र) त्यस्तो हुँदैन। वित्त (धन) गएमा विद्यार्थीको केही पनि गएको हुँदैन, तर वृत्त (चरित्र) नैं खतम भयो भने त्यससँग केही पनि बाँचेको हुँदैन। तसर्थ चरित्रको सावधानीकपूर्वक रक्षा गर्नु पर्दछ। चरित्र असल व्यवहारबाट मात्र बन्दछ। अगाडि भनिएको छ-[३०] सत्य वचनद्वारा धर्मको, अभ्यास (स्वाध्याय)द्वारा विद्याको, स्नानद्वारा स्वरूप या सुन्दरताको र चरित्रद्वारा कुल (वंश)को सुरक्षा हुन्छ। जुन[३१] व्यक्ति या शिष्य चरित्रवान् छैनन् ती संसारमा निन्दित हुन्छन्, दुःखी हुन्छन् र अन्तमा व्याधिको जालमा परी अल्पायुमा नैं समाप्त हुन्छन्। तसर्थ विद्यार्थीले सच्चरित्रवान् हुनु अति आवश्यक देखिन्छ।

३. राम्रो संगतीमा रहनु :-

विद्याव्यसनी विद्यार्थीले आफ्नो संगति इष्टमित्र, साथी, संगीनी के कस्ता छन् र तिनीहरूको संगतीले आफूलाई या आफ्नो भविष्यलाई सपार्न मद्दत गर्छ कि गर्दैन ? त्यो सबै विचार पुऱ्याउन आवश्यक देखिन्छ। [३२] किनकि मुखको अगाडि प्रशंसा गरिदिने, पछाडि षड्यन्त्र गर्ने र अन्त्यमा त्यसको परिणाम नराम्रो हुने खाले कृत्य त उनीहरुबाट भै रहेका छैनन् ? त्यसमा समेत सबैले ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ। जसको पुष्टि गर्दै नीतिमा भनिएको छ-[३३] सज्जन व्यक्तिका साथ उठबस गर्नु, त्यसको संगत गर्नु, उसँग राम्रा-राम्रा **"काव्य-शास्त्र विनोदेन कालो गच्छति धीमताम्"** अनुरूप कुरा गर्नु, तर दुष्ट प्रकृतिका साथीसँग उक्त कुनैं क्रियाकलाप या व्यवहार नगर्नु भनी उपदेश

२९) वृत्तं यत्नेन संरक्षेत् वित्तमेति च याति च। अक्षीणो वित्ततः क्षीणो वृत्ततस्तु हतोहतः॥ (आचारग्रन्थ)
३०) सत्येन रक्ष्यते धर्मो विद्या योगेन रक्ष्यते। मृजया रक्ष्यते रूपं कुलं वृत्तेन रक्ष्यते॥ (आचारग्रन्थ)
३१) दुराचारो हि पुरुषो लोके भवति निन्दितः। दुःखभागी च सततं व्याधितोल्पायुरेव च॥ (नीतिग्रन्थ)
३२) सुलभाः पुरुषा राजन् सततं प्रियवादिनः। अप्रियस्य च पथ्यस्य वक्ता श्रोता च दुर्लभः॥ (संस्कृत सुषमा)
३३) सद्भिरेव सहासीत सद्भिः कुर्वीत संगतिम्। सद्भिर्विवादं मैत्रीं च नासद्भिः किञ्चिदाचरेत्॥ (आचारग्रन्थ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएको पाइन्छ । यसै प्रसंगमा अगाडि भनिएको छ-[३४] जसरी तातेको फलामको कराईमा पानीको थोपा खस्दा त्यसको नाम मात्र पनि शेष (वाँकी) रहँदैन, त्यो पानी कमलको पातमा खस्दा मोतीको जस्तो सुन्दर शोभा दिन्छ र त्यही पानीको थोपा स्वाती नक्षत्रमा समुद्रमा रहेको सीपीमा खस्दा मोतीको रूपमा परिणत हुन्छ, त्यसरी नैं विद्यार्थीले उत्तम, मध्यम र अधम प्रकृतिका व्यक्ति (साथीहरू) सँग विचार गरी व्यवहार या मित्रता गर्नु पर्दछ, यसो गरेमा उनीहरूको जीवन वन्दछ । नत्र जीवन वर्वाद हुन्छ भन्ने कुरामा ध्यान दिन आवश्यक देखिन्छ ।

४. सज्जन हुनु :-

विद्यार्थीले सत्जन अर्थात् राम्रो मान्छे हुनु पनि त्यत्तिनैं आवश्यक छ । किनकि आजका विद्यार्थी भविष्यका (देशका) कर्णधार (देश हाक्नेवाला) हुन्छन् । यिनीहरू नैं शिष्ट, विनीत भएनन् भने देशवासीलाई कसरी विनीत र शिष्ट बनाउन सक्दछन् । तसर्थ विद्यार्थीले शिष्ट हुन अति आवश्यक देखिन्छ । नीतिमा सज्जनको लक्षण यसरी भनिएको छ[३५] -कुनैं वस्तुमा आसक्त नहुनु, सवैप्रति उदारताको भावना राख्नु, अभिमानी नहुनु, दुष्कर्ममा मन नलगाउनु, साँचो वोल्नु, असल आचरण भएका विद्वान्को संगत गर्नु तथा उनीहरूको यथायोग्य सत्कार गर्नु, आफ्ना मान्यजनमा सम्मानको भाव राख्नु, आत्मप्रशंसा नगर्नु, शत्रुलाई पनि खुशी पार्ने प्रयत्न गर्नु, दुःखी व्यक्तिमाथि दयाभाव राख्नु अनि के गर्दा आफ्नो सुयश भविष्यमा समेत रहन्छ त्यही कार्य गर्नु । संक्षेपमा यही सज्जनको लक्षण हो भनिएको छ । उक्त उपदेश हृदयंगम गरेमा विद्यार्थीको कल्याण हुने देखिन्छ ।

५. घमण्ड (प्रमाद) नगर्नु :-

आजकल धेरै जसो क्षेत्रमा प्रमाद-अभिमानको अत्यधिक वोलवाला देखिन्छ । कुनैं विषयमा किंचित् जानकारी हुँदैमा "म सर्वज्ञ छु" भन्ने भावना केही कलियुगी विद्यार्थी, आधुनिक केही शिक्षक एवं विद्वान्मा समेत वेला-वेलामा देखा पर्दछ । उनीहरूले **"अनुद्धताः सत्पुरुषाः समृद्धिभिः"** भन्ने भावना विर्सिरहेका छन् । त्यस्ता प्रकृतिका व्यक्तिप्रति लक्षित गर्दै पूर्वीय दर्शनका आचार्य भन्दछन्- **"अर्धो घटो घोषमुपैति नूनम् । सम्पूर्ण कुम्भो न करोति शब्दम्"** अर्थात्

---

३४) संतप्तायसि संस्थितस्य पयसो नामापि न ज्ञायते, मुक्ताकारतया तदेव नलिनीपत्रस्थितं राजते ।
स्वातौ सागरशुक्तिकुक्षिपतितं तज्जायते मौक्तिकं, प्रायेणाधममध्यमोत्तमगुणः संवासतो जायते ॥
(नीतिशतक)

३५) तृणां छिन्धि भज क्षमां जहि मदं पापे रतिं मा कृथाः, सत्यं ब्रूह्यनुयाहि साधु पदवीं सेवस्व विद्वत् जनान् ।
मान्यान् मानय विद्विषोऽप्यनुनयः प्रच्छादय स्वान् गुणान्, कीर्तिं पालय दुखिते कुरु दयामेतत्सतां लक्षणम् ॥
(नीतिशतक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधा गाग्राको पानी छचल्किन्छ र आवाज गर्छ। भरिएको गाग्रोवाट आवाज आउँदैन र पानी पनि पोखिदैन। तसर्थ अभिमानको भावना त्यागी जीवनमा पूर्णता ल्याउनु नैं श्रेयस्कर हुन्छ। शास्त्रमा केही जानकारी भएता पनि "शास्त्रं सुचिन्तितमपि प्रतिशङ्कनीयः" भन्ने भावना अनुरूप विचार पुऱ्याउन आवश्यक देखिन्छ। नीतिग्रन्थले पनि[३६] यसलाई पुष्टि गरेको देखिन्छ। अतः विद्यार्थीले अभिमानरहित भई "अनन्तपारं किल शब्दशास्त्रं, स्वल्पं तथाऽऽयुर्बहवश्चविघ्नाः" भन्ने कुरोलाई हृदयंगम गरी अध्ययन र अनुसन्धान कार्य नियमित रूपमा गरे उनीहरूको ज्ञान वृद्धि हुनुका साथै विषय संरक्षण समेत हुने देखिन्छ।

विद्यार्थी कर्तव्य :-

विद्यार्थीका अनेक कर्तव्य हुन्छन्। कर्तव्यको तात्पर्य "कर्तुं योग्यः" अर्थात् गर्नुपर्ने काम हो। हाम्रा पूर्वीय ज्ञानका भण्डार ऋषिहरूद्वारा विद्यार्थीका हितका लागि निम्न लिखित कर्तव्य निर्धारित गरिएको पाइन्छ। ती यसप्रकार रहेका छन्-

१. सुखको त्याग :-

सर्वप्रथम विद्याव्यसनी स्वयंले भौतिक सुख-सुविधाको कमभन्दा कम उपभोग गर्ने बानी बसाल्नु पर्दछ। प्रत्येक कार्यमा नियमितता अपनाउनु पर्दछ। समयमा उठ्ने, सुत्ने, पढ्ने, स्नानादिकृत्य पूजा, पाठ तथा भोजनादि कार्य समयमा नैं गर्ने बानी बसाल्नु पर्दछ। किनकि[३७] सुखको वढी चाहना राख्नेले पढ्न सक्दैन र पढ्ने विद्यार्थीले तत्काल पढ्ने वेलामा सुख प्राप्त गर्न सक्दैन। तसर्थ विद्यार्थीले विद्याध्ययनका लागि नियमित हुनुका साथै सुख सुविधाको त्याग समेत गर्नुपर्दछ। यसको अतिरिक्त विभिन्न प्रकारका मनोरञ्जनात्मक टेलिभिजन कार्यक्रम, सिनेमा, राजनैतिक गतिविधि आदिमा समेत वढी ध्यान दिनु र सक्रियरूपमा भाग लिनु हुँदैन।

२. मान्यजनको सम्मान :-

आफ्ना मातापिता, गुरु आदिको आदर गर्नु, उनीहरूको चित्त नदुखाउनु, यथाशक्य उनीहरूको सेवा गर्नु, सवै कार्यमा सहयोग गर्नुका साथै आफ्नो

३६) यदा किञ्चिज्ज्ञोऽहं द्विप इव मदान्धः समभवं, तदा सर्वज्ञोऽस्मीत्यभवदवलिप्तं मम मनः।
यदा किञ्चित् किञ्चित् बुधजनसकाशादवगतं, तदा मूर्खोऽस्मीति ज्वर इव मदो मे व्यपगतः॥
(नीतिशतक)

३७) सुखार्थी चेद् त्यजेद्विद्यां विद्यार्थी चेत् त्यजेत्सुखम्। सुखिनस्तु कुतो विद्या विद्यार्थिनः कुतः सुखम्॥
(या.व.शि.)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लक्ष्यप्रति सदैव प्रयत्नशील र सचेत रहनु आदि कृत्य विद्यार्थीका लागि उपयोगी हुन्छन् । शिक्षाग्रन्थमा समेत **याज्ञवल्क्य ऋषिले** विद्या प्राप्तिको उपायबारे यसरी सबैलाई उपदेश गरेको देखिन्छ - [३८]गुरुको सेवाद्वारा, गुरुलाई धनादि प्रदान गरेर अथवा विद्याको साटासाट गरेर पढ्न सकिन्छ । यसभन्दा बाहेक विद्याध्ययनका लागि चौथो उपाय छैन । यस्तै गाई[३९] गुरु, देव, अग्नि र पुस्तकको सम्मुख गोडा पसारेर वस्नु हुँदैन र उनीहरूलाई लत्याउनु, नाघ्नु र हेला गर्नु पनि हुँदैन भनी **पुरश्चर्यार्णवमा** उल्लेख गरिएको छ । अगाडि भनिएको छ-[४०]सेवाभावले रहित एवं विभिन्न चातुर्यले मात्र प्राप्त गरेको विद्या त्यसरीं नैं व्यर्थ हुन्छ जसरी विवाहिता वन्ध्या युवतीको जीवन सन्तानोत्पत्ति हुन नसकेकाले व्यर्थ हुन जान्छ । तसर्थ अध्ययनमा सेवाभावको स्थान नैं प्रमुख हुन्छ भनी स्मृतिले समेत पुष्टि गरेको देखिन्छ-[४१]गुरुमाता पनि गुरुवत् नैं पूज्य एवं सम्माननीया हुन्छिन् । अतः उनीहरूको पनि गुरुवत् सम्मान गर्नुपर्दछ भन्दै स्मृतिले समेत निर्देशन गरेको छ । यस कारण उक्त वचनको पालना गर्नु पनि विद्यार्थीको कर्तव्य हो भन्ने कुरो वुझ्न आवश्यक देखिन्छ ।

३. दीर्घसूत्री नहुनु :-

विद्यार्थीले आफ्नो हरेक कार्य छिटो-छरितो र जाँगरिलो तरिकाले सम्पन्न गर्ने वानी वसाल्नुपर्दछ । कुनैं कार्य आलस्यवश भोली गर्छु भनेर पर सार्नु हुँदैन । किनकि **"दीर्घसूत्री विनश्यति"** भनिएको छ । यसको अतिरिक्त[४२] विद्यार्थीले निद्रा, तन्द्रा, अनावश्यक डर, रीस, आलस्य आदिको त्याग गर्नुपर्दछ । पढ्दा सुतेर पढ्नु हुँदैन, इत्यादि दोष हुन् र यसलाई छोड्दा नैं छात्रको कल्याण हुन्छ । यसरी नैं निद्रा छोड्ने[४३] प्रसंगमा उन्नत जातिका घोडाहरूको उदाहरण उपयुक्त देखिन्छ । किनकि उनीहरू रात्रीमा एक प्रहर मात्र सुत्ने गर्दछन् । तसर्थ विद्यार्थीले निद्रा छोड्ने र सचेत हुने व्यवहार घोडावाट सिक्नुपर्दछ तथा निद्रारहित भई पढ्नुपर्दछ भनी शिक्षाग्रन्थमा समेत उल्लेख गरिएको पाइन्छ । **पुरश्चर्यार्णवले**[४४] पनि उक्त कुराको समर्थन गर्दै आत्म प्रशंसा र परनिन्दावाट विद्यार्थीले वच्नु पर्दछ, भनेको छ ।

३८) गुरु शुश्रूषया विद्या पुष्कलेन धनेन वा । अथवा विद्यया विद्या चतुर्थं नोपलभ्यते ॥ (या.व.शि.)
३९) धान्य-गो-गुरु-देवाग्नि-कुश-पुस्तकसंमुखम् । नैव प्रसारयेत् पादौ न चैतानि विलङ्घयेत् ॥ (पुरश्चर्यार्णव)
४०) शुश्रूषा रहिता विद्या अपिमेधागुणैर्युता । बन्ध्येव युवती तस्य न विद्या फलिनी भवेत् ॥ (या.व.शि.)
४१) गुरुवत्प्रतिपूज्याः स्युः सवर्णा गुरुयोषितः । असवर्णास्तु सम्पूज्या प्रत्युत्थानाभिवादनैः ॥ (मनुस्मृति २/२१०)
४२) षड्दोषा पुरुषेणेह हातव्या भूतिमिच्छता । निद्रा, तन्द्रा, भयं क्रोधमालस्यं दीर्घसूत्रता ॥ (महाभारत)
४३) हयानामिव जात्यानामर्धरात्रार्धशायिनाम् । न हि विद्यार्थिनां निद्रा चिरं नेत्रेषु तिष्ठति । (या.व.शि.)
४४) आलस्यमदसंमोह शापपैशुन्यविग्रहान् । असूयामात्मसम्मानं परनिन्दां च वर्जयेत् ॥ (पुरश्चर्यार्णव)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४. अहङ्कार शून्यता :-

विद्यार्थीले अहंकारी-अभिमानी हुनुहुँदैन । किनकि अभिमानले उसमा भएको नम्रता, शिष्टता आदिलाई समाप्त पारिदिन्छ । नीतिशास्त्रले पनि यसलाई राम्रो मानेको देखिदैन । भनिएको छ -[४५]वुढौतीले सुन्दरतालाई, आशक्तिले धैर्यलाई, मृत्युले प्राणलाई, ईर्ष्याले धार्मिक कृत्यलाई, क्रोधले सुन्दरता र सम्पत्तिलाई, अनार्य सेवाले व्यक्तिको चरित्रलाई, कामवासनाले लज्जालाई क्रमशः नाश गरिदिन्छ तर अभिमान-अहंकार एक्लैले उपर्युक्त सवै वस्तुलाई नष्ट पारिदिन्छ । अतः अभिमान-अहंकार सम्पूर्ण दोषको खानी हो । अतः यसको समूल नाश भएमा विद्यार्थीको भविष्य अति उज्ज्वल हुने देखिन्छ ।

५. व्यायाममा ध्यान :-

शरीरलाई स्फूर्त, निरोगी एवं पुष्ट वनाउन विद्यार्थीले प्रतिदिन शौच, दन्तमार्जन, स्नानादि कृत्य पूरा गरी यथाशक्ति नियमित रूपमा योगासन, प्राणायाम, प्रातः भ्रमण तथा व्यायाम सम्वन्धी कृत्य पूरा गर्नु पर्दछ । किनकि पूर्वीय दर्शनमा "व्यायामः पुष्टिगात्रस्य आयुर्विद्या-यशो-बलम् ।" भनी व्यायामको महत्व दर्शाएको देखिन्छ । यसरी नैं [४६]व्यायामद्वारा सम्पूर्ण रोग शान्त हुनुका साथै आरोग्य लाभ एवं शरीरमा सुन्दरताको विकास आदि समेत हुने गर्दछ । [४७]शरीर स्वस्थ भएमा मात्र धर्म, अर्थ, काम, मोक्ष ४ पुरूषार्थको प्राप्ति गर्न सकिन्छ । तसर्थ विद्यार्थीले व्यायाममा ध्यान पुऱ्याएमा शरीर स्वस्थ र चित्त प्रसन्न हुनुका साथै पढाईमा समेत मन लाग्ने हुन्छ ।

६. गुरुद्रोही नहुनु :-

विद्यार्थीका लागि सवैभन्दा ठूलो पाप गुरुद्रोह, गुरुप्रति अश्लील शब्द प्रयोग र अनैतिक आचरण गर्नु हो । गुरुद्रोहीको सुरक्षा देवता आदिले पनि गर्न सक्तैनन् । ब्रह्मवैवर्त पुराणका अनुसार[४८] देवता रिसाएमा गुरुले सुरक्षा गर्न सक्तछन्, तर गुरु रिसाएमा त्यस्ता व्यक्तिको सुरक्षा कसैले पनि गर्न सक्तैनन् । जुन व्यक्तिवाट गुरु सन्तुष्ट हुन्छन् त्यस्ताको संधै कल्याण हुने गर्दछ तर गुरु रिसाएमा विपरीत फलको प्राप्ति हुन्छ । गुरुको यथोचित सम्मान नगर्ने छात्र सया

---

४५) जरा रूपं हरति धैर्यमाशा, मृत्यु प्रणान् धर्मचर्यामसूया । क्रोधः श्रियं शीलमनार्यसेवा, ह्रियं कामः सर्वमेवाभिमानः ॥ (नी.श.)

४६) हन्यते सकला व्याधिरारोग्यं येन लभ्यते । सौन्दर्यं प्राप्यते येन स व्यायामोऽभिधीयते ॥ (योगशास्त्र)

४७) धर्मार्थकाममोक्षाणामारोग्यं मूलमुत्तमम् ॥ (आरोग्य विज्ञान)

४८) अभीष्टदेव रुष्टे च समर्थो रक्षणे गुरुः । न समर्था गुरौ रुष्टे रक्षणे सर्वदेवताः ॥
यस्य तुष्टो गुरुः शश्वज्जयस्तस्य पदेपदे । यस्य रुष्ट गुरुस्तस्य सर्वनाशश्च सर्वदा ॥
न सम्पूज्य गुरुं देवं यो मूढः पूजयेद् भ्रमात् । ब्रह्महत्या शतं पापं लभते नात्र संशयः ॥
सामवेदे च भगवानित्युवाच हरि स्वयम् । [illegible] एवं ब्र.वै.पु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्महत्या सरह पापको भागीदार हुन्छ। यो कुरो स्वयं भगवान्‌ले सामवेदमा उल्लेख गर्नु भएकाले छात्रले कहिले पनि गुरुप्रति द्रोह गर्नु हुँदैन। किनकि गुरु सधैंभरि पूजनीय हुन्छन्। अगाडि भनिएको छ -[४९]जुन गुरुले विद्यार्थीलाई विद्यादान गरी दुवै कान पवित्र तुल्याईदिन्छन् ती गुरु मातापिता सरह हुन्, तिनीसित कहिले पनि द्रोह गर्नु हुँदैन। त्यसरी नैं आचारग्रन्थमा- [५०]ब्रह्म स्थानमा गरिएको पाप विष्णु स्थानमा, विष्णुस्थानमा गरिएको पाप रुद्र स्थानमा, रुद्र स्थानमा गरिएको पाप गुरु स्थानमा र गुरुको सन्निकटमा गरेको पाप वज्र सरह दृढ भई कहिले पनि नष्ट हुन सक्तैन। तसर्थ यस्तो जघन्य अपराध विद्यार्थीले कहिले पनि गर्नु हुँदैन। यसको अतिरिक्त महाभारतमा समेत उल्लेख गरिएको पाइन्छ- [५१]गुरुको साथमा हठ, द्रोह आदि कहिले पनि गर्नु हुँदैन। कुनैं कारणवश गुरु रुष्ट भएमा विनीत भावले प्रस्तुत हुनुपर्दछ। यसरी नैं स्मृतिग्रन्थमा- [५२]जहाँ कुनैं व्यक्तिले गुरुको निन्दा, आलोचना गर्दछ भने त्यस स्थानवाट वास्तविक विद्यार्थीले हट्नु या दुवै कान थुनी राख्नु नैं वेश हुन्छ। किनकि त्यस्ता अनैतिक कुरा सुन्दा समेत पापको भागीदार वनिन्छ। तसर्थ गुरुद्रोह अति निन्दनीय पाप हो भनी सवै शिष्यले वुझ्न आवश्यक देखिन्छ। जसको पुष्टिमा आपस्तम्ब[५३] धर्मसूत्र भन्दछ-देवतासँगको द्रोह, गुरुद्रोह प्रयत्नपूर्वक शिष्यले नगरोस्। यदि प्रमादवश गुरुसँग शत्रुता उत्पन्न भई गयो, दुर्वचन वोलियो भने उक्त शिष्यले ॐकारको १० हजार मन्त्र प्रायश्चित्तस्वरूप जप गरोस् र अव उप्रान्त कहिले पनि गुरु द्रोह गर्दिन भन्ने वाचा पनि गरोस्। गुरुद्रोह[५४] गर्नाले विद्यार्थीको आयु, सत्कार्य, लक्ष्मी (धन) र ज्ञानको समेत नाश हुन्छ। अतः यस्ता कार्य विद्यार्थीले कहिले पनि गर्नु हुँदैन।

गुरुनिन्दा फल :-

स्मृतिग्रन्थमा गुरु निन्दा गर्दा अगाडि लेखिएवमोजिम फल पाइन्छ भनिएको छ।[५५] गुरुसँग झगडा गरेमा मृत्युपछि गधा, निन्दा गरेमा कुकुर, गुरुधन पटकपूर्वक

---

४९) य आवृणोत्यवितथं विद्यया श्रवणावुभौ। स माता स पिता ज्ञेयस्तं न द्रुह्यत् कदाचन ॥

५०) ब्रह्मस्थाने कृतं पापं विष्णुस्थानेषु मुच्यते। विष्णुस्थाने कृतं पापं शिवस्थानेषु मुच्यते ॥ शिवस्थाने कृतं पापं गुरुस्थानेषु मुच्यते। गुरुस्थाने कृतं पापं वज्रलेपो भविष्यति ॥ (आचारग्रन्थ)

५१) गुरुणा चैव निर्वन्धः न कर्तव्यः कदाचन। अनुमान्यः प्रशाद्यश्च गुरुः क्रुद्धो युधिष्ठिरः ॥ (महाभारत)

५२) गुरोर्यत्र परीवादो निन्दावाऽपि प्रवर्तते। कर्णौ तत्र पिधातव्यौ गन्तव्यं वा ततोऽन्यतः ॥ (म.स्मृ. २/२००)

५३) देवद्रोहं गुरुद्रोहं न कुर्यात् सर्वयत्नतः। कृताः प्रमादतो विप्राः प्रणवस्यायुतं जपेत् ॥ (धर्मसूत्र) तस्मै द्रुहचेत् न कदाचन। आपस्तम्व धर्मसूत्र १/१/१/१५

५४) कर्मणा मनसा वाचा गुरोः क्रोधं न कारयेत्। तस्य क्रोधेन दह्यन्ते आयुः श्रीज्ञान सत्क्रिया ॥ (आ.ध.सूत्र)

५५) परीवादात्खरो भवति श्वा वै भवति निन्दकः। परिभोक्ता कृमिर्भवति कीटो भवति मत्सरी ॥ (म.स्मृ. २/२०१)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपभोग गरेमा साना-साना कीरा र गुरुप्रति ईर्ष्या-द्वेष राखेमा ठूला-ठूला कीट योनीमा जन्मनु पर्दछ। यसको अतिरिक्त गुरु निन्दक विद्यार्थीको मन सदा सशंकित कलुषित र अशान्त भईरहन्छ भने आत्मग्लानिले समेत त्यसको मन सदैव भारी भईरहन्छ। तसर्थ विद्यार्थीले शास्त्र निषेधित गुरु निन्दा गुरुप्रति दुर्वचनको प्रयोग कहिले पनि गर्नु हुँदैन। त्यसो गरेमा उसको उन्नति र कल्याण हुने गर्दछ।

अपात्र विद्यार्थी :-

स्मृतिग्रन्थमा विद्यार्थीको पात्रापात्रको विचार समेत गरिएको पाइन्छ।[५६] जुन विद्यार्थी प्रातः एवं सायंकालमा द्विज भएर पनि सन्ध्यावन्दनादि कार्य गर्दैन, द्विजेतर भएर भगवान्लाई सम्झिदैन भने त्यो सम्पूर्ण शास्त्रविहीत कार्यबाट हटाउन योग्य हुन्छ। अगाडि भनिएको छ, जसमा धार्मिक भावना र अर्थको सम्पन्नता छैन, शास्त्रानुमोदित संस्कार र सेवाभाव समेत छैन भने त्यस्ता विद्यार्थीलाई विद्या प्रदान गर्नु भनेको रूखो माटोमा विउ रोपे अनुरूप व्यर्थ हुन्छ। त्यस्ता विद्यार्थी विद्याका लागि अपात्र मानिन्छन्। अगाडि पुनः भनिएको छ[५७]- जुन छात्रमा आचार, शिष्टता एवं नम्रता छैन त्यस्ता छात्रलाई पढाउनु भन्दा वैदिक, कर्मनिष्ठ गुरुले विद्या प्रदान नगर्नु या विद्यादान नगरी नैं परंपदमा जानु उचित हुन्छ, भनी स्मृतिग्रन्थमा उल्लेख गरिएको पाइन्छ। किनकि[५८] विचार नगरी शिष्य बनाउदा उसले गरेको पाप गुरुलाई आइलाग्दछ र गुरुले समेत नरकको भागिदार हुनु पर्दछ। त्यस्तै अन्यत्र भनिएको छ[५९] - जसरी मन्त्रीले गरेको (कृत्य) पापको फल राजाले, स्त्रीले गरेको पाप पतिले भोग्नुपर्दछ। त्यसरी नैं शिष्यले गरेको पापको फल गुरुले समेत भोग्नुपर्दछ। यसर्थमा सद्‌गुणी शिष्यलाई मात्र पढाउनु पर्दछ, भनिएको हो। अतः विद्याध्ययनका लागि शास्त्र निर्देशित आचार एवं नीतिद्वारा वताइएका मार्गको अलवम्बन गरेमा ती छात्र मात्र विद्या प्राप्तगर्ने अधिकारी मानिएकाले तदनुकुल आचरण गर्ने विद्यार्थीको श्रेयवृद्धि हुने निश्चित देखिन्छ।

---

५६) न तिष्ठति तु यः पूर्वां नोपास्ते यश्च पश्चिमाम्। स शूद्रवत् वहिष्कार्यः सर्वस्माद् द्विजकर्मणः ॥ (म.स्मृ.)
धर्मार्थौ यत्र न स्यातां सुश्रूषा वाऽपि तद्विधा। तत्र विद्या न वक्तव्या शुभं बीजमिवोषरे ॥ (म.स्मृ. ११२)

५७) विद्ययैव समं कामं मर्तव्यं ब्रह्मवादिना। आपद्यपि हि घोरायां न त्वेनारिणे वपेत् ॥ (म.स्मृ)

५८) विचार्य यत्नाद् विधिवत् शिष्यं सग्रहमाचरेत्। अन्यथा शिष्य दोषेण नरकस्थो भवेद् गुरुः ॥ (रुद्रयामल २/८६)

५९) मन्त्रिदोषश्च राजानं जायादोषः पतिं यथा। तथा प्राप्नोत्यसन्देहं शिष्यपापं गुरुं प्रिये ॥ (कुलार्णव तन्त्र ११/१०९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गुरुवन्दन विधि :-

अहिले नमस्कार गर्ने चलन र व्यवस्थामा क्रमशः परिवर्तन भइरहेको देखिन्छ। शास्त्रीय मर्यादा अनुरूप गरिने नमस्कार र लौकिक नमस्कारमा धेरै अन्तर देखिन थालेको छ। पहिले शिष्यद्वारा गुरुप्रति आदरभाव प्रकट गर्न नम्रतापूर्वक चरण स्पर्श गर्नुका साथै शिर झुकाई, दुवै हात जोडी शिष्टता प्रदर्शन गर्ने गरिन्थ्यो। तर अहिले कतै कतै मुखले मात्र नमस्कार गर्ने, कतै-कतै एक हात उचाली नमस्कार गर्ने, त कतै कुनैं स्वार्थ छैन भने गुरुको अगाडिवाट आउँदा (हिड्दै) गर्दा पनि केही विद्यार्थीले चिने पनि नचिने जस्तो गर्ने भाव समेत प्रकट गर्दै गरेको देखिन्छ। तसर्थ यस्तो विकृतिवाट वच्न स्मृतिग्रन्थमा नमस्कार गर्ने तरिका यसरी उल्लेख गरिएको पाइन्छ।[६०]आजन्म व्यक्तिले धार्मिक कृत्य गरी जति पुण्य सञ्चय गरेको हुन्छ ती सबै पुण्यफल एक हात उचाली नमस्कार गरेमा नष्ट हुन्छन्। त्यसरी नैं संस्कार प्रकाशका अनुसार[६१] विद्वान्लाई नमस्कार गर्दा दुवै हात जोडी झुकेर प्रणाम गर्नुपर्दछ। यति (सन्यासी) लाई दुवै हात जोडी, मूर्खलाई एक हातले नमस्कार गर्दा हुन्छ भने आफूभन्दा मुनिका (कनिष्ठ) छोराछोरी, भाइ, बहिनी, शिष्य आदि सम्बन्धी वर्गलाई नमस्कार नफर्काउँदा हुन्छ, दोष लाग्दैन। वरू उनीहरूलाई आर्शीवाद दिनुपर्दछ। तसर्थ कुनैं व्यक्तिले पनि गुरुलाई नमस्कार गर्दा दुवै हात जोडी नम्रतापूर्वक शिर झुकाई नमस्कार गर्नुपर्दछ र नमस्कार ग्रहीताले पनि तदनुरूप नैं नमस्कारको प्रत्युत्तर यथायोग्य दिनुपर्दछ। यस्तै जुन द्विज र ब्राह्मणले[६२] नमस्कारको प्रत्युत्तर प्रमादवश फर्काउँदैन भने त्यस्ता द्विज/ब्राह्मणलाई विद्वान् व्यक्तिले पुनः नमस्कार नगर्दा हुन्छ। किनकि त्यस्तो नमस्कारको प्रत्युत्तर नदिने ब्राह्मण शूद्र सरह हुन्छ भनी मनुस्मृतिमा उल्लेख गरिएको पाइन्छ। अतः विद्वान्ले समेत कुनैं अन्य विद्वान् (व्यक्ति)ले गरेको नमस्कारको वेवास्ता गर्नु हुँदैन। नत्र दुवै दोपी मानिन्छन्। तर शारीरिक रूपमा अशक्त व्यक्ति/सैनिक एवं प्रहरीमा यो नियम लागू हुँदैन। किनकि उनीहरुले आ-आफ्नो कार्यमा रहँदा आफ्नो नियमको पालना गर्नुपर्दछ। अगाडि भनिएको छ-

---

६०) जन्म प्रभृति यत्किञ्चित् सुकृतं समुपार्जितम्। तत्सर्वं निष्फलं ज्ञेयमेकहस्ताभिवादनात्॥ (व्याघ्र. ३६७)
जन्म प्रभृति यत्किञ्चित् चेतसा धर्ममाचरेत्। तत्सर्वं विफलं ज्ञेयमेकहस्ताभिवादनात्॥ (म.स्मृ.२/८)

६१) अजाकर्णेन विद्वांसं यतिं सम्पुटपाणिना। मूर्खं चैवैकहस्तेन कनिष्ठं नाभिवादयेत्॥ (सं.प्र.पृ.४६८)

६२) यो न वेत्यभिवादस्य विप्रः प्रत्यभिवादनम्। नाभिवाद्यः स विदुषा यथा शूद्रस्तथैव स : (म.स्मृ. २/१२६)
गुरुं वा ब्राह्मणं वाऽपि देवताप्रतिमामपि। दृष्ट्वा शीघ्रं न प्रणमेत् स भवेत् सूकरो भुवि॥ (ब्र.वै.पु.ब्रह्म १०/४७)
देवताप्रतिमां दृष्ट्वा यतिं दृष्ट्वा त्रिदण्डिनम्। नमस्कारं न कुर्वीत प्रायश्चित्ती भवेन्नरः॥ (व्याघ्र. ३६६)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी दुवै हात[६३] जोडी नम्र भावले प्रणाम गर्ने, वृद्ध सेवा गर्ने व्यक्ति (शिष्य) को आयु, विद्या, यश र वलको वृद्धि हुने गर्दछ। तसर्थ सवैले दुवै हात जोडी नम्रतापूर्वक नमस्कार गर्नुपर्दछ। यही हाम्रो वैदिक संस्कृति र आदर्श हो भनी विद्यार्थीले अझ वढी वुझ्न आवश्यक देखिन्छ।

विद्यार्थी शिक्षा (सदुपदेश) :-

यद्यपि अधिकांश विद्यार्थीमा आजकल सदुपदेश सुन्ने प्रवृत्ति हराउँदै गएको देखिन्छ। उपदेशमूलक एवं आचारमूलक कार्यक्रमप्रति अरुचि र राजनैतिक कार्यक्रमप्रति वढी सक्रियता वढेको देखिन्छ। तसर्थ हाम्रा पूर्वीय दर्शनका आचार्यले विद्यार्थीको कल्याणका लागि उनको कर्तव्य निर्धारण गर्नुका साथै जीवनोपयोगी केही सदुपदेशहरू दिई उनको मार्गदर्शन समेत गरेको देखिन्छ। जो अहिले पनि त्यत्ति नैं सान्दर्भिक एवं उपयोगी देखिन्छन्। यसै क्रममा **कृष्णयजुर्वेदको (तैत्तरीय उपनिषद्को) शिक्षाध्याय ११ औं अनुवाकमा** प्रस्तुत छात्रोपयोगी सदुपदेश पूर्वीय दर्शनका आचार्य, गुरुवर्गद्वारा यस प्रकार दिएको देखिन्छ -

सत्य[६४] वोल, धर्म अनुरूप आचरण गर, स्वाध्यायको उपेक्षा नगर, आचार्य एवं गुरुको यथाशक्य सहयोग गर, आफ्नो अध्ययन पूरा गरी सक्षम भएर गृहस्थाश्रम (वैवाहिक जीवन) मा प्रवेश गर तत्पश्चात् सन्तानोत्पादन गर भनिएको छ।

[६५]वैवाहिक जीवनमा अनेक प्रमादजन्य कार्य हुने सम्भावना भएकाले छात्र पथभ्रष्ट हुन सक्तछ, तसर्थ अगाडि भनिएको छ-सत्य एवं धार्मिक कार्य या आचरणवाट विमुख हुनु हुँदैन। लोभका कारण धार्मिक कृत्य परित्याग गर्नु हुँदैन। स्वाधाय र प्रवचनमा प्रमाद गर्नु हुँदैन। देव एवं पितृकार्यको उपेक्षा गर्नु हुँदैन।

[६६]आमा, वुवा, गुरु र अभ्यागतको सधैंभरि आफ्नो कल्याणका निम्ति सेवा गर। श्रुति-स्मृति एवं शास्त्रसंमत जो कार्य छन् तिनको अनुसरण गर, तद्भिन्न अशास्त्रीय कुरोमा मन नलगाउँ। वैदिक कर्मनिष्ठ व्राह्मण तथा मान्यजनको यथायोग्य आसन

---

६३) अभिवादनशीलस्य नित्यं वृद्धोपसेविनः। चत्वारि तस्य वर्धन्ते आयुर्विद्यायशोवलम्॥ (म.स्मृ.) सभासु चैव सर्वासु यज्ञे राजगृहेषु च। नमस्कारं प्रकुर्वीत व्राह्मणं नाभिवादयेत्॥ (स्मृ.च. १ पृ. ३८)

६४) वेदमनूच्याऽऽचार्योऽन्तेवासिनमनुशास्ति। सत्यं वद, धर्मं चर, स्वाध्यायान्मा प्रमदः। आचार्याय प्रियं धममाहृत्य प्रजातन्तुं मा व्यवच्छेत्सीः।

६५) सत्यान्न प्रमदितव्यम्, धर्मान्नप्रमदितव्यम्, कुशलान्नप्रमदितव्यम्, भूत्यै न प्रमदितव्यम्, स्वाध्यायप्रवचनाभ्यां न प्रमदितव्यम्, देवपितृकार्याभ्यां न प्रमदितव्यम्।

६६) मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव, अतिथिदेवो भव, यान्यनवद्यानि कर्माणि तानि सेवितव्यानि, नो इतराणि, यान्यस्माकं सुचरितानि तानि त्वयोपास्यानि, नो इतराणि। ये के चास्मच्छ्रेयांसो व्राह्मणाः तेषां त्वयाऽऽसनेन प्रश्वसितव्यम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भोजनादि कार्यद्वारा सम्मान गर्ने प्रवृत्तिको विकास गर। मान्यजन, गुरुको आसन एवं शैय्यामा बस्ने, सुत्ने कार्य समेत कदापि नगर, भन्ने कुरो उपदेशमा पाइन्छ।

[६७]कुनैं याचक एवं ब्राह्मणलाई भिक्षा या दान दिंदा श्रद्धाभावपूर्वक देऊ। हेला गरेर नदेऊ। आफ्नो अवस्था (आम्दानी) अनुसार देऊ। प्रसन्नतापूर्वक देऊ। धार्मिक भावनाले डराएर भए पनि देऊ। घमण्डको भावना मनमा नराखी देऊ। मनमा मभन्दा पनि वढी दानी व्यक्ति संसारमा धेरै छन् भन्ने भावना राखी देऊ। अनि अमुख वस्तु दान दिएमा अमुख फलको प्राप्ति हुन्छ भन्ने कुरा पुराण आदिबाट ज्ञान प्राप्त गरी देऊ, भनिएको पाइन्छ।

[६८]कुनैं कार्य या दान दिने काममा कुनैं सन्देह हुन्छ। "विचिकित्सा" यो गरूँ कि त्यो गरूँ भन्ने संशय मनमा उपस्थित हुन्छ भने अथवा लौकिक कार्यले शास्त्रीय कार्यमा बाधा पुऱ्याउँछ भने त्यसवेला शास्त्रज्ञाता कर्मनिष्ठ वैदिक ब्राह्मणसित विचार, विमर्श गरी कार्य निर्धारण गर्नुपर्दछ। ती ब्राह्मण पनि सत्कार्य र दुष्कृत्यमा अन्तर देख्न (छुट्याउन) सक्ने, श्रुति-स्मृतिको सही अर्थमा प्रयोग गर्ने र "अलूक्ष" रुक्ष प्रकृति भिन्न अर्थात् यदि मैले कुनैं व्यक्तिलाई अनैतिक या गलत मार्ग निर्देशन गरें भने म पनि पापको भागीदार हुन्छु भन्ने विचार (भावना) ले युक्त भएका हुनु पर्दछ। अतः त्यस प्रकृतिका विशिष्ट विद्वान्का समुदायद्वारा जस्ता आचरण (व्यवहार) गरिन्छन् या उपदेश दिइन्छन् तदनुरूप नैं आचरण गर्नुपर्दछ। आफूखुशी (मनपरी) कार्य गर्नु हुँदैन, भनी उपदेश दिएको देखिन्छ। यसै क्रममा संदिग्ध पापमा मुछिएका र पापीको रूपमा संसारमा चिनिएका व्यक्तिसँग कस्तो व्यवहार गर्नुपर्दछ भन्ने सन्देह समेत मनमा उपस्थित भएमा त्यस समयका ख्यातिप्राप्त शास्त्रमर्मज्ञ एवं अनुभवी विद्वान्हरूले जे जस्ता उपदेश दिन्छन् जुन आचरण या व्यवहार गर्दछन् त्यस्तै आचरण एवं व्यवहार ती पापीप्रति गर्नू। तर त्यस्तो कार्य गर्नुभन्दा पहिले ती विद्वान्हरूवाट अनुमति लिईकन मात्र गर्नु, आफू खुशी नगर्नु भनी दिव्योपदेश दिएको देखिन्छ।

पुनः अन्तमा भनिएको छ- [६९]यही नैं शिष्यलाई दिएको आदेश हो, यही नैं उपदेश हो। यही नैं वेद र उपनिषद्का वाक्यले पनि वारम्वार भनिरहेका छन्। यही नैं अनुशासन हो र यस अनुसार नैं चल्नु पर्दछ। यसमा उल्लेखित उपदेश अनुसार नैं देवी-देवता एवं मान्यजनको सेवा शुश्रूषा गर्नुपर्दछ यसको विपरीत

---

६७) श्रद्धया देयम्, अश्रद्धयाऽदेयम्, श्रिया देयम्, ह्रिया देयम्, भिया देयम्, संविदा देयम्।

६८) अथ यदि ते कर्म विचिकित्सा वा वृत्तविचिकित्सा वा स्यात्। ये तत्र ब्राह्मणाः सम्मर्शिनः, युक्ता, आयुक्ताः, अलूक्षा धर्मकामाःस्युः, यथा ते तत्र वर्तेरन्, तथा तत्र वर्तेथाः। अथाभ्याख्यातेषु, ये तत्र ब्राह्मणाः सम्मर्शिणः युक्ता आयुक्ताः, अलूक्षा, धर्मकामाःस्यु, यथा ते तत्र वर्तेरन्, तथा तत्र वर्तेथाः।

६९) एष आदेशः, एष उपदेशः, एषा वेदोपनिषद्, एतदनुशासनम् एवमुपासितव्यम्, एवमु चैतदुपास्यम्। इति। (तैत्तिरियो. वल्ली १/११)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(भएमा) चलेमा सनातन (हिन्दू) धर्मको आचरण विपरीत हुन्छ, जो कदापि उपयुक्त मानिदैन । यो अन्य धर्मावलम्वीका लागि पनि अनुकरणीय देखिन्छ ।

केही विसंगति :-

वेदशास्त्र सम्मत नीतिग्रन्थ एवं ऋषिमुनिद्वारा अनुमोदित उक्त आचार एवं कर्तव्य अनुरूप आचरण गरेमा विद्यार्थीजीवन अत्यधिक उज्ज्वल हुने देखिन्छ । तर अहिले उपर्युक्त नीति नियम एवं कर्तव्यलाई वन्धनका रूपमा हेर्ने, स्वतन्त्रताको नाममा स्वच्छन्दताको कार्य गर्ने केही दिग्भ्रमित विद्यार्थी समेत वेला वेलामा देखा पर्दछन् । यस्ता छात्रको मूललक्ष्य विभिन्न स्थानमा अस्थिरता कायम गरी आफ्नो वर्चश्व कायम गर्नु मात्र रहेको देखिन्छ । अत: यस्ता प्रकृतिका छात्र-विसंगतिवारे केही विचार संक्षिप्त रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

१. अनुशासन शून्यता :-

अहिलेका अधिकांश छात्रमा अनुशासनको अभाव स्पष्ट रूपमा देखिन्छ । ऋषिमुनिद्वारा अनुमोदित नीति नियममा चल्न नरुचाउने, तदनुसार आचरण गर्न नचाहने प्रवृत्ति उत्तरोत्तर बढ्दै गएको देखिन्छ । जो विद्यार्थीमा आएको विकृति हो । यस्ता खाले विकृतिले विद्यार्थीको उन्नति भौतिक रूपमा केही देखिए तापनि आध्यात्मिक रूपमा हुन सक्तैन । अध्यात्मले रहित भएको छात्रको पढाई लङ्गडो हुन्छ । तसर्थ विद्यार्थीले अनुशासित भई अध्यात्मका साथ भौतिक रूपमा पनि अगाडि वढ्दै विद्याध्ययन गर्नु नैं उपयुक्त देखिन्छ ।

२. पढाईभन्दा राजनीतिमा बढी संलग्नता :-

"संघे शक्ति कलौ युगे" कलियुगमा संघसंगठनमा शक्ति हुन्छ, भनिएको छ । शक्ति छ भन्दैमा सोच विचारको पनि त्यत्ति नैं आवश्यकता पर्दछ । त्यसको दुरूपयोग गर्नु हुँदैन । आफ्ना उचित मागका निम्ति अनुशासित भई अग्रसर हुनु उचित मानिन्छ । तर यसको विपरीत आ-आफ्नो पढाईलाई नैं वेवास्ता गर्दै आफ्ना राजनैतिक अग्रज एवं राजनैतिक मातापिताको भनाईमा मात्र लागि उचित एवं अनुचित कुराको कुनैं विचारै नगरी केवल पार्टीगत आस्थाको भरमा राजनीतिमा अन्धो भएर होमिनु कुनैं पनि हालतमा राम्रो मान्न सकिदैन । किनकि विद्यार्थीको प्रमुख कर्तव्य/लक्ष्य पढ्नु हो, समयको सदुपयोग गर्नु हो, राजनीति मात्र गर्नु होइन । यस कारण राजनैतिक नेताको भनाईमा लागी आ-आफ्नो पढाईलाई नैं छाडि, कर्तव्यको विचारै नगरी **"राजनीति नैं सर्वश्व हो"** भन्ने भावना विद्यार्थीमा उत्पन्न (आउने) हुने प्रवृत्ति राम्रो मान्न सकिदैन । तर राष्ट्रको अस्तित्व समाप्त हुन लागेको वेलाभा एवं स्वयं आ-आफ्नो संघ संगठनमाथि नैं भारी संकट आएको र अस्तित्व नैं समाप्त हुन लागेको अवस्थामा मात्र वयस्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्यार्थीवर्गले समेत नैतिक मूल्य र मान्यतामा आधारित भई राजनैतिक कार्यक्रम गर्दा उपयुक्त नैं हुने देखिन्छ । तर यो संकटको घडीमा मात्र गर्नुपर्दछ । अरू वेला पढाईसँगसँगै सक्रिय राजनीतिमा संधै होमिनु हुँदैन । यसले उनीहरूको पढाई नष्ट हुनुका साथै भविष्य पनि विग्रन्छ । केवल राजनीति नैं गर्ने हो भने स्वतन्त्र रूपमा पढाईवाट पृथक् भई मूल्य र मान्यताअनुरूप गर्नु नैं उचित देखिन्छ ।

३. वस्तुको संरक्षणभन्दा विध्वंसात्मक प्रवृत्तिमा बढी अग्रसरता :-

कुनैं विद्यालय, महाविद्यालय, संघसंस्था आदिमा राखिएका भौतिक वस्तुहरू, राष्ट्रिय सम्पत्ति हुन्छन् । त्यसमा राष्ट्रको धेरै लगानी लागेको हुन्छ । ती वस्तु कतै वैदेशिक अनुदानवाट, कतै धार्मिकदाताको दानवाट, कतै चन्दा संकलनवाट त कतै व्यक्तिको खूनपसीनाको कमाईवाट आर्जेका रकमवाट निर्माण गरी राखिएका हुन्छन् । ती वस्तुको संरक्षण गर्नु पनि आजकालका सचेत विद्यार्थीको दायित्वभित्र पर्दछ । तर यस कुराको वेवास्ता गर्दै आफ्नो सवैखाले माँग जसरी भए पनि पूरा गर्न (मनाउन) केही विद्यार्थीवर्ग तोडफोड गर्नुका साथै अश्लील र अनैतिक कार्य गर्न समेत पछि नपरेका देखिन्छन् । यसको अतिरिक्त राष्ट्रिय सम्पत्तिको तोडफोड गर्दा नैं आफ्नो वीरता (श्रेष्ठता) देखिन्छ र ध्यानाकर्षण हुन्छ भन्ने भावना उनीहरूमा आएको देखिन्छ । तर यस्ता प्रकारका विध्वंसात्मक कार्य विद्यार्थीका लागि अनुपयोगी हुन्छन् । तसर्थ विद्यार्थीले यस्ता कार्यमा समय खेर नफाली रचनात्मक कार्यमा वढि समय खर्चिनु नैं उचित हुन्छ ।

४. मान्यजनप्रति अनैतिक एवं अमर्यादित आचरणमा वृद्धि :-

मातापिता एवं गुरुवर्ग आदि विद्यार्थीका लागि मान्य एवं पूजनीय हुन्छन् । शैशवावस्थामा मातापितावाट वालकले केही कुरा सिक्दछ । उमेर भएपछि स्कुलको शिक्षा, तत्पश्चात् महाविद्यालय आदिको शिक्षा विद्यार्थीले क्रमशः प्राप्त गर्दै जान्छ । गुरुवर्ग विद्यार्थीका लागि आदर्श एवं पथप्रदर्शक हुने गर्दछन् र अनुकरणीय पनि हुन्छन् । गुरुवर्गप्रति दुर्व्यवहार, निन्दा एवं अमर्यादित भावना समेत राख्नु हुदैन भनी वेदवाक्य एवं नीतिले समेत स्पष्ट रूपमा वारम्वार भनेको पाइन्छ । तर यस्ता विधिवाक्यको वेवास्ता गर्दै गुरुवर्गप्रति नकारात्मक भाव राख्ने, उनीहरूलाइ आफ्नो अनुकूल चलाउन खोज्ने, नचले मानमर्दन गर्न समेत पछि नपर्ने, कुनैं कार्य सम्पन्न गर्नुपरे आफूद्वारा निर्धारित चन्दा नैं दिन गुरुहरूलाई वाध्य तुल्याउन खोज्ने जस्ता व्यवहार कतिपय विद्यालयका केही विद्यार्थीवाट वेला वेलावेलामा भएको देखिन्छ । यसरी नैं कही कक्षा नलिईकन नैं पढाई भएन भन्ने, कतै एकदिन पनि कक्षामा नवसी वुझिएन भन्ने , कहीं कुनैं शिक्षक (सर) प्रति पूर्वाग्रह राखी अनैतिक व्यवहार गर्नुका साथै क्याम्पसमा समेत तालावन्दी गरी आफ्नो पढाईका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साथ अन्य विद्यार्थीवर्गको पढाईमा समेत वाधा/आघात तुल्याउने, **"स्वयं नष्टः परान्नाशयति"** जस्ता भावनाले युक्त भएका केही अशिष्ट विद्यार्थीको समूह पनि समय समयमा देखिने गर्दछन् । त्यसरी नैं कतै-कतै आफ्नो विचार भावनासित असहमत शिक्षकलाई कक्षा कोठामा नैं विभिन्न लांछना लगाई पिट्ने तथा घाइते तुल्याउने जस्ता अमर्यादित क्रियाकलाप समेत केही क्याम्पसमा कहिलेकाही देखा पर्दछन् । यस प्रकारका क्रियाकलाप अति नैं निकृष्ट एवं निन्दनीय हुन् र यस प्रकारका कृत्यले विद्यार्थीको विद्या र उनको उन्नति दुवै अवरुद्ध हुन्छन् र अन्तमा आत्मग्लानि हुनुका साथै धार्मिक दृष्टिकोण अनुसार पशुपंक्षि एवं कीट योनीमा समेत जन्म लिन पुग्छन् भन्ने कुरो स्पष्ट रूपमा शास्त्रका आधारमा वुभ्न सकिन्छ । तसर्थ सार्थक आत्मोन्नतिका लागि विद्यार्थीले गुरुहरूको सम्मान गर्नुका साथै मान्यजनको आदरमा केही कमी-कमजोरी राख्नु हुँदैन र नैंतिक एवं मर्यादित जीवन पद्धतिलाई अगाल्नु पर्दछ । यसका साथै यस्ता उपर्युक्त विकृतिलाई अनुशासित भई नदोहोऱ्याउने प्रण गर्नुपर्दछ । यसो गरेमा मात्र विद्यार्थीको जीवन र भविष्य उज्ज्वल हुने देखिन्छ ।

५. स्वतन्त्र एवं स्वच्छन्द अभिव्यक्तिमा एकरूपता :-

अनुशासित एवं उचित समय सापेक्ष कथन स्वतन्त्र अभिव्यक्ति हुन्छ भने अमर्यादित, अनुशासनरहित एवं विध्वंसात्मक प्रवृत्तिले युक्त भएको "छाडा" कथन स्वच्छन्द अभिव्यक्ति हुन्छ । तर अहिलेका केही अवुभ विद्यार्थी स्वतन्त्र र स्वच्छन्द अभिव्यक्तिमा कुनैं अन्तर देख्दैनन् र अन्तर छ भन्ने कुरो मान्दैनन् पनि । त्यसकारण अहिलेका केही विद्यार्थीहरूमा उद्दण्डता, उच्छृंखलताको मात्रा वढेको देखिन्छ । तसर्थ शिष्ट एवं अनुशासित विद्यार्थीले यस्ता खाले विद्यार्थीका कुप्रवृत्तिवाट वच्नु पर्दछ र आफ्नो, परिवार, समाज र राष्ट्रको उत्थानमा स्वतन्त्र एवं मर्यादित भई स्पष्ट अभिव्यक्तिका साथ अगाडी वढ्नु पर्दछ ।

६. दुर्व्यसनप्रति बढ्दो लगाव :-

अस्वास्थ्यकर वस्तुप्रति लगाव दुर्व्यसनमा पर्दछ । यस अन्तरगत,बीडी, सिगरेट, खैनी मादक पदार्थ, भाँग, गाँजा, चरेस आदिको सेवन र ब्राउन सुगर, हिरोइन आदि प्राणघातक वस्तुको प्रयोग समेत पर्दछ । यस्ता वस्तुको सेवन अधिकांश रूपमा उच्च आय भएका र उच्छृंखल एवं मर्यादाहीन प्रकृतिका केही विद्यार्थीले चरेस, हिरोइन एवं ब्राउनसुगर आदि जस्ता प्राणघातक वस्तुको सेवन गर्ने गरेको देखिन्छ भने निम्न आय भएका केही विद्यार्थी र मध्यम आय भएका केही आधुनिक 'सर' व्यक्तित्वहरूले समेत समय-समयमा सुर्तीजन्य पदार्थ- बीडी सिगरेट, खैनीका साथै मादक पदार्थ (रक्सी) आदिको सेवन पनि गर्ने गरेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखिन्छ। तर उक्त वस्तु जोसुकैले प्रयोग गरे पनि ठीक मानिंदैन। त्यसमा आधुनिक सचेत गुरुवर्ग (सर) र विद्यार्थीले त झन् प्रयोग गर्नु हुँदैन। किनकि यसले उनीहरूको जीवन वन्दैन, झन् वर्वाद हुन्छ। तसर्थ यस्ता दुर्व्यसनवाट टाढा रहेमा नैं उनीहरूको कल्याण हुने देखिन्छ।

७. धर्म एवं सदाचारको उपेक्षा :-

"धर्म एव हतो हन्ति धर्मो रक्षति रक्षितः" अर्थात् धर्मलाई मानेमा धर्मले धार्मिक व्यक्तिको सुरक्षा गर्दछ भने नमानेमा नाश समेत गर्न पछि पर्दैन, भन्ने मान्यता हुँदा हुँदै अहिलेका केही आधुनिक विद्यार्थीमा धार्मिक कार्य एवं भावना देखिदैन। दैनिक धार्मिक कृत्य समेत गर्न चाहँदैनन्। यसलाई वोझका रूपमा लिने गर्दछन्। माने पनि अभिभावकको करकापमा परी मात्र मानेको देखिन्छ। यसै गरी स्नान, ध्यान, पूजा, पाठप्रति अनास्था, शिखा (टुप्पी), सूत्र (जनैं) र तिलक (टीका) को प्रयोगमा समेत उपेक्षा तथा सन्ध्या वन्दनादि कृत्यमा समेत असंलग्नता अधिकांश रूपमा देखिन्छ। जव कि [७०]"सन्ध्या वन्दनादि कृत्य यदि कसैले निधारमा तिलक (टीका) नलगाई गर्छ भने त्यसको सम्पूर्ण धार्मिक कृत्य निष्फल हुन्छ, भनिएको छ। तसर्थ उक्त कार्य गर्दा सवैले निधारमा टीका लगाएर मात्र गर्नुपर्दछ भनी **ब्रह्मवैवर्त्त** पुराणमा समेत लेखिएको देखिन्छ। त्यसैगरी राम्रो संगतिभन्दा नराम्रो संगति र व्यक्ति मन पर्ने, राम्रो साहित्यभन्दा अश्लील साहित्य पढ्न एवं हेर्न चाहने, ऋषिमुनि प्रणित नियम, आचार मान्न नरुचाउने प्रवृत्ति अहिलेका अधिकांश आधुनिक (पथभ्रष्ट) विद्यार्थीमा देखिन्छ। तसर्थ **"यतो धर्मस्ततो जयः"**। **"दुराचारो हि पुरुषो लोके भवति निन्दितः"**। आदि गरिएका सारगर्भित स्मृति वचन विर्सिएर अंग्रेजीका पप संगीत र अश्लील चलचित्र हेर्दा समयको दुरूपयोग भएको छ भन्ने कुरामा उनीहरूको ध्यान पुग्न आवश्यक देखिन्छ। त्यसरी नैं **"स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः।" "पितरि प्रीतिमापन्ने प्रीयन्ते सर्वदेवताः।"** आदि गरिएका उपदेशात्मक वचन अनुरूप कार्य गर्दै सदाचारी भई सद्कर्म गरेमा गुरुवर्ग, विद्यार्थी वर्गका साथै अन्य सनातनी जनसमुदायको समेत कल्याण हुने देखिन्छ। किनकि [७१]"राम्रो आचरणवाट दीर्घायु, गुणी-सन्तान, राम्रो धनको प्राप्तिका साथै दुर्गुणको नाश समेत हुने गर्दछ भनी आचारग्रन्थमा उल्लेख गरिएको पाइन्छ। तसर्थ छात्रले आफूमा सद्‌गुणको विकास गरी दुर्गुणलाई छोड्दै जानुपर्दछ।

---

७०) स्नानं दानं तपो होमो देवता पितृकर्म च। तत्सर्वं निष्फलं याति ललाटे तिलकं विना॥ ब्राह्मणस्तिलकं कृत्वा कुर्यात् संन्ध्यां च तर्पणम्॥ (ब्र.वै.पु.)

७१) आचाराल्लभते ह्यायुराचारादीप्सिताः प्रजाः। आचाराद् धनमक्षय्यमाचारो हन्त्यलक्षणम्॥ (आचारग्रन्थ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुधारका केही उपायहरू :-

"उपायं चिन्तयेत् प्राज्ञस्तथाऽपायञ्च चिन्तयेत्" नीति अनुरूप विद्यार्थीले निम्न लिखित सुधारका उपायको अवलम्वन गरेमा उनीहरूको अझ वढी प्रगति हुने देखिन्छ। जो वूँदागत रूपमा यस प्रकार रहेका छन्।

१) आफ्नो ऊर्जा सही दिशामा प्रयोग गर्ने।
२) अनुशासनमा वढी ध्यान दिने।
३) सद्आचारमा वढी ध्यान दिने।
४) पठनपाठनमा वढी ध्यान दिदै नियमित हुने।
५) अनैतिक एवं विध्वंसात्मक कार्यमा नलाग्ने।
६) रचनात्मक कार्यमा वढी ध्यान दिई सक्रिय हुने।
७) विद्याध्ययन नैं प्रमुख प्रयोजन या लक्ष्य मान्ने।
८) गुरुवर्गप्रति श्रद्धा एवं सहयोगी भावनाको वढी विकास गर्ने।
९) आफ्नो आचारसंहिता आफै वनाई लागू गर्ने।
१०) समय समयमा नैंतिक एवं सांस्कृतिक शिक्षासम्वन्धि कार्यक्रम गर्ने।
११) गुरुवर्गप्रति अनावश्यक हठ, द्वेष, एवं द्रोहको भावना मनमा नराख्ने।
१२) स्कूल, कलेज प्रशासनले दण्ड एवं पुरस्कारको नीति अवलम्वन गरेमा सहयोगीको भूमिका निभाउने आदि।

निष्कर्ष :-

विद्यार्थीले जीवनको[७२] एक-एक क्षण र पैसाको एक-एक कण (मुद्रा) को सदुपयोग गर्ने वानी वसाल्नु पर्दछ। विद्या र धन (अर्थ)को सदुपयोग गर्ने वानी नहुँदा दुवै समाप्त हुन्छन्। यसरी नैं "आयुषः क्षण एकोऽपि न लभ्यः स्वर्ण कोटिकैः।" अर्थात् उमेरको एक-एक क्षण करोडौं स्वर्ण मुद्रा खर्च गर्दा पनि पाइँदैन। तसर्थ विद्यार्थीवर्गले आफ्नो परम लक्ष्य विद्याध्ययनमा आलस्यरहित भएर लाग्नु पर्दछ। किनकि विद्यार्थी जीवनमा अनुशासन, सच्चरित्रता, सत्संगति एवं सदाचार आदिको अत्यधिक प्रभाव पर्ने गर्दछ। यिनैं संस्कारका माध्यमले जीवन वन्दछ। तसर्थ प्रमादरहित भई गुरुवर्गप्रति सहयोगीको भावना मनमा राखी विद्याध्ययन नियमित गर्नुपर्दछ। सर्वप्रथम गुरुप्रति शिष्यले पितृवत् भावना राख्ने, गुरुले पनि योग्य एवं शिष्ट छात्रप्रति पुत्रवत् एवं मित्रवत् व्यवहार गर्नुपर्दछ। गुरुले शिष्यलाई भरसक सम्झाई वुझाई, फकाई पढाउनु पर्दछ। तर कुनैं-कुनैं उद्दण्ड विद्यार्थीले गुरुवाट त्यस्तो लचिलोपना देखाएकोमा झन् अटेर गर्ने, हेप्ने र गुरुप्रति नैं नराम्रो भाव राख्ने, उनको काल्पनिक नाम राखी गिज्याउने, नक्कल गर्ने पनि गर्दछन्। त्यस्ता

७२) क्षणशः कणशश्चैव विद्यामर्थञ्च चिन्तयेत्। क्षणत्यागे कुतोविद्या कणत्यागे कुतो धनम्॥ (नीति शास्त्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिष्यप्रति चाणक्य[७३] नीतिमा समेत केही व्यवस्था गरिएको पाइन्छ । जसमा भनिएको छ - विद्यार्थीलाई धेरै माया गर्‍यो भने त्यो विग्रिने सम्भावना हुन्छ र गाली गर्‍यो भने केही मात्रामा त्यसको पढाईप्रति मन जान्छ र भविष्य पनि उज्ज्वल हुन्छ । तसर्थ विद्यार्थीलाई धेरै माया गर्नुभन्दा नराम्रो कार्य गर्दा हकार्नु एवं पथप्रदर्शन गर्नु नैं राम्रो हुन्छ । त्यस्तै ५ वर्षसम्म[७४] का केटाकेटीलाई माया गरेर पढाउने, ५ देखि १५ वर्षसम्मका केटाकेटीलाई मात्तिएका खण्डमा ताडनापूर्वक पढाउने र १६ वर्षभन्दा माथि पुगेका पुत्रादी एवं विद्यार्थीसँग मित्रवत् व्यवहार गर्ने वानी समेत गुरु वर्गले वसाल्नु पर्दछ, भनिएको छ । यही नैं हाम्रो पूर्वीय संस्कृति र दर्शन हो । तर यदि कुनैं शिष्यले गुरुप्रति श्रद्धा भाव राख्दैन, उपेक्षा गर्दछ, अश्लील एवं अशिष्ट शव्दको प्रयोग गर्दछ, उदण्डतापूर्वक व्यवहार गर्दछ भने वास्तवमा त्यस प्रकृतिका छात्र, विद्यार्थी कहलाउन योग्य हुँदैनन् । त्यस्ता अशिष्ट छात्रप्रति गुरुवर्गको समेत उपेक्षाको भाव मनमा उत्पन्न हुन जान्छ । स्कूल र कलेजको नियमानुसार वाध्य भई कक्षामा गुरुवर्गवाट विद्याध्ययन गराईएता पनि त्यस्ता छात्रको अध्ययन पूर्णरूपमा सफलीभूत हुँदैन । गुरुले प्रसन्न भएर आशीर्वाद दिएमा त्यो अवश्य नैं सफल (फलिफाप) हुने निश्चित छ । हाम्रो पूर्वीय दर्शन अनुसार पनि घरका बूढापाका, मातापिता एवं गुरुवर्ग आदिले समेत कुनैं कार्य/पर्वमा निधारमा टीका लगाई शिष्य (पुत्रादि)को शिरमा हात राखी हृदयतः आशीर्वाद[७५] दिएकोमा त्यो फलीफाप हुन्छ र त्यसको जीवन सफल हुन्छ भन्ने मान्यता र विश्वास अझै पनि रहेको छ । यसका प्रमाण धर्मशास्त्रका[७६] वचन छन् । विद्याध्ययनको उद्देश्य केवल कितावी ज्ञान मात्र हासिल गर्नु होईन, पढ्नुका साथै सुसंस्कृत हुनु पनि हुन्छ । नत्र **"रूप-यौवन सम्पन्ना, विशाल कुलसंभवा । विद्याहीना न शोभन्ते निर्गन्धा इव किंशुकाः ॥"** अनुरूप उनीहरूको जीवन सुगन्धलेरहित काँसको फूल सरह व्यर्थ हुन जान्छ । तसर्थ आफ्नो संस्कार र संस्कृतिको रक्षा गर्दै पूर्वीय दर्शनका आचार्य, ऋषिमुनिद्वारा प्रणीत नैतिक एवं वैदिक शिक्षाको अनुसरण गरी तदनुकुल व्यवहार गरेमा मात्र हामी सवै विद्यार्थीहरूको कल्याण हुन्छ भन्ने सद्‌विचार उनीहरुको मनमा आउन पनि

७३) लालनाद् वहवो दोपास्ताडनाद् वहवो गुणाः । तस्मात् पुत्रं च शिष्यं च ताडयेन्न तु लालयेत् ।
७४) लालयेत् पञ्चनर्षाणि दशवर्षाणि ताडयेत् । प्राप्ते तु षोडशे वर्षे पुत्रं मित्रवदाचरेत् । (चा.नी. २/१३)
७५) आयुर्द्रोणसुते श्रियोदशरथे शत्रुक्षयं राघवे, ऐश्वर्यं नहुषे गतिश्च पवने मानं च दुर्योधने । (चा. ३/१८)
दानं सूर्यसुते वलं हलधरे सत्यं च कुन्तीसुते, विज्ञानं विदुरे भवन्तु भवतां कीर्तिश्च नारायणे ॥ (धर्मग्रन्थ)
७६) लक्ष्मीस्ते पंकजाक्षी निवसतु भवने भारतीकण्ठदेशे, वर्धन्तां वन्धुवर्गाः सकलरिपुगणाः यान्तु पातालमूले ।
देशे देशे च कीर्तिः प्रसरतु भवतां कुन्दपुष्पेन्दु शुभ्रा, जीव त्वं पुत्रपुत्रैर्सकलसुखयुतैर्हायनानां शतैश्च ॥ (धर्मग्रन्थ)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवश्यक देखिन्छ । किनकि यसमा हाम्रा सनातन (हिन्दू) धर्मग्रन्थले समेत मार्ग दर्शन गरेका छन् । जुन कुरालाई पुष्टि गर्दै श्वेताश्वतरोपनिषद्[७७] मा भनिएको छ- जुन देवता या गुरुप्रति जस्तो भाव मनमा राखिन्छ तदनुकुल शिष्य/भक्तले ज्ञान प्राप्त गर्दछ । त्यसकारण गुरु र देवताप्रति राम्रो भाव (आत्मकल्याणार्थ) राख्नु नैं श्रेयष्कर हुन्छ । तसर्थ अन्य विद्यालयका छात्र-छात्राका साथै विशेषत: पूर्वीय दर्शनसित आवद्ध सनातन संस्कार र संस्कृतिका निकट मानिने विद्यालय, महाविद्यालयका छात्रछात्राले त हाम्रा ऋषिमुनी प्रणीत उपदेशवाक्य एवं सद्विचारको उपेक्षा गर्न पटक्कै मिल्दैन । किनकि यही नैं हाम्रो संस्कृति र आदर्श हो । यस संस्कृतिलाई वचाई राख्न अहिले पनि विभिन्न संस्कृत विद्यालय एवं महाविद्यालयमा सरकारले तथा केही निजी विद्यालय एवं विदेशी प्राइभेट संस्थाले पनि नि:शुल्क विद्याध्ययनको व्यवस्था गराउनुका साथै मेधावी विद्यार्थीलाई मासिक रूपमा छात्रवृत्ति दिने पनि गरेका छन् । र ती विद्यार्थीले उक्त छात्रवृत्ति प्राप्त गरे वापत् पूर्वीय सभ्यता, संस्कृति आदिको सुरक्षा गर्नुका साथै नैतिक एवं वैदिक संस्कृति र शिक्षाको समेत पालना गर्दै अध्ययन गर्नुपर्ने हुन्छ । यस्ता विद्यालय एवं महाविद्यालयमा पढ्ने छात्रवर्गप्रति सर्वसाधारण जनताको समेत यस प्रकारको अपेक्षा रहेको देखिन्छ । विशेषत: संस्कृत विद्यालय, महाविद्यालयका छात्रछात्राको काँधमा प्राचीन संस्कृतिको संरक्षण एवं सम्वर्धन गर्दै आधुनिक शिक्षा समेत हासिल गर्नुपर्ने थप गहन दायित्व रहेको छ । तसर्थ सवै तहका विद्यार्थीको ध्यान उपर्युक्त विषयमा केन्द्रित हुन आवश्यक छ भन्दै निम्न वाक्यका साथ यो प्रकरण यही पूरा हुन्छ ।

नित्यं स्वपाठ्य विषयाध्ययनप्रवृत्त:
पीयूषजिन्मधुरवाक् शुभशीलयुक्त: ।
नम्रो नितान्तकुशलो व्यसनैर्वियुक्त
श्छात्रो हि विन्दति सुखं गुरुभक्तिलीन: ॥

(द्रष्टव्य: २०६१ साल वैशाख ३१ गते गुरुवारका दिन साहित्य एवं अनिवार्य संस्कृत विभाग, तात्कालीन म.सं.वि. पिंण्डेश्वर विद्यापीठ धरान-१४ द्वारा आयोजित कार्यक्रममा उक्त विभागको तर्फबाट यस लेखकद्वारा उक्त विद्यापीठमा प्रस्तुत विद्यापीठको इतिहासमा पहिंलो विभागीय कार्यपत्र "विद्यार्थीजीवन र केही विसंगतिहरू" को संशोधित एवं परिमार्जित विषयवस्तु यहाँ प्रस्तुत गरिएको कुरा सबैमा जानकारी गराइन्छ – सं.)

❖

७७) यस्य देवे परा भक्तिर्यथा देवे तथा गुरौ । तस्यै ते कथिता ह्यर्था: प्रकाशन्ते महात्मन: ॥ (श्वेता. ६/२३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट- १

वशिष्ठ गोत्रीय भट्टराई वंशक्रमावली (चिशङ्खू परिवार)

"दैवे युग सहस्रे द्वे ब्रह्म कल्पौ तु तौ नृणाम्" ब्रह्माको एक दिन (अहोरात्र) मा दुई कल्प हुन्छन् । ब्रह्माको दिन सृष्टिकाल हुन्छ भने रात्रि शयन या प्रलयकाल । ब्रह्माको एक दिन मनुष्यको ४,३२,००,००,००० (चार अरब बत्तीस करोड वर्ष) हुन्छ भने ब्रह्माको अहोरात्र (रात-दिन) ८,६४,००,००,००० (आठ अरब चौसठ्ठी करोड) मानुष वर्ष हुन्छ । ब्रह्माको एक दिनमा सत्य, त्रेता, द्वापर, कलि गरी चार युगको समूह, सन्ध्या, सन्ध्यांश सहित १४ मन्वन्तरको समयसीमा निहित हुन्छ । प्रत्येक दिव्ययुग, मन्वन्तर एवं कल्पको समाप्तिमा जलप्लावन प्रलय हुन्छ । ७१ दिव्य युगभन्दा केही बढी ७१.२१/५० को समय एक मनुको कार्यकाल हुन्छ । त्यो मानुष वर्षमा परिणत गर्दा ३०,८५,७१,४२८.६ (तीस करोड पचासी लाख एकहत्तर हजार चारसय अट्ठाइस वर्ष र ६ दिन) को समय हुन्छ । प्रत्येक मनुको कार्यकालमा मनुका पिता, इन्द्र, देवगण र सप्तर्षिहरु अलग-अलग हुन्छन् र प्रत्येक मनुको कार्यकाल समाप्त हुँदा उक्त इन्द्र, सप्तर्षिहरु पनि समाप्त हुन्छन् तर ब्रह्माका मानस पुत्रमध्ये केही चिरंजीवि पनि हुन्छन् । जसमा ब्रह्मर्षि वशिष्ठ ऋषि प्रमुख रूपमा रहेका देखिन्छन् ।

चौदह मनुका सप्तर्षिहरु[1] :-

देवर्षिहरुको भावको चिन्तंन गर्ने दीर्घजीवी, मन्त्रप्रदाता, दिव्यज्ञान भएका, ज्ञानी, धर्मको प्रत्यक्ष दर्शन गर्ने र गोत्र प्रवर्तक ऋषिहरूलाई सप्तर्षि भन्दछन् । ब्रह्माको एक दिनमा १४ मनुको कार्यकाल हुन्छ र प्रत्येक मनुको समयमा अलग-अलग सप्तर्षिहरू हुन्छन् । जो विष्णुपुराण, श्रीमद्भागवत् अनुसार निम्न लिखित छन् ।

१) **प्रथम-स्वायम्भुव मनुका सप्तर्षिहरु :-**

(१) मरीचि (२) अत्रि (३) अङ्गिरा (४) पुलस्त्य (५) पुलह (६) क्रतु र (७) वशिष्ठ ।

---

१) एतान् भावानधीयाना ये चैते ऋषयो मताः । सप्तैते सप्तभिश्चैव गुणै सप्तर्षयः स्मृताः ॥ दीर्घायुषो मन्त्रकृत ईश्वरा दिव्यचक्षुषः । वृद्धा प्रत्यक्षधर्माणो, गोत्र प्रवर्तकाश्च ये ॥ (वायु पुराण)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२) द्वितीय-स्वारोचिष मनुका सप्तर्षिहरु :-

(१) ऊर्ज (२) स्तम्भ (३) वात (४) प्राण (५) पृषभ (६) निरय र (७) परीवान्।

३) तृतीय-उत्तम मनुका सप्तर्षिहरु :-

महर्षिवशिष्ठका[२] सात पुत्र : (१) चित्रकेतु (२) सुरोचि (३) विरजा (४) मित्र (५) उल्वण (६) वसुभृद्यान (७) द्युमान्।

४) चतुर्थ-तामस मनुका सप्तर्षिहरु :-

(१) ज्योतिर्धामा (२) पृथु (३) काव्य (४) चैत्र (५) अग्नि (६) वनक र (७) पीवर।

५) पञ्चम-रैवत मनुका सप्तर्षिहरु :-

(१) हिरण्यरोमा (२) वेदश्री (३) ऊर्ध्वबाहु (४) वेदबाहु (५) सुधामा (६) पर्जन्य र (७) महामुनि।

६) षष्ठ-चाक्षुष मनुका सप्तर्षिहरु :-

(१) सुमेधा (२) विरजा (३) हविष्मान् (४) उत्तम (५) मधु (६) अतिनामा र (७) सहिष्णु।

७) सप्तम-वैवश्वत मनुका सप्तर्षिहरु :-

(१) वशिष्ठ (२) अत्रि (३) कश्यप (४) विश्वामित्र (५) गौतम (६) जमदग्नि र (७) भरद्वाज। (वि.पु.३ अंश अ.१)

८) अष्टम-सावर्णि मनुका सप्तर्षिहरु :-

(१) गालव (२) दीप्तिमान् (३) राम (४) अश्वत्थामा (५) कृप (६) ऋष्यश्रृङ्ग र (७) व्यास।

९) नवम-दक्षसावर्णि मनुका सप्तर्षिहरु :-

(१) मेधातिथि (२) वसु (३) सत्य (४) ज्योतिष्मान् (५) द्युतिमान् (६) सवन र (७) भव्य।

१०) दशम-ब्रह्मसावर्णि मनुका सप्तर्षिहरु :-

(१) तपोमूर्ति (२) हविष्मान् (३) सुकृत (४) सत्य (५) नाभाग (६) अप्रतिमौजा र (७) सत्यकेतु।

---

२) ऊर्जायां जज्ञिरे पुत्रा वशिष्ठस्य परंतप। चित्रकेतु प्रधानास्ते सप्त ब्रह्मर्षयोऽमला :॥
चित्रकेतुः सुरोचिश्च विरजा मित्र एव च। उल्वणो वसुभृद्यानो द्युमान् शक्त्यादयो परे॥ (भा. ४/१/४१)
वशिष्ठ तनयाः सप्त ऋषयः प्रमदादयः। भा. ८/१/२४।
वशिष्ठ तनया ह्यते सप्त सप्तर्षयोऽभवन्॥ वि.पु.३/१,१५
अन्यत्र- उत्तम मनुका सप्तर्षिहरु-रज, मात्र, ऊर्ध्ववाहु, सवल, अनद्य, सुतपा, शुक्ल-
(म.सं.वि.कोष पृ.सं. १३५७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

११) एकादश-धर्मसावर्णि मनुका सप्तर्षिहरु :-

(१) वपुष्मान् (२) घृणि (३) आरुणि (४) निःस्वर (५) हविष्मान् (६) अनघ र (७) अग्नितेजा ।

१२) द्वादश-रुद्रसावर्णि मनुका सप्तर्षिहरु :-

(१) तपोद्युति (२) तपस्वी (३) सुतपा (४) तपोमूर्ति (५) तपोधन (६) तपोरति र (७) तपोधृति ।

१३) त्रयोदश-देवसावर्णि (रुचि) मनुका सप्तर्षिहरु :-

(१) धृतिमान् (२) अव्यय (३) तत्त्वदर्शी (४) निरुत्सुक (५) निर्मोह (६) सुतपा र (७) निष्प्रकम्प्य ।

१४) चतुर्दश-इन्द्रसावर्णि (भौम) मनुका सप्तर्षिहरु :-

(१) अग्निध्र (२) अग्निवाहु (३) शुचि (४) युक्त (५) मागध (६) शुक्र र (७) जित ।

(वि.पु.३ अंश/अ.२)

यसरी प्रत्येक मन्वन्तरको समय ३०,८५,७१,४२८.६ x १४ = ४,३२,००,००,००० (चार अरव वत्तीस करोड मानुप वर्प) १४ मन्वन्तरको सन्धि र सन्ध्यांस गरी कुल समयसीमा हुन्छ । जो व्रह्माको एक दिनको समय मात्र हो । यसरी व्रह्माको पूर्ण आयु आफ्नो दिनमान र रात्रीमानको हिसावले १०० (एक सय) वर्पको हुन्छ । तदनुसार मानुषवर्षमा व्रह्माको पूर्ण आयु ३१ नील १० खरव ४० अरव वर्ष हुन्छ ।

ब्रह्मर्षि वशिष्ठ :-

तपसा निर्जितौ सश्वदजेयावमरैरपि ।
कामक्रोधावुभौ यस्य चरणौ संववाहतु ॥
इन्द्रियाणां वशकरो वशिष्ठ इति चोच्यते ॥ महा.आदि.१७३/५-६ ।

व्रह्माका मानस पुत्र वशिष्ठ ऋषि हुनुहुन्छ । उहाँको आश्रम यसै नेपाल देशमा हिमालय पर्वतको कन्दरामा छ । उहाँ सप्तर्षिमध्येका एक तारा पनि हुनुहुन्छ र व्रह्माका चिरंजीवि पुत्रमध्येका एक ऋषि समेत हुनुहुन्छ । यसको अतिरिक्त प्रथम स्वायम्भुव मनुका सप्तर्षिमध्येका एक ऋषि पनि हुनुहुन्छ भने तृतीय उत्तम मनुको समयमा उहाँका सप्तपुत्र आदि सप्तर्षि भएको देखिन्छ भन्ने कुरा विभिन्न पुराणमा उल्लेखित प्रमाणका आधारमा भन्न सकिन्छ । यसै प्रसंगमा अहिले चल्दै गरेको व्रह्माजीको द्वितीय परार्धमा, अर्थात् व्रह्माजीको ५१ औं वर्षको प्रारम्भिक समयमा चलेको कल्पको सप्तम वैवश्वत मनुको समयमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तर्षिमध्येका एक प्रमुख ऋषि वशिष्ठ नै हुनुहुन्छ, जो आफ्नी पत्नी अरुन्धतीका साथ अहिले पनि विराजमान हुनुहुन्छ। जसको प्रमाण निम्न छ -

"कश्यपोऽत्रिर्भरद्वाजो विश्वामित्रोऽथ गौतमः।
जमदग्निर्वशिष्ठश्च साध्वी चैवाप्यरुन्धती ॥"

अर्थात् कश्यप, अत्रि, भरद्वाज, विश्वामित्र, गौतम, जमदग्नि र वशिष्ठ गरी सात ऋषि यस वैवश्वत मन्वन्तरका सप्तर्षि र यस मन्वन्तरका गोत्र-प्रवर प्रवर्तक ऋषि पनि मानिनु हुन्छ। जसमध्ये वशिष्ठ गोत्रीय भट्टराई वंशका गोत्र एवं प्रवर प्रवर्तक ऋषि पनि वशिष्ठ नैं रहेको कुरा स्पष्ट छ। यसका साथै ब्रह्मर्षि वशिष्ठ ब्रह्मवेत्ता, विश्वामित्रको घमण्डलाई नाश गर्ने, उनलाई सही वाटोमा ल्याउन अनेक कष्ट सहने व्यक्तित्व, वशिष्ठस्मृति, श्रौतसूत्र, गृहसूत्र, वशिष्ठ संहिता आदि ग्रन्थका रचयिता, सूर्यवंशी राजाहरूका कुलगुरु र ब्रह्माको बूढी औंलाबाट उत्पन्न प्रमुख ऋषि समेत मानिनुहुन्छ। उहाँका पुत्रहरूमा शक्त्यादि १०० पुत्र रहेका छन् भन्ने कुराको उल्लेख गरिएको भेटिन्छ भने ब्रह्मर्षि या सप्तर्षिमा चित्रकेतु आदि सात पुत्र भनेर उल्लेख गरिएको पनि कतै-कतै पाइन्छ। ऋग्वेदका सर्वाधिक सूक्तहरू वशिष्ठ ऋषिले नै लेखेको पाइन्छ। तसर्थ ऋग्वेदको सातौ मण्डललाई वशिष्ठ मण्डल भनिन्छ।

यसै प्रसंगमा वशिष्ठ ऋषि, जो ब्रह्मवेत्ता हुनुहुन्छ। अनि ब्रह्मर्षिमा अग्रगण्य पनि हुनुहुन्छ। एक समय विश्वामित्रलाई कसैले ब्रह्मर्षि स्वीकार नगरेपछि वशिष्ठ ऋषिले उनलाई जवसम्म ब्रह्मर्षिको पदवी दिनु भएन, तवसम्म उनी प्रामाणिक रूपमा ब्रह्मर्षि हुन सकेनन्, र कसैले मानेनन् पनि। त्यस्ता ब्रह्मर्षि वशिष्ठप्रति ईर्ष्या, राग र अल्पज्ञताका कारण कुनै-कुनै व्यक्तिहरू ब्रह्मर्षि वशिष्ठ वेश्या पुत्र हुन् भनी उनको अवमूल्यन गर्न खोज्दछन्। यस्ता भ्रामक कुराहरूले उनीहरूको अज्ञानतालाई नैं झल्काउँछ। किनकि वेदमन्त्रका प्रवर्तक, मन्त्रद्रष्टा ऋषि र सनातन संस्कारले युक्त भएका ब्रह्मवेत्ता ब्रह्मर्षिहरू एवं ब्रह्माका मानस पुत्रहरूमा समेत अलौकिक तेजस्विता र सामर्थ्य सदासर्वदा विद्यमान रहन्छ। अनि त्यस्ता ब्रह्मर्षिहरू त्रिकालदर्शी भएकाले सवै कुरा प्रमाणित गर्न सक्ने (सक्षम) तहमा रहन्छन्। यसको विपरीत भएमा त्यस्ता ब्रह्मर्षिहरूलाई लोकले मान्दैन र त्यस्ता ब्रह्मर्षिलाई प्रतिष्ठित पदमा पनि राख्दैन। तसर्थ यो प्रतिष्ठाको विषय पनि ब्रह्मर्षिका लागि एउटा वास्तविक मापन गर्ने यन्त्र या कसी हो भन्ने कुरामा विमति राख्ने व्यक्तिहरूले वुझ्न आवश्यक देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोत्र[३] प्रवर महिमा :-

गोत्राणां प्रवराणां च गणना प्रोच्यतेऽधुना ।
संक्षेपात् सुखबोधाय भगवत् प्रीतयेऽपि च ॥

(१) सप्त भृगवः (२) सप्तदश आंगिरसः (३) अत्रि-चत्वार (४) त्रय-कश्यपाः (५) चत्वारो वशिष्ठाः (६) चत्वारोगस्तयः (७) दश विश्वामित्राः एवं उनपंञ्चाशद् भेदाः ।

सनातन धर्ममा विश्वास गर्ने आर्य जातिले आफ्नो कुल परम्परा आदिको सुरक्षाका निम्ति गोत्र र प्रवर परम्परालाई व्यवस्थित गरेका हुन् । यस परम्परामा एउटै गोत्र र प्रवरमा उत्पन्न हुने व्यक्तिहरु (स्त्री-पुरुष) को एक आपसमा विवाह आदि कार्यको निषेध गरिएको पाइन्छ । यस कार्यले रजवीर्यको शुद्धि हुने गर्दछ । यसकारणले नैं आर्यहरुका सन्तति अहिले पनि विद्यमान छन्, तर अन्य धर्मावलम्वीहरुका देखिदैनन् । जुन मनुष्य जातिमा वर्णाश्रम धर्म छैन, गोत्र-प्रवरको सुव्यवस्थित विचार छैन, ती मनुष्य जातिमाथि अर्यमा आदि गरिएका पितृहरुको कृपा नभएकाले ती जाति अहिले जीवित छैनन् । अहिले विशेष गरेर ब्राह्मणहरूमा अनेकप्रकारका जुन पतनका लक्षण देखा परेका छन्, त्यसको मूलकारण गोत्र र प्रवरको महिमालाई विर्सनु हो । वास्तवमा विचार गर्ने हो भने अहिले पनि कतै-कतै ब्राह्मण वंशमा ब्रह्मतेज या ब्राह्मणत्व जो देखिन्छ त्यो गोत्र प्रवरको शुद्धताको कारणले नैं रहेको छ, भन्ने कुरा वुभ्नुपर्दछ । तसर्थ रजोवीर्यको शुद्धता एवं पवित्रताका लागि पनि उक्त गोत्र-प्रवर महिमाप्रति सवैले पहिले पनि वुझेका र अहिले पनि त्यसतर्फ ध्यान दिन आवश्यक देखिन्छ । धर्मसिन्धु एवं निर्णयसिन्धुको आधारमा वशिष्ठ वंशका गोत्र प्रवर भेद यस प्रकार राखिएका देखिन्छन् ।

वशिष्ठ गोत्र प्रवर[४] भेद :-

जमदग्निर्भरद्वाजो विश्वामित्रात्रिगौतमाः ।
वशिष्ठकश्यपागस्त्या मुनयो गोत्रकारिणः ॥
एतेषां यान्यपत्यानि तानि गोत्राणि मन्वते ॥ (म.सं.वि.कोष) ।

प्रवर भन्नाले तत्-तत् गोत्रका वंशहरू फैलाउने ऋषि विशेष

३) सप्तानामृषीणामगस्त्याष्टमानां यदपत्यं तद्गोत्रम् । (नि.सि. एवं म.सं.वि. कोष)
सगोत्राय दुहितरं न प्रयच्छेत् । इति आपस्तम्वोक्ते । असमान प्रवरैर्विवाह इति गौतमोक्ते । इति ।

४) प्रवरस्तु- गोत्र व्यावर्तक ऋषि विशेष एव । दशपूर्णमासादिषु प्रव्रियमाणत्वाद् तस्य प्रवर संज्ञा । इति संक्षेपतो ज्ञेयम् । (नि. सिन्धु एवं म.सं.वि. कोष)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(पुर्खा) लाई भन्ने गरिन्छ। वशिष्ठ गोत्रका चार भेद छन्। (१) वाशिष्ठ (२) कुण्डिन (३) उपमन्यु (४) पराशर। उक्त भेदमध्ये-

(१) <u>वशिष्ठ गोत्रको</u> : एक प्रवर वाशिष्ठ अथवा त्रिप्रवर-वाशिष्ठ, इन्द्रप्रमद आभरद्वसु।

(२) <u>कुण्डिन गोत्रको प्रवर</u> : वाशिष्ठ, मैत्रावरुण कौडिन्य आदि त्रिप्रवर।

(३) <u>उपमन्यु गोत्रको प्रवर</u> : वाशिष्ठ, इन्द्रप्रमद, आमरद्वसु आदि त्रिप्रवर।

(४) <u>पराशर गोत्रको प्रवर</u> : वाशिष्ठ्य, शाक्त, पाराशर्य आदि त्रिप्रवर।

यसको अतिरिक्त कतै-कतै वशिष्ठ गोत्रको ५ वाँ भेद पनि मानिएको छ। जसमा पाँचौ भेद निम्न रहेको छ।

(५) <u>जातुकर्ण्य गोत्रको प्रवर</u> : वाशिष्ठ, अत्रि, जातुकर्ण्य इति त्रिप्रवरः।

उपर्युक्त वशिष्ठ गोत्रीय प्रवरहरूमा पनि सेती नदी पूर्वका ब्राह्मणलाई पूर्विया र त्योभन्दा पश्चिमतिर बस्ने ब्राह्मण समूहलाई कुमाई भनिन्छ। यसरी नै पूर्वीय वशिष्ठ गोत्रीय ब्राह्मणको त्रिप्रवर र पश्चिमी कुमाई ब्राह्मणको वशिष्ठ-वाशिष्ठ-शाक्त-पाराशर-च्यवन गरी पंच प्रवर भन्ने चलन पनि कतै-कतै चलेको दखिन्छ। जसको पुष्टि पं. शिखरनाथ सुवेदीज्यूले पनि आफ्नो ग्रन्थमा गरेको पाइन्छ।

<u>वशिष्ठ गोत्रका सगोत्री"हरू</u> :-

वशिष्ठका सन्तानको रूपमा देखा परेका नेपालका वशिष्ठ गोत्रका सगोत्रीहरू निम्न लिखित देखिन्छन् :-

(१) भट्टराई (२) भट्ट (३) चालिसे (४) थाङ्सिंगे भण्डारी (५) सूयाल-थापा (६) राउत (७) दवाडी (८) घर्ती क्षेत्री (९) ओली (१०) पनेरू (११) विष्ट (१२) ओडारी (१३) पाठक (१४) धामी (१५) कडरिया (१६) सोती (१७) भूसाल

<u>वशिष्ठका सगोत्रीहरू</u> :-

५) वशिष्ठ ऋषिका वंश हुनाले गोत्रको क्रम। वशिष्ठ गोत्र भो हाम्रो चलेको छ त्यही क्रम ॥१॥
वशिष्ठ गोत्र वंशीय सगोत्री थर सन्तति। खोजमा भेटिएसम्म लेख्तैछु म यथामति ॥२॥
भट्ट र भट्टराई फेरि चालिसे भट्टराई र। सूयल थापा, राउत दवाडी खरेल खराल् ॥३॥
भण्डारी थाङ्सिङे र क्षेत्री धर्ती भईकन। ओली पनेरू र विष्ट ओडारी पाठकै गन ॥४॥
धामी कँडरिया सोती भूसाल र मुडवरी। पाण्डे ती आइतवारे पुवार् खड्का र बग्मती ॥५॥
तेइस सगोत्री छन् जम्मा भेटेका अहिले तक। छुटफुट परे होलान् लेखमा केही भर्सक ॥६॥
भट्ट एकाइस हुन्छन् विभिन्न गोत्रका गरी। पस्पतिका पुजारी ती भट्ट पर्दैन क्यै गरी ॥७॥
वशिष्ठ गोत्रको प्रवर तीन हुन्छ यो जानन्। वशिष्ठ इन्द्रप्रमद आभरद्वसु मानन् ॥८॥
हौं शुक्ल यजुर्वेदी शाखा माध्यन्दिनीय छ। सूत्र कात्यायनी जान्नू यै हाम्रो इतिहास छ ॥९॥
(भट्टराई वंश दर्पण पृ.सं.२९)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१८) मुडवरी (१९) पाण्डे (२०) खराल (२१) खरेल (२२) (आइतवारे) पुवार् खड्का (२३) बग्मती इत्यादि ।

भट्टराई थरको उत्पत्ति :-

भट्टराई थरको उत्पत्ति भट परिभाषणे धातुवाट भएको हो । जसको अर्थ राम्ररी बोल्न सक्ने हुन्छ । भटन्तीति-भट्टाः अनुसार विद्वान् वेदपाठी पण्डित व्यक्तिलाई जनाउँछ । अनि भट्टानां राजा इति भट्टराज- अर्थात् भट्ट-विद्वान् व्यक्तिहरूमध्ये पनि सर्वश्रेष्ठ व्यक्ति भट्टराज हुन्छ । यसरी नै शुक्ल यजुर्वेदमा 'ज' कार र 'य' कारमा भेद नभए जस्तै यहाँ पनि भट्टराज र भट्टरायमा कुनै अन्तर भएन अर्थात् दुवै समानार्थी भए । अनि 'य' को संप्रसारण 'इ' भई दीर्घ भएकाले भट्टराई शव्द सिद्ध हुन्छ । अतः संक्षेपमा भट् + कर्तरि (तन्/क्त)+त+ष्टुत्व=भट्ट । भट्टाना राजा- भट्टराज या भट्टराय । य को संप्रसारण इ । दीर्घ भई भट्टराई हुन्छ । तसर्थ यो भट्टराई थरको आधार शास्त्रवाट नै सिद्ध भएको देखिन्छ । यसै भट्टराईहरूको ऐतिहासिक वर्णनको क्रममा आजभन्दा २४-२५ वर्ष पूर्व पूर्वाञ्चलका अञ्चलाधीश श्री सूर्यवहादुर सेन ओलीज्यूले कुनै पनि मांगलिक कार्य गर्नुपर्दा सर्वप्रथम विद्वान्, कर्मकाण्डमा दक्ष भट्टराई थर भएका गुरुको खोजेर भए पनि पूजन गर्ने अनि उनैबाट कार्यको थालनी गर्ने गरेको कुरा तत्कालिन समयका विभिन्न विद्वान्हरूको मुखारविन्दवाट सुनिने गरिन्छ ।

यस्तै वि.सं. २०१३-१५ सालतिर राजा महेन्द्रले एक व्राह्मण वटुकलाई आफ्नो ठाडो आदेशको आधारमा रानी पोखरीस्थित तीनधारा संस्कृत पाठशालामा भर्ती गराउन पठाएको देखिन्छ । त्यतिवेला संयोगले त्यहाँका प्रधानाचार्य पदमा न्यायशास्त्रका प्रकाण्ड विद्वान् पं. श्री पद्मप्रसाद भट्टराईज्यू रहनु भएको रहेछ । राजाको ठाडो आदेश हुँदा-हुँदै पनि पं.ज्यूले उक्त वटुकको नियमानुसार प्रवेश परीक्षा लिनुभएछ, तर परीक्षामा सो वटुक पास भएनछ र भर्ति पनि गरिएनछ । त्यो कुरा निक्कै हल्लीखल्लीका साथ राजाका सचिवकहाँ पुगेछ । सचिवले पं. भट्टराईज्यूलाई झिकाएछन् र उक्त राजाज्ञा विपरीत कार्य गरेकोमा स्पष्टीकरण मागेछन् । त्यसमा पं. भट्टराईज्यूले भन्नुभएछ-सचिवज्यू, मैले राजाज्ञा विपरीत कार्य गरेको ठान्नु हुन्छ भने मलाई मृत्युदण्ड दिइयोस् । अनि उक्तकुरो राजा महेन्द्रसम्म पुगेछ । अनि राजाले पं. ज्यूलाई झिकाएछन् र सोधेछन् । त्यसमा पं. ज्यूले भन्नुभएछ-सरकार, मैले राजाज्ञा अनुसार गठित तीनधारा संस्कृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाठशालाको नियमानुसार कार्य गरेको हुँ। यदि सरकारवाट जारी गरिएको यो दोस्रो परमांगी आदेश अनुसार उक्त वटुकको भर्ती सिधै गर्नु पर्ने नैं हो भने पहिले स्वयं सरकारद्वारा जारी गरिएको उक्त पाठशाला सम्वन्धी पूर्व नियमहरू (आदेश) खारेज हुनुपर्दछ। यो कुरा सुनेर गुणग्राही राजा महेन्द्र अति खुशी भएछन् र पं. भट्टराईज्यूले आफ्नो राजाज्ञा अनुसारकै नियममा अडिग भई निर्भिकतापूर्वक कार्य गरेको र आफ्नो कुरा स्पष्टसँग राखेकोमा पं.ज्यूप्रति प्रसन्नता व्यक्त गर्दै उहाँलाई पुरस्कृत पनि गरेको कुरा त्यतिवेलाका धेरैजसो पण्डित वर्गमा जगजाहेर रहेको कुरा अहिले उल्लेख गर्दा अत्युक्ति नहोला।

यसरी उक्त प्रकरणले के पुष्टि गर्दछ त भन्दा पहिलेका हाम्रा भट्टराई गोत्रीय वंशका व्यक्तिहरू विद्वान्, शास्त्रका ज्ञाता, कर्मकाण्डमा दक्ष हुनुका साथै नियमानुसार कार्य गर्ने, प्रलोभनमा नपर्ने, नियम विपरीत कसैले त्यो कुनै पदाधिकारी, मन्त्री या राष्ट्राध्यक्ष नैं किन नहोस्, अवैधानिक कार्य गराउन चाहे पनि त्यससमा न अल्मलिने र आफ्नो धारणा स्पष्टतापूर्वक (विधि सम्मत) तरिकाले राख्ने र गर्ने गरेको कुरा उक्त ऐतिहासिक तथ्यवाट समेत प्रमाणित हुन्छ।

यसको अतिरिक्त कतै-कतै भट्टराई थरको उत्पत्तिको सम्वन्धमा विभिन्न भ्रामक किंवदन्तीहरू पनि सुनिने गर्दछन्। कसैको भनाई अनुसार यसको उत्पत्ति 'भट्टरा' नामक गाउँको आधारमा भएको र कतै 'राय' उपाधी कुनै संस्थाले दिएको आधारमा भएको हो भनी ठोकुवा समेत गर्दछन् र कतै-कतै 'राई' जातिको सम्पर्कमा 'भट्ट' ब्राह्मणहरू आएकाले उक्त थरको उत्पत्ति भएको भन्ने पनि गर्दछन्। जो विल्कुल निराधार र कपोलकल्पित कुरो हो।

त्यस्तै अन्य स्थलमा हरेरो-पूजन, जो तीज पछिको पहिलो मंगलवारका दिन खेत जोत्नु भन्दा पहिले या रोपाई सिद्धि सकेपछि रोपेको धान, वालीमा कुनै विघ्न वाधा उपस्थित नहोस् भन्ने उद्देश्यले गरिन्छ। त्यस बखत सालको लिङ्गो या थाङ्ग्रो चार ओटा विदिशा (कुना) मा र एउटा पूर्वदिशामा गरी ५ लिङ्गो कुलाको मुहानमा गाडी भट्टराई वंशका केही वंशकले पूजा गर्न थाले। त्यसमा सालको थाङ्ग्रो ल्याई सहयोग गर्ने थाङ्ग्रे भट्टराई र उक्त पूजनको अवसरमा फूलपाति अक्षेताका साथै कसार पनि ल्याई चढाउने भट्टराई परिवार, कसारे भट्टराईका नामले चिनिन थाले, भन्ने कुरा पनि सुनिन्छ। यस्तै थांग्रे र कसारे भट्टराईको सम्वन्धमा तीजपछिको पहिलो मंगलवारका दिन कुलाको मुहानमा सालको हाँगाको लिंगो (थांग्रो) गाडी जयपति (कर्मकाण्डी/पुरोहित) को र भरिया

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरे घर्तीको संझनामा पूजन गर्ने गरेको तथा कसैले कसार पनि चढाउने गरेकाले उक्त दुवै नाम चल्दै आएको पनि कतै सुनिन्छ र यसमा केही थप किंवदन्ती जयपति पंडितको बारेमा एउटा कथा रहेको छ। उनी पुरोहित पेशा (कर्म) गर्ने भएकाले उक्त कार्य गर्दै हिड्ने क्रममा साप्सु खोला तर्नु परेछ। उनका साथमा उक्त हरे घर्ती पनि रहेछ। अनि खोला तर्दा उनी बग्न लागेछन् र हरेलाई भनेछन्। ए हरे, तँ एता नआइज। तैंले म वगेको कुरा कसैलाई पनि नभनेस्। यदि भनिस् भने तेरो मृत्यु रगत छादी हुनेछ, यति भनि उनी वगी मरे। भोलीपल्ट उक्त नदी पारीका धेरै जसो घरमा जयपतिको हंसले सधैं गरेझैं सवैको पूजा पाठ आदिको काम पूरा गर्दै सामान त्यही छोड्दै हिंडेछ। सामान लिन धेरै समय कुर्दा पनि पुरोहित वाजे फर्कि नआएकाले सोधी खोजी भएछ। अनि हरेका साथमा अन्तिममा देखेको सवैले भनेछन्। हरेलाई वोलाई केरकार गर्दा उसले उक्त पंडितजी उहिले नै नदीले वगाई मरेको कुरा भनेछ। त्यसपछि ऊ पनि रगत छादी मरेछ। त्यसको सम्झनामा कुलाको मुहानमा उक्त थांग्रो गाडी कसार आदि चढाउने क्रमको थालनी भएछ। इत्यादि कुरा अहिले पनि केही पुराना (वृद्ध) भट्टराई वंशजका मुखबाट सुनिने गर्दछ भने कुनै भट्टराई वंशका वंशजले मकैको खेती गरी आ-आफ्ना घरमा ठूला-ठूला मकैका थांग्रा राखेकोमा थांग्रे र विवाहादि उत्सवमा धेरै कसार बटारेको हुँनाले कसारे भन्ने चलन पनि कतै-कतै भनेको सुनिन्छ, तर यी सबै कुरा भ्रामक किंवदन्ति अन्तरगत पर्दछन्। यसकारण उक्त शास्त्रीय एवं ऐतिहासिक प्रमाणलाई तथ्यपूर्ण आधार मान्दै भट्टराई वंशका वंशज र अन्य अन्वेषक जनसमुदायले समेत उक्त भ्रामक वोली तुक्का आदिको पछि नलाग्नु नै श्रेयष्कर देखिन्छ।

किनकि त्रेतायुगमा सूर्यवंशी राजपुत्र रामलाई कसैले रघुराज, रघुराय या रघुराई पनि भन्दथे। वायुपुत्र हनुमानलाई समेत कपिराज, कपिराय, कपिराई शब्दको प्रयोग समेत गर्दथे। यस्तो प्रयोग १५ वीं शताब्दीका गोश्वामी श्री तुलसीदासले समेत आफ्नो ग्रन्थ रामायणमा गरेको देखिन्छ। के ती राजा, भएका या राईको सम्पर्कको कारणले या 'राय' उपाधीको कारणले उनीहरुको थर भएको हो त ? होइन। त्यो त उनीहरुको वैशिष्ठ्य, पराक्रम र विद्वत्ता देखाए वापत राय, राई या राज उपाधी प्राप्त भएको हो। तसर्थ यस वंशका वंशजहरूको लौकिक कुराको आधारका साथै शास्त्रीय आधार पनि बलियो भएकाले भट्टहरूको थर भट्टराई भएको हो। किनकि विभिन्न शास्त्र एवं कार्यहरूमा पारंगत विद्वान् जो भट्टहरू जन्मिए त्यसमध्ये पनि अझ वढी पराक्रम र विद्वत्ता प्रदर्शित गर्न सक्ने विद्वान् व्यक्तित्वको थर या वंश भट्टराई भएको हो, भन्ने कुरो प्रामाणिक रूपमा तथ्यपूर्ण र स्पष्ट छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्तै भारतको वंगालका भट्ट विद्वान्‌लाई भट्टाचार्य भन्ने गरिन्छ। भारतको महाराष्ट्र प्रान्तमा भट्ट विद्वान्‌लाई भट्टभट्ट भनिन्छ। त्यस्तै नेपालमा पनि विद्वान् व्यक्तित्वलाई भट्टराज, भट्टराय र भट्टराई पनि भन्ने चलन चल्दै आएको छ। अरुपनि भट्टराई थर भएका व्यक्ति पहिलेपनि अनेक शास्त्रमा पारंगत हुनुका साथै धेरै वेद पढ्ने, वेद कण्ठस्त गर्ने,कर्मकाण्ड गर्ने र विभिन्न कुटनैतिक कार्यमा पारंगत भएकाले पहिलेका राजा महाराजाहरूले समेत स-सम्मान उनीहरूलाई आफ्नो दरवारमा राजपुरोहित र सल्लाहकारको रूपमा समेत राख्ने गरेको देखिन्छ। जसको उदाहरणको रूपमा १४ वीं शताब्दीका सिंजाली राजा र सेनवंशी राजाहरूले समेत आ-आफ्ना दरवारमा भट्टराई वंशका व्यक्तित्वलाई स-सम्मान राजपुरोहितका साथै विभिन्न कुटनैतिक क्षेत्र र सल्लाहकारको रूपमा समेत राखेको देखिन्छ। यसरी नैं द्रव्य शाहले गोर्खा विजय पश्चात् गजानन्द भट्टराईलाई स-सम्मान राजगुरुज्यूको उच्च पदमा राखेको देखिन्छ। त्यस्तै राजा वीरेन्द्रको समयमा पनि जनआन्दोलन एक पछिको प्रजातान्त्रिक मुलुक नेपालका प्रथम प्रधानमन्त्रीमा श्रीकृष्णप्रसाद भट्टराईज्यू स-सम्मान रहनु भएको देखिन्छ। यसैक्रममा केही समय पहिले राजा ज्ञानेन्द्रको पालामा पनि नायव वडा गुरुज्यूको पदमा भट्टराई वंशका मूर्धन्य विद्वान् व्यक्तित्व प्रा.डा. माधव भट्टराईज्यूले धेरै समयसम्म उक्त पदमा रही कार्य गर्नु भएको कुरा सवैमा विदितै छ। अनि अहिले पनि थोपरिएको गणतन्त्र पछिको नयाँ नेपालमा समेत विभिन्न राजनैतिक, वैदेशिक, आर्थिक, वैज्ञानिक, धार्मिक र साहित्यिक क्षेत्रका साथै प्राध्यापन कार्यमा समेत वशिष्ठ गोत्रीय भट्टराईहरूको वर्चस्व कम नभएको कुरा सवैमा विदित नैं छ। अपवादका कुरा कहीं कतै देखिएमा त्यो अस्वाभाविक मान्नु हुँदैन।

यसरी ब्रह्मावाट क्रमशः वशिष्ठ–शक्ति–पराशर–व्यास–शुकदेवपुत्र–कृष्ण उत्पन्न हुँदै गए। अनि त्यस पछिका वशिष्ठका वंशजका पुस्ता प्रमाणको अभावमा छुटेका र हराएका देखिन्छन्। पौराणिक कालमा शुकदेवपुत्र कृष्णसम्म पुगेको यस वंशावलीको इतिहास लौकिक ऐतिहासिकालमा ऋषिभट्टमा आई जोडिन्छ। यस किसिमले कृष्ण र ऋषिभट्टका वीच कैयौं पुस्ता छुटेका देखिन्छन्। अहिले वशिष्ठगोत्रीय भट्टराई वंशका आद्य (पहिला) प्रमुख व्यक्तित्व १६९५ वि.सं. मा जन्मिनु भएका ऋषिभट्टलाई नै मानिएको छ। अतः प्रथम (१) नं. मा रहेका ऋषिभट्टदेखि २३ नं. का मनोज भट्टराईसम्मको चिशंखु परिवार अन्तर्गतको वशिष्ठ गोत्रीय भट्टराई वंशका पूर्खाहरूको वंश निर्धारण क्रम निम्न तालिकामा प्रस्तुत गरिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भट्टराई वंश क्रमावली (चिशङ्खू परिवार) को तालिका

ऋषि भट्ट[1] (१)	रघु भट्ट (२)	कपिल भट्ट (३)	लीला भट्ट (४)	देवी भट्ट (५)
गर्भु भट्ट/ (भट्टराई) (६)	थलु भट्टराई (७)	रिठ्ठू भट्टराइ (८)	श्रीकृष्ण भट्टराई (९)	
व्रह्मानन्द भट्टराई (१०	लक्ष्मीश्वर भट्टराई (११)	शिव भट्टराई (१२)	ऋपीश्वर[7] भट्टराई (१३)	
लक्ष्मीदास भट्टराई (१४)	गंगादास भट्टराई (१५)	कृष्णानन्द भट्टराई (१६)	अग्निधर[8] भट्टराई (१७)	
त्रिलोचन भट्टराई (१८)	मुक्तिनाथ भट्टराई (१९)	शर्मानन्द भट्टराई (२०)		
डिल्लीराज भट्टराई (क) (२१)	मोतीराम भट्टराई (ख) (२१)	दर्गा प्र. भट्टराई (ग) (२१)	नारायण प्र. भट्टराई (घ) (२१)	
भरतप्रसाद भट्टराई (२२)	सुनील भट्टराई (२२)	(i) प्रकाश भट्टराई (२२) (ii) मौसम भट्टराई (२२) (iii) महेश भट्टराई (२२)	महेश भट्टराई (२२)	
मनोज भट्टराई (२३)				

द्रष्टव्य :- यसै २२ नं. मा रहेका भरतप्रसाद भट्टराईकी सहोदरा बहिनीहरूमा क्रमशः

(१) अन्नपूर्णा- गोपाल मिश्र (ज्वाइँ) र भाञ्जाहरूमाः-
(१) नवीन मिश्र (२) सवीन मिश्र ।

(२) गौरी – विनोदप्रसाद कोईराला (ज्वाइँ) ।

(३) पार्वती – यादवप्रसाद कोईराला (ज्वाइँ) र भाञ्जाहरूमा-
(१) नोजल (२) खीजल (३) लीजल कोईराला रहेका छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बशिष्ठ गोत्रीय भट्टराई वंश क्रमावलीको प्रमाण

६) वशिष्ठ ऋषिवंश राज गुरुको मानादि सम्मान र ।
पाई वंश परम्परा चलिरह्या क्रमादि स्थायी तर ॥१॥
यी ऋषि भट्टका छोरा रघु भट्ट भएछन ।
कपिल भट्टनामैका रघुभट्ट पछि भन ॥२॥
छोरा कपिल भट्टैका लीलाभट्ट भए अब ।
लीलाभट्टज्यूका पुत्र देवीभट्ट भए तव ॥३॥
ती देवी भट्टका छोरा गर्भुभट्ट भए छन ।
गर्भुभट्टवाटै भो भट्टराई थर सिर्जन ॥४॥
जिम्मावाल तालुकदार राई सुब्बा भनीकन ।
दर्जा उपाधि दिइन्थे राजावाट प्रजाकन ॥५॥
त्यस्तै उपाधिको मान राईको पदवी मिल्यो ।
भट्टमा थपिदा राई भट्टराई भनी चल्यो ॥६॥
राईले पालन गर्दा भट्टमा राई भो भनी ।
भन्ने भनाई हो भूठ काल्पनिक कुरा छ नि ॥७॥
राई शव्द जनाउँछ राजा जस्तै भने सरी ।
उच्चता श्रेष्ठता भन्ने जनाउँछ यसै गरी ॥८॥
गर्भुवाट भट्टमाथि उपाधि राई भै कन ।
भट्टराई भएको हो यो हाम्रो थर सिर्जन ॥९॥
यसरी गर्भुका वंश भट्टराई भएपछि ।
गर्भुका दुईटा पुत्र जन्मिए कुल सन्तति ॥१०
जेठा थलु भट्टराई कान्छा ऋतु भनी थिए ।
यी जेठा थलुका बंश भट्टराई कायमै लिए ॥११॥
कान्छा ऋतु भट्टराई वंशवाट पछि अब ।
चालिसे भट्टराई वंश विस्तार वृद्धि भए तव ॥१२॥
अवं ती गर्भुका छोरा जेठा थलुपटि यता ।
रिठ्ठू भन्ने भए एक पुत्र ती वंशका लता ॥१३॥
रिठ्ठूका जन्मिए पुत्र दुइटा कुल दीपक ।
जेठा श्रीकृष्ण भन्ने र शंकर पाध्ये रहे ठिक ॥१४॥
जेठा श्रीकृष्णका सन्तान् भट्टराई रहे सव ।
कान्छा शंकरका वंश भण्डारी ती भए अब ॥१५॥
अर्घाखाँची गए शंकर भण्डारे नृपको भई ।
राजभण्डारि हुँनाले उपाधी थपियो त्यहीं ॥१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी रिठ्ठूका छोरा दुई भाइहरू बिच ।
भट्टराई अनि भण्डारी छुट्टिए थर निश्चित ॥१७॥
छोरा कृष्णका तर्फ दुई भाइ भएछन ।
ब्रह्मानन्द भनी जेठा प्रजापति पछि गन ॥१८॥
जेठै तर्फ अनि लागौं ब्रह्मानन्दजिका पटि ।
लक्ष्मीश्वर भए पुत्र एउटै वंशका गति ॥१९॥
लक्ष्मी भट्ट पनि भन्थे प्रचलित दुवै थियो ।
ती लक्ष्मीश्वरका तर्फ दुइटा पुत्र देखियो ॥२०॥
शिवभट्ट रछन् जेठा परंभट्ट कनिष्ठ ता ।
दुवै भाइहरूबीच भातृप्रेम घनिष्ठता ॥२१॥
शिवभट्ट परिवारतर्फ लागौं भए कति ।
तिनका एउटै पुत्र ऋषीश्वर समुत्पति ॥ २२॥
वि.सं. सोह्र सये साल पंचानब्वे हुँदा यता ।
ऋषीश्वर भए जन्म यसरी वंशको लता ॥ २३॥
यिनै ऋषीश्वर वंश सिन्धु गामनाङ् शालुक ।
भुल्के चिशंखु ली विर्ता पाए चलाए तालुक ।२४॥

(भट्टराई वंश दर्पण पृ.सं. २८)

७) शिवभट्टपटि पुत्र ऋषीश्वर भएछन ।
गाई भैरी लिई सारा सिंधुतर्फ गएछन ॥१॥
ऋषीश्वरजीका जन्मे तीन पुत्रहरु अव ।
प्रयागदास भनी जेठा मध्यम् गणपति तव ॥२॥
लक्ष्मीदास भए कान्छा तीन भाईहरू यिनैं ।
प्रयागदासका सन्तान छैनन्-वंश कहीं कुनैं ॥३॥
ऋषीश्वरजीका छोरा कान्छा ती लक्ष्मीदासका ।
तीन भाई भए छोरा हेर्दा त एकनासका ॥४॥
गंगादास भए जेठा माहिला शिवदास ती ।
वलिदास भनी कान्छा लक्ष्मीदास पुत्र सन्तती ॥५॥
गंगादास जेष्ठका पुत्र जेठा हुन् काशीरामजी ।
तुलसीराम् राघव्राम कृष्णानन्द भए पछि ॥६॥
गादो भिर्ने थियो वानी कृष्णानन्दजीको तव ।
गादा कृष्ण चल्यो नाम व्यापक उनको अव ॥७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्वाञ्चल सगर्माथा जिल्ला ओखल्ढुङ्गा पऱ्यो ।
चिशंखु गाउँमा वास गंगादासजीको थियो ॥८॥
चिशंखु त्यो संन्यासीको थियो विर्ता अघि पछि ।
गादा कृष्णजीले लिए किनी दर्ता दि सम्पति ॥९॥
गंगादास सुपुत्र ती जुन थिए श्रीकृष्ण नन्दै भनी
गादे कृष्ण भनेर नाम जसको प्रख्यात् भएको छ नि ॥
तिन्को वंश कहानि काव्यकुलको पालो पऱ्यो लेखने
राम्रा सुन्दर पुत्र सौम्य सुकुमार छः पुत्र तिन्का गने ॥१०॥
जेठा देवहरी छ नाम वढिया अर्का कपीले भनी
काशीराम त साहिला हुन गए अग्निधरै छन् अनि ।
ज्योतीखर त पाँचऊँ क्रम परे फेर् राधाकृष्णै पछि
अग्निधर्तिर गै गयो कलम यो लेख्नैं सवै सन्तती ॥११॥

(गंगाराम प्रशाखा पृ.सं. १५६)

८) अग्निधरजीका छोरा त्रिलोचनतिरै अव ।
खोजेर सन्तती सारा नाम लेख्छु यहाँ अव ॥१॥
जगन्नाथ परे जेठा काशीनाथ यसै गरी ।
मुक्तिनाथ भए कान्छा तीन भाई सरासरी ॥२॥
यी जगन्नाथका छोरा दशरथ भए अनि ।
ज्योतिखर परे दोस्रा वृद्धि वल्लभ सवै मुनि ॥३॥
यी दशरथका छोरा तुलसीराम एक् अरे ।
तुलसी रामका छोरा छः भाइ जन्मिए अरे ॥४॥
त्रिलोचन सुपुत्रका क्रममहाँ माइला काशीनाथ ती ।
जौं हामीहरु भेटघाट गरुँ लौं जानौं चिनौं सन्तती ॥५॥
त्रिलोचनजिका छोरा काशीनाथजिमा पनि ।
रामप्रसाद जेठा र दोस्राको नाम के छ नि ॥६॥
पीताम्वर अरे तेस्रा कान्छा वृहस्पती अव ।
रामप्रसादं जेठाका चार पुत्र भए तव ॥७॥
पद्मप्रसाद भै जेंठा नन्दलाल भए अनि ।
धर्मानन्द भए तेस्रा गोपीलाल सवै मुनि ॥८॥
त्रिलोचनजिका छोरा काशीनाथजिका तिर ।
लेखिए देखिएसम्म छुटेमा नलिनु पिर ॥९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जौं हामी अव ती त्रिलोचनजिकै छोरा ति कान्छातिर
मुक्तिनाथजिका सुपुत्र परिवार् खोज गर्नका खातिर् ।
छः पुत्रै तनयादि जन्म उनका जन्मे वढे सन्तती
फैल्यो वंश कती भएछ प्रगती जानौं वुझौं छन् कति ॥१०॥
जेठा रे भवनाथ पुत्र उनका गोविन्द हुन् माहिला
तेस्रा लक्ष्मिप्रसाद जन्म हुन गै विष्णु: परे काँहिला ।
शर्मानन्द त अन्तरे क्रम परे पुण्टे त कान्छा अरे
भवनाथ गोविन्द लक्ष्मीप्रसाद प्रस्थान स्वर्गै गरे ॥११॥
चारौं विष्णु प्रसाद तरफका चार पुत्र जन्मेछन
वालाराज त जन्म जेष्ठ हुन गै दोस्रा खिलैराज् भन ।
कनक परसाद भै तृतिय ती कान्छा त पीताम्वर
विष्णुका सुन चार भाइ यसरी जन्मे अति सुन्दर ॥१२॥
शर्मानन्दतिरै त चार सुत छन् लेखिन्छ मेलैसित
डिल्लीराज भनेर जान्नु अहिले जेठा भनेरै ती त ।
मोतीराम त माहिला क्रम परे दुर्गा त तेस्रातिर
नारायण प्रसाद जन्मन गए कान्छा वनी आखिर ॥१३॥
डिल्लीराज पटी सुपुत्र दुइटा भरत् जी जेठा अरे
कान्छा नाम नजानी वंशतरुमा खाली लतामा परे ।
पुण्टेतर्फ त भेटिएन अहिले छाडें नमान्नू पिर
डिल्लीराज सुपुत्र एक् भरतका छोरा भए (मनोज्) सुन्दर ॥१४॥

(भट्टराई वंश दर्पण १५८-५९)

अन्यत्र - अग्निधर शाखा (चिशङ्खु छूट परिवार) :-

दियाले गा.वि.स.को त धारापानी अँधेरिका ।
ओखल्ढुङ्गातिरै वस्ने नारायण प्रसाद्जिका ॥१॥
प्राप्त टिपोट अनुसार लेख्न लागें सरासर ।
यसमा माथिका पुर्खा देखिए अगनीधर ॥२॥
ती अग्नीधरका छोरा चार भाइ रहेछन ।
जेठा र साहिला कान्छा नाम खाली रहेछन ॥३॥
त्रिलोचन परे दोस्रा नाम लेखें यहाँ अव ।
सन्तान तिनकै मात्र देखियो लेख्तछु सव ॥४॥
चार पुत्र भए तिन्का जेठा नाम प्रभाकर ।
माहिला खाली नैं तेस्रा काशीनाथ भए पर ॥५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुक्तिनाथ अरे कान्छा चार भाई यिनीहरू ।
जेठा र माहिलातर्फ देखिएन कुनै तरु ॥६॥
साहिला काशिनाथैका तीन पुत्र रहेछन ।
रामप्रसाद जेठा भै पीताम्वर दुई गन ॥७॥
निरस्नाथ रे कान्छा जन्मिएका यिनी सव ।
राम प्रसाद जेठाका चार पुत्र भए अव ॥८॥
पद्मप्रसाद भै दोस्रा नन्दलाल भए अनि ।
धर्मप्रसाद रे तेस्रा गोपीनाथ सवैमुनि ॥९॥
पद्मै नन्दलाल भन्ने निन्दा झापा पऱ्यो घर ।
धर्मप्रसादका छोरा जन्मे ती सरासर ॥१०॥
वलराम अरे जेठा दुइटा खालि देखिए ।
गोपीनाथ तिनी कान्छा सर्लाही तिरमा थिए ॥११॥
रामप्रसादको यो भो पीताम्वर पटी अनि ।
निरस्नाथ अरे कान्छा देखिएन कुनै पनि ॥१२॥
यो भयो काशीनाथैका मुक्तिनाथ पटी अव ।
छः भाई जन्मिए छोरा वृद्धि वंश भए तव ॥१३॥
भवनाथ र गोविन्द लक्ष्मीतर्फ त देखिन ।
विष्णुलाल पट्टि चार नाम लेख्छु यहाँ चिन ॥१४॥
वालकृष्ण खिलैनाथ दुई भाई भए अनि ।
पार्वती कुमार तेस्रा पीताम्वर सवै मुनि ॥१५॥
देखिए लेखिए नाम विष्णुलाल पटि सव ।
शर्मानन्द पटी नाम देखिन्छन् यहाँ अव ॥१६॥
छोरा शर्मानन्दका चार डिल्लीराज जेष्ठ ती परे ।
मोतीराम दुर्गाप्रसाद नारायण कनिष्ठ रे ॥१७॥
वेलटार वसेका छन् उदयपुर हो घर ।
डिल्लीराज पटी पुत्र भरत जन्मिए वर ॥१८॥
मनोजकुमार छन् एक भरतवंश सन्तति ।
अरुको वाँकी छ जन्म सकियो अग्निधर् पटी ॥ १९॥
वेलटार् अहिले छाडे फत्तेपुर्मा वसे सव ।
डिल्ली गंगाजली वस्छन् वनाई काठको घर ॥२०॥
डिल्लीपुत्र भरत् शर्मा वस्छन् स्वच्छ धरान्महाँ ।
पिण्डेश्वर पंचकन्या दन्तकाली छ पीठ् जहाँ ॥२१॥

(भट्टराई वंश दर्पण पृ.सं. २२८)

❖

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट- २ (क)

प्रशस्तिपरक प्रमाण-पत्र र केही तस्वीरहरू





उत्तर-प्रदेश-संस्कृत-अकादमी, लखनऊ

वेदपण्डित पुरस्कार:

१९८९ वर्षे

श्री भरत प्रसाद शर्मा भट्टराई नामानं

शुक्ल यजुर्वेद माध्यन्दिनीय

शाखाध्यायिनं वेदपण्डितसम्मानेन

सहर्षं सभाजयत:।

निदेशक:

अध्यक्ष:

६ अगस्त सन् १९९४ ई. मा उत्तर प्रदेश संस्कृत अकादमी, लखनऊ (भारत) द्वारा आयोजित मारोहमा उक्त प्रदेशका राज्यपाल/प्रमुख अतिथि श्री मोतीलाल वोराज्यूवाट **"वेदपण्डित पुरस्कार"** एवं प्रमाण-पत्र प्राप्त गर्दै डा. भरतप्रसाद भट्टराई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख)



वि.सं. २०६३ साल जेष्ठ ११ गते वृहस्पतिवारका दिन साहित्य एवं अनिवार्य संस्कृत विभाग, पिण्डेश्वर विद्यापीठ, धरान-१४, सुनसरीको समायोजना र विश्वविद्यालय अनुदान आयोग, काठमाडौंको केही आर्थिक सहयोगमा **"रुद्राक्षमाहात्म्य एवं उपचार विधि"** नामक स्वकीय दोस्रो कार्यपत्र प्रस्तुत गर्दै तत्कालीन विभागीय प्रमुख सहप्रा.डा. भरतप्रसाद भट्टराई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग)

श्रीः

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपाल प्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपाल श्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

आगे श्री भरतप्रसाद शर्मा भट्टराई के यथोचित उप्रान्त सन् १९९५ मा सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, भारतबाट संस्कृत साहित्य विषयमा पिएच. डी. योग्यता प्राप्त गरे बापत तदनुसारको "महेन्द्र विद्याभूषण पदक" लगाउन योग्य ठह्र्याई तो प्रदान गरिबक्सेका छौं । श्रीतरफतोको अनुग्रहले चिरकाल पर्यन्त सुख आनन्दपूर्वक मातृभूमि र निमकको सोझो चिताई यो पदकको मान कायमराखी सर्वाङ्गीण उन्नति गर्न सकोस् ।

श्री ५ महाराजाधिराजका हुकुमले,
—चैतबहादुर कुँवर
प्रमुख निजी सचिव, राजदरबार

(हस्ताक्षर)
हाकिम, सचिव
राजकोष सम्पत्ति कोष विभाग, राजदरबार

मितिः— २०५४।११।१२।३

वि.सं. २०५४ साल फागुन १२ गते मंगलवारका दिन तत्कालीन राष्ट्राध्यक्ष एवं ने.सं.वि.का पूर्व-कुलपति श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेववांट संस्कृत साहित्य विषयमा पिएच्.डी. (विद्यावारिधि) प्राप्त गरेवापत प्रदान गरिने प्रमाण-पत्र एवं **"महेन्द्र विद्याभूषण पदक" 'क'** ग्रहण गर्दै डा. भरतप्रसाद भट्टराई ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट-३

पु.नं. २३२६३

सन्दर्भ ग्रन्थसूची

१. मनुस्मृति
२. हिन्दू संस्कृति विशेषांक (कल्याण)
३. महाभारत
४. श्रीमद्भागवत महापुराण
५. गीता
६. ब्राह्मणोत्पत्ति मार्तण्ड
७. अत्रिस्मृति
८. शुक्रनीति
९. याज्ञवल्क्यस्मृति
१०. पराशरस्मृति
११. वराह पुराण
१२. हारीतस्मृति
१३। अपरार्क
१४. नीतिशास्त्र
१५. चाणक्य नीति
१६. ब्रह्मवैवर्त्त पुराण
१७. शब्दकल्पद्रुम
१८. पद्म पुराण
१९. वृहद् याज्ञवल्क्यस्मृति
२०. वशिष्ठस्मृति
२१. यमस्मृति
२२. वृद्धहारीतस्मृति
२३. दक्षस्मृति
२४. वृहदारण्यकोपनिषद्
२५. संन्यास निर्णय संग्रह
२६. मदन पारिजात
२७. देवीभागवत
२८. शङ्खस्मृति
२९. हरिकेली महाकाव्य
३०. सूर्य सिद्धान्त
३१. कूर्म पुराण
३२. निर्णय सिन्धु
३३. वह्मपुराण
३४. हेमाद्री श्राद्धखण्ड
३५. अमरकोष (रामाश्रमी)
३६. मत्स्य पुराण
३७. वाचस्पत्यम्
३८. चतुर्वर्ग चिन्तामणी भाग-४
३९. विष्णु पुराण
४०. वृहद् पाराशर स्मृति
४१. तन्त्रसार
४२. गुरुतत्त्व विमर्श
४३. यास्क-निरुक्त
४४. काव्यालंकार (भामह)
४५. सर्ववेदान्तसंग्रह
४६. मन्त्रमहार्णव
४७. आचारग्रन्थ
४८. स्मृतिचन्द्रिका
४९. संस्कृत सुषमा
५०. पुरश्चर्यार्णव
५१. संस्कृत मुक्तावली
५२. आपस्तम्व धर्मसूत्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५३. रुद्रयामल
५४. कुलार्णवतन्त्र
५५. कृष्णयजु-तैत्तरीयोपनिषद्
५६. शुक्लयजुर्वेद
५७. व्यासस्मृति
५८. प्रवन्धपारिजात
५९. कठोपनिषद्
६०. कात्यायनस्मृति
६१. संस्कारप्रकाश
६२. लघु हारितस्मृति
६३. संस्कार रत्नमाला
६४. तै.उपनिषद् (शिक्षाध्याय)
६५. बौधायन गृहचसूत्र
६६. म.सं.वि. कोष, दाङ्
६७. अष्टांग हृदय (शरीरस्थान)
६८. स्मृतिप्रकाश
६९. कात्यायन परिशिष्ट
७०. अथर्व नृसिंह पूर्वताण्डव
७१. ज्योतिषार्णव
७२. आचारेन्दु
७३. आचारभूषण (गोभिल)
७४. सामवेद छान्दोग्य परिशिष्ट
७५. व्यासस्मृति
७६. अथर्ववेद
७७. कर्ममीमांसा दर्शन
७८. विधान पद्धति
७९. पञ्चतन्त्र
८०. नारदपुराण
८१. गरुड पुराण
८२. हितोपदेश
८३. अभिज्ञान शाकुन्तलम् अंक-४
८४. स्कन्दपुराण
८५. वर्णाश्रमधर्म
८६. सुश्रुत-शरीरस्थान
८७. क्यों (पूर्वार्ध र उत्तरार्ध)
८८. भारतीयविचारदर्शनम्
८९. धर्मसिन्धु
९०. संस्कार अंक (कल्याण)
९१. योगाङ्क (कल्याण)
९२. शिक्षाङ्क (कल्याण)
९३. संस्कृत हिन्दी कोष (आप्टे)
९४. विभिन्न विवाहका पद्धतिहरू
९५. छत्रपतिसाम्राज्यम्
९६. मुनामदन
९७. भट्टराई वंश दर्पण
९८. वायु पुराण
९९. शकुन्तला (नाटिका) शम्भुप्र. कोइराला
१००. धर्मशास्त्रांक (कल्याण)
१०१. शिशुपालवधमहाकाव्यम्

❖

को वीरस्य मनस्विनः स्वविषयः को वा विदेश स्मृतः
यं देशं श्रयते तमेव कुरुते बाहुप्रतापार्जितम् ।
यत् दंष्ट्रानखलाङ्गुलप्रहरणः सिंहो वने गाहते
तस्मिन्नेव हतद्विपेन्द्ररुधिरैस्तृष्णां छिनत्त्यात्मनः ॥ (हितोपदेश)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिच्चयः

नाम	:	डा. भरतप्रसाद भट्टराई
पद	:	सह प्राध्यापक, ने.सं.वि., नेपाल
कार्यरत	:	पिण्डेश्वर विद्यापीठ, धरान-१४
जन्मतिथि	:	१०/१०/१९५९ ई.सं.
शिक्षा	:	आचार्य (साहित्य), एम.ए. (मनोविज्ञान) विद्यावारिधिः (पीएच्.डी.), योग डिप्लोमा एवं वेदसेतु
अध्ययन संस्था	:	I. सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी II. काशी हिन्दू विश्वविद्यालय (B.H.U.) वाराणसी
अध्यापन अनुभव	:	२५ वर्षदेखि निरन्तर
पुरस्कार/पदक	:	I. उत्तर प्रदेश संस्कृत अकादमी, लखनऊ (भारत) बाट वेदपण्डित पुरस्कारद्वारा पुरस्कृत II. महेन्द्र विद्याभूषण 'क' पदकद्वारा सम्मानित
प्रकाशित लेख	:	प्रभा, मर्यादा, ऋतम्भरा, उन्नयन, स्मृतिग्रन्थ र नेपाल-लगायत विभिन्न पत्र पत्रिकामा अनेक अनुसन्धानमूलक लेख एवं रचनाहरू
प्रकाशित कृति	:	श्रीपिण्डेश्वर-पूजनपद्धति रुद्र रुद्राक्ष महिमा र उपचार विधि

प्रकाशोन्मुख कृतिहरूः

- संस्कृतसाहित्य परिचय
- रसस्वरूप विमर्श
- स्वप्न दर्शन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu